CC-0.In Public Domain. Digitization by eGangotri



संस्कृतका अमर साहित्यकार

घटराज भट्टराई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नारायण प्रसाद अधिकारी

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कृतका अमर साहित्यकार

घटराज भट्टराई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशक : साझा प्रकाशन
काठमाडौं, नेपाल ।
पहिलो संस्करण : वि. सं. २०३४
दोस्रो संस्करण : ११०० प्रति, २०३८
मूल्य : १२।७० मात्र ।
मुद्रक : पीपल प्रेस, पाको न्यूरोड
काठमाडौं (नेपाल)
फोन नं. : १५४३९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नेपाली भाषाको मूल स्रोतको रूपमा संस्कृत हामीमा मान्य छ । त्यसका पुञ्जीभूत ज्ञान,प्रतिभा र कृतित्वले गरिमान्वित हामीले तिनीहरूलाई आफ्नो अधिकारबाहिरको कहिल्यै ठान्दैनौं । त्यसैले संस्कृतका साहित्यकारमाथि नेपालीको दाबी छँदैछ, त्यस्ता प्रतिभा-बाट सामान्य नेपाली भाषा-भाषीहरू पनि अनभिज्ञ नरहून् भन्ने हेतु राख्नु औचित्यपूर्ण छ ।

नेपालीमा लेखिएकोले सरलताको दृष्टिले संस्कृत अध्ययन गर्नेहरूका निमित्त सहायक भैहाल्छ, संस्कृत नजान्नेहरू पनि यसबाट मनग्गे लाभान्वित हुन सक्ने हुनाले संस्कृतका ती अमर साहित्यकार जनसाधारणमा परिचित हुन सजिलो पर्नेछ । यस्ता उपयोगी परिचय गराएर नेपाली साहित्यको ढुकुटी बढाइदिनुभएकोमा श्री घटराज भट्टराई-प्रति साझा प्रकाशन हर्ष व्यक्त गर्छ ।

१४ भाद्र,२०३४ साझा प्रकाशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्राक्कथन

संस्कृत शब्दको पर्याय हुन्छ परिष्कृत, परिमार्जित, या राम्ररी शुद्ध बनाइएको। यसबाट संस्कृत भाषाको महिमा सजिलै बुझ्न सकिन्छ। संस्कृतभाषा वेदमूलक छ, वेदलाई अपौरुषेय मान्ने हो भने ईश्वरकै अनुकम्पाबाट आविर्भूत दैवी भाषा हो संस्कृत। यस भाषालाई देववाणी भनिने गरिएबाट पनि यस कुरामा पुष्टि मिल्दछ। संस्कृतभाषा युगानुयुगको परिष्कार र प्रयोगबाट यति परिमार्जित बनिसकेको छ जसका माध्यमबाट छोटा,साना शब्द र वाक्यमा लामो भाव र विषय अटाउन सकिन्छ। संस्कृतभाषामा अभिव्यक्त भनाइ अरू भाषाका माध्यमबाट व्यक्त गर्नुपर्‍यो भने लामा-लामा शब्द र वाक्यका पछि दगुर्नुपर्ने हुन्छ। वैदिककाल, स्मृतिकाल, पौराणिक काल र काव्यसृजनकाल गरेर संस्कृतभाषाको ऐतिहासिक क्रम केलाउने हो भनेपनि निकै पछाडि फर्कनुपर्छ। संस्कृतवाङ्मय प्राचीन ऋषिमुनिहरूको अभिव्यक्तिको माध्यम, प्राचीन आर्य-शासकहरूको प्रशासनको माध्यम, अनि साधक साहित्यिकहरूको प्रतिभाको उपयोग गर्ने साधनको रूपमा युगानुयुगदेखि (संस्कृत-वाङमय) प्रतिष्ठित, संमानित र स्वीकृत हुँदै आएको तथ्यबारे पर्याप्त खोज-खबर भइसकेकाले यसबारेमा उल्लेख गरिरहनु आवश्यक छैन।

सृष्टिको स्वर्णिम प्रभातदेखि श्रुति-परंपराकै थालनीद्वारा अनवरत रूपमा अभिव्यक्तिको माध्यम बनेको यस भाषामा के छ ? भन्नुभन्दा के छैन र ? भन्ने प्रश्न राख्नु मनासिव हुनेछ। सामान्य एउटा तन्त्रशास्त्रकै विषयभित्र प्रवेश गर्न खोज्ने हो भने सर्पको विष झार्ने विद्या, अरू धातुलाई सुन बनाउने रसायनविद्या, मरेकालाई ब्यूँताउने संजीवनीविद्या, भेष बदलेर हिड्न सकिने रूपान्तरविद्या, चटक देखाउने इन्द्रजालविद्या, आकाशमार्गबाट विहार गर्न सकिने विद्या, भूतप्रेत आदिलाई वश गर्न सकिने विद्या, युद्धमा प्रयोग गरिने ब्रह्मास्त्र, संमोहनास्त्र आदिको संरचना गर्ने र प्रयोग गर्ने शस्त्रास्त्र-विद्या अनि विभिन्न प्रकारका रोग निको पार्न, धन कमाउन, शत्रु नाश पार्न, पानी बसाउन, आफूले चाहेको कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

देव-देवीको आराधना गर्न प्रयोग गरिने तन्त्रशास्त्रका असंख्य शाखाहरू संस्कृत-वाङमयमा आबद्ध छन् । त्यस्तै ज्ञान र विज्ञान, संगीत र कला, नीति र नियम, दर्शन र साहित्य, धर्म र संस्कृति, इतिहास र भूगोल, अर्थशास्त्र र गणितशास्त्र, आचार र विचार,शिक्षा र दीक्षा आदि असंख्य विषयहरूभित्र प्रवेश गर्न खोज्ने हो भने साधन, समय र प्रतिभा कति चाहिन्छ अनुमान-बाहिरको विषय हो । अझ, आयुर्वेद (स्वास्थ्यशास्त्र) ज्योतिषशास्त्र, भूगर्भशास्त्र, जीवनशास्त्र आदि व्यावसायिक विषयहरूभित्र पस्न खोज्ने हो भने संस्कृत-वाङमय अथाह सागर प्रतीत हुन्छ ।

CC-0 In Public Domain. Digitization by eGangotri

यस सन्दर्भमा महासागरभित्र पस्ने प्रयास गरिएको पनि होइन, वैदिक र शास्त्रीय वाङमयलाई पर राखेर साहित्यिक धाराका प्रसिद्ध साधकहरूको जीवन-जगत्लाई छुन मात्र खोज्दा पनि महासागरमा पसेको अनुभव भइरहेछ भने साहित्यिक रचनाको विश्लेषण त यस प्रसंग-बाहिरको कुरा हो । साहित्यका विद्यार्थीहरूले संस्कृत-साहित्यका प्रसिद्ध साधकहरूलाई चिन्नु पर्ने बाध्यता हुँदा-हुँदै पनि नेपाली भाषामा चिनारी दिने प्रयास कमै भएको देखिन्छ । त्यसैले यो एउटा सानो प्रयास हो । जिज्ञासु पाठक र विद्यार्थी-बन्धुहरूलाई यसले केही मद्दत गर्न सक्यो भने यसलाई दोस्रो संस्करणमा अरू विस्तृत रूपमा चिनारी गराउन प्रयत्न गर्नेछु । प्रकाशनको अभिभारा वहन गरिदिने साझा प्रकाशनका अधिकारी-प्रति कृतज्ञता प्रकट गर्नु कर्तव्य ठान्दछु ।

कृष्णाष्टमी, २०३३ वि० भाद्र १ —लेखक
चावहील फैंका (कपन)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषय-सूची

आदि कवि वाल्मीकि	१
महर्षि व्यास	१०
वाल्मीकि र व्यास संक्षिप्त तुलना	२०
कवि पाणिनि	२१
कवि वररुचि	२७
महाकवि अश्वघोष	३१
नाटककार भास	३७
महाकवि कालिदास	४३
महाकवि भर्तृमेण्ठ	५८
नाटककार शूद्रक	६२
महाकवि भारवि	६६
महाकवि भट्टि	७८
कवि मयूर भट्ट	८४
कवि भर्तृहरि	९०
महाकवि कुमारदास	९५
कवि अमरुक	९९
गद्यकाव्यकार सुबन्धु	१०४
नाटककार हर्षवर्धन	१०७
महाकवि बाण	१११
महाकवि दण्डी	११७
बाण र दण्डी संक्षिप्त तुलना	१२२
महाकवि माघ	१२३
नाटककार भवभूति	१२६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

नाटककार मुरारि १३६
CC-0.In Public Domain. Digitization by eGangotri
नाटककार विशाखदत्त १३८
महाकवि श्रीहर्ष १४२
कवि भल्लट १५०
त्रिविक्रम भट्ट १५३
कविराज धोयी १५७
वेङ्कटाध्वरि १५९
कवि कल्हण १६३
महाकवि बिल्हण १६५
आलोचक राजशेखर १६८
कवि जयदेव १७४
अनन्त भट्ट १७६
धनपाल १७८
सोमदेव १८२
क्षेमेन्द्र १८४
रत्नाकर १८६
पण्डितराज जगन्नाथ १८७
अम्बिकादत्त व्यास १८९
संस्कृत साहित्यका केही अरू साधकहरू १९०
अरू केही नेपाली संस्कृत साहित्यकार १९४
संस्कृत-साहित्यका महिला साहित्यकार २१३
परिशिष्ट २२५
सन्दर्भ-ग्रन्थसूची २४१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आदिकवि वाल्मीकि

कवितारूपी हाँगामा चढेर मीठो राम नाम गाउने बाल्मीकिरूपी कोइली–लाई प्रणाम गर्दछु । 卐

पृष्टभूमि र परिचय

संस्कृत-वाङमय एउटा सागर हो जहाँ अनेक रत्न छन् । यथार्थतः वेदलाई अपौरुषेय मान्ने हो भने विश्वस्रष्टा आदिम कवि हुन् र आदिम ग्रन्थ हो ऋग्वेद । संस्कृत-वाङमयमा लौकिक साहित्य को प्रयोग र सृजनाका दृष्टिले महर्षि वाल्मीकि आदिकवि हुन् र वाल्मीकि-रामायण आदिम ग्रन्थ हो । वाल्मीकि शुरूमा रत्नाकार-नामक डाँकू थिए नारदका उपदेशले 'मरा' भन्ने मन्त्र जप्तै जाँदा जति चित्त शुद्ध हुँदै गयो त्यति 'मरा' बाट राम हुँदै गयो । फलतः भगवान् राम प्रसन्न भएर काव्यकार वाल्मीकि बनेको उल्लेख पाइन्छ । त्यस्तै वाल्मीकिको अर्थ हो धमिरा, शरीरमा धमिरा लागुन्जेल तपस्या गरेर तपसाधनाबाट प्रतिभा र योग्यता पाएर महर्षि वाल्मीकि बनेका हुन्। तपसाधनामा संलग्न हुन सप्तर्षिबाट उपदेश भएको उल्लेख पनि कतै कतै पाइन्छ, जे होस् महर्षि वाल्मीकि संस्कृत-वाङमयमा काव्यधारा, लौकिक छन्द र काव्यात्मक स्वरूपका प्रथम उद्घोषक हुन् भन्ने कुरामा शङ्का छैन ।

समय

वाल्मीकिको समय कुन हो भन्ने विषयमा पौराणिक आधार लिदा भगवान् रामकै समकाल मान्नुपर्ने हुन्छ,जुन समय त्रेतायुग हो,त्यसपछि द्वापर र वर्तमान कलियुग हुँदा पूरा दुई युगअगाडि ठहर्न आउँछ । यसअनुसार लाखौं लाख वर्षअगाडि हुन्छ तापनि यस (पौराणिक) आधारलाई पर सारेर ऐतिहासिक प्रमाण केलाउने हो भने पनि महाभारत, विभिन्न महापुराण उपपुराणहरूभन्दा

卐 कूजन्तं रामरामेति मधुरं मधुराक्षरम् ।
आरुह्य कविता-शाखां वन्दे वाल्मीकि-कोकिलम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वाल्मीकि-रामायण निकै अगाडि बनेको प्रतीत हुन्छ । महाभारत, देवीभागवत, शिवपुराण, कालिकापुराण, पद्मपुराण प्रभृति ग्रन्थहरूमा रामायणको कथानक ठाउँठाउँ छोटकरी उल्लेख भएको पाइन्छ । वाल्मीकि-रामायणमा पाणिनि-व्याकरणको पूर्णतया पालन भएको पाइँदैन, त्यसैले पाणिनिभन्दा पहिले वाल्मीकि-रामायण लेखिएको हो भन्ने कुरामा पुष्टि मिल्दछ । अर्को प्रमाण यो पनि छ, महात्मा बुद्धको समयभन्दा पनि पहिले रामायणको रचना भएको हो, किन भने बुद्धकालमा एउटै वैशालिक शहर बनेको छ, त्यसभन्दा अगाडि मिथिला र विशाला छुट्टा छुट्टै शहर थिए भन्ने कुरा वाल्मीकि-रामायणमा उल्लेख छ । वाल्मीकि-रामायणमा कौशाम्बी, कान्यकुब्ज, कांपिल्य इत्यादि शहरको उल्लेख छ तर पाटलीपुत्रको नाम उल्लेख भएको देखिंदैन । पाटलीको स्थानमा विक्रम-संवत्को स्थापनाभन्दा पहिले अर्थात् वि. सं. ३२२ अगाडि भएको पाइनाले सो शहरको उल्लेख रामायणमा नपाइनु स्वाभाविक देखिन्छ । यसबाट वाल्मीकिको समय र रामायणको रचनाकाल पत्ता लगाउन सुविधा हुन्छ । रामायणको भौगोलिक स्थिति अध्ययन गर्दा उत्तर-भारतमा उत्तर-दक्षिण कोशल, मगध, मिथिला-राज्य र पूर्व-पश्चिमतिर अङ्गबङ्ग, कैकेय आदि राज्य भएको उल्लेख छ । दक्षिणतिर रामको वनवासको यात्रामा प्रयागमा गंगापार गरेपछि दक्षिण-समुद्रतटसम्ममा यता श्रृंगवेरपुर निषादजातिको सानो नगर र उता वानतहरूको राज्य किष्किन्धा नगरीको उल्लेख पाइन्छ । बीच-बीचमा कतिपय ऋषि-मुनिहरूको तपस्थल र भीषण राक्षसहरूको क्रीडाभूमि दण्डक जंगलको वर्णन पाइँदा उक्त क्षेत्रमा अनेक नगर-राज्यहरूको भरिभराउ हुनुभन्दा पहिले अर्थात् निकै प्राचीन समय नै रामायणको रचनाकाल ठहर्न आउँछ । निश्चित आधार फेला पार्न नसकेसम्म उपर्युक्त प्रमाणको आधारमा वाल्मीकि-रामायणको रचनासमय अनुमान गर्नुपर्ने हुन्छ ।

प्रेरणा र काव्यसृजन

कविहृदय भावले भरिभराउ भएको तलाउ हो, बाँध फुटाउने प्रयास भएपछि नै तलाउबाट फोहरा छुट्छ, त्यस्तै कविहृदयमा पनि कुनै गहिरो छाप र प्रेरणा परेपछि नै भावप्रवाह शिल्प र अभिव्यक्तिका आधारमा बाहिर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकट हुन्छ । यस विचारमा वाल्मीकिको काव्यसृजनको कथानकबाट पनि पुष्टि मिल्दछ । कुनै व्याधाले भाले कन्याङकुरुङलाई मारेकाले पोथीको मायालाग्दो अवस्था देखेर दयालु कविहृदय पगाल्दै महर्षि वाल्मीकि भन्छन् :

मा निषाद प्रतिष्ठां त्वमगमः शास्वतीः समाः ।
यत् क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ।।

भावार्थ–'हे निषाद ! धेरै वर्षसम्म तेरो प्रतिष्ठा नहोस् किनभने कामले मोहित भएको कन्याङकुरुङको जोडीमा भालेचाहिंलाई तैंले मारिस् ।' यस अभिव्यक्तिले भरिएको चार पाउ भएको समअक्षरको अनुष्टुप् छन्द लौकिक संस्कृतमा महर्षि वाल्मीकिबाट नै पहिले प्रयोग हुनआयो । यही प्रेरणा र प्रयोगबाट २४००० श्लोक भएको वाल्मीकि-रामायण विशाल ग्रन्थको सृजना पूरा भयो । भगवान् रामको कृपाविना यस किसिमको बृहत् महाकाव्यको रचना त्यसवेला संभव थिएन भन्ने विद्वान्हरूको धारणा छ । यस ग्रन्थमा भगवान् रामो पतित पावन आदर्शचरित्र आबद्ध भएको पाइन्छ ।

काव्य-सृजनमा राजशेखरको विचार

संस्कृत-साहित्यका कविराज, नाटककार प्रसिद्ध आलोचकका रूपमा चिनिने राजशेखरले काव्यको सृजनाबारे आफ्नो प्रसिद्ध समीक्षाग्रन्थ 'काव्य-मीमांसा' मा यसरी आफ्नो विचार प्रकट गरेका छन्, जस्तै गुरुजनबाट प्राचीन पवित्र वाणी सुन्दै आएका छौं त्यो के भने–एक दिन प्रसङ्गवश बृहस्पतिसित शिष्यहरूले सोधे, 'तपाईंका गुरु सरस्वतीपुत्र काव्यपुरुष को हुन् ?' बृहस्पतिले उनीहरूलाई भने, 'प्राचीन कालमा सरस्वतीले पुत्रप्राप्तिको कामनाले हिमालयमा तपस्या गरिन् । त्यस तपश्चर्याबाट खुशी भएर प्रसन्न चित्तले ब्रह्माले उनलाई भने, 'तिम्रा लागि म पुत्र उत्पन्न गर्छु ।' त्यसपछि कालान्तरमा सरस्वतीले काव्य-पुरुषलाई जन्माइन् । भर्खरै जन्मेका काव्यपुरुषले आमा सरस्वतीलाई प्रणाम गरेर छन्दोवद्ध वाणी उच्चारण गरे, जस्तैः

यदेतद् वाङमयं विश्वमर्थमूर्त्या विवर्तते ।
सोऽस्मि काव्य पुमानम्ब पादौ वन्देय तावकौ ।।

भावार्थ–'आमा, यो सम्पूर्ण वाङमयजगत जसद्वारा अर्थरूपमा परिण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुन्छ, म त्यही काव्यपुरुष हुँ, तपाईंका चरणतलमा वन्दना गर्दछु ।' यसभन्दा अगाडि केवल वेदमा देखिएको यस प्रकारको छन्दोबद्ध वाणी लौकिक संस्कृत-भाषामा पनि सुन्न पाउँदा सरस्वती एकदम प्रसन्न भइन् । आफ्ना छोराको प्रतिभा देखेर वात्सल्यप्रेमले वशीभूत भएर अनेक प्रशंसा गर्दै बालकअनुसार साधारण आचरण गर्न आग्रह गर्दै बालकलाई रूखका फेदमा ढुङ्गाको ओछ्यान बनाई सुताएर आमा (सरस्वती) आकाशगंगामा स्नान गर्न गइन् । यसै बीचमा कुश र समिधा लिन निस्किएका महामुनि उशना (शुक्राचार्य)-ले घाम चर्किन लागेपछि गर्मीले आकुल भएका ती बालक (काव्यपुरुष) लाई देखे । यो अनाथ बालक कसको हो भन्ने सोच्दै उनले आफ्नो आश्रममा लगे । क्षणभरमै स्वस्थ भएर ती सरस्वतीपुत्रले उशना मुनिका लागि छन्दोबद्ध वाणी प्राप्त हुने प्रेरणात्मक आशीर्वचन बोले । त्यसै वेला अकस्मात् विस्मित गराउँदै शुक्राचार्यले भने–

या दुग्धापि न दुग्धेव कवि दोग्धृभिरन्वहम् ।
हृदि नः सन्निधत्तां सा सूक्तिधेनु सरस्वती ।।

भावार्थ–'सुभाषित कामधेनुरूपी सरस्वती मेरा हृदयमा निवास गरून्, जो कविरूपी दोग्धाद्वारा सधैं दुहिए पनि नदुहिएझैं प्रतीत हुन्छिन् अर्थात् कहिल्यै पनि निथ्रिएर रित्तिन्नन् ।' पहिले यो पद्य पढेर अक्षरारम्भ गर्नेहरूको पनि असल बुद्धि हुनेछ भन्ने आशीर्वाद दिए । त्यस दिनदेखि ती उशना मुनिलाई सज्जनहरूले कवि भन्न लागे । त्यस औपचारिक प्रयोगबाट कविता गर्नेहरू संसारमा कवि कहलाउन लागे । काव्य-कर्मात्मक वा काव्य नै कर्म भएको भन्नेअर्थमा कव् वर्णने धातुबाट कवि शब्द निस्पन्न हुन्छ । कविको कर्म काव्य हो र काव्यरचना गर्ने व्यक्ति कवि कहलाउँछ । काव्यमय हुनाले सरस्वतीपुत्रका लागि पनि काव्य-पुरुष भन्ने लाक्षणिक प्रयोग गरिएको छ । स्नान गरेर फर्किएकी सरस्वतीले छोरालाई वहाँ (राखेठाउँमा) नदेखेर विलाप गरिन् । प्रसङ्गवश त्यहाँ आएका मनिश्रेष्ठ वाल्मीकिले भगवती सरस्वतीलाई सबै वृत्तान्त सुनाएर भृगुपुत्र उशनाको आश्रम देखाए । स्तनबाट दूध चुहाँउदै छोरालाई काखमा राखेर शिरमा चुम्बन गर्दै प्रसन्न चित्तले सरस्वतीले प्रचेताका पुत्र महर्षि वाल्मीकिलाई पनि एकान्तमा स्वच्छन्द छन्दोबद्ध वाणी प्रदान गरिन् अर्थात् छन्दोबद्ध काव्यरचमा गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वरदान दिइन् । सरस्वतीबाट वरदान पाएर आश्रममा फर्कन लागेका महर्षि वाल्मीकिले निषाद (व्याधा) द्वारा भाले मारिएको हुनाले करुणक्रन्दनपूर्वक विलाप गर्न लागेकी कन्याङकुरुङकी पोथीलाई देखेर शोक-सन्तप्त हुँदै 'मा निषाद ……' भन्ने माथि उल्लेख भएको छन्दोबद्ध श्लोक उच्चारण गरें जसबाट प्रवाहित भएर २४००० को रामायण महाकाव्यको रचना संभव भयो । सरस्वतीले वाल्मीकिले रचना गरेको पहिलो श्लोकमा 'निषाद ……'भन्ने श्लोकलाई पनि वरदान दिइन्, जसले अरू केही नपढी यो पद्य पढ्छ त्यो सहज कवि बन्छ । कृष्णद्वैपायन व्यासले पनि सबभन्दा पहिले यही श्लोक पढेका प्रभावबाट १ लाख श्लोक भएको महाभारत ग्रन्थको रचना गरें । यसरी वाल्मीकि-को काव्यप्रतिभा-प्रस्फुटन र विकसित हुनमा सरस्वतीको सम्पर्क र वरदान रहेको कुरा उल्लेख भएको पाइन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने सरस्वती-को कृपादृष्टिबाट नै वाल्मीकि-रामायण तयार भएको हो ।

वाल्मीकि-रामायण

वाल्मीकि-रामायण २४००० श्लोकको ग्रन्थ मानिएको भए पनि हाल प्राप्त वाल्मीकि-रामायणका श्लोकहरूको गणनागर्दा बालकाण्डमा २२७०, अयोध्याकाण्डमा,२४८६ अरण्यकाण्डमा २४२७, किष्किन्धाकाण्डमा २४५५, सुन्दरकाण्डमा २८२९, युद्धकाण्डमा ५७१० र उत्तरकाण्डमा ३३७९ समेत गरी जम्मा २३३७६ जति श्लोक रहेका देखिन्छन् । आन्ध्रीलाई समेत श्लोक मानिएको वा मुद्रण, पुनर्मुद्रणमा छूट हुँदै जाँदा कम भएको हो भन्ने अनुमान गरिएको छ । यो रामायण जति साहित्यिक दृष्टिले महत्त्व राख्तछ त्यति नै आध्यात्मिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यसमा भगवान् रामको जीवनचरित्रलाई आदर्श समाजको केन्द्रविन्दुको रूपमा कविले स्पष्ट चित्रित पारेका छन् ।

वाल्मीकि-रामायणको विशेषता

आदिकवि वाल्मीकिले यस काव्यमा चरित्रनायकका रूपमा भगवान् रामलाई लिनुभएको छ भने प्रतिनायकको रूपमा रावणलाई लिनुभएको छ । वास्तवमा भन्ने हो भने रामायण एउटा कल्पवृक्ष हो जसबाट जे चाह्यो त्यही अर्थात् असल कुराहरू सिक्न सकिन्छ । भ्रातृभक्ति, पितृभक्ति, र पति-पत्नी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

सम्बन्ध यस ग्रन्थका मूल आधार हुन् भने भगवान् रामको आदर्श चरित्रको विश्लेषण यस ग्रन्थको केन्द्रीय तत्त्व हो । यसै कुरालाई राम्ररी देखाउन कतै शृङ्गार, कतै वीर र कतै करुणरसका माध्यमबाट हृदयस्पर्शी भावधारा प्रकट भएका छन् । रामायणको मुख्य रस करुण हो भन्ने धेरैको मत छ । सम्पूर्ण रामायणलाई दुई भागमा विभाजन गर्ने हो भने पहिले दशरथको राज्य-व्यवस्था र पछि रावणको राज्यस्थिति र अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ ।

चरित्रले युक्त भएको को छ ? भन्ने प्रश्नको उत्तरमा सम्पूर्ण व्यक्तित्व जो गुणै गुण र असल चरित्रले भरिभराउ छ त्यसैका बारेमा सुन्नुहोस् भनी भगवान् रामको चरित्र अँगाली जुन संक्षिप्त रामायणको जग नारद ऋषिले उल्लेख गरेका थिए त्यस्तै सम्पूर्ण गुण र राम्रा त्यागमय चरित्रले युक्त भएको व्यक्तित्व देखाउन नै वाल्मीकि-रामायण पनि तन्मय रहेको अनुभव हुन्छ । भगवान् रामको चरित्र महर्षि वाल्मीकि यसरी स्पष्ट पार्छन्–

कथंचिदुपकारेण कृते नैकेन तुष्यति ।
न स्मरत्यपकारणां शतमप्यात्मवत्तया ।।

भावार्थ–'राम अलिकति उपकार गरिदिनाले प्रसन्न भइहाल्छन्, फेरि सयौं अपकार गरे पनि आत्मवल हुनाले त्यसको वास्ता गर्दैनन् अर्थात् इख लिंदैनन्।' अनि फेरि अर्को ठाउँ कवि भन्छन्–

दद्यान्न प्रतिगृह्णीयान्न ब्रूयात् किञ्चिदप्रियम् ।
अपि जीवित हेतोर्वा रामः सत्यपराक्रमः ।।

भावार्थ–'रामको स्वभाव गजबको थियो, राम सधैं दान गर्दथे तर अरू-संगबाट दान लिंदैनथे । अप्रिय कुरा अर्थात् अरूलाई नराम्रो लाग्ने कुरा उनी कहिल्यै बोल्दैनथे । के राज्याभिषेकको हर्ष, के वनवासको दुःख; रामका लागि दुवै समान थिए । राम आफ्नो आदर्श र सिद्धान्तमा सधैं अविचल छन् जीवनमा चाहे दुःख होस् चाहे सुख । राममा भ्रातृप्रेम अगाध छ, लङ्कामा इन्द्रजित्का वाणबाट लक्ष्मण घाइते भएर मूर्छित भएको वेला राम यसरी आफ्नो भाइको बारेमा विलाप गर्छन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

देशे देशे कलत्राणि देशे देशे च बान्धवाः ।
तंतु देशं न पश्यामि यत्र भ्राता सहोदर : ।।

भावार्थ -- 'देश-देश (ठाउँ-ठाउँ) मा बिहे गर्न लायकका स्त्रीहरू पाइन्छन्। बान्धवहरू पनि पाउन सकिन्छ । एकै पेटबाट जन्मेको (सहोदर) भाइ पाउन सकिँदैन ।' रामको यो भनाइ भ्रातृप्रेमका लागि हृदयस्पर्शी छ।यस्ता अभिव्यक्तिले रामको चरित्रलाई आदिकविले आदर्शको धरातलमा उभ्याएको अनुभव हुन्छ।

रामको चरित्रलाई मात्र यसरी उच्च र प्रतिष्ठित पारिएको छैन, सीताको चरित्र पनि त्यतिकै आकर्षक र पतित पावन रूपमा चित्रित भएको देखिन्छ । आदर्श-नारी सीता रावणको अधीनमा रहँदा पनि आफ्नो चरित्र र आदर्शलाई कति सफलतापूर्वक निर्भीक बनेर पालना गर्दथिन् भन्ने कुरालाई आदिकवि यसरी भन्छन्–

चरणेनापि सव्येन न स्पृशेयं निशाचरम् ।
रावणं किं पुनरहं कामये यं विगर्हितम् ।।

भावार्थ– सीता भन्छिन्, 'तँ राक्षस रावणलाई बायाँ गोडाले पनि छुन्न भने तँ नीच (निन्दित) सँग के प्रेम गरूँला ?'

लक्ष्मणको चरित्र त्यत्तिकै हृदयस्पर्शी छ । राज्य-उपभोग गर्ने दाजुको साथ नदिएर वनवासी बन्ने दाजुको साथ दिने लक्ष्मण वनवासको समयमा पनि कठोर व्रतमा रहन्छन् । त्यस्तै भरतको पनि त्यागमय आदर्श भ्रातृभक्ति देखापर्छ । सजिलै प्राप्त भएको राज्यसुखलाई तृणबराबर सम्झेर आफ्ना दाजुलाई नै सुम्पन खोज्छन्।राज्य गर्न दाजु नफर्के आत्महत्या गर्न तम्सन्छन् अनि दाजुका सट्टा आफू वन जान पनि तयार भएको कुरा बताउँछन् । यसरी व्यक्ति-व्यक्तिको चरित्रमा आदर्शका बुट्टा भर्नमात्र खोजिएको छैन, सम्पूर्ण रामायण अध्ययन गर्दा तत्का–लीन समाजको राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक जस्ता अनेकानेक पक्ष–हरूमा राम्ररी परिचय हासिल गर्न सकिने खुराक वाल्मीकि रामायणमा पाइन्छ।

कवितात्मकताका दृष्टिले वाल्मीकि रामायणको मूल्यांकन गर्ने हो भने पनि पूर्वीय काव्यलक्षणअनुरूप महाकाव्यको रूपमा प्रतिष्ठित गर्न सकिन्छ। अनुभूति र अभिव्यक्तिको [illegible]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0.In Public Domain. Digitization by eGangotri

ठाउँ उपमा, रूपक, अनुप्रास प्रभृति अलंकारको चमत्कार पाइन्छ तापनि सरल, सरस र मार्मिक अभिव्यक्तिले जताततै टनाटन भएको अनुभव हुन्छ । यसै रामायणको कथानकलाई लिएर अनेकौं कवि-लेखकहरूले काव्य, नाटक, कथाहरूको संरचना गरेका छन् । रामायणको अस्तित्वका बारेमा भनिएको यो उक्ति–

यावत्स्थास्यन्ति गिरयो यावद् वहति वै नदी ।
प्रियरामायणं तावत् स्थास्यति जनतामुखे ।।

भावार्थ– 'जबसम्म पहाडहरू रहनेछन्, अनि नदीहरू बग्नेछन् तबसम्म जनताको मुखमा प्यारो रामायण रहिरहनेछ'भन्ने उक्तिसँग सहमत हुन सकिन्छ ।

रावण मरेपछि उसको लाशको दाहसंस्कार गर्न अनकनाएका विभीषणलाई राम भन्नुहुन्छ, "वैरभाव नमरुन्जेल मात्र हुन्छ । मरिसकेपछि कुनै वैरभाव बाँकी रहँदैन । आफ्ना दाजुको संस्कार विधिपूर्वक गर्नुहोस्, जस्ता यहाँका दाजु हुन् त्यस्तै मेरा पनि दाजु हुन् ।' यस्ता वाणीहरूबाट रामको महत्ता पर्याप्त देखाइएको छ । रामायणभित्र पस्न खोज्दा के पाइँदैन र ? शब्द र अर्थको योग, राजधर्म, पारिवारिक मर्यादा, नारीधर्म, शौर्य, आदर्श बन्धुत्व आदि खचाखच भेटिन्छ ।

यो सुन्दर कृति नेपाल अधिराज्यकै भेंसालोटन भन्ने ठाउँ नारायणी र तमसाको संगमस्थल त्रिवेणीमा महर्षि आदिकवि वाल्मीकिद्वारा रचिएको र लवकुशद्वारा गाइएको थियो । वर्तमान यो कृति विश्वकै लागि अमूल्य ग्रन्थ भए पनि नेपालका लागि अझ गौरवको विषय बनेको छ ।

योगवाशिष्ठ

आदिकवि वाल्मीकिको अर्को महत्त्वपूर्ण दार्शनिक कृति हो योगवाशिष्ठ । वेदान्त-दर्शनको अमूल्य यस ग्रन्थमा अजातवाद पाइन्छ । तीर्थयात्रा पूरा गरी चार साधनले युक्त भएर अगाडि आएका रामलाई गुरु वशिष्ठले उपदेश दिएको तत्त्वज्ञानसम्बन्धी यो ग्रन्थ हो । वेदान्तको सबभन्दा उच्च सिद्धान्त मानिएको यस ग्रन्थमा संसाररूपी सागर पार गर्न सबभन्दा उपयुक्त ग्रन्थ कुन हो ? भनी प्रश्न गर्नें हो भने यही पुस्तकलाई अगाडि उपस्थित गर्नु मनासिब हुनेछ । यसमा वैराग्यको प्रारम्भिक महत्त्व देखाउँदै मुमुक्षुता, जगत्‌को उत्पत्ति, स्थिति,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपशम र निर्वाण क्रमशः स्पष्ट पार्ने यो ग्रन्थ जीवनजगत् बुझ्न महत्त्वपूर्ण मानिन्छ ।★

यसरी महर्षि वाल्मीकिका बारेमा र उनका कृतिहरूका सम्बन्धमा संक्षिप्त रूपमा हेर्दा के साहित्य, के दर्शन र अनि के आध्यात्मिक के भावभूमि, के पारिवारिक जीवनदर्शन सबैमा गहिरो अध्ययन, अनुभव र प्रतिभा भएको अनुभव हुंन्छ ।

★ रामलाई वेदान्तरहस्य वशिष्ठले बताएको कुरा वाल्मीकिले पुस्तकाकारमा लिपिबद्ध गरे । वशिष्ठले रामलाई उपदेश दिएको ठाउँ नारायणी अंचल, गण्डकी अंचलको संगम देवघाट तीर्थस्थल जहाँ आज पनि वशिष्ठगुफा छँदैछ, त्यहीं यो ग्रन्थको नाम बताइएको पनि पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महर्षि व्यास

अर्काको उपकार गर्नु धर्म हो, अर्कालाई दुःख दिनु पाप हो भन्ने व्यासको मुख्य सिद्धान्त हो।卐

परिचय

महर्षि व्यासको नाम नसुन्ने व्यक्ति संसारमा कमै होलान् । यिनका पिताको नाम पराशर हो भने मातोको नाम सत्यवती हो। पराशर ऋषि (ब्राह्मण) थिए। सत्यवती माझीकी छोरी थिइन्। पराशर ऋषिको आश्रम नेपालकै गण्डकी अञ्चल दमौलीनजीकै थियो रे, कामविशेषले नदी पार गरेर जानुपर्दा माझीको छोरी डुङ्गा लिएर तार्न लागेकी थिइन्, बैंसालु सत्यवतीलाई देखेर पराशर आकर्षित भए, टम्म कुइरो लागेका वेला पराशर र सत्यवतीको पारस्परिक सम्पर्कबाट महर्षि व्यासको जन्म भयो भन्ने कथानक पाइन्छ। दमौली, जहाँ शुक्ला गण्डकी, मादी, बुल्दी, छाब्दी, गुणादि पञ्च-गण्डकीको संगम छ, त्यहीं नै महर्षि व्यासको जन्मस्थल हो। जन्मक्षेत्र त्यहाँ भए पनि उनको कर्मक्षेत्रव्यापक र विस्तृत भयो। हिजोआज पनि दमौलीमा प्रत्येक माघे संक्रान्तिमा कृष्णद्वैपायन व्यास-जयन्तीको मेला लाग्दै छ। वेदमा पनि 'सितासिते सरिद्वरे' भनिएको र सेती र मादीको बीचमा रहेको द्वीपमा वेदव्यासको जन्मशिला पराशर ऋषिको आश्रम रहेको अनुमान गरिएको छ, पराशर गुहा छँदै छ। यही छाब्दीका मूलमा व्यासमाता मत्स्योदरीको छाब्दी वराह कुण्ड छ। पराशर ऋषिले पराशर-स्मृति पनि यसै ठाउँमा रचेको अनुमान हुन्छ। 'कलौ पराशर स्मृतिः'कलियुगमा पराशर स्मृति उपयोगी र अनुकरणीय छ भन्ने कुरामा विद्वान्हरूको सम्मति रहेको कुरा सुनिंदै छ, जुन स्मृतिमा खेती-पाती ब्राह्मणको कर्म हो भनिएको छ। अथ

卐 अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ।।

Prof. Madhav Prasad Bamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हिन्दुग्रन्थमा खेतीपाती वैश्यको कर्म मानिन्छ ।

जसले वेदलाई विस्तार गर्‍यो त्यसलाई वेदव्यास भनिन्छ । व्यासले एउटा ऋग्वेदलाई चार वेद, चार उपवेदमा विभाजन मात्र गरेनन्, महाभारत अठाह्र पुराण, अठाह्र उपपुराण आदि विशाल विशाल ग्रन्थहरू रचेर संकलन गरेर व्यासले आफ्नो प्रतिभा र साधनको चमत्कार देखाएका छन् । एउटै व्यक्तिबाट यतिका ग्रन्थका रचना सम्भव नभएकाले व्यास भन्ने एउटा पद हो, जुन पदमा अनेक व्यक्ति आएर समय-समयमा विराजमान भए र अनेक ग्रन्थ समय-समयमा रचिएका हुन् भन्ने केही विद्वान्हरूको विचार देखिन्छ । तर व्यास अष्ट-चिरञ्जीवीमध्येका एक हुन्, अनि व्यासलाई भगवान् विष्णुका २४ अवतारमध्ये एक मानिन्छ । त्यसैले एउटै व्यासबाट त्यति काम भएन भन्न नसकिने पनि छैन । जे होस् व्यासको पृष्ठभूमि संस्कृत-वाङमयको विकास, विस्तार र संरक्षणमा मात्र सीमित छैन, यसभित्र अनेक विषय, ऐतिहासिक तथ्य र समसामयिक वस्तु–स्थितिको समावेश गर्नमा पनि व्यासको उत्तिकै हात छ ।

समय

महाभारतको युद्ध-कालमा व्यासजी १५७ वर्षका थिए । महाभारतको लडाइँ भएको १८ वर्षपछि महाभारत ग्रन्थ लेखेका हुन् भन्ने देखिन्छ । ६५३ वर्ष कलियुगको आयु बित्दा पृथिवीमा कुरुपाण्डव रहेको कुरा यस भनाइबाट स्पष्ट हुन्छ, जस्तै–

गतेषु षट्सु सार्धेसु त्र्यधिकेसु च भूतले ।
कल्पेर्गतेषु वर्षाणामभवन् कुरुपाण्डवाः ।।

कलियुग ६५३ वर्ष बितेपछि पृथिवीतलमा कुरु-पाण्डव रहेका थिए । फेरि आर्य-ज्योतिषीका अनुसार वि.सं. शुरूहुनुभन्दा ३१५७ वर्षअगाडि कलियुग शुरू भएको देखिन्छ । महाभातको युद्ध द्वापरको अन्त र कलियुगको प्रारम्भमा भएको देखिन्छ । किनभने भीमसेन र दुर्योधनको बीच लडाइँ हुँदा अर्थात् भारत–युद्धको उपसंहारमा 'प्राप्तं कलियुगं विद्धि' अर्थात् कलियुग आयो भन्ने जान भन्ने वचन श्रीकृष्णबाट उल्लेख भएको प्रमाणले आजभन्दा करीब ५०००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर्षअगाडि नै व्यासको समय मानिन आउँछ । यद्यपि व्यासका समयका बारेमा अनेक धारणाहरू छन् तापनि उपर्युक्त भनाइहरूलाई नै सत्यताका नजीक मान्नुपर्ने हुन्छ ।

महर्षि व्यास

हिन्दू संस्कृति र परम्परामा व्यास एउटा व्यापक व्यक्तित्व हो जसले तत्कालीन र पूर्ववर्ती सम्पूर्ण समाजको ऐतिहासिक गाथाहरू संकलन, संपादन र लेखनका माध्यमबाट समाजका अगाडि डङगुर लगाइदियो । कतै लाणक्षिक; कतै यथार्थ र कतै ऐतिहासिक आधारहरू प्रस्तुत गरेर विशाल विशाल ग्रन्थ-हरूको संरचनामा निरन्तर प्रयत्नशील रहने व्यास संस्कृत-वाङमयका उज्ज्वल भास्कर हुन् भन्ने कुरामा कुनै विवाद छैन । व्यासका छोरा आत्मज्ञानी शुकदेव हुन्, जो राजा जनकसमक्ष मिथिला (हाल जनकपुर) मा पिता व्यासको आज्ञाले व्यावहारिक गुणहरू सिक्न आएका थिए भन्ने उल्लेख पाइन्छ । नेपालभित्र अनेक गुफा, हिमाल, स्थान आदिका नाम व्याससंग सम्बन्धित भएका प्रसंग पर्याप्त छन् । खास गरी यस किसिमका स्थलहरू महाकाली अञ्चलमा पर्छन् । महा-काली अंचलमा पर्ने व्यास हिमाल, व्यास काली खोला, व्यास गर्खा (दार्चुलामा) व्यास गुफा साथै व्यास नदीको मूलस्रोत पनि त्यहीं नै छ । यस्ता व्याससंग सम्बन्धित प्रसंगहरूले व्यासको व्यापक अस्तित्वलाई औंल्याउँछन् ।

महर्षि व्यासका रचना

महर्षि व्यासका रचना यति नै हुन् भनेर किटान गर्न निकै कठिनाइ छ । एक वेदलाई चार वेद र चार उपवेदमा विस्तार र विभाजन गर्नु, महाभारत आर्ष महाकाव्यको संरचना गर्नु, अठाह्र पुराण, अठाह्र उपपुराण आदि ग्रन्थको रचना गर्नु जस्ता कार्य व्यासको व्यक्तित्वलाई चम्काउने आधार हुन् ।

वेद

वेदको अर्को नाउँ श्रुति हो । सुनिंदै आएका वैदिक मन्त्रहरू जसलाई श्रुति भनिन्थ्यो, यस्ता मन्त्रहरू संकलन गरेर व्यासले ४ भागमा विभाजन गरें । ती भाग हुन् १. ऋग्वेद, २. यजुर्वेद, ३. सामवेद, ४. अथर्ववेद । [illegible] पनि फेरि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चार उपवेदमा छुटपुट छरिएका विचार संकलित र सम्पादित भए । ती उपवेद हुन्, १. इतिहास-वेद, २. धनुर्वेद, ३. गान्धर्ववेद, ४. आयुर्वेद। वेदको अर्थ हो ज्ञान, प्रचलित ज्ञानलाई युगानुयुग रहने गरी एक सूत्रमा आवद्ध गरी महर्षि व्यासले एकत्रित गरिदिएकाले नै आजसम्म वेदको गौरवमय अस्तित्व रहेकोछ। होइन भने जुन वेलादेखि शिक्षणव्यवसायमा गुरुपरंपरा हराउँदै गयो त्यसै वेला-देखि वेदहरू पनि लुप्तप्राय हुने थिए । वेदको संकलन, सम्पादन गरी योजना-बद्ध रूपले लेखन, विभाजन र विस्तार नगरेका भए आज वेदको अस्तित्वका बारेमा नै प्रश्नचिह्न खडा हुने थियो । व्यासले समाजका लागि गरेको सबभन्दा ठूलो कुरा यही हो ।

महाभारत

व्यासले रचना गरेको र आजसम्म फेलापरेका पुस्तकमध्ये संस्कृत-वाङ्मयमा सबभन्दा बृहत् ग्रंथ हो महाभारत। यसमा १ लाख श्लोक महर्षि व्यासले रचना गरेको देखिन्छ। यस ग्रन्थलाई पाचौं वेद पनि भनिन्छ। यस ग्रन्थभित्र रहेका श्लोकहरूको गणना गर्दा अठाह्र पर्वमा जम्मा ९६८३६ श्लोकहरू पाइन्छन्। यसभित्र के के छ र यसको उपयोगिता के छ भन्ने विषयउपर भनिएको छ–

धर्मे ह्यर्थे च कामे च मोक्षे च भरतर्षभः ।
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ॥

भावार्थ– धर्म, अर्थ, काम, मोक्ष, यी चारै विषयमा जो यहाँ छ त्यो अन्त-पनि पाइन्छ, जुन कुरा यहाँ छैन त्यो अन्यत्र कहीं पनि पाईंदैन । य भनाइबाट कति विशाल र कति व्यापक महाभारत रहेछ भन्ने अनुमान गर्न सकिन्छ । यो विशाल ग्रन्थ व्यास भन्ने र गणेश लेख्ने गरेर रचिएको हो, गणेशले अर्थ बुझेर लेख्नुपर्ने, व्यासले भन्न छोडेर गणेशको कलम रोक्नु नहुने शर्तमा यो ग्रन्थ लेखिंदै जाँदा कहीं कहीं गणेशले व्यासलाई हतारो गरी अत्याउँदा बीच-बीचमा कूट श्लोकहरू समावेश व्यासले गर्नुपरेको उल्लेख पाइन्छ ।

अठाह्र पुराण

वेद र वेदाङ्गको सार सर्वसाधारण जनता सजिलै बुझून् भन्ने अभिप्रायले कथा,इतिहास र रमाइला प्रसङ्ग सृजना गरेर महर्षि व्यासले अठाह्र महापुराण-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

को सृजना गरे । ती महापुराणहरू हुन्–

१. ब्रम्हपुराण, २. ब्रम्हाण्ड-पुराण, ३. ब्रम्हवैवर्त-पुराण, ४. वामनपुराण, ५. वाराहपुराण, ६. विष्णुपुराण, ७. वायुपुराण, ८. अग्निपुराण, ९. नारद-पुराण, १०. मत्स्यपुराण, ११. मारकण्डेयपुराण, १२. भविष्यपुराण, १३. श्रीमद्भागवतपुराण, १४. पद्मपुराण, १५. गरुडपुराण, १६. कूर्मपुराण, १७. स्कन्धपुराण, १८. लिङ्गपुराण ।★

उप-पुराण

महापुराण लेख्तै जाँदा छुटपुट भएका विषयहरूलाई छुट्टै वा महापुराणके शाखाका रूपमा महर्षि व्यासले उप-पुराण संज्ञा दिनुभयो । उप-पुराणको संख्या पनि अठाह्र छ । गरुडपुराणमा उल्लेख भएअनुसार अठाह्र उपपुराणहरू हुन् ।

१. सनत्कुमार-उपपुराण, २. नरसिंह-उपपुराण, ३. स्कन्ध-उपपुराण, ४. शिव-उपपुराण, ५. धर्म-उपपुराण, ६. आश्चर्य-उपपुराण, ७. नारदीय-उपपुराण, ८. कपिल-उपपुराण, ९. वामन-उपपुराण, १०. औशनस-उपपुराण, ११. ब्रम्हाण्ड-उपपुराण, १२. वरुण-उपपुराण, १३. कालिका-उपपुराण, १४. माहेश्वर-उपपुराण, १५. साम्ब-उपपुराण, १६. सूर्य-उपपुराण, १७. पराशर-उपपुराण, १८. शुक्ल-उपपुराण ।

वायुपुराणमा उल्लेख भएअनुसार पुराणको लक्षण यस प्रकार छ–

सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च ।
वंशानुचरितं चैव पुराणं पंचलक्षणम् ।।

भावार्थ– सर्ग (सृष्टि), प्रतिसर्ग (सृष्टिको विस्तार र लय), वंश र सृष्टि-देखिको वंशावली, मन्वन्तर (मनुहरूको समय, चरित्र र विशेष घटना) वंशानुचरित (सूर्यवंशी र चन्द्रवंशी राजाहरूको वर्णन) यी पाँच कुराले युक्त ग्रन्थ-लाई पुराण मानिएको छ र पुराणहरूमा पनि यस्तै विषयहरू आबद्ध भएका छन् । त्यस्तै राजशेखरले पनि पुराणको लक्षण र परिभाषा दिँदै काव्यमीमांसा भन्ने ग्रन्थमा भनेका छन्–

★ देवीभावगतमा चाहिं स्कन्ध, वामन, ब्रम्हाण्ड, मारिच र भार्गव पुराणको सट्टा आदित्य, देवीभावगत, शिव, मानव र वशिष्ठपुराणलाई महापुराणमा लिइएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सर्गः प्रतिसंहारः, कल्पो मन्वन्तराणि वंशविधिः ।
जगतो यत्र निबद्धं तद्विज्ञेयं पुराणमिति ।।

भावार्थ– 'जसमा संसारको सृष्टिका प्रसंगहरू, संहारका प्रतिक्रियाहरू, युग-युगका कथाहरू (कल्प), मन्वन्तर र वंशविधिको वर्णन निबद्ध छ त्यसलाई पुराण भनी जान्नुपर्छ ।' यी ग्रन्थहरूका अतिरिक्त अन्य कतिपय आध्यात्मिक ग्रन्थका रचनाकार पनि महर्षि व्यास थिए भन्ने कुरा पाइन्छ ।

व्यासका रचना र विशेषता

महाभारत संस्कृत-वाङमयको महासागर हो जसभित्र वीरगाथा, राजनीति, धर्म, ज्ञान, भक्ति, आचार, दर्शन, कथा, ज्योतिष, भूगोल, इतिहास, सामाजिक स्थिति, आर्थिक स्थिति चौसट्ठी कला, षड्यन्त्र, जालझेल इत्यादि सबै कुरा छन् । यसभित्र अनन्त सामग्री छ, असंख्य विषय छ र अनेक प्रसंग अटाएको छ । यस ग्रन्थबाट विशेषरत्नका रूपमा यी रत्नहरू अँगाल्न सकिन्छ–

१. श्रीमद्भागवतगीता, २. विष्णु-सहस्रनाम, ३. अनुगीता, ४. भीष्म–स्तवराज, ५. स्तुति ।

महाभारतबारे भनिएको छ–

यो विद्याच्चतुरो वेदान् सांगोपनिषदो द्विजः ।
नचाख्यानमिदं विद्यान्नैव स स्याद्विचक्षणः ।।

भावार्थ– 'वेदका छ अंग र उपनिषद्सहित चारै वेदभित्र डुबुल्की मारे पनि महाभारत पढेन भने चतुर विद्वान् हुन सक्तैन ।'

महाभारतमा कति मीठास छ भन्ने कुरा पढ्ने-सुन्ने सबैलाई थाहा छ, शुरू गरेपछि छोड्न मन लाग्दैन, त्यसपछि के होला भन्ने जिज्ञासा निरन्तर रहिरहन्छ, घटना र विषयको प्रस्तुतीकरण त आकर्षक छ छ, ग्रन्थको विशालता र विविध विषयको समावेश यसको अर्को आकर्षण हो । एक कविले महाभारतको मीठासबारे आफ्नो विचार यसरी प्रकट गरेकाछन्–

श्रुत्वा त्विदमुपाख्यानं श्राव्यमन्यन्न रोचते ।
पुंस्कोकिल गिरं श्रुत्वा रुक्षा ध्वांक्षस्य वागिव ।।

भावार्थ– 'यो महाभारत सुनेपछि अरू कुरा सुन्न मन लाग्दैन, जस्तो कोइ-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
लीको पञ्चम स्वर सुनेपछि कागको रूखो बोली कोही पनि सुन्न चाहँदैन ।' यसबाट के कुरा थाहा हुन्छ भने महाभारत वेदव्यासका मुखबाट निस्केको अमृतको प्रवाह हो, जसलाई हरेक वर्ग उत्तिकै श्रद्धा र चाखको दृष्टिले हेर्दछ,यसको पान गरेर कहिल्यै तृप्त हुँदैन । यस ग्रन्थमा शान्तरस मुख्य रूपले प्रवाहित भएको छ भने वीर, करुण, शृङ्गार प्रभृति रसहरू अंगरसको रूपमा रहेका छन् । साहित्यिक दृष्टिकोणबाट मूल्याङ्कन गर्न खोज्दा पनि महाभारत ग्रन्थ कम महत्त्वको छैन । संवाद र वर्णनले यस भागको धेरै मात्रा लिएको देखिन्छ । धार्मिक विचार र आध्यात्मिक भावना प्रभावशाली छन्। चरित्रचित्रणमा व्यास निकै सिपालु देखिन्छन् । नीति,आचार र कर्तव्यका बारेमा लेखिएका आख्यान हृदयस्पर्शी छन् र युद्धको वर्णन घतलाग्दो र स्वाभाविक छ । आध्यात्मिक भावना यस ग्रन्थको सार सर्वस्व हो । अंग्रेज र जर्मनहरूले पनि महाभारतको बारेमा अनुसन्धान गरेकाछन्।उनीहरू भन्छन्,'महाभारत सबभन्दा पुरानो साहित्यिक इतिहास हो।'

व्यासद्वारा रचित अठाह्र पुराण, अठाह्र उपपुराणहरूमा पनि वेदको वास्तविक रहस्य शिक्षित, अशिक्षित, नारी-पुरुष, विशेषज्ञ र सामान्य व्यक्ति सबैले सजिलै बुझून् भन्ने उद्देश्यले पुराणहरूको संरचना भएको बुझिन्छ । इतिहास-पुराणका माध्यमबाट वेदको विकास गर्ने उद्देश्य लेखकको छ । पुराणमा उल्लेख भएका कतिपय विषयहरूलाई ऐतिहासिक र पुरातात्त्विक सामग्रीहरूबाट पनि पुष्टि हुँदै आएकोले पौराणिक विषयलाई काल्पनिक, यथार्थको सतहभन्दा निकै टाढा भनेर पर पन्छाउन सकिंदैन । प्राचीन समाजको चालचलन र सामाजिक रूपरेखाका साथै भौगोलिक वातावरणको अध्ययन गर्न पुराणकै अध्ययन गर्नुपर्ने हुन्छ । पुराणमा वर्णित कतिपय असंभव घटना र कथानक कतै लाक्षणिक रूपले त कतै आलंकारिक रूपले प्रसंगवश वर्णन गरिएको हुँदा, त्यसै सबै पौराणिक विषय काम नलाग्ने भन्नु मनासिब हुंदैन । पुराणअनुसार भिन्न-भिन्न ईश्वरीय रूपलाई झल्काउन तत्तत् ईश्वरीय रूपको विशिष्टता वर्णन गरिएको पाइन्छ, त्यो स्वाभाविकता हो । जहाँ जुन टाउं वा जुन परिस्थिति हुन्छ सोही अनुरूप व्यवहार गर्न यसबाट शिक्षा पाइन्छ । अनेक ठाउँबाट अनेक नदी प्रवाहित भए पनि आखिर एउटै समुद्रमा मिलेझैं जुन-
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुकै देव वा देवीको उपासना गरे पनि आखिर एउटै परमेश्वरको उपासना हो भन्ने कुरा सम्पूर्ण पुराणहरू अध्ययन गरी सार पैल्याउँदा स्पष्ट हुन आउँछ। यस भनाइलाई मत्स्य-पुराणको यस उक्तिले पुष्टि गर्दछ–

गणेभ्यः क्षोभमाणेभ्यस्त्रयो देवा विजज्ञिरे।
एका मूर्तिस्त्रयो भागा ब्रह्म-विष्णु-महेश्वराः ।।

भावार्थ– 'परस्परमा त्यो र यो भनेर रिसारिस, भनाभन हुन लागेको समूह (गण) बाट तीन देवताहरू देखा परे, तर ती देवता विचित्र रूपमा देखा परेका थिए, एउटै मूर्तिमा तीन भाग लागेका थिए जहाँ ब्रह्मा, विष्णु, महेश्वर थिए।' यसबाट सबै देवता-आधार एउटै हो भन्ने कुरा स्पष्ट हुन्छ। विभिन्न रूप र चरित्रको वैशिष्ट्य वर्णन गरेर समाजलाई आदर्श र उपयोगी मार्गमा प्रवृत्त गराउनु पुराणहरूको उद्देश्य रहेको देखिन्छ।

व्यासरचित पुराणहरूको महत्ता केवल ईश्वरीय चिन्तन र परिचर्चामा मात्र सीमित छैन, ठाउँ-ठाउँमा भूगर्भ-शास्त्र, वनस्पति-शास्त्र, जीव-शास्त्र, गर्भ-शास्त्र, विकास-शास्त्र, प्रजनन-शास्त्र, ज्योतिष-शास्त्र, उपचार-शास्त्र, काम-शास्त्र, प्रभृति व्यावसायिक र व्यावहारिक विषय-वस्तुको विशद विवेचना र विश्लेषण गर्दै समाजसापेक्ष गराएको पाइनाले पुराणहरूको उपयोगिता आज पनि उत्तिकै प्रभावकारी बन्न आउँछ। यी व्यवहारोपयोगी विषय पुराणबाट झिकेर छुट्टाछुट्टै अध्ययनका विषयमा आज समावेश गरेको देखिन्छ तापनि मूल स्रोत वेदबाट व्यावसायिक विषय पुराणमा केही विस्तृत र विकसित भएभने त्यही पुराणबाट आज संसारभर पढिने, पढाइने र व्यवहारमा ल्याइने उपयोगी शिक्षाका आधा-रहरू तयार गरिएका छन्।

पुराणमा भावी समाजको रूपरेखा पनि वर्णन गरिएको पाइन्छ। खास गरी भविष्यको संकेत गर्ने भविष्य-पुराण, कलंकीपुराण प्रमुख छन्। थोर-बहुत देवीभागवत, श्रीमद्भागवत आदि अन्य पुराणमा पनि भविष्यको समाजको परिकल्पना गरिएको छ। भागवतमा इतिहास र पुराणलाई पाँचौं वेद मानिए-को छ, जस्तै– इतिहास पुराणांच पंचमो वेद उच्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
भावार्थ– इतिहास र पुराण पाँचौं वेद हो भन्ने भनाइ पाइनाले प्राचीन

 CC-0.In Public Domain. Digitization by eGangotri

समयमा समूह जुटेर नीति, सदाचार सांसारिक विषय-वस्तुको ज्ञान तत्त्वज्ञान, व्यावहारिक शिक्षा पुराण सुनेर छलफल गरेर,भेला भएर ग्रहण गरिने गरिन्थ्यो, समयको परिवर्तनले त्यस्तो परम्परा छुट्तै गएकोले त्यो वातावरण गुम्दै गयो। तर पुराणहरूमा पाइने उपयोगी निर्देशन र आधारहरूलाई पर सार्न सकिंदैन। हुन त रूपक (अलंकार), लक्षणा, ध्वनि आदिको मर्म नबुझ्ने हो भने पुराणका कतिपय भनाइ अस्वाभाविक मानिन्छ। जे होस् सबै महापुराणहरू समाज-शिक्षाका प्रेरक र दिग्दर्शक आधार हुन् भन्ने कुरालाई बिर्सन सकिंदैन।

पुराणहरूमा पनि श्रीमद्भागवत सर्वोत्तम मानिन्छ। महाभारत, वेद, पुराण आदि बनाएर पनि शान्ति नपाएका व्यासलाई असन्तुष्टका बादलले ढाकि राखेको देखी नारदले उपदेश दिएअनुसार श्रीमद्भागवत, जसमा भगवान् कृष्णको विस्तृत र सर्वाङ्ग चित्रण गरिएको ज्ञान, वैराग्य र भक्तिका लागि अद्वितीय साधन बनाइएको छ, त्यस्तो ग्रन्थ रचना गरे भन्ने उल्लेख पाइन्छ। अनेक विद्वान्हरूले श्रीमद्भागवतको विषयवस्तु र शिल्पबाट आफ्नै आफ्नै तरीकाले वर्णन गर्दै व्यासका सम्पूर्ण कृतिमा यसलाई विशेष मानेका छन्।

एक जना भारतीय विद्वान्को भनाइ छ, 'श्रीमद्भागवत घटना, उपदेश, स्तुति र गीत यी चार रूपमा चार वेद बराबर महत्त्वपूर्ण छ। यो वेदशास्त्रको साररूप हो र रसमय फल हो, यसको आस्वादनले नै यसको महिमा व्यक्त हुन सक्तछ (लेखेर वा भनेर होइन) वास्तवमा यसको महिमा अनिर्वचनीय छ।'

साहित्यिक मूल्य, अभिव्यक्ति-सौन्दर्य, कलात्मकता, उपमा, माधुर्य पनि ठाउँ-ठाउँ त्यतिकै प्रभावकारी रूपमा रहेको पाइन्छ। जस्त एउटा उदाहरण–

अजातपक्षा इव मातरं खगाः
स्तन्यं यथा वत्सतराः क्षुधार्ताः।
प्रियं प्रियेव व्युषितं विषण्णा
मनोऽरविन्दाक्ष दिदृक्षते त्वाम् ॥

भावार्थ– 'भक्तको हृदय भगवान्लाई पाउन अर्थात् भगवान्को दर्शनका लागि त्यसरी नै छटपटाउँछ, जसरी भर्खर प्वाँख उम्रन लागेका बचेरा आफ्ना आमाबाबुसमक्ष, भोकले व्याकुल बाच्छो गाई (आमा) समक्ष र प्रियको विरह-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

वेदनाले व्याकुल सुन्दरी आफ्ना प्रियतमको दर्शन पाउन छटपटाउँछे।' कति राम्रा राम्रा उदाहरणहरू कुँदिएका छन्।

यस पुराणमा वर्णित घटना र विषयवस्तुको अध्ययनबाट के कुरा थाहा हुन्छ भने यसभित्रका स्तुतिहरू, गोपीगीत, वेणुगीतहरू, ज्यादै घतिला र मर्मस्पर्शी छन् जो पढेर नै राम्ररी स्वाद लिन सकिन्छ। वेदान्तभक्ति र साधनका स्रोत श्रीमद्भागवत भएकाले अनेक ग्रन्थ-रचनाबाट शान्ति नपाउने व्यासले यस ग्रन्थको रचनाबाट शान्ति पाए भन्नु स्वाभाविक मानिन आउँछ।

यसरी विभिन्न कृतिको संरचना विषय-वस्तुको प्रतिपादन र कलात्मकताको राम्रो प्रयोगले पनि महर्षि व्यास उच्चतम साधक मानिन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

वाल्मीकि र व्यास संक्षिप्त तुलना

CC-0.In Public Domain. Digitization by eGangotri

साम्य

१ । वाल्मीकि र व्यास दुवैका कृतिहरू आध्यात्मिक भावना हिन्दू-धर्मदर्शन-सम्बन्धी सिद्धान्तमा आधारित छन् ।

२ । दुवै महर्षिका रचनामा ऐतिहासिक तथ्यलाई कल्पना, अलङ्कार र लक्षणाका माध्यमबाट शिल्प जड्दै ज्ञान, नीति, दर्शन, वैराग्य, भक्ति, धर्म संस्कृति प्रभृति विषय अङ्कित छन् ।

३ । नैतिक मर्यादा कायम गरी सच्चरित्र र आदर्श समाजको श्रृजनामा दुवै महर्षिका रचना मद्दत गर्छन् ।

४ । दुवैका ग्रन्थहरूबाट पूरा वा आंशिक विषय-वस्तु लिएर काव्य-ग्रन्थहरू रचिएका छन् ।

५ । दुवैका रचना वेदमूलक छन् र दुवै महर्षि नेपालसँग केही न केही रूपमा सम्बन्धित छन् ।

वैषम्य

१ । रामायण काव्यात्मक गुणले भरिभराउ छ, व्यासका ग्रन्थहरूमा काव्यात्मकता कम छ ।

२ । रामायणमा सत्य, आदर्श, न्यायका साथै मातृप्रेम, पितृभक्ति, पति-पत्नी-सम्बन्ध पूर्ण रूपमा देखिन्छ भने भारतकालमा त्यसको ह्रास हुँदै गएको देखिन्छ ।

३ । रामायणका एउटै आदर्श चरित्रनायक पाइन्छ भने महाभारतमा बहु नायक छन् । पुराणहरूमा चरित्र-नायकको खास आधार धार्मिक र आध्यात्मिक मात्र रहेको देखिन्छ । महाभारत र रामायणका नायक बढी समाज-सापेक्ष छन् ।

४ रामायणकालको अपेक्षा भारतकाल अर्थात् व्यासको समयका जाल-झेल, अन्याय र जनसंख्या बढ़ेको देखिन्छ ।

५ । वानर भालूसंगको सम्बन्ध र सहायता लिइएको कुरा रामायणमा उल्लेख छ भने व्यासका दृष्टिमा अर्थात् त्यस कालमा त्यस्तो पाइँदैन, पाइन्छ भने पुरातन [illegible] मात्र पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि पाणिनि

पहिले व्याकरण र त्यसपछि जाम्बवतीजय, काव्य रचना गर्ने पाणिनिलाई नमस्कार गर्दछु ।卐 —राजशेखर

परिचय

कहाँ व्याकरण जस्तो रूखो विषय ! कहाँ सरस काव्य ! यी दुवैको संगम एकै ठाउँ हुनु कठिन विषय हो । व्याकरणकार पाणिनिका बारेमा परिचय नपाउने कमै मानिस होलान् तर काव्यकार पाणिनिका वारेमा अझै पनि राम्रो परिचय पाउन बाँकी नै छ । पाणिनिले पहिले व्याकरण बनाएर त्यसपछि जाम्बवतीजय, भन्ने काव्यको रचना गरे भन्ने राजशेखरको उक्ति पाइनाले व्याकरणकार पाणिनि नै काव्यकार पाणिनि हुन् भन्ने स्पष्ट हुन्छ । यसका अतिरिक्त सदुक्ति कर्णामृतमा दाक्षीपुत्र पाणिनिको नाम प्रसिद्ध कविहरूका साथ लिइएकाले छुट्टै पाणिनि नभएर व्याकरणकार पाणिनि नै काव्यकार पाणिनि हुन् भन्ने कुरामा पुष्टि मिल्छ । जस्तै–

सुबन्धौ भक्तिर्नः इह रघुकारे न रमते
धृतिर्दाक्षीपुत्रे हरति हरिश्चन्द्रोऽपि हृदयम् ।
विशुद्धोक्तिः शूरः प्रकृतिमधुरा भारविगिर-
स्तथाप्यन्तर्मोदं कमपि भवभूतिर्वितनुते ॥

भावार्थ– सुबन्धु, रघुकार (कालिदास) हरिश्चन्द्र (गद्यकवि) शूर, भारवि एवं भवभूतिका साथ दाक्षीका छोरा पाणिनिका काव्यबाट पनि आन्तरिक आनन्द प्राप्त भइरहेछ भन्ने आशय पाइनाले कवि पाणिनिको महत्त्व

卐 नमः पाणिनये तस्मै यस्मादाविरभूदिदम् ।
आदौ व्याकरणं काव्यमनु जाम्बवतीजयम ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कम छैन भन्ने कुरा बुझिन आउँछ । क्षेमेन्द्रले, 'सुवृत्त तिलक' भन्ने पुस्तकमा पाणिनिको उपजाति छन्दप्रयोगको प्रशंसा गरेको देखिन्छ । यी आधारबाट व्याकरणकार पाणिनि जति प्रसिद्ध छन् त्यतिकै कवि पाणिनिको पनि महत्त्व छ र व्याकरणकार पाणिनि र कवि पाणिनि एउटै हुन् भन्ने कुरामा पुष्टि मिल्छ ।

समय र साधना

पाणिनिको समयबारे विभिन्न मत छन् । यूरोपीय लेखकहरूले ईशापूर्व चारौं शताब्दी पाणिनिको समय निश्चित गरेका छन् । गोल्ड स्टुकरले 'पाणिनि तथा उनका संस्कृत साहित्यमें योगदान' नामक ग्रन्थमा र डाक्टर भाण्डरकरले 'दक्षिणका प्राचीन इतिहास' नामक पुस्तकमा पाणिनिको समय ईशापूर्व ७०० सप्रमाण निर्धारण गरिएको पाइन्छ ।

महाभाष्यकार पतञ्जलिले पाणिनिलाई ठाउँ-ठाउँ दाक्षीपुत्र र शालातुरीय भन्ने शब्दले उल्लेख गरेका छन् । यसबाट शालातुर गाउँमा जन्मेका पाणिनिकी आमाको नाम दाक्षी थियो भन्ने स्पष्ट हुन्छ । शालातुरलाई आधुनिक लाहुर मान्ने विद्वान्हरू पनि छन् । भट्ट सोमेश्वरका अनुसार पाटलिपुत्रमा उपाध्याय वर्णका साथ पाणिनि अध्ययन गर्थे । शुरूमा पाणिनि मूर्ख थिए । कति सम्झाए पनि, जति मिहिनेत गरे पनि सम्झन, बुझ्न सक्तैनथे । यसबाट पाणिनिलाई मानसिक पीडा भयो । त्यसपछि पाणिनि पढ्न छाडेर उत्तरतर्फ लागी शिवजी-को तपस्यासाधनामा संलग्न भए । योगी नरहरिनाथका अनुसार दाक्षीपुत्र पाणिनि नेपाल अधिराज्यकै लुम्बिनी अञ्चलअन्तर्गत रुरुक्षेत्र (को कालिगण्डकी-को पवित्र तटमा अवस्थित छ), मा नटराज शिवजीको आराधनामा संलग्न भएका थिए । महेश्वरले बनाएका आद्य विवर्त माहेश्वर व्याकरण पढ़ेर १४ सूत्र बनाई त्यसैको सारस्वरूप पाणिनीय व्याकरण (अष्टाध्यायी) संरचना गरेका हुन् । नटराजको नाटचमण्डप उक्त ठाउँमा अद्यापि छँदैछ ।

पाणिनिका रचना

पाणिनिका रचना के कति थिए भन्ने कुरा निश्चित रूपमा भन्न नसकिए-पनि व्याकरण (अष्टाध्यायी) र जाम्बवतीजय (महाकाव्य) चाहिं पाणिनिकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रचना हुन् भन्ने कुरा सिद्ध भइसकेको छ । संस्कृत-व्याकरणका क्षेत्रमा पाणिनि लोक-प्रिय र प्रसिद्ध छन् । उनको अष्टाध्यायीले सम्पूर्ण संस्कृत-वाङमयलाई आबद्ध गर्न निकै सफल भएको अनुभव हुन्छ । जाम्बवतीजय, जाम्बवती-विजय, पातालजय इत्यादि पाठान्तरहरू पाइए पनि पाणिनिको एउटै महाकाव्य हो भन्ने स्पष्ट हुन्छ । १८ सर्गमा लेखिएको उक्त महाकाव्य पूरापूर अझै उपलब्ध हुन सकेको छैन तापनि ठाउँ-ठाउँ कवि, लेखक, आलोचकहरूले उद्धृत गरेका केही श्लोकहरूबाट पनि कवि पाणिनिको काव्यात्मक अनुभूति र व्यक्तित्वसँग सजिलै परिचित हुन सकिन्छ ।

व्याकरण र विशेषता

पाणिनिभन्दा पहिलेका व्याकरणकारहरूमा शाकटायन, यास्क, पतञ्जलि प्रभृतिको नाम आउँछ । वैदिक मन्त्रहरूमा पनि व्याकरणको उल्लेख पाइन्छ । यसबाट व्याकरणको प्राचीनता झल्किन्छ । पाणिनिले आफ्नो अष्टाध्यायीका विभिन्न सूत्रमा प्रसंगवश आविशल, गार्ग्य काश्यप, गालव, भारद्वाज, शाकल्य, स्फोटायन, शाकटायन प्रभृति व्याकरणकारहरूको मत उल्लेख गरेका छन् । जे होस् पाणिनि-पूर्ववर्ती व्याकरणकार पर्याप्त भए पनि शब्दसंसारको सम्पूर्ण भागको प्रतिनिधित्व गर्ने गरी सरल र सुबोध प्रक्रिया अपनाई प्रभावकारी व्याकरण रच्ने व्याकरणकार हुन् पाणिनि । पाणिनिले संस्कृत शब्द-संसारलाई व्याकरणका नियमद्वारा पूर्ण आबद्ध गर्ने प्रशंसनीय प्रयास गरेका छन्। यो प्रयास निश्चय नै संसारका भाषामा पाइने व्याकरणभन्दा महत्त्वपूर्ण र सारपूर्ण मानिएको कुरा विभिन्न विद्वान्हरूले व्याख्या गरेका छन् । त्यसैले हजारौं वर्ष बित्दा पनि पाणिनि व्याकरणकारका रूपमा पनि जीवित छन् ।

साहित्यिक वैशिष्टच

'जाम्बवतीजय' महाकाव्यका केही पंक्तिहरू विभिन्न विद्वान् आलोचकहरूले उद्धृत गरेका छन् । अझ पाएसम्मका पाणिनिका श्लोकहरू स्वर्गीय पण्डित चन्द्रधर गुलेरीले 'नागरी प्रचारिणी पत्रिका' वर्ष १ संख्या ४ मा प्रकाशित गरेका छन् । जसका आधारमा पाणिनिको साहित्यिक व्यक्तित्व निर्धारण गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाणिनिका कविता मीठा, हृदयस्पर्शी र सरल छन् । अलंकारका छटाहरूले रसिक पाठक र श्रोताको हृदयलाई खिच्न सफल छन् । उत्प्रेक्षाको प्रयोग त ठाउँ-ठाउँ हृदयग्राही नै देखा पर्छ, शृङ्गार-रसको चित्र उतार्न कवि पोख्त छन् । प्रकृतिवर्णनमा पनि कविको सीप-सौन्दर्य प्रभावकारी बनेको देखिन्छ । केही श्लोकहरू कवित्व प्रतिभाको मूल्यांकन गर्न तल उद्धृत गरिएका छन् ।

शृङ्गार-रस

पाणौ शोणतले तनूदरिदरक्षामा कपोलस्थली
विन्यस्ताञ्जनदिग्धलोचनजलैः किं म्लानिमानीयते ।
मुग्धे ! चुम्बतु नाम चञ्चलतया भृङ्गः क्वचित्कन्दली-
मुन्मीलन्नवमालती-परिमलः किं तेन विस्मार्यते ॥

भावार्थ– यहाँ पतिले त्यागिएकी, बिर्सिएकी कुनै सुन्दरीलाई उसकी संगिनी सम्झाउँदै देखा परेको प्रसंग छ– ''हे कृशोदरी ! लाल हत्केलामा पातला गाला अडेस लगाएर (अडाएर) गाजलमिश्रित आँसुका धारा किन वर्साइरहिछ्यौ ? के प्राणप्यारालाई सम्झेर यसरी रुँदै छ्यौ ? धन्दा नमान भलै भमरो आफ्नो चञ्चलताको कारणबाट कन्दली फूलतिर पनि पुग्ला तर नयाँ मालतीको सुगन्ध-लाई उसले कहिल्यै भुल्न सक्तैन, अर्थात् तिमीलाई सम्झेर तिम्रा प्राणप्यारा आइहाल्छन् नि केको सुर्ता ! केको पीर !'

त्यस्तै अर्को एक ठाउँमा कविको शृङ्गारिक अभिव्यक्ति यस्तो छ, हेरौं, कविकै शब्दमा–

पाणौ पद्मधिया मधूकमुकुलभ्रान्त्या तथा गण्डयो-
र्नीलेन्दीवरशंकया नयनयोर्बन्धूक बुद्धयाधरे ।
लीयन्ते कबरी बान्धवजन – व्यामोह – बद्ध – स्पृहा
दुर्वारा मधुपः कियन्ति सुतनु ! स्थानानि रक्षिष्यसि ॥

भावार्थ– यहाँ कुनै उमेर पुगेकी सुन्दरी नजीक घुम्दै आएको भमरालाई हटाउन प्रयास गर्ने सुन्दरीको हावभाव देखेर कविले कल्पना गरेको सुन्दर भावको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रयोग छ, कवि भन्छन्, 'हे सुन्दरी ! कुन कुन अंगलाई मात्र तिमी भमराबाट बचाउँछ्यौ र खै यसले तिम्रा कुनै पनि अंगलाई छोड्ला जस्तो लाग्दैन। किन भने तिम्रा हातलाई कमल ठानेर, गण्डस्थललाई महुवाको फल ठानेर, आँखा-लाई नील कमल ठानेर, ओठलाई बन्धूक (दोपहरिया फूल) ठानेर, केशपास काला काला हुँदा भमराका आफ्नै बन्धु (बान्धव) ठानेर अत्यन्त मुग्ध भई न-छोड्ने गरी वरिपरि घुमिराखेको छ। यस भमराले तिमीलाई छाड्ने छाँट छैन।'

सन्ध्याकाल

सरोरुहाक्षीणि निमीलयन्त्या
रवौ गते साधुकृतं नलिन्या।
अक्ष्णाहि दृष्टाऽपि जगत् समस्तं
फलं प्रियाऽऽलोकनमात्रमेव ॥

भावार्थ- यहाँ सूर्य अस्ताउनासाथ कमलिनी संकुचित (खुम्चेको) घटना-लाई लिएर कविको सुन्दर कल्पना प्रकट भएको पाइन्छ- यस सन्दर्भमा कवि भन्छन्, 'प्रिय सूर्य अस्ताएपछि कमलरूपी आँखा बन्द गरेर कमलिनीले अत्यन्त प्रशंसनीय काम गरिन् किन भने सम्पूर्ण विश्व हेर्ने आँखाको एक मात्र फल (केन्द्र) प्रियतम नै हो, प्रियतम गएपछि आँखा चिम्लनु पातिव्रत्य धर्मको पालन हो।' सूर्य र कमलिनीलाई पति-पत्नीको रूपमा कल्पना गरेर सूर्य अस्ताउनु र कमलिनी खुम्चनु विषयलाई कति नयाँ र सुन्दर कल्पनाले सिंगारेका छन्।

चन्द्रोदय

उपोढरागेण विलोलतारकं
तथा गृहीतं शशिना निशामुखम्।
यथा समस्तं तिमिरांशुकं तया
पुरोऽपि रागाद् गलितं न लक्षितम् ॥

भावार्थ- यस पद्यमा चन्द्रमाको उदय हुँदा अन्धकार आफै नष्ट हुन लाग्छ यस घटनालाई लिएर कविले अति सुन्दर, कल्पना गरेका छन्। 'कुनै प्रेमी नायक आफ्नो प्रेयसी (नायिका) को संसर्गबाट प्राप्त हुने आनन्दमा मग्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुँदा लुगा खुस्केको वा शृङ्गार क्षत-विक्षत भएको कुरामा नायिकालाई कुनै होश हुँदैन । त्यस्तै चन्द्रमाले चञ्चल निशाको मुख(आरम्भ)भाई यसरी पक्रे कि चन्द्रोदयको उल्लासमा मग्न रहँदा आफू क्षत-विक्षत (हराउन लागेको) भएको कुरामा पनि निशालाई कुनै होश भएन अर्थात् जसरी नायकको समागममा नायिकालाई होश हुँदैन, त्यस्तै चन्द्रोदयको उल्लासमा निशालाई कुनै होश भएन ।'

यसरी पाणिनिका केही पद्यहरू उदाहरणको रूपमा लिंदा उनको कवित्व-प्रतिभा कस्तो थियो भन्ने कुरामा सजिलै परिचय पाउन सकिन्छ । उनको जाम्बवती-विजय, पूरा उपलब्ध नभए पनि उनको कवित्व-प्रतिभा प्रभावकारी थियो भन्ने कुरामा शङ्का रहँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि वररुचि

परिचय

यी कवि को थिए ? यिनको समय कुन हो त्यसबारे अझै निष्कर्ष निकाल्न सकिएको छैन । तैपनि पाणिनिका अष्टाध्यायीमा वार्तिक थप्ने कात्यायनकै अर्को नाउँ वररुचि हो भन्ने कसै-कसैको भनाइ देखिन्छ । वररुचिले लेखेको काव्य–लाई 'वाररुचं काव्यं' भनेर पतञ्जलिले आफ्नो भाष्यमा उल्लेख गरेका छन् भने राजशेखरले सूक्तिमुक्तावलीमा वररुचिले 'कण्ठाभरण' काव्य लेखेको कुरा यसरी उल्लेख गरेका छन्–

यथार्थता कथं नाम्नि माभूद् वररुचेरिह ।
व्यधत्त कण्ठाभरणं यः सदारोहणप्रियः ।।

राजशेखरको यो भनाइबाट वररुचिको काव्यको नाम 'कण्ठाभरण' देखिन्छ भने पतञ्जलिको भनाइमा 'वाररुचं काव्यम्' भन्ने देखिन्छ । भलै वररुचिको काव्यको नाम 'कण्ठाभरण' नै हुन सक्छ, वररुचिले रचेको कारणबाट वाररुचं भनिएको स्वाभाविकै छ । कथा सरित्सागरबाट यो कुरा थाहा हुन्छ कात्यायन-कै अर्को नाउँ वररुचि हो । डा. भाण्डारकरले वररुचिकै गोत्रज नाम कत्यायन-भनेर स्वीकार गरेका छन् । यसरी वररुचि र कात्यायन एउटै व्यक्ति मान्दा ईशापूर्व ४०० वररुचिको समय मानिन आउँछ ।

वाररुच वा कण्ठाभरण काव्य पूरै फेला नपरे पनि सुभाषितावली, शार्ङ्गधर पद्धति प्रभृति ग्रन्थमा वररुचिका सुन्दर पद्यहरू उद्धृत भएका देखिन्छन् । यी पाइएका श्लोकका आधारमा सरस र प्रौढ कविका रूपमा वररुचिलाई लिन सकिन्छ ।

रचना

प्राकृतप्रकाश (प्राकृत-व्याकरण) र कण्ठाभरण काव्य-मध्ये 'प्राकृतप्रकाश,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपलब्ध कृति हो, जसमा संस्कृत र प्राकृतबीचको सम्बन्ध देखाउँदै प्राकृत भाषाको बनोटलाई व्याकरणका सूत्रमा नियमबद्ध गर्ने राम्रो प्रयास (यस पुस्तकमा) भएको देखिन्छ । यस पुस्तकलाई पुरानो मानेर यसका रचयिता अर्कै वररुचि हुन् भन्ने विद्वान्हरू पनि छन् ।

वाररुच वा कण्ठाभरण काव्य पूरा पाइएको छैन तापनि त्यस काव्यमा पाइएका केही श्लोकहरूबाट त्यसभित्रको कवित्वकला र प्रतिभासंग परिचित हुन सकिन्छ । यति प्रतिभाशाली कविका अरू अरू कृति पनि हुन सक्छन् भन्ने अनुमान सजिलै गर्न सकिन्छ तापनि उपलब्ध नभएसम्म अनुमानमै सीमित रहनुपर्ने भएको छ ।

केही कविता

पाइएका केही पद्यहरूका आधारमा यिनका कविता माधुर्य र प्रसादगुणले कुँदिएका छन् । ऋतुवर्णनमा यी कवि खपिस छन् । वर्णनशैली सरल भएर पनि सजीव र अलंकारहरूबाट सुसज्जित छ । वररुचिको प्रकृतिप्रेम र प्रकृति-चित्रण सुन्दर प्रतीत हुन्छ । भावाभिव्यक्ति सरल, सुबोध र मनोरम देखिन्छ । उनकै केही कविताबाट कवि-व्यक्तित्वको मूल्यांकन गर्ने प्रयास गरौं, जस्तै–

वर्षा-वर्णन

व्योम्नि नीलाम्बुदच्छन्ने गुरुवृष्टिभयादिव ।
जग्राह ग्रीष्मसन्तापो हृदयानि वियोगिनाम् ।।

भावार्थ-वर्षा ऋतुमा मेघको गड्याङ-गुडुङ र अविरल जलवर्षाबाट विरही हृदयमा किन आगो बलेझैं दाह हुन्छ ? यसको जवाफ माथिको कविता-मा कवि वररुचि यसरी जवाफ दिन्छन्, 'जब आकाशमा काला काला मेघमाला देखिन थाल्छन्, त्यस वेला ग्रीष्म ऋतुको प्रखर ताप ज्यादै डराएर छटपटाउँदै वर्षा ऋतुको अविरल वर्षाबाट आफ्नो विनाश नहोस् भन्ने उद्देश्यले आफू लुकेर बस्ने ठाउँ खोज्दै विरहीको हृदय तापले छटपटाउन लाग्छ, बाहिर वर्षाको कारण कम ताप भए पनि वियोगी हृदयमा तापको कमी हुँदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सान्द्र–नीहार–संवीत–तोय–गर्भ गुरूदरा ।
सन्ततस्तनिता भ्राली निषसादाद्रिसानुषु ॥

भावार्थ–बादल अग्ला अग्ला पर्वतशिखरमा किन विश्राम गर्छ, बस्न मन पराउँछ ? यस प्रश्नको जवाफमा वररुचि यसो भन्छन्–बाक्लो कुहिराले ढाकिएको आफ्नो गर्भमा पानी धारणा गरेको बादल पेट ठूलो भएर सधैं गर्जन गर्छ र पहाडको शिखरमा गएर बस्छ, यसो गर्नमा कारण के छ भने उसले गर्भधारण गरेको छ र शिखरमा बस्न मन पराउँछ । गर्भको भारले क्लान्त पत्नी पनि उच्च स्थानमा रहेर आराम गर्न मन पराउँछिन् । यहाँ पानी बोकेका बादल र गर्भिणी स्त्रीको साम्य चित्रण स्वाभाविक प्रतीत हुन्छ ।

शरद्-वर्णन

उपकारिणि विक्षीणे शनैः केदारवारिणि ।
सानुक्रोशतया शालिरभूत् पाण्डुरवाङमुखः ॥

भावार्थ–धान पाकेर पहेंलो बन्छ यो सर्वविदित विषय हो । तर धान पहेंलो हुनमा अर्कै कारण छ त्यो के हो भन्ने कुरा कवि यसरी भन्छन्-आफूलाई उपकार गर्ने खेतको पानी बिस्तार बिस्तार सुक्दै गएको देखेर, आफूलाई हुर्काउने बढाउने पानी त सुकेर गयो, भन्दै पानीप्रति सहानुभूति राखेर त्यही पीरले धानका बोट पहेंला बन्दै गए र शोकले शिर झुकाए ।

सुन्दरीका केशको वर्णन

अस्या मनोहराकारकबरीभारवर्जिताः ।
लज्जयेव वने वासं चक्रुश्चमरबर्हिणः ॥

भावार्थ-सुन्दरी नायिकामा केशपासको सौन्दर्य देखेर आफ्ना केशपासलाई तुच्छ मान्दै मयूर र चमरी सकभर वनमा बस्न मन पराउँछन् । सुन्दरीका

---

१. वररुचि नामका कवि भोज राजाका राजसभामा पनि देखिन्छन् । ती कविको समय निकै पछि भएकाले छुट्टै हुन, यी कवि होइनन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 In Public Domain. Digitization by eGangotri

केशपाससँग आफ्ना केशपास दाँज्दा फीका देखिने भएकाले घरजानुभन्दा वनमा नै हाम्रो शोभा छ भन्ने ठानेर उनीहरू वनमै बस्ने गरेका हुन् । कति सुन्दर कल्पना छ ।

यसरी अनेक पक्षमा कल्पनाचातुर्य र प्रतिभाप्रवाहबाट काव्यात्मक चत्मकार देखाउने कवि वररुचि पनि संस्कृत-साहित्यको इतिहासमा अमर प्रतिभाका रूपमा प्रतिष्ठित रहन सक्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि अश्वघोष

'अश्वघोषका महाकाव्य वास्तवमा एक कलाकारका रचना हुन्'–डा. किथ

परिचय

बौद्ध दार्शनिकका रूपमा चीन, जापान प्रभृति देशमा समेत प्रसिद्धि प्राप्त गर्ने अश्वघोष आज बौद्ध दार्शनिकको रूपमामात्र चिनिंदैनन्, उनी संस्कृत–साहित्यका महाकवि एवं नाटककारका रूपमा पनि प्रतिष्ठित र संमानित छन्। यिनको जन्म साकेत अयोध्यामा भएको थियो। यिनकी आमाको नाम सुवर्णाक्षी थियो। यिनका रचनामा बुद्धधर्म र दर्शनका गहिरा विचारहरू अनि वैदिक सारगर्भित विचारहरू पाइनाले यिनी ब्राह्मणपरिवारमा जन्मिएका थिए भन्ने अनुमान हुन्छ। दार्शनिक ज्ञान, कवित्व प्रतिभाका अतिरिक्त अलौकिक संगीत-ज्ञान पनि यिनमा थियो,जसका माध्यमबाट यिनको लिखित मात्र होइन मौखिक अभिव्यक्ति पनि आकर्षक थियो। अश्वघोष घोडाको हिनहिनाहटमा जतिको संगीतमय स्वर पाइन्छ त्यस्तै आकर्षक स्वर-संगीतको कारण अश्वघोष नाम रहेको हो भन्ने पनि पाइन्छ। मातृचेट, आर्यसूर प्रभृति कविका नाम पनि अश्वघोषकै अर्का रूप हुन् अर्थात् अश्वघोषकै नामान्तर हुन् भन्ने पनि पाइन्छ।卐 मातृचेट, आर्यसूर प्रभृति कविहरूका रचना र अश्वघोषका रचनामा समानता पनि पाइनाले यी कविहरू अश्वघोषकै विभिन्न रूप थिए भनेर अडकल गर्नु अस्वाभाविक छैन।

ससय

अश्वघोष कनिष्कसँग सम्बन्धित छन्। इतिहासकारहरूले कनिष्कको समय

卐 चीनिया र तिब्बती ग्रन्थकारहरूले अश्वघोषका विभिन्न उपनाम रहे–को कुरामा सप्रमाण उल्लेख गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पनि अझै निश्चित रूपले किटान गर्न नसकी विवादको विषय भइरहेछ । कनिष्कका सभापण्डितको रूपमा अश्वघोष रहेकाले कनिष्कको समय अश्वघोषको पनि समय हो । कनिष्कको समय ई० ७५–१५० लगभग देखिनाले अश्वघोषको समय पनि यही अर्थात् पहिलो शताब्दीको उत्तरार्ध र दोस्रो शताब्दीको पूर्वार्ध हुन आउँछ ।

किम्वदन्ती

पाटलीपुत्र (पटना) को राजसभामा अश्वघोष रहन्थे । त्यसभन्दा अगाडि उनी धर्मप्रचारक थिए । एकाएक उनको धर्मप्रचारकार्य बन्द भयो । बन्द हुनामा निम्न भनाइ सुनिंदै आएकोछ । कुषाणवंशी कनिष्कले एकपटक पाटलीपुत्रमा आक्रमण गरे । पाटलीपुत्रका शासकले पाटलीपुत्रका नरेशले हारेर छ करोड रुपियाँ दिने कबूल गरे । उनले छ करोड रुपियाँमध्ये तीन करोड़को सट्टामा भगवान् बुद्धको भिक्षापात्र र तीन करोड रुपियाँको बदला 'अश्वघोष' लाई दिए । यसरी अश्वघोष पाटलीपुत्रवाट कनिष्ककहाँ पुगे । अश्वघोषलाई बुद्धधर्मको गुरु मानेर कनिष्कले बुद्धधर्मको दीक्षा लिए । अश्वघोषले आफ्नो बाँकी जीवन कनिष्कलाई उपदेश दिंदै र काव्य रचना गर्दै विताए ।

ग्रन्थरचना

महाकवि अश्वघोषका रचनालाई खासगरी ३ किसिमबाट विभाजित गर्न सकिन्छ । एक प्रतिभाशाली व्यक्ति भएकाले उनी एक क्षेत्रमा मात्र सीमित छैनन् । उनका रचनाका आधारमा १. महाकाव्य २. नाटक र ३. दार्शनिक कृति गरी वर्गीकरण गर्नु मनासिब हुन्छ । उनका कृतिहरूको परिचयात्मक रूपरेखा यहाँ राख्नु उचित हुनेछ ।

बुद्धचरित (महाकाव्य)

यो महाकाव्य बुद्धको जीवनचरित्रमा आधारित छ । यो काव्य हाल वास्तविक रूपमा १३ सर्गमात्र उपलब्ध छ । यो काव्यको चीनी तथा तिब्बती भाषामा ई.४१४र४२१का बीचमा अनुवाद भएको देखिन्छ अनुवादमा चाहिं२८ सर्ग पाइन्छ । चीनिया यात्री इत्सिङ्गले पनि२८सर्ग भनेर उल्लेख गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकाव्यमा भाषा, शैली, अत्यन्त सरल र मधुर छ । उपमा सुन्दर र उचित ठाउँमा प्रयुक्त छन् । प्रकृतिचित्रण सजीव छ ।

सौन्दरनन्द (महाकाव्य)

यस काव्यमा सुन्दरानन्द नामक बुद्धका भाइ सांसारिक सुख-भोगमा आसक्त रहेका र पछि बौद्ध धर्ममा दीक्षित भएर तपस्या गरेको कथानक विशद रूपमा वर्णन गरिएको छ । बौद्ध दर्शनका रूखा सिद्धान्तलाई कोमल, सरल र अमृतमय भाव र भाषामा उपमा र रूपकका बुट्टाले सजाउँदै काव्यात्मक मूल्य अंकित गर्नु यस काव्यमा कविको विशेषता मानिन्छ । यो काव्य महामहोपाध्याय हरप्रसाद शास्त्रीले कलकत्ताबाट प्रकाशित गरेका छन् र यसमा १८ सर्ग छन् ।

शारिपुत्र-प्रकरण (नाटक)

सुदूर मध्यएशियाको उत्खननबाट उनको शारिपुत्र नाटकका केही अंश फेला परेका छन् । यो डाक्टर लूडर्सले बर्लिनबाट यसलाई प्रकाशित गरेको देखिन्छ । संस्कृत-साहित्यका अरू उत्तम नाटक सरह यसमा पनि नान्दी, प्रस्तावना, सूत्रधार, गद्य-पद्यको संयुक्त रूप, संस्कृत र प्राकृत भाषाको पात्रअनुकूल प्रयोग पाइन्छ ।

बज्रसूचि (उपनिषद्)

बौद्धहरू जाति नमान्ने भएकोले जन्मदै जातित्व निर्धारण हुने प्रक्रियालाई यस पुस्तकमा खण्डन गरिएको छ । कर्मले जातिनिर्धारण क्रमनिर्धारण हुन्छ, त्यो पनि खास आवश्यकता छैन । जन्मले जाति निर्धारण अस्वभाविक र अनावश्यक हो भन्ने विषय प्रतिपादित छ ।

महायान श्रद्धोत्पाद शास्त्र

यस पुस्तकद्वारा अश्वघोषको प्रखर दार्शनिक प्रतिभाको परिचय पाउन सकिन्छ । यसको संस्कृतरूप प्राप्य छैन । चीनी भाषाबाट हाल जापानी विद्वान् सुजुकीले अंग्रेजीमा रूपान्तर गर्नुभएको छ । यसमा महायान सिद्धान्तको दिग्दर्शन गराइएको छ !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यी कृतिहरूका अतिरिक्त सूत्रालङ्कार प्रभृति अन्य कतिपय कृतिहरू पनि अश्वघोषका हुन् भन्ने विद्वान्हरू पनि छन् । पर्याप्त प्रमाण र अनुसन्धानका माध्यमबाट टुङ्गो नलागी यसबारे केही भन्न सकिंदैन । यिनका कवितामा कतै कतै कालिदासका रचनाको छाप र प्रभाव देखिन्छ । समकालीन भएकोले यसो हुनु स्वाभाविक हुन आउँछ ।

केही कविता

माधुर्य र प्रसादगुणको गरिमाले कुँदिएका, कृत्रिमताको नीरसताबाट टाढा रहेका अश्वघोषका कवितामा पाठकको हृदयलाई तान्न सक्ने खूबी देखिन्छ । परिचित र स्वाभाविक दृष्टान्त दिंदै दार्शनिक आधारलाई पनि सुगम र सुबोध रूपले प्रकाश पार्नु अश्वघोषको विशेषता हो । कवि कतै मानव-हृदयको भाव-प्रवाहलाई सूक्ष्म रूपले हेर्दै निरीक्षण गर्दै कवित्व-कलालाई विभिन्न रसका माध्यमबाट अगाडि बढाउँछन् भने कतै दार्शनिक रूखो विषय अँगालेर पनि उपमा, रूपक प्रभृति अलङ्कारको चमत्कारले नयाँ पन भर्न कालिदाससँग पनि टक्कर लिन पुग्दछन् । जे होस् अश्वघोष संस्कृत-जगत्का अमर महाकवि हुन् । उनका केही कविता पढ़ेर उनको कल्पनाशक्ति, कवित्व-कला र शिल्प-विधानसँग परिचित हुन प्रयास गरौं । जस्तै सौन्दरनन्द (महाकाव्य) को एक श्लोक :

तं गौरवं बुद्धगतं चकर्ष
भार्यानुरागः पुनराचकर्ष ।
सोऽनिश्चयान्नापि ययौ न तस्थौ
तरं तरङ्गेष्विव राजहंसः ।

भावार्थ– जब नन्द आफ्ना घरमा भगवान् बुद्ध आएर निराश भएर फर्केको समाचार सुन्दछन् उनी तुरुन्तै आफ्नी पत्नीसँग बिदा मागेर भगवान् बुद्धसँग भेट गर्न हिंड्दछन् यसबेला नन्दको स्थिति कस्तो थियो यस कवितामा राम्रो अभिव्यक्ति प्रकट भएको छ । 'ऊ बुद्धदेवलाई गौरवमय आँखाले हेर्दथ्यो र त्यतैतिर तानिंदै पनि थियो तर फेरि यता पत्नीको प्रेम(अनुराग)ले पनि उ खिचिंदै थियो । अनिश्चय भएकाले ऊ अगाड़ि बढ्न पनि सकेन पछाडि फर्क

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पनि सकेन, जस्तो कि तरङ्गमा पौडिएको राजहाँस अगाडि जान खोज्छ,तरङ्ग-का प्रवाहले पछाडि फर्काउन खोज्छ, त्यस्तै अवस्था नन्दको भयो ।

यौवन

ऋतुर्व्यतीतः परिवर्तते पुनः
क्षयं प्रयातः पुनरेति चन्द्रमा ।
गतं गतं नैव तु सन्निवर्तते
जलं नदीनां च नृणां च यौवनम् ।।

भावार्थ– हाम्रो यौवन कति चंचल र अस्थिर छ भन्ने कविले विभिन्न उदाहरणसहित राम्ररी देखाएका छन् । जस्तै– ऋतु बितेर जान्छ अर्को वर्ष फेरि फर्केर आउँछ । चन्द्रमा एक पक्षमा खिइँदै जान्छन् त अर्को पक्षमा फेरि बढ्दै आउँछन् र पूर्ण बन्छन् । गएपछि नफर्कने र गएको गयै हुने कुरा चाहिं दुई कुरा छन् ती हुन् मान्छेको यौवन र नदीको पानी गएपछि फर्केर आउन जान्दैनन् ।

नारी

वचनेन हरन्ति वर्णना
निशितेन प्रहरन्ति चेतसा ।
मधु तिष्ठति वाचि योषियां
हृदये हालहलं महद्विषम् ।।

भावार्थ– नारीहरू अनेक प्रकारका विचित्र मीठा वचनहरूले पुरुषवर्गको चित्त खिच्तछन् तर हृदय कठोर भएकोले वास्ता नगरेर गहिरो चोट पुऱ्याउँ-छन् । नारीहरूको वचनमा मधु हुन्छ, हृदयमा हलाहल विष रहन्छ । वचनमा माधुर्य रहेर पनि हृदयमा क्रूरता र कुटिलता रहन्छ ।

दृष्टान्त

कृपणं बत यूथलालसो
महतो व्याधभयाद् विनिःसृतः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रविविक्षति वागुरामृग-
श्वपलोगीतरवेण वञ्चितः ।

भावार्थ– कति आश्चर्यको कुरा छ व्याधाको डरबाट बच्न आफ्नो मृग-समूहबाट निकै टाढा पुगेको मृग गीतको ध्वनिमा आसक्त भएर ठगिएर विषम जालमा फसिरहेछ । संसारको निःसारता पारिवारिक आकर्षणलाई फीका तुल्याउन मृग जालमा फसेको कति सरल र हृदयस्पर्शी दृष्टान्त यो ।

दार्शनिक विषयमा मात्र होइन करुण रसमा अभिव्यक्ति दिन पनि अश्व-घोष सिपालु छन् । यशोधरा आफ्ना पति विदेशिएकोमा यसरी शोक गर्छिन्–

शुचौ शयित्वा शयने हिरण्मये,
प्रबोध्य मानौ निशि तूर्य-निस्वनैः ।
कथं बत स्वप्स्यति सोऽद्यनुव्रती,
पटैकदेशान्तरिते महीतले ।

भावार्थ– सुनैसुनले बनेको स्वच्छ पलङमा सुतेर सूर्यका किरणबाट बिउँझाइने गरिएका व्रतधारी पतिदेव आज घर-परिवार छाडेर विदेशिदै साधारण कपडाको एक भाग ओढ्ने र एक भाग ओच्छ्याउने गरेर खालि भुईंमा कसरी गुजारा गरिरहनुभएको होला ? प्रस्तुत पद्यमा स्वाभाविक करुणरस प्रस्फुटित भएको छ । यसरी कविताहरूमा कवि अश्वघोष कुनै पनि रसमा निपुण देखा पर्छन् । यसरी महाकवि अश्वघोष संस्कृत-साहित्यका अमर साधकमध्ये एकमा आउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार भास

प्रख्यात कीर्ति भएका भास प्रभृति कविहरूका प्रबन्धहरूलाई छाडेर कवि कालिदासका कृतिहरूको धेरै आदर के होला र ?卐

—कालिदास

परिचय

वि. सं. १९६५ सम्म गुप्त रूपमै रहेका नाटककार भासका नाटकहरू संस्कृत-साहित्यका प्रारंभिक र नाटकीय दृष्टिले उच्च कोटिका मानिन आएका छन् । प्राचीन समीक्षाग्रन्थहरूमा भासको उल्लेख भएको तर कृतिहरू फेला नपरेकोले भासको खोजी भइरहेकै थियो । गणपति शास्त्रीले १० नाटक पत्ता लगाए । त्यसपछि अरू नाटकहरू पनि पत्ता लाग्दै गएपछि आफ्नो समयका निकै ख्यातिप्राप्त र लब्धप्रतिष्ठ नाटककार भास थिए भन्ने कुरा सजिलै अनुमान गर्न सकिने भएको छ । जयदेवले भासलाई कामिनीकौतुकका लागि आनन्दमय हाँसोको रूपमा उल्लेख गरेका छन् भने भासका नाटकचक्रको उल्लेख राजशेखरले पनि गरेका छन् । महाकवि कालिदासले समेत प्रशंसा गरिएका भासको नाटकीयता र कवित्व कल्पनाबारे के भन्ने र ?

भासको समय कालिदासभन्दा पहिले हो भन्ने कुरा निश्चित छ । कालिदास स्वयंले भासको प्रशंसा गरेका छन् । भास भामहबाट उद्धृत र महाकवि बाणबाट प्रशंसित पनि छन् । भासका नाटकहरूमा पाणिनि व्याकरणको राम्रो पालन नभएको देखिदा पाणिनिभन्दा पनि पहिलेका हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । भासका नाटकहरू केरल प्रान्तमा पाइएकाले त्यहाँका कुनै

卐 प्रथितयशसां भासः सौमिल्लिक कविपुत्रादीनां प्रबंन्धानतिक्रम्य कथं वर्तमानस्य कवेः कालिदासस्य कृतौ बहुमानः ।

—मालविकाग्नि मित्र-प्रस्तावना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

 CC-0.In Public Domain. Digitization by eGangotri

पण्डितको चलाखी हो भन्ने तर्क कसै कसैले उठाएका छन् । तर यस्ता तर्क निरर्थक हुन्छन्, किन भने आफ्ना कृति भासका प्रमाणित गराएर उनीलाई के फाइदा! त्यसमा पनि भाषा, नाटकीयता, विचार आदि प्राचीन परिपाटी भएकाले यस्ता तर्क झन् निरर्थक बन्न गएका छन् । पं. रामावतार र डा. वर्नेटले चाहिं स्वप्न-बासवदत्तालाई मात्र भासको नाटक मानेका छन् । अहिलेसम्म भासका १३ नाटकहरू प्राप्त भई प्रकाशित पनि भएका छन् ।

भासका नाटकहरू

संस्कृत-साहित्यका नाटककारहरूमा भास अग्रणी मात्र होइनन्, सबभन्दा बढी नाटकहरू लेख्ने नाटककार पनि हुन् । भासका नाटकहरूको समूहलाई भासको 'नाटकचक्र' भनिन्छ । विभिन्न आलोचक, साहित्यिकहरूबाट सम्मानित र प्रशंसित बन्दै आएका भास निश्चयनै संस्कृत-साहित्यको नाटक परम्परामा महत्त्वपूर्ण स्थान कायम राख्तछन् । उनका प्रत्येक नाटकलाई परिचयात्मक दृष्टि राखेर संक्षिप्त रूपले हेर्ने प्रयास गरौं, जस्तै–

प्रतिमा नाटक

यस नाटकको कथावस्तु रामायणबाट लिइएको हो । रामको वनवासदेखि रावणवधसम्मको कथावस्तु यस नाटकमा पाइन्छ । स्वर्गीय राजाहरूको प्रतिमा स्थापना गर्ने परम्परा त्यस वेला भएको र मावलीबाट फर्केका भरतले आफ्ना पिता दशरथको प्रतिमा झलक्क देख्ने बित्तिकै पिताको स्वर्गारोहण भएको थाहा पाउँछन् । यसै घटनाबाट यस नाटकको नाम 'प्रतिमा' राखिएको छ । स्वप्न-वासवदत्तापछि नाटकीय दृष्टिले यो नाटक उच्चकोटिको ठहरिन्छ ।

अभिषेक

यस नाटकको कथावस्तुरा पनि मायणबाट उद्धृत गरिएको हो । रामको राज्याभिषेकको वर्णन यसमा छ, बालकाण्ड छाडेर प्रतिमा र अभिषेक नाटकमा रामायणका प्रमुख र उपयुक्त घटना अंकित छन् ।

पञ्चराज

यसको कथानक महाभारतबाट लिएको भए पनि कथावस्तु प्रतिकूल देखिन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुर्योधनलाई द्रोणाचार्यले भने 'पाण्डवकुललाई आधा राज्य देऊ झगडा नगर दुर्योधनले पनि पाँच रात सँगै मिलेर बसेपछि आधा राज्य दिइएको कथा छ ।'

मध्यम व्यायोग

यो व्यायोग हो । यसमा भीमसेनले एक ब्राह्मणपुत्रको रक्षा भयंकर राक्षस-बाट गरेको घटना उल्लेख छ । यसको कथावस्तु महाभारतसँग संवन्धित छ ।

दूत घटोत्कच

यसको कथावस्तु पनि महाभारतसँग संबन्धित छ । यसमा अभिमन्यु मरेपछि पांडवहरूको विजय हुने कुरामा शङ्का हुन्छ । सन्धि गर्न घटोत्कचलाई दूत बनाएर पठाइन्छ तर दुर्योधनले नमानेबाट लडाइँ चल्छ ।

कर्णभार

इन्द्र महादानी कर्णसँग आफ्नो कवच-कुण्डल मागेर लैजान्छन् । युद्धको नेतृत्व कर्ण स्वीकार गर्छन् । कथावस्तु महाभारतसँगै सम्बन्धित छ ।

दूतवाच्य

सन्धिका लागि श्रीकृष्ण दुर्योधनसमक्ष जान्छन् । कुरा नमिल्दा सन्धिको प्रयास विफल भएको कथावस्तु यहाँ वर्णित छ र यो कथावस्तु पनि महाभारत-सँगै सम्बन्धित छ ।

उरुभंग

यो नाटक महाभारतकै कथावस्तुमा आधारित छ । यो नाटक वियोगान्त छ । भीम र दुर्योधनको गदायुद्धका साथै भीमबाट दुर्योधनको उरुभंग गरेको घटना छ । रंगमञ्चमा नै दुर्योधनको मृत्यु देखाइएकाले पूर्वीय नाटकको परम्पराविरुद्ध यस नाटकको नाटकीय स्वरूप निर्मित भएकाले विशेष महत्त्व राख्तछ ।

बालचरित

श्रीमद्भागवतबाट यसको कथावस्तु उद्धृत गरिएको प्रतीत हुन्छ । यस नाटकमा राम्रो रूपले श्रीकृष्णको बाललीला देखाइएको छ । वृन्दावन र गोकुल-का घटना यसमा राम्ररी देखाइएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चारुदत्त

यो रूपक हो । यसको पूरा अंश सुलभ छैन तापनि साहित्यजगत्मा यसको विशेष महत्त्व रहेको छ । धनहीन तर असल चरित्र भएका चारुदत्त तथा गुण-ग्राहिणी वारवनिता वसन्त सेनाको पवित्र आदर्श स्नेह यसमा वर्णित छ । यसै कथानकका आधारमा प्रसिद्ध नाटककार शुद्रकको नाटक मृच्छकटिक, रचिएको हो भन्ने धेरै विद्वान्हरूको भनाइ छ ।

अविमारक

अविमारक राजकुमारीको चरित्रको वर्णन यस नाटकमा पाइन्छ । यसको कथावस्तु कामसूत्रबाट लिइएको अनुभव हुन्छ ।

स्वप्नवासवदत्ता

भासका नाटकहरूमध्ये नाटकीयता र काव्यात्मकताका दृष्टिले यो नाटक उच्च कोटिको देखिन्छ । यसमा राजा उदयनले शत्रुलाई हराउन मगधका राजा दर्शकको सहायता लिनुपरेको छ । सहायताका लागि सम्बन्ध जोड्न यौगन्धरा-यण मन्त्रीले आगलागीमा वासवदत्ता स्वर्ग भएको खबर प्रचार गर्छन् । तर वासवदत्तालाई सुरक्षित राखिएको हुन्छ । पद्मावतीका साथ वत्सराजको शुभ विवाह भइसकेपछि राजाले सपनामा वासवदत्तालाई देख्छन् । पछि वासवदत्ता जीवित आउँछिन् र सुखद मिलन हुन्छ अनि नाटक टुङ्गिन्छ । संस्कृत नाटक-हरूमा यो नाटक एक रत्न मानिन्छ ।

नाटकीय वैशिष्टच

भासले जो जति लेखेका छन् नाटक मात्र । अरू पक्षसँग सम्वन्धित कृति फेला परेका छैनन् । भासका नाटक-समूहलाई भासको नाटकचक्र भनिन्छ । छोटा वाक्य भए पनि विचित्र भाव, यिनका नाटकमा रहेको छ । स्वाभाविक-ता, सरलता, सुन्दरता भासका नाटकका गहना हुन् भने मनोविश्लेषण, प्रकृतिवर्णन, चरित्रचित्रण प्रभृति कलामा पनि भास खपिस देखा पर्छन् रामायण, महाभारत प्रभृति आधारबाट कथावस्तु लिइएको पाइए पनि नाटकहरूमा पर्याप्त मौलिकता पाइन्छ । देशकालका सामञ्जस्य, [illegible] प्रभावकारी छ । नाटकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उठान चाहिं नान्दीबाट नभई सूत्रधारबाट भएको देखिन्छ । प्रस्तावनाको ठाउँ-मा स्थापना लेखिएको पाइन्छ ।

भासका नाटकहरूमा पाइने कविता सरस सुबोध र भावपूर्ण देखिन्छन् । भासका नाटकमा नाटकीयता मात्र होइन ठाउँ-ठाउँ कवित्व-शक्तिको चमत्कार पनि प्रभावकारी रूपले प्रस्फुटन भएको देखिन्छ । भासका कविताहरूमध्ये केही चाखेरै यसबारे निर्णय लिनु स्वाभाविक हुनेछ ।

केही कविता

सन्ध्याकालको वर्णन नाटककार भास यसरी गर्दछन् :

खगा वासोपेताः सलिलमवगाढो मुनिजनः
प्रदीप्तोग्निर्भाति प्रविचरति धूमो मुनिवनम् ।
परिभ्रष्टो दूराद् रविरपि च संक्षिप्तकिरणो
रथं व्यावर्त्यासौ प्रविशति शनैरस्तशिखरम् ।।

भावार्थ– चराहरू आफ्ना गुँडमा फर्के, सन्ध्याकालीन स्नान गर्न मुनिहरू पानीमा डुबे, सन्ध्याकालीन अग्निहोत्रका लागि बालिएको आगो सुशोभित छ, धूवाँ ऋषिमुनि रहने जंगललाई परिक्रमा गर्दछ(घुम्दैछ)सूर्य पनि आफ्ना टाढा टाढा छरिएका किरणहरूलाई खिच्तै रथ फर्काएर अस्ताचल पर्वतमा डुब्न लागी रहेछन् । प्रसाद गुणले युक्त प्रस्तुत पद्य सुन्दर हुनुका साथै सन्ध्याकालको स्वाभाविक वर्णन यहाँ पाइन्छ ।

राजा महासेन आफ्नी छोरी वासवदत्ताका लागि कस्तो वर खोजेर बिहा गरिदिने यसबारे यसरी व्यावहारिक सोचाइमा हुन्छन्–

कुलं तावच्छ्लाघ्यं प्रथममभिकांक्षे हि मनसा
ततः सानुक्रोशं मृदुरपि गुणस्त्वेष बलवान् ।
ततो रूपे क्रान्ति न खलु गुणतः स्त्रीजनभयात्
ततो वीर्योदग्रं न हि न परिपाल्या युवतयः ।।

भावार्थ–छोरी वासवदत्तालाई दिन,सर्वप्रथम कुल चाहिन्छ अर्थात् वर कुलीन हुनुपर्छ, कुलले मात्र पनि हुँदैन वर दयालु पनि हुनुपर्छ दयालु मात्र भएर के गर्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वर त गुणवान् पनि त हुनुपर्छ, गुणमात्र भएर पनि के गर्ने रूप पनि चाहियो, रूप नभए आइमाईहरूले गिल्ली उडाउँछन्, आइमाईदेखि पनि डराउनैपर्छ, सबभन्दा बलशाली त हुनैपर्छ नभए आफ्नी पत्नीको सुरक्षा कसरी होला !

क: कं शक्तो रक्षितुं मृत्युकाले
रज्जुच्छेदे के घटं धारयन्ति ।
एवं लोकोस्तुल्यधर्मो वनानाम्
काले काले छिद्यते रुह्यते च ।।

भावार्थ–काल आएपछि कसले कसलाई बचाउन सक्छ र डोरी चुँडिएपछि घडा के नखसी छोड्छ र, यो संसार जंगलबराबर छ । अर्थात् जंलको रूख जस्तै काटिन्छ पनि उम्रिन्छ (रोपिन्छ) पनि । मान्छे पनि त्यस्तै हो, जाने आउने हुने नहुने प्राकृतिक नियम हुन् ।

अहः समुत्तीर्य निशा प्रतीक्ष्यते
शुभे प्रभाते दिवसोऽनुचिन्त्यते ।
अनागतार्थान्यशुभानि पश्यतां
गतं गतं कालमवेस्य निर्वृतः––

भावार्थ–दिन बिताएर रातको प्रतीक्षा गरिन्छ, बिहानको रमाइलोमा दिनको चिन्ता हुन्छ (बिहान त बित्यो अब दिनमा के होला ? भनेर) भविष्यमा हुने अनर्थको चिन्ता गर्ने मान्छे कल्पना गरेर आनन्द मनाउँछ, किनभने यतिका दिन त राम्ररी बिते अब भविष्यमा के होला ? भनेर ।

यसरी केही कविताहरू अगाडि राखेर रसास्वादन गर्दा पनि नाटककार भास नाटकीय शिल्पमा मात्र होइन कवित्व-कलामा पनि निपुण छन् भन्ने कुरा जानकारी हुन आउँछ । संस्कृत-साहित्यको नाटक-परंपरामा प्रथम स्थान सुरक्षित गर्ने नाटककार भास संस्कृत-नाटक-साहित्यका एक प्रखर साधक हुन् । लामो समय पार भइसक्ता पनि अझै पाठक र दर्शक समक्ष नाटककार भास अमर छँदैछन् र रहिरहने पनि छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि कालिदास

मञ्जरी जस्तै गाढा मधुर भएका कालिदासका सूक्तिमय कविता कसलाई मन पर्दैनन् र ! 卐

जन्म र समय

कालिदासको जन्मस्थानबारे विवाद छ । बंगदेशीय विद्वान्हरू कालिदासलाई बंगाली मान्छन् । कतिपय विद्वान्हरू काश्मीरी भन्छन् त कालिदासले मेघदूतमा उज्जयिनीको राम्रो वर्णन गरेकाले कालिदासको जन्मस्थल उज्जयिनी नै हुनुपर्छ भनेर कति विद्वान्हरू अडकल गर्छन् । यसरी निश्चित रूपमा यही नै जन्मस्थल हो भनेर किटान गर्न सकिने स्थिति देखा पर्दैन तापनि अनुमानित प्रामाणिक आधार केलाएर मात्र जन्मस्थल पत्ता लगाउनुपर्ने स्थिति आउँछ ।

कालिदासको जन्मसमय पनि त्यतिकै विवादास्पद छ । कीर्तिको पर्वाह न गर्ने कविले आफ्नो बारेमा कतै पनि उल्लेख गरेको नपाइनाले अन्धकारमा छामछाम छुम-छुम गर्नुपरेको छ । ईशापूर्व प्रथम शताब्दीदेखि लिएर छैटौं शताब्दीसम्म विभिन्न विद्वान्हरूले अनेक तर्कका आधारमा कालिदासको जन्मसमय–निर्धारण गर्न प्रयास गरेका छन्, केही मत हेरौं, जस्तै–

पहिलो विचार

कालिदास छैटौं शताब्दीका हुन्, किनभने यशोधर्मनले काकरको लडाइँमा हूणवंशी राजा मिहिरकुललाई बालादित्य नरसिंह गुप्तका सहायताबाट हराएर उत्कृष्टताका निम्ति छ सय वर्ष पहिले कायम गरी संवत् चलाएका थिए । यही संवत् विक्रम-संवत् हुनुपर्छ तसर्थ पाँचौं शताब्दीको अन्त र छैटौं शताब्दीको

卐 निर्गतासु न वा कस्य कालिदासस्य सूक्तिषु ।
प्रीतिर्मधुर-सान्द्रा च मञ्जरीष्विव जायते ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रारंभतिर यशोधर्मनको समय भएकाले सोही समय कालिदासको हो । यस मतमा डाक्टर हार्नलीको पनि सम्मति छ । हरप्रसाद शास्त्रीले अनेक प्रमाण दिंदै भारविपछि छैटौं शताब्दीका कविका रूपमा कालिदासलाई मानेका छन् । यो विचार त्यति युक्तिसंगत देखिदैन किनभने यशोधर्मनले संवत् चलाएको कुरा नै प्रमाणित छैन । विक्रम-संवत् मालवसंवत्को रूपमा पहिलेदेखि चलेको थाहा हुँदा हुँदै पछि चलाएको भन्नु कुनै पनि तर्कसंगत हुँदैन । ४७३ ई. का कुमार गुप्तका प्रशस्तिकर्ता वत्स भट्टका रचनामा कालिदासको ऋतुसंहारको झलक पाइनाले यो मत मान्य हुन सक्दैन ।

दोस्रो विचार

विक्रमादित्य नामधारी राजा अनेक छन् त्यसमा चन्द्रगुप्त पनि एक हुन् । रघुवंशका एक श्लोकमा स्कन्धको उल्लेख भएको र स्कन्ध गुप्तको पराक्रमको वर्णन भएकाले सोही समय अर्थात् गुप्तकालै हुनु सम्भव छ । 'ज्योतिस्मती चन्द्रमसैव रात्रिः इन्दुं नवोत्थानमिवेन्दुमत्यै' रघुवंशमा उल्लेख भएकाले यहाँ इन्दु र चन्द्रले चन्द्र गुप्तलाई लक्ष्य गरेका हुन् भनी विजयचन्द्रले गुप्तकालीन अर्थात् ४५५ ई. तिर कालिदासको समय निर्धारण हुनुपर्छ भनी अनेक प्रमाणद्वारा यही समय कायम गराउन कोशिश गरेका छन् । पश्चिमी केही विद्वान्हरूले पनि शकहरूलाई बाहिर निकालेर विक्रमादित्य नामधारी राजा चन्द्र गुप्त पनि भएकाले सोही समयको अनुमान गरिएको पाइन्छ । यस मतमा पनि सहमति जनाउन सकिंदैन किनभने प्राचीन मालवसंवत् चलाउने राजा विक्रमादित्यको खाँचो भएकाले यो विचार पनि मान्य छैन ।

तेस्रो विचार

ईशापूर्व ५८ कालिदासको समय हो भन्ने कुरामा धेरै विद्वान्हरू सम्मत छन् । कनिष्कको समयमा अर्थात् ईसवी संवत् प्रथम शताब्दीमा भएका अश्वघोष महाकविमा कालिदासका रचनाको छाया परेको पाइन्छ । जस्तै रघुवंशको सातौं सर्ग ५-१५ श्लोकहरूमा स्वयंवरबाट फर्केर आएका अजलाई हेर्ने सुन्दर स्त्रीहरूको राम्रो वर्णन गरेका छन् भने अश्वघोषको बुद्धचरितको तेस्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सर्ग १३-१४ सम्म त्यस्तै प्रकारको वर्णन पाइन्छ । त्यस्तै अरू ठाउँ ठाउँ यी दुई कविका रचनामा साम्य देखिन आउँछ । यसको तात्पर्य कालिदासको प्रभाव अश्वघोषमा परेको स्पष्ट छ । शकारी नामक विक्रमादित्य हाल प्रचलित विक्रम-संवत्को पहिलो शताब्दीमा पाइने भएको र गाथा सप्तसती, जुन पुस्तक ६८ ई० संवत्मा लेखिएको र त्यसमा विक्रमादित्य राजाको स्पष्ट उल्लेख पाइनाले विक्रमको प्रथम शताब्दी नै कालिदासको निश्चित समय निर्धारण हुन आउँछ ।

किम्वदन्ती

कालिदास शुरूमा महामूर्ख थिए । एउटी विदुषी राजकुमारीका लागि वर खोज्दा खोज्दा मन्त्रीहरू आजित भएछन् । जस्तो सुकै विद्वान् वर ल्याएपनि राजकुमारीले कुनै न कुनै खोट लगाउने गर्थिन् । अनि त षड्यन्त्र रची महामूर्ख (रूखको हाँगाको टुप्पातिर आफू बसी फेदतिर काट्ने) कालिदाससँग विवाह गराइदिएछन् । केही दिनमै आफ्ना पति पटमूर्ख भन्ने बुझेपछि राजकुमारीले पतिलाई रातको समयमा निकालिदिएछन् । त्यहाँबाट मध्यरातमा आफ्नो मूर्खताप्रति दिग्दारी मान्दै इख लिएर कालीको मन्दिरमा गई प्रार्थना र उपासना गरेछन् । कालीको वर प्रसाद र अनुग्रहबाट केही समयपछि विद्वान् बनेका कालिदास घर फर्के । आफ्नी पत्नी विदुषी वस्ने ढ़ोका लगाइराखेको देखेर वाहिरबाटै कालिदासले भने 'अनावृतं कपाटं द्वारं देहि ।' यसको जवाफमा भित्रबाट विदुषीले भनिन् 'अस्ति कश्चिद् वाग्विशेष' आफू विद्वान् बनेपछि पत्नीले आफूसँग बोलेका तीन शब्द 'अस्ति' बाट कुमारसम्भव महाकाव्य; 'कश्चिद्' बाट मेघदूत सन्देशकाव्य र 'वाग्विशेष' बाट रघुवंश महाकाव्य कालिदासले रचना गरे भन्ने भनाइ पाइन्छ ।

कालिदासका रचना

खण्डकाव्य, सन्देशकाव्य, महाकाव्य र नाटक समेत गरी कालिदासको विद्वत्ता र प्रतिभा छरिएको छ । सबै विधामा कालिदास उत्तिकै सफल देखिन्छ ।

---

१. संवाहन-सुख-रस-तोषितेन वदता तवकेरलाक्षास् ।
चरणेन विक्रमादित्यचरितमनुशिक्षितं तस्याः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुन त शुरू-शुरूका रचनामा केही कमजोरी र फितलोपन पाउन सकिन्छ तापनि उत्तरवर्ती सबै रचना सशक्त र प्रौढ छन् । सरलता, सुबोधता र नवीनता कालिदासका सबै रचनामा पाइन्छ । संस्कृत वाङमयमा कालिदासलाई कवि-शिरोमणि मानिनामा कुनै अत्युक्ति ठहरिंदैन । उनका रचनाहरूको संक्षिप्त परिचय यस प्रकार छ :

ऋतुसंहार

यो खण्ड़काव्य हो । यसमा ग्रीष्म ऋतुदेखि शुरू गरेर वसन्त ऋतुसम्म छ। ऋतुको सजीव र मनोहर वर्णन छ । यो काव्य छ सर्गमा रचित छ । यो काव्य कालिदासको पहिलो रचना मानिन्छ । यसमा प्रकृतिवर्णनको हृदयस्पर्शी देखिन्छ ।

कुमारसंभव

यो महाकाव्य हो । यसमा १८ सर्ग छन् । शुरूका ८ सर्ग कालिदासका हुन् अरू अरू नै कविले थपेका हुन् भन्ने विद्वान्हरू पनि छन् । यसो भन्नुमा मल्लिनाथले टीका ८ सर्गसम्म मात्र लेखेका छन् । यस महाकाव्यमा हिमालयवर्णन, पार्वती-जन्म, ब्रह्माको स्तुति र तारकासुर मार्ने उपाय, कामदेव दहन, रति-विलाप, पार्वतीको तपस्या, शिवपार्वतीको विवाह, शिवपार्वतीको रतिक्रीडावर्णन आदि बिषय यस काव्यमा अङ्कित छन् । यो महाकाव्य आध्यात्मिक चेतना जगाउँछ र कामवासना र प्रेमका बीचको पार्थक्य देखाउने सन्दर्भमा महत्त्वपूर्ण छ ।

मेघदूत

यो संदेशकाव्य हो । यसमा खण्डकाव्यका गुणहरू पनि पूर्ण छन् । यसमा कुबेरका रिसले निर्वासित अलका-निवासी कुनै यक्षले आफ्नो प्राणप्यारीलाई मेघलाई दूत बनाएर समाचार पठाएको कथा छ । पूर्वमेघमा बाटो देखाइएको वर्णन सुन्दर छ भने उत्तरमेघमा अलकाको वर्णनका साथसाथै समाचारको उल्लेख पाइन्छ । मन्दाक्रान्ता छन्दमा लेखिएको यो काव्य ज्यादै हृदयस्पर्शी छ । बाहिरी प्रकृतिको सुन्दर चित्रण यस काव्यमा छ र भित्री तत्त्वहरूको सूक्ष्म निरीक्षण पनि यसमा देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रघुवंश

यो महाकाव्य हो। यसमा बहुनायक छन्। यो महाकाव्यमा १९सर्ग छन्। यसमा क्रमशः दिलीपको वर्णन, दिलीप पुत्रप्राप्तिको लागि वशिष्ठसमक्ष जानु, गाईको सेवाको प्रभावबाट रघु-जन्मनु, रघुको जन्म र पराक्रमको वर्णन, रघुको दिग्विजय, कौत्सको गुरुदक्षिणासंबंधी घटना, इन्दुमतीको स्वयंवर, इन्दुमतीका लागि अजको अरू राजाहरूसँग लडाइँ, इन्दुमतीको स्वर्गारोहण, अजविलाप दशरथ शिकार खेल्न जानु, रामचरित्र, कुशदेखि अग्निवर्णसम्मको संक्षिप्त वंशवर्णन यस महाकाव्यमा पाइन्छ। १९ औं अन्तिम सर्गमा गएर कामुक अग्निबर्णको बिस्तृत वर्णनका साथ महाकाव्य टुङ्गिन्छ।

मालविकाग्निमित्र

यो कालिदासको पहिलो नाटक-कृति भनिन्छ। यस नाटकमा शुङ्गवंशी राजा अग्नि-मित्र र मालबिकाको प्रेमकथा आबद्ध छ। राजपत्नीहरूका बीच हुने ईर्ष्या र राजाको कामुकता आदि विषय देखाउनु यस नाटक रचनाको उद्देश्य देखिन्छ।

विक्रमोर्वशीय

यो पनि एउटा रूपक हो। यसमा पुरुरवा र उर्वशीको प्रेमलीला अङ्कित छ। यो कथा वेदबाट उद्धृत गरिएको प्रतीत हुन्छ।

अभिज्ञान शाकुन्तल

यो नाटक कालिदासको सर्वोत्कृष्ट कृति हो। अझ संस्कृत-भाषामा लेखिएका नाटक-कृतिहरूमा नै यस नाटकको स्थान उच्चतम रही आएको छ। यस–बारेमा भनिएको छ–

> काव्येषु नाटकं रम्यं तत्राऽपि च शकुन्तला।
> तत्राऽपि च चतुर्थोऽङ्कस्तत्र श्लोकचतुष्टयम्॥

भावार्थ– काव्यहरूमा नाटक रमणीय विधा हो, नाटकहरूमा पनि शकु–न्तला नाटक अति रमणीय छ। त्यसमा पनि चारौं अङ्क अति राम्रो छ अझ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यसमा पनि चार श्लोक त ज्यादै हृदयाकर्षक छन् । यसरी शाकुन्तल नाटकको प्रशंसा गरिएको पाइन्छ । जर्मन कवि गेटेले शकुन्तला नाटकका बारेमा, 'ऐश्वर्यं यदि वाञ्छसि प्रिय सखे शाकुन्तलं सेव्यताम् ।' अर्थात्– ऐश्वर्य यदि चाहन्छौ भने हे प्रिय साथी ! शाकुन्तल नाटकको सेवन गर्ने गर अर्थात् पढ ।

यो उक्ति उक्त नाटक पढ्दा अत्युक्ति जस्तो लाग्दैन । अझ प्रशंसा कम भएको अनुभव हुन्छ । कथाको सार यस प्रकार छ– हस्तिनापुरका राजा दुष्यन्त शिकार खेल्न वन जान्छन्, कण्वले पालेकी छोरी शकुन्तलासँग भेट भई पारस्परिक प्रेमपासमा आबद्ध हुन्छन्, लिन पठाउने शर्तमा राजा दरबार फर्कन्छन्। शकुन्तलालाई दुर्वासाको श्राप पर्छ, शकुन्तला गर्भवती बनिसकेकी छन् । राजाले लिन पठाउँदैनन्, कण्वले शकुन्तलालाई दुष्यन्तसमक्ष पठाइदिन्छन् । शकुन्तलालाई स्वीकार गर्न राजा हिचकिचाउँछन् । कुनै दिव्य ज्योति आएर शकुन्तलालाई लिएर जान्छ । माझी मार्फत राजाले शकुन्तलालाई चिनो दिएको 'दुष्यन्त नामांकित' औंठी फेला पर्छ, अनि राजालाई शकुन्तला साँच्चै आफ्नी पत्नी हुन् भन्ने सम्झना हुन्छ । शकुन्तलाको चित्र बनाउन लगाउँछन् पश्चात्ताप गर्छन् । यही बेला इन्द्रको सहायता गर्न राजा जानुपर्ने खबर आएर राजा जान्छन् । विजय गरेर दुष्यन्त फर्कदा मरीचि–आश्रममा पस्छन् । त्यहाँ छोरो भरतसहित शकुन्तलासँग भेट हुन्छ । ऋषिको आशीर्वादसहित छोरो पत्नी लिएर दुष्यन्त राजनगरी फर्केपछि नाटक टुङ्गिन्छ ।

औंठीको माध्यमबाट बिर्सेको कुराको अभिज्ञान (जानकारी) भएको घटनाका आधारमा यस नाटकको अगाडि 'अभिज्ञान' शब्द जोडिएको देखिन्छ। यसभित्रका सूक्तिहरू अभिव्यक्तिहरू के गद्य, के पद्य, सबै सशक्त देखिन्छन् हुन त कालिदास कवि, महा-कविको रूपमा ख्यातिप्राप्त प्रतिभा हुन् अझ साँच्चै भन्ने हो भने उनी यस नाटकमा अत्यन्त सफल भएको कुनै पनि मर्मज्ञ पाठकले अनुभव गर्न सक्छ ।

संस्कृत-साहित्यका दुई नाटक अनमोल रत्न हुन्, एक कालिदासको अभिज्ञान शाकुन्तल' र अर्को भवभूतिको 'उत्तररामचरित' यी दुवै नाटकलाई तुलना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्दै डाक्टर एल. राय आफ्नो विचार यसरी प्रकट गर्छन् विश्वासको महिमामा, प्रेमको पवित्रतामा, भावको तरङ्गक्रीडामा, भाषाको गांभीर्यमा र हृदयको माहात्म्यमा उत्तररामचरित श्रेष्ठ छ भने घटनाहरूको विचित्रतामा, कल्पनाको कोमलतामा, मानवचरित्रको सूक्ष्म विश्लेषणमा, भाषाको सरलतामा र लालित्यमा अभिज्ञानशाकुन्तल श्रेष्ठ छ ।"

यी कृतिहरूका अतिरिक्त श्रुतबोध, नलादेय इत्यादि कतिपय पुस्तकमा रचनाकारको रूपमा पनि कालिदासलाई औंल्याउँछन् तर काव्यात्मकता, शैली र सजावटका दृष्टिले यी रचना कालिदासका हुन् भन्न सकिँदैन । कालिदास नामधारी अन्य कुनै पनि व्यक्तिका रचना हुन सक्छन् ।

कालिदास साहित्यकारका वाणीमा

१. मञ्जरी जस्तै ज्यादै गाढा मधुर भएका कालिदासका कविता कसलाई मन पर्दैनन् र । —महाकवि बाण

२. कालिदास उपमा प्रयोगमा अत्यन्त सफल छन् । —लोकोक्ति

३. कालिदासका सूक्तिहरूले साभिप्राय, मधुर र कोमल विलासिनी कण्ठ-स्वर जस्तै शिक्षा प्रदान गर्ने समयमा पनि आनन्दसागरमा डुबाइदिन्छन् ।

—गोवर्धनाचार्य

४. सबैभन्दा श्रेष्ठ कवि को हो ? भनेर गणना गर्न लाग्दा सबभन्दा पहिले कालिदास भनेर कान्छी औंलामा बूढी औंला राखियो अर्थात् सबभन्दा पहिले कालिदासको नाम आयो तर उनीजस्ता कवि अर्का नहुनाले साहिली औंलामा फलानो कवि भनी बूढी औंला राख्न पाइएन त्यसैले संस्कृत भाषामा साहिली औंलाको नाम 'अनामिका' रहन गयो अर्थात् यो नाम सार्थक भयो ।

—एक आलोचक

५. फूलमा जाई, शहरमा कान्ती, नारीमा रम्भा, पुरुषमा विष्णु, नदीमा गङ्गा, राजामा राम, काव्यमा माघ, जसरी श्रेष्ठ मानिन्छन् त्यसरी नै कवि-जगत्मा कालिदास सर्वोत्तम छन् । —घटकर्पर

---

१. कालिदास और भवभूति, पेज २०७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

६. महाकवि कालिदासलाई वाणीसाधनामा गुरुको रूपमा नमस्कार गर्छु, किनभने जसको ज्ञानले ऐनामा प्रतिबिंबित भएझैं विश्व नै सुशोभित स्पष्ट देखिन्छ ।
—हलायुध

७. भास प्रभृति अनेकौं कविहरूले आफ्ना कृतिका माध्यमबाट तीनै लोकलाई चम्काइराखेका छन् तापनि कालिदासका अगाडि ती कविहरू के दास ठहर्दैनन् र?
—राजा भोज

कालिदास र उपमा

कवितामा अलंकार सजाउने कविहरूको कमी छैन । अलंकारहरूमध्यें उपमा एक सुन्दर अलंकार हो, यसका पनि प्रयोगका अनेक तरीका छन् । उपमा-अलंकार प्रयोग नगर्ने कवि कमै होलान् । कवि कालिदासको उपमाप्रयोग अत्यंत रोचक, अत्यन्त प्रभावकारी र हृदयस्पर्शी भएको अनुभव हुन्छ । उपमाप्रयोगमा कालिदास खपिस छन् भन्ने धेरै विद्वान्हरूको भनाइ छ, त्यसैले कालिदासका केही उपमाप्रयोग नमूनाको रूपमा चाखेर परिक्षण गरौं, जस्तै :

आश्रममृगोऽयं नहन्तव्यो नहन्तव्य :
नखलु नखलु बाण: सन्निपात्योऽयमस्मिन्,
मृदुनि मृगशरीरें तूलराशाविवाग्निः ।
क्व वत हरिणकानां जीवितञ्चातिलोलं
क्व च निशितनिपाता वजूसाराः शरास्ते ।।

भावार्थ—राजा दुष्यन्त शिकारका लागि कण्व ऋषिका आश्रममा आएर आश्रमद्वारा पालिएका मृग भनेर नजान्दै मृगउपर बाण प्रहार गर्न खोज्दा आश्रमवासीहरू भन्छन्, 'यो आश्रमको मृग हो, आश्रमको मृग हो, मार्न लायक छैन । मृगको कोमल शरीरमा बाण नहान्नुहोस्, जस्तो कपासको थुप्रोमा आगो फ्याँक्नु उचित छैन, त्यस्तै मृगको शरीरमा बाण हान्नु पनि उचित छैन । मृगको अत्यन्त चंचल जीवन कहाँ ? तिखारिएका वजूबराबरका तपाईंका बाणहरू कहाँ? यस कवितामा कपासको थुप्रोमा आगो फ्याँकेझैं मृगका शरीरमा बाण हान्नु कति सुन्दर उपमा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कालिदासको एउटा अर्को उपमाप्रयोग हेरौं, इन्दुमती स्वयंवरमा राजकुमारहरूको पंक्तिमा इन्दुमती फूलमाला लिएर हिंड्दा कस्तो दृश्य देखियो ? रघुवंशबाट एक कविता, जस्तै :

संचारिणी दीपशिखेव रात्रौ
यं यं व्यतीयाय पतिवरा सा ।
नरेन्द्रमार्गाट्ट इव प्रपेदे
विवर्णभावं स स भूमिपालः ।।

भावार्थ–इंदुमती हिंड्ने बत्तीको रूपमा छन् पंक्ति मिलेर स्वयंवरसभामा बसेका राजकुमारलाई इन्दुमतीले हेर्दै जाँदा अगाडि पर्नेहरू जति नजीक हुन्थे उति इन्दुमतीले माला लगाइदेलिन् भन्ने आशाले उज्याला (हँसिला) देखिन्थे । इन्दुमतीले नाघेर गई पछाडि पर्नेहरू आशा हराई झन् झन् मलिन देखिन्थे, त्यसैले अगाडि अगाडि उज्यालो पछाडि पछाडि अँधेरो पार्दै राजमार्गमा हिंड्ने रातको बत्ती (दीपशिखा) जस्तै इन्दुमती भइन् । कालिदासको यो उपमा अत्यन्त सुन्दर प्रतीत हुन्छ । यस उपमाकै आधारमा कालिदासलाई 'दीपशिखा कालिदास' भनेर अनेक विद्वान्हरूले उल्लेख गरेका छन् ।

रघुवंशमा दिलीपले वशिष्ठका गाई चराएर बेलुकी पख घर फर्काएर लैजाँदाको एक प्रसंगमा कति मनमोहक उपमा दिएका छन् हेरौं, जस्तै :

पुरस्कृता वर्त्मनि पार्थिवेन
प्रत्युद्गता पार्थिव धर्मपत्न्या ।
तदन्तरे सा विरराज धेनु-
र्दिनक्षपामध्यगतेव सन्ध्या ।।

भावार्थ–वशिष्ठको रातो वर्णको गाई अगाडि लगाइएको छ, पछि पछि महाराज दिलीप छन् । उता घरमा पूजा एवं स्वागत गर्न दिलीपकी पत्नी सुदक्षिणा तयार भएर बसेकी छन् । सुदक्षिणा र दिलीपका बीचमा रहेकी राती गाई दिन र रातका बीचकी सन्ध्या जस्तै देखिइन् । यहाँ सुदक्षिणा र दिलीपका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बीचमा रहेकी गाईलाई दिन र रातका बीचको सन्ध्यासँग दिइएको उपमा मनोहर देखिन्छ ।

कण्व ऋषिका आश्रममा शकुन्तलाको प्राकृतिक सौन्दर्य देखेर विदूषकका साथ राजा भन्छन् यसरी, जस्तै :

अनाघ्रातं पुष्पं किशलयमलूनं कररूहै–
रनाविद्धं रत्नं मधुनवमनास्वादितरसम् ।
अखण्डं पुण्यानां फलमिव च तद्रूपमनघं
न जाने भोक्तारं कमिह समुपस्थास्यति विधिः ।।

भावार्थ– नसुँघिएको फूल जस्ती, नङले नकाटिएको पालुवा जस्ती, नछेडिएको रत्न जस्ती, नचाखिएको रस जस्ती, नटुक्रिएको पुण्यको फल (पूर्ण) जस्ती, अनेक सौन्दर्यले सजिएकी यी सुन्दरी कसका लागि ब्रह्माले रचना गरेका हुन् म भन्न सक्तिनँ । यहाँ शकुन्तलाको अकृत्रिम सौन्दर्य फूल, पालुवा, रत्न, रस, पुण्य प्रभृतिसँग कति सुन्दर उपमा दिएर दाँजेका छन् । त्यसैले उपमा–अलङ्कारको सजावटमा कालिदास अत्यन्त सिपालु छन् अर्थात् 'उपमाकालिदा–सस्य' भन्ने भनाइ यथार्थका नजीक छ ।

रचनागत वैशिष्टच

कालिदासका रचनामा सामूहिक रूपले मूल्यांकन गर्दा खास गरी निम्न–लिखित विशेषताहरू पाउन सकिन्छ :

क. प्रसाद एवं माधुर्यगुणको प्रयोग
ख. भाव र पदको कोमलता
ग. उपमाको मौलिकता र अरू अलंकारको सजावट
घ. मानवीय भावनाको सूक्ष्म निरीक्षण
ङ. प्रकृतिको राम्रो चित्रण
च. स्वभावोक्तिका सफल प्रयोक्ता
छ. श्रव्यकाव्य र दृश्यकाव्य दुवैमा अत्यधिक सफल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ज. शृंगार, वीर र करुणरसका सफल प्रयोक्ता

झ. सौन्दर्यप्रेमी कवि र नारीहृदयमर्मज्ञ कवि

ञ. स्वाभाविक र हृदयस्पर्शी सूक्तिका प्रयोक्ता

यी विशेषतामध्ये केही विशेषताहरू कवि कालिदासकै कविताबाट निरीक्षण गर्ने प्रयास गरौं, जस्तै :

प्रकृतिचित्रण

प्रकृतिचित्रणमा कालिदास सिपालु छन्, उनका अधिकांश कवितामा कुनै न कुनै रूपमा, कलात्मक ढंगले प्रकृतिको छाप उत्रेको पाइन्छ,केही नमूना हेरौं:

त्वंचादातुं जलमवनते शार्ङ्गिणी वर्णचौरे,
तस्याः सिन्धोः कथमपि तनुं दूरभावात् प्रवाहम् ।
प्रेक्षिष्यन्ते गगनगतयो नूनमावर्ज्य दृष्टी–
रेकं युक्ता गणमिव भुवः स्थूल मध्येन्द्रनीलम् ।।

–मेघदूत, पूर्वमेघ

भावार्थ– विरही यक्ष मेघलाई भनिरहेछ, 'टाढा भएकाले जुन नदीको चौडा प्रवाह पातलो पूतीत हुन्छ, कृष्ण जस्तै कालो वर्ण भएका तिमी (मेघ) जब पानी पिउनका लागि झुक्नेछौ, तब आकाशमा घुम्ने देवगणले तलतिर हेर्दा यस्तो देख्नेछन् कि मानो पृथ्वीको गलामा मोतीको माला लगाइएको छ, जसको बीचमा एउटा ठूलो नीलम लगाइएको छ। यहाँ नदीलाई मोतीको माला र मेघलाई नीलमको रूपमा सुन्दर कल्पना छ ।

प्रकृतिचित्रण एवं स्वभावोक्तिको अर्को नमूना कति सुन्दर, अनि सरल बनेर रहेको छ, जस्तै :

नीवाराः शुककोटरार्भकमुखभ्रष्टास्तरूणामधः,
प्रस्निग्धा क्वचिदिंगुदीफलभिदः सूच्यन्त एवोपलाः ।
विश्वासोपगमादभिन्नगतयः शब्दं सहन्ते मृगा-
स्तोयाधारपथाश्च वल्कलशिखा निष्यन्द रेखांकिताः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ–पवित्र आश्रमको यथार्थ वर्णन कवि कालिदास यसरी गर्छन्, 'आश्रममा ऋषिहरूले रूख लगाएका छन्, तिनै रूखका आश्रयमा सुगामैनाका बचराहरू आराम गरिरहेछन् । सुगा धान ल्याएर आफ्ना बचराका मुखमा राखिदिंदै छ, केही दाना (नीवार धानका) तल खस्तै छन्, यहाँका ढुङ्गाहरू चिल्ला छन्, हुन सक्छ ऋषिहरूले यहाँ चिउरीका दाना फोरेका होलान्, मृगहरूले ऋषिहरूबाट यति विश्वास प्राप्त गरेका छन् कि मानिसको शब्द सुनेर पनि भाग्न कोशिश गर्दैनन् । तलाउ [पनेरा] बाट आउने बाटोमा बोक्रा कपडाबाट खसेको पानीले रेखांकित भइरहेको देखिन्छ । यस श्लोकमा प्राचीन ऋषिहरूका आश्रमको कति सुन्दर स्वाभाविक वर्णन छ ।

सौन्दर्यवर्णन

शकुन्तलाको अकृत्रिम सौन्दर्य हृदयस्पर्शी छ, कसरी ? कवि यसरी वर्णन गर्छन् :

सरसिजमनुविद्धं शैवलेनापि रम्यं
मलिनमपि हिमांशो लक्ष्म लक्ष्मीं तनोति ।
इयमधिक मनोज्ञा वल्कलेनापि तन्वी
किमिव हि मधुराणां मण्डनं नाकृतीनाम् ।।

भावार्थ–जस्तो सुकै लेउले ढाके पनि कमलको सौन्दर्य रमणीय नै हुन्छ, चन्द्रमाको कालो दाग (चिन्ह) ले पनि शोभा दिइरहेकै छ । त्यस्तै सुकुमार अंग भएकी शकुन्तला रूखका बोक्रा लगाएकी भए पनि अत्यन्त सुन्दरी देखिन्छिन् ठीक हो जसको सुन्दर आकृति छ, त्यसलाई जुनसुकै कुराले पनि गहनाको काम दिन्छ, जसको आकृति राम्रो छैन, त्यसलाई राम्रा गहनाले पनि शोभा दिंदैनन् ।

कुमारसंभव महाकाव्यमा पार्वतीका दुई हात (बाहु) को वर्णन कवि यसरी गर्छन् :

शिरीषपुष्पाधिक सौकुमार्यौ
बाहू तदीयाविति मे वितर्कः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पराजितेनापि कृतौ हरस्य,
यौ कण्ठपाशौ मकरध्वजेन ।।

भावार्थ–मेरो तर्क के छ भने पार्वतीका दुई बाहु शिरीषका फूलभन्दा पनि सुकुमार छन्, होइन भने कामदेव के आफ्ना पुष्पबाणले प्रहार गर्दा पनि शिवजीलाई वश गर्न नसकी हार खाएर शिवजीलाई वशमा लीन पार्वतीका यी बाहुको सहायता लिएका हुन् अर्थात् पार्वतीका दुई बाहुको अङ्कमाल पाएर शिवजी वशमा आए (कामदेवका) भन्ने आशय हो ।

सौन्दर्यका साथसाथै मानव-मनःस्थितिको सूक्ष्म विश्लषेण गर्न कालिदास कति खपिस छन् भन्ने कुरा तलको एक कवितावाट स्पष्ट थाहा पाउन सकिन्छ :

अङ्गेनाङ्गं प्रतनु तनुना गाढतप्तेन तप्तं
साश्रेणाश्रु द्रुतमविरतोत्कण्ठ मुत्कण्ठितेन ।
उष्णोच्छ्वासं समधिकतरोच्छ्वासिना दूरवर्ती,
संकल्पैस्तैर्विशति विधिना वैरिणा रूद्धमार्गः ।।

–मेघदूत, उत्तरमेघ

भावार्थ–यस कवितामा मेघमार्फत यक्ष आफ्नी पत्नीसमक्ष सन्देश पठाइ-रहेको छ । यद्यपि भाग्यले साँच्चै सहवास रोकिएको छ तैपनि ऊ आफ्ना मानसिक भावहरूद्वारा अर्थात् बारम्बार सम्झेर तिम्रो अत्यन्त दुब्लाएको (कृश) शरीरमा आफ्नो दुब्लाएको (कृश) अंगद्वारा प्रवेश गर्छ । भलै शारीरिक प्रत्यक्ष संयोग संभव छैन, मानसिक भेटघाट त कसले रोक्न सक्छ र । यस भावको अपेक्षा यस कवितामा कविले यक्षको शरीरलाई तनु (कृश) र यक्षपत्नीको शरीररलाई प्रतनु (अत्यन्त कृश) यक्षका साश्रु (आँसुसहित) यक्षिणीका आँखा आश्रुद्रुत (निरन्तर आँसु झरिरहने) यस्ता स्वाभाविक र ठाउँअनुसार उपयुक्त पदहरू कुँद्न खपिस कालिदास जति सौन्दर्यका पारखी छन्, त्यतिक सूक्ष्म निरीक्षणमा निपुण पनि ।

करुणरस

प्रत्येक रसको सफल प्रयोगमा कालिदास सफल छन्, अझ शृंगार-रसका त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केन्द्रै माने पनि हुन्छ । त्यस्तै करुण र वीर रसको प्रयोगमा पनि कवि कालिदास कम छैनन् । कविले करुण रस कसरी प्रयोग गरेका छन् भन्ने कुरा रघुवंशको अजविलाप र कुमारसंभवको रतिविलाप पढ़ेपछि थाहा हुन्छ । कविको कल्पना र करुणरसको प्रस्फुटन कसरी भएेको छ हेरौं, अजविकापका केही कविता। जस्तै :

कुसुमान्यपि गात्रसंगमात्
प्रभवन्त्यायुरपोहितं यदि ।
न भविष्यति हन्त साधनं
किमिवान्यत् प्रहरिष्यतो विधेः ।। ८.४४ ।।

भावार्थ– फूलको प्रहारबाट पत्नी इन्दुमतीको निधन भएपछि अज पत्नीको वियोगमा यसरी विलाप गर्छन्, जसको केही अंश यो हो, यदि कोमल फूल पनि बाण बनेर (शरीरलाई छुने वित्तिकै) कसैको जीवन नष्ट गर्न समर्थ हुन्छ भने मार्ने विधाताका लागि अरू चीज हतियारको काम नदिने कुन होला र! जेसुकैले पनि प्राण लिन सक्तछ, फूल नै बाण बन्छ भने अरू कठोर चीजको त के कुरा !'

अथवा मृदुवस्तु हिंसितुं
मृदुनैवारभते प्रजान्तकः ।
हिमसेकविपत्तिरत्र मे
नलिनी पूर्वनिदर्शनं मता ।। रघु० ८.४५ ।।

भावार्थ– अथवा कोमल वस्तुलाई मार्नका लागि यमराज कोमल वस्तुकै प्रयोग गर्छन् कि जस्तै सुकुमार कमलिनीलाई कोमल हिमका कणहरूबाट नै नाश गरिएको देखिन्छ ।

स्त्रगियं यदि जीवितापहा
हृदये किं निहिता न हन्ति माम् ।
विषमप्यमृतं क्वचिद् भवे-
दमृतं वा विषमीश्वरेच्छया ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ– यदि यो फूलको माला नै प्राण लिने साधन हो भने यो माला मैले हृदयमा लगाउँदा पनि मेरो प्राण किन लिदैन ? साँचो कुरा के भने भगवान्‌को इच्छाबाट नै कहीं विष अमृत हुन्छ, कहीं अमृत पनि विष हुन्छ, त्यसैले फूल पनि बाण सदृश भएर मेरी प्राणप्यारीको जीवनको अन्त गरिदियो ।

यसरी उदाहरण लिदै र हेर्दै जाने हो भने कालिदासका सबै कृतिहरू अगाडि राखे पनि हुन्छ । कालिदासका जीवनका सुख-दुःख, संयोग-वियोग, शिक्षा-शिक्षक, राजा-राज्य जस्ता अनेकन विषयमा आफ्ना सारगर्भित अभिव्यक्ति प्रकट गरिराखेका छन् । प्रेमको बारेमा त झन् के भन्नु ! प्रेमबारेको यो एउटा अभिव्यक्ति हेरौं, जस्तै :

स्नेहानाहु किमपि विरहे ध्वंसिनस्ते त्वभोगा–
दिष्टे वस्तु न्युपचित रसाः प्रेम राशी भवन्ति ।

–मेघदूत, उत्तरमेघ

भावार्थ– टाढा बन्दा घट्ने कुरा त टाढै रहोस् वियोगमा प्रेम (स्नेह) बढ़ेर जान्छ, कारण के भने वियोगमा स्नेह (रस) को आस्वादन हुँदैन, रस एकत्रित हुँदै जाँदा ठूलो राशि बन्छ, यसको विपरीत बरु संयोगमा वारंवार आस्वादन भइरहने हुँदा प्रेम कम कम भएको अनुभव हुन्छ ।

साँचो अर्थमा भन्नु हो भने कालिदास एउटा समाज, देश, समय र वर्गका मात्र कवि नभएर सबै समाज, समस्त विश्व र सबै युगका कवि हुन् । कालिदास शेक्सपियर, मिल्टन, शेली सबै हुन् । विश्वकविको रूपमा कालिदास संमानित छन् र उनका रचना विश्वका पाठकसमक्ष पुगी प्रशंसित पनि भइरहेछन् । जबसम्म संस्कृतसाहित्यको अस्तित्व रहन्छ तबसम्म कालिदास साहित्यप्रेमी सहृदयी पाठकका दिल-दिलमा विराजमान रहनेछन् भन्ने कुरामा कुनै सन्देह छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि भर्तृमेण्ठ

जुन प्रकार हात्ती माहुतेको अंकुशको पिटाइ खाएर शिर नहल्लाइरहन सक्तैन, त्यसरी नै भर्तृमेण्ठको वक्रोक्ति सुनेर कुनै पनि सहृदयी कवि आनन्दले मस्त भएर शिर नहल्लाइरहन सक्तैन ? 卐

—धनपाल

परिचय

कालिदासपछि वैदर्भीरीतिका प्रमुख कविका रूपमा गनिएका भर्तृमेण्ठ कुन देशका कवि हुन् भन्ने कुरा निश्चित रूपमा भन्न सकिंदैन । उनका आश्रयदाता काश्मीरी राजा मातृगुप्तको समय छैटौं शताब्दी भएकाले भर्तृमेण्ठको समय पनि त्यही भनेर किटान गर्न सकिन्छ । मेण्ठको अर्थ माहुते हो, शुरूमा माहुतेको काम गर्ने साधारण व्यक्तिको रूपमा रहे पनि कवित्व प्रतिभा उनमा भएकोले हयग्रीव महाकाव्यको रचना गर्न सके । उनका अरू रचनाको उल्लेख पाइँदैन ।

कल्हणका अनुसार भर्तृमेण्ठले हयग्रीव महाकाव्य लिएर गुणग्राही कुनै दाताको खोज गर्न काश्मीर पुगे । काश्मीरका राजा मातृगुप्तलाई आफ्नो महाकाव्य सुनाए । काव्य सुनाइसक्ता पनि मातृगुप्तले राम्रो न राम्रो केही बोलेनन्, केही गरेनन्, यो देखेर कविलाई रिस उठेछ । उनी आफ्नो काव्यको आदर नभएको सम्झेर काव्य ब्यागमा बाँध्न के लागेका थिए मातृगुप्तले हतार हतार त्यसमुनि सुनको थाली राखिदिए र भने "यो काव्यको रस भुईंमा खस्न नपाओस् खसि हाले पनि थालीमा नै खसोस्" यो सुनेर र देखेर भर्तृमेण्ठ खुशी भए साथै राजा द्वारा संमानित पनि भए । पहिले वाल्मीकि कवि भए, त्यसपछि तिनै कवि भर्तृमे

卐 वक्त्रोक्त्या मेण्ठराजस्य वहन्त्या सृणिरूपताम् ।
आविद्धा इव धुन्वन्ति मूर्धानं कविकुञ्जराः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

को रूपमा आए कवि भर्तृमेण्ठ भवभूति हुँदै हाल राजशेखरको रूपमा तिनै कवि अवतरित छन्, भन्ने राजशेखरको भनाइ बालरामायण भन्ने राजशेखरकै कृतिमा पांइनाले त्यस बेला भर्तृमेण्ठको समाजमा ठूलो प्रतिष्ठा रहेछ भन्ने जानकारी हुन्छ। प्रतिभाशाली कवि एवं आलोचक राजशेखरले उल्लेख गरेको उपर्युक्त भनाइबाट भर्तृमेण्ठको सम्मानित व्यक्तित्व प्रकट हुन्छ।

रचना र विशेषता

उनको एउटै कृति हयग्रीव-वध महाकाव्य हो। यो महाकाव्य पनि पूरा उपलब्ध हुंनसकेको छैन। केही अंशहरू कवि, आलोचकहरूले उद्धृत गरेका पाइनाले त्यसैबाट कविको शिल्प, प्रतिभा र विद्वत्तासँग परिचित हुन सकिन्छ। मम्मटले हयग्रीववध महाकाव्यलाई साहित्यिक दृष्टिले दोष प्रकरणमा पारेका छन्। यसरी पार्नुमा मुख्य पात्र भगवान् विष्णुलाई कम महत्त्व दिएर काम वर्णन गर्नु अनि गौण पात्र अर्थात् प्रतिनायक हयग्रीवलाई विशेष महत्त्व दिएर चरित्र र भावविस्तार गरिएवाट काव्यमा दोष छ भनिएको छ। जे होस् हयग्रीववध उच्च कोटिको ग्रन्थ हो भन्ने कुरामा कुनै सन्देह छैन।

क्षेमेन्द्रले हयग्रीव महाकाव्यको पहिलो श्लोक यसलाई मानेका छन्, जस्तै :

आसीद्दैत्योः हयग्रीव सुहृद्वेश्मसु यस्यताः।
प्रथयन्ति बलं बाह्वोः सितच्छत्रस्थिता श्रियः॥

भावार्थ– हयग्रीव नामक राक्षस (दैत्य) थियो। मित्रहरूको घरमा रहने, सेतो छाता समान मुस्कुराएर जसका दुई बाहुले ऐश्वर्य-बल प्रकास गरिरहेछन्।

हयग्रीव कति शक्तिशाली थियो भन्ने कुरा तलको कवितामा कवि यसरी अभिव्यक्ति दिन्छन् :

यं प्रेक्ष्य चिररूढापि निवास प्रीतिरुज्झिता
मदेनैरावत मुखे मानेन हृदये हरेः।

भावार्थ– प्रतापी हयग्रीव दानवलाई देखेर ऐरावत हात्तीको गण्डस्थलमा धेरै समयदेखि रहँदै आएको मदले त्यहाँ रहने प्रेम छोडिदियो (सुकिदियो)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हयग्रीवको डरले गर्दा अहंकार अथवा मानले पनि इन्द्रलाई छोडेर भाग्यो। हयग्रीवको डरले न ऐरावतमा मद रह्यो न इन्द्रमा मान रह्यो, दुवै हयग्रीवमा आए भन्ने यसको आशय हो ।

हयग्रीवले स्वर्ग पनि आफ्नो वशमा लियो भन्ने कुरा देखाउन कवि यी शब्द प्रयोग गर्छन्, हयग्रीवका सैनिकहरूले नन्दनवनमा सुशोभित कल्पवृक्षका मञ्जरीहरू,जो इन्द्राणीको केशपास-संरचनामा काम लाग्थे,लाई पनि छुन पुगे

कवि भर्तृमेण्ठले कति राम्ररी त्यसवेलाका धनी वर्गको चित्रण गरेका छन् जो आजका धनी वर्गमा पनि स्वाभाविक मानिन आउँछ । धनीको स्वभाव र आचरणबारे कवि भन्छन् :

मधु च विकसितोत्पलावतंसं
शशिकरपल्लवितं च हर्म्यपृष्ठम् ।
मदनजनितविभ्रमा च रामाः
फलमिदमर्थवतां बिभूतयोऽन्याः ।

भावार्थ– धनीका लागि खूब रक्सी खानु, चन्द्रमाका किरणले सुशोभित घरका शिखरमा रहनु, विलासका लागि उपयुक्त स्त्रीहरू राख्नु, सुन्दर अग्लो महलमा मदिराले मस्त भएर काम चेष्टा गर्नु, धनको फल यही हो, अरू आदि धनीका लागि खालि विभूति हुन्, अर्थहीन ।

संसारका अनेक कविले नारीको परिभाषा अनेकन प्रकारले दिएका छन् कवि भर्तृमेण्ठको यो परिभाषा पनि उत्तिकै घतलाग्दो देखिन्छ, हेरौं :

जनमजितामपिच्छता विजेतुं
निशित दशार्धशरं धनुर्विमोच्य ।
अतिरभसं तयोद्यता स्मरेण
ध्रुवमसियष्टिरिहांगनाभिधाना ।।

भावार्थ– कामदेवले सबै मानिसलाई जित्नका लागि आफ्ना तीखा तीखा पाँच बाण छोडे तर सम्पूर्ण मानिसलाई वशमा लिन सकेनन्, कामदेव आफ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

अङ्गीमा अचल थिए, कामदेवले यसो सम्झे कि साधारण मेरा पाँच बाणले काम दिएनन् अब म यस्तो तरवार उठाउँछु जो निस्फल हुँदै हुँदैन भनी तरवार उठाए त्यो तरवार हो नारी । संसारमा संसारलाई वशमा लिन युवतीबाहेक अरू मोहक वस्तु नै के छ ? कति सुन्दर परिभाषा कविले दिएका छन् ।

यसरी कवि आफ्नो शिल्पलाई भाव र कल्पनाका आधारमा प्रतिष्ठित गराउन सक्षम भएकाले नै कविको प्रशंसा जतातत्तै भएको पाइन्छ, प्रसिद्ध नीतिश्लोक पनि कवि भर्तृमेण्ठको भनिन्छ, जस्तै :

विपदि धैर्यमथाभ्युदये क्षमा
सदसि वाक्पटुता युधि विक्रमः ।
यशसि चाभिरुचिर्व्यसनं श्रुतौ
प्रकृतिसिद्धमिदं हि महात्मनाम् ।।

भावार्थ– विपत्तिमा धैर्य, उदयमा क्षमा, सभामा वाक्पटुता, लडाइँमा पराक्रम, कीर्ति राख्नमा अभिरुचि, शास्त्रमा आसक्ति यी कुरा महात्मामा स्वभावतः रहन्छन् ।

यसरी कवि भर्तृमेण्ठको साहित्यिक व्यक्तित्व प्रकाशपूर्ण रूपमा अमर रहेको अनुभव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार शूद्रक

राजा शूद्रकले आफ्नो चम्कने खड्गका धारले बार-बार जितिएको यो संसार उनका स्वच्छ, सारगर्भित बाणीले पनि जितिएको छ, स्थिर भएको छ। 卐

—दण्डी

परिचय

लक्ष्मी र सरस्वती दुवैले सत्कार गरिएका प्रतिभा संसारमा कमै छन्। बुद्धि, बल, शक्ति र ऐश्वर्य सबैले युक्त प्रतिभा राजा शूद्रक हुन् । राजाको हैसियतले प्रजापालनको जिम्मेवारी पूरा गरेर पनि वाणीको आराधनामा पनि समय दिने शूद्रक संस्कृत-साहित्यका अमर प्रतिभाभित्र पर्दछन् । राजा शूद्रकको प्रसिद्ध कृति 'मृच्छकटिक' प्रकरण (नाटक) हो जसमा लेखिएको छ :

ऋग्वेदं सामवेदं गणितमथ कलां वैशिकीं हस्तिशिक्षां
ज्ञात्वा शर्वप्रसादात् व्यपगत तिमिरे चक्षुषी चोपलभ्य ।
राजानं वीक्ष्य पुत्रं परम समुदये नाश्वमेधेन चेष्ट्वा,
लब्धा चायुः शताब्दं दिनदशसहितं शूद्रकोऽग्निप्रविष्टः ।।

भावार्थ— राजा शूद्रक ऋग्वेद, सामवेद, गणित शास्त्र, वैशिकी कला, नृत्य गायन इत्यादि र हस्तिशास्त्रमा पनि प्रवीण थिए, भगवान् शिवको अनुग्रहबाट उनलाई ज्ञान प्राप्त भएको थियो, उनले बडो ठाँटबाँटसँग अश्वमेधयज्ञ गरेका थिए, उनले आफ्नो छोरालाई राज्यसिंहासनमा राखेर एक सय वर्ष र दश दिनको आयु पूरा गरेर अन्त्यमा अग्निमा प्रवेश गरे । यस भनाइबाट राजा शूद्रकको परिचय पाइन्छ भने उनको चरित्र बारेमा लेखिएको छ :

卐 शूद्रकेनासकृज्जित्वा स्वच्छया खड्गधारया ।
जगद्भूयोऽप्यवष्टब्धं वाचा स्वचरितार्थया ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

समरव्यसनो प्रमादशून्य
ककुदं वेदविदां तपोधनश्च ।
परवारण बाहुयुद्धलुब्धः
क्षितिपालः किल शूद्रको बभूव ।।

भावार्थ– राजा शूद्रक लडाइँमा प्रेम गर्दथे, प्रमादरहित थिए, तपस्वी एवं वेद जान्नेहरूमा सर्वश्रेष्ठ थिए, राजा शूद्रक ठूला ठूला हात्तीसँग बाहुयुद्ध गर्न मन पराउँदथे । यसरी राजा शूद्रकको चरित्रबारे केही जानकारी पाइन्छ ।

शूद्रकबारे अनेक अडकल

राजा शूद्रकबारेमा अनेक ग्रन्थमा अनेक विद्वान्ले आफ्ना आफ्ना विचार प्रकट गरेका छन् । कथासरित्सागरमा उल्लेख भएअनुसार शोभावती नगरीमा, कादम्बरीअनुसार विदिशा नगरीमा, वेताल पञ्चविंशतिअनुसार वर्धमान नगरमा शूद्रकले राज्य गरेका थिए भन्ने देखिन्छ । कथा सरित्सागरमा उल्लेख भएअनुसार राजा शूद्रकको आयु सकिएको देखेर एक ब्राह्मणले राजा शूद्रकको दीर्घायु कामना गर्दै आफ्नो प्राणत्याग गरेका थिए । स्कन्धपुराणका अनुसार राजा शूद्रकको राज्यकाल विक्रमादित्यभन्दा सत्ताइस वर्षपहिले थियो । कालिदासका पूर्ववर्ती रामिल र सोमिल भन्ने कविहरूले राजा शूद्रकको, शूद्रककथा पुस्तक लेखेका थिए । यसबाट राजा शूद्रकको राज्यकाल कालिदासभन्दा पूर्व मानिन्छ तापनि कतिपय विद्वान्हरूले विभिन्न प्रमाणका आधारमा चारौं वा पाँचौं शताब्दीमा मृच्छकटिक लेखिएको हो भन्ने कुरा सिद्ध गरेका छन् । नाटककार भासको दरिद्र चारुदत्त नाटक र मृच्छकटिकमा उल्लिखित कथावस्तु मिल्दोजुल्दो भए पनि कथानक मृच्छकटिकमा विस्तृत रूपले वर्णित छ । कसैले भासको अनुकरणमा 'मृच्छकटिक' रचिएको हो भन्दै 'लिम्पतीव तमोऽङ्गानि वर्षतीवाञ्जनं नभः' भन्ने श्लोक दोहोरिएको प्रमाण पेश गरेका छन् भने डाक्टर पिसेलले दण्डीको काव्यादर्शमा यही श्लोक पाइनाले 'मृच्छकटिक, दण्डीको कृति हो भन्ने तर्क दिएका छन् । तर आजसम्मका अनेक अनुसन्धान' विचार-विमर्श र खोजतलासले मृच्छकटिक शूद्रककै कृति हो भन्ने प्रमाणित भइसकेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शूद्रकको समय

पुराणमा पाइने आन्ध्रभृत्यकुलमा प्रथम राजा शिमुक नै राजा शूद्रक हुन् भन्ने कतिपय विद्वान्ले विक्रमको प्रथम शताब्दी मानेका छन् । यस आधारमा कालिदासकै समकालीन वा पूर्ववर्ती शूद्रक मानिन्छन् । मृच्छकटिकलाई यति प्राचीन स्वीकार गर्न धेरै विद्वान्ले आपत्ति प्रकट गरेकाले पाँचौं शताब्दी शूद्रकको समय पनि मानिन्छ । पाँचौं शताब्दी शूद्रकको समय मान्न खास प्रमाणहरू हुन्:

१. वामनाचार्यले आफ्नो काव्यालङ्कारसूत्रवृत्तिमा शूद्रकरचित प्रबन्धको उल्लेख गरेका छन् । साथै 'द्यूतं हि नाम पुरुषस्य अहिंसासनं राज्यम्' भन्ने वाक्य मृच्छकटिकबाट उद्धृत गरेकाले आठौं शताब्दीभन्दा पहिले नै मृच्छकटिक रचिएको हो ।

२. दण्डी (सातौं शताब्दीका कवि) ले काव्यदर्शमा मृच्छकटिकको 'लिम्प-तीव तमोङ्गानि' भन्ने पद्य अलङ्कारनिरूपणका सन्दर्भमा उद्धृत गरेका छन् जस-बाट सातौं शताब्दीभन्दा पहिले नै मृच्छकटिक रचिएको हो ।

३. मृच्छकटिकको नवौं अङ्कमा वसन्तसेनाको हत्या गर्नाका लागि शकार आर्य चारुदत्तमा अभियोग लाग्छ,जसका लागि सजाय मनुस्मृतिअनुसार दिइन्छ। यसबाट मनुस्मृतिपछि मृच्छकटिक रचिएको हो भन्ने थाहा हुन्छ । मनुस्मृतिको रचनाकाल विक्रमसंवत्पूर्व द्वितीय शतक मानिन्छ ।

४. मृच्छकटिकका नवौं अङ्कमा बृहस्पतिका शत्रुको रूपमा मङ्गललाई मानिएको छ । वराहमिहरले यी दुई ग्रहलाई मित्रमित्र मानेका छन् । मित्र मित्रकै रूपमा आज पनि स्वीकार गरिन्छ तर वराहमिहरभन्दा पहिलेका केही विद्वान्हरूले यी दुई ग्रहलाई शत्रु शत्रु मानेका छन् । त्यसकारण वराहमि-हर (५८९ ई. मृत्युकाल) भन्दा पहिले शूद्रकको निर्धारण हुन आउँदा ठीक चारौं वा पाँचौं शताब्दी शूद्रकको समय मानिन आउँछ ।

मृच्छकटिक

नाटककार शूद्रकको मृच्छकटिक संस्कृत-साहित्यमा एक बहुमूल्य कृति मानिन्छ । यसमा १० अङ्क छन् । ... कल्पित वा कुनै सामाजिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विषयवस्तुमा आधारित कथानक भएकाले यसलाई 'प्रकरण' भनिन्छ । यसमा धीर प्रशान्त ब्राह्मण नायक छन् । 'मृच्छकटिक' को अर्थ माटोको गाडा अर्थात् चारुदत्तको छोराको खेलौना हो । यसैका आधारमा मृच्छकटिक नामकरण भएको छ, जसमा छोरालाई प्रसन्न गराउनका निमित्त वसन्त सेनाले आफ्ना गहना फुकालेर हालेकी थिइन् । यसरी नामकरण भएको नयाँ र कलात्मक प्रतीत हुन्छ ।

राजनैतिक, सामाजिक, चारित्रिक जस्ता विविध विषयको विश्लेषण कुशलतापूर्वक गरिएको पाइनाले शूद्रक कुशल नाटककार मानिन्छन् । जतिसुकै कष्टको सामना गर्नुपरे पनि सज्जनहरू सत्य त्याग्दैनन्, सदाचारमा रहन्छन् भन्ने कुरा मृच्छकटिकमा देखाइएको छ । यसभित्र देखाइएका वा औंल्याइएका विषयहरूमा राजका सालाको बदमाशी,सज्जनहरूमा दोषारोपण,सत्यको विजय, उभयायत्त शासन, मनुस्मृतिअनुसारको विधान, केही धमिलिएको वर्णाश्रम-धर्म, गरीब भए पनि गुणी छ भने प्रेमलायक बन्छ, त्यस्तै व्यक्तिमाथि वेश्याको प्रेम-व्यापारको प्रबन्ध, नियमित क्रिया, आचारनिष्ठा इत्यादिको पनि विवरण यहाँ पाइन्छ ।

यस नाटकभित्र प्राकृत भाषाका शाखा-प्रशाखा (अनेक भाषा) बोल्ने–पात्रहरू छन् । वसन्त सेना, धूता र केटीहरू शौरसेनी प्राकृत बोल्छन्, त्यस्तै वीरक र चन्दनक आवन्ती बोल्छन् भने संवाहक र जोकरहरू मागधी बोल्छन्, त्यस्तै चाण्डाल चाहिं चाण्डाली बोल्छ । यसरी विभिन्न भाषाको प्रयोग गर्दै सच्चा मित्रले आपदमा साथ दिन्छन् भन्ने आशय प्रकट भएको पाइन्छ । शार्विलकका चरित्रमा सौजन्य र दुर्जनता दुवैको मिश्रण पाइन्छ । यसरी अनेक दृष्टिले प्रस्तुत नाटक उच्चकोटिको प्रतीत हुन्छ ।

केही कविता

साहित्यकार समाजको इतिहासकार हो । आफू बाँचेको समयको यथार्थ चित्र साहित्यकारले आफ्ना रचनाका माध्यमबाट उतारेको हुन्छ । एउटा प्रजापालक राजाले प्रजाको न्यायपूर्ण पालन मात्र गरेन, तत्कालीन वस्तुस्थिति र सामाजिक अवस्थाको स्वरूप मृच्छकटिक नाटकमा उतारिदियो । यही नै सबभन्दा ठूलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कुरा हो । यसभित्रका नाटकीय तत्त्वहरूको मूल्यांकन यति लामो समयका विद्वान्आलोचकहरूले गर्दै आएका छन्, यो नाटक चर्चित र परिचर्चित हुँदै आजसम्म उतिकै प्रभावकारी पारखीहरूका दृष्टिमा रहनुबाट के कुरा स्पष्ट हुन्छ भने यो नाटक कम महत्त्वको छैन ।

के समाज, के राजनीति, के नाटकीयता र के कवित्व कला, सबै दृष्टिबाट नाटक आस्वाद लायक छ । यो नाटक पूर्वीय नाटकीय मान्यताअनुसार 'प्रकरण' मानिन्छ । यसका कथानकका दुई भाग छन्, पहिलो भागमा चारुदत्त र वसन्तसेना बीचको प्रेम कथा अनि दोस्रो भागमा आर्यकको राज्यप्राप्ति । नाटककार शूद्रक चरित्रचित्रणमा कति सिद्धहस्त छन् भन्ने कुरा तलको कविताबाट पनि मूल्यांकन गर्न सकिन्छ– विटद्वारा नाटकका नायक चारुदत्तको कति हृदयग्राही वर्णन गरेका छन्, जस्तै–

दीनानां कल्पवृक्षः स्वगुण फलनतः सज्जनानां कुटुम्बी,
आदर्शः शिक्षितानां सुचरित निकष शीलवेलासमुद्रः ।
सत्कर्ता नावमन्वा पुरुष गुणनिधि दक्षिणोदार सत्वो
ह्येकः श्लाघ्यः सजीवत्यधिक गुणतया चोच्छ्वसन्तीवचान्ये ।-१।४८

भावार्थ– ब्राह्मण चारुदत्त गरीबहरूका लागि कल्पवृक्ष हुन् । उनमा आत्माभिमानको मात्रा पर्याप्त छ । सज्जनहरूका पक्षमा सधैं रहन्छन् शिक्षितहरूका आदर्श, असल चरित्रका कसी, सबैको स्वागत, सत्कार गर्ने, कहिल्यै पनि अर्कालाई तिरस्कार नगर्ने, तुच्छ नसम्झने, उदार हृदय भएका, गुणका पारखी, उनी अत्यन्त प्रशंसनीय छन्, धेरै गौरवमय गुणले बाँच्तछन्, बाँचिरहेछन्, अरु त केवल सास फेर्छन् जस्तो अनुभव हुन्छ उनलाई हेर्दा ।

मृच्छकटिकको प्रमुख रस शृङ्गार हो, यसमा पर्याप्त कवित्व प्रतिभा छ, नाटककारकै शब्दमा वर्षावर्णन, जस्तैः

मेघो जलार्द्र महिषोदर भृङ्गनीलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आभाति संहत बलाक गृहीत शंखः
खे केशवोऽवर इवाक्रमितुं प्रवृत्तः ।।५।२।।

भावार्थ– धर्म भनेपछि मरिमेट्ने चारुदत्त यस श्लोकमा आकाशमा मेघ लागेको देखेर वामन अवतार भएको कल्पना गर्छन् भिजेको भैंसीको भुँडी तथा भमरा जस्तै नीलो त्यसमा बिजुलीको चमक आइरहेको छ, जो पहेंलो पछ्यौरा प्रतीत हुन्छ । बकुल्लाका ताँती मेघका नजीक उडिरहेछन्, त्यो शंख जस्तै छ; आकाशमा यस्तो मेघलाई देखेर अनुभव हुन्छ, भगवान् विष्णु आकाशमण्डलमा आक्रमण गर्न तमतयार छन् ।

अर्को एक ठाउँ उपमा र उत्प्रेक्षाको संगम कति राम्ररी प्रदर्शित छ हेरौं, जस्तै :

गतानाशं तारा उपकृतमसाधाविव जने,
वियुक्ताः कान्तेन स्त्रिय इव न राजन्ति ककुभः ।
प्रकामात्तं स्तप्तं त्रिदशपति शस्त्रस्य शिखिना,
द्रवीभूतं मन्ये पतित जल रूपेण गगनम् ।

भावार्थ– जसरी दुर्जनसँगको प्रेम नाश हुन्छ त्यसरी नै आकाशमा सबै तारा हराएका छन् । प्रियतमसंग वियुक्त स्त्रीहरू झैं दिशाहरू सुशोभित छैनन् । इन्द्रको वज्रले भित्रभित्रै तताएर पगालेर, झोल झोल बनेर पानीको रूप लिंदै मानो आकाश नै खसेको हो कि भन्ने भान परिरहेछ ।

तत्कालीन राजसभाको बैठक र समुद्रको साम्य नाटककार यसरी तुलना गर्दै यसरी देखाउँछन् :

चिन्तासक्त निमग्न मन्त्रिसलिलं दूतोर्मि शंखाकुलः
पर्यन्त स्थितचार नाक्तमकरं नागाश्व हिंस्राश्रयम् ।
नाना वाशक कङ्कपक्षिरुचिरं कायस्थ सर्पास्पद
नीति क्षुण्ण तटश्च राजकरणं हिंस्रै समुद्रायते । ९।१४

भावार्थ– सभा (बैठक) एउटा समुद्र हो जहाँ चिन्तामग्न मन्त्रीगण पानी हो, दूतहरू लहर वा शङ्ख हुन (एक देशबाट अर्को देश चहार्ने भएकाले) समुद्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चारैतिरको वारपारको घेरा पृहरी वा सैनिक हुन् । समुद्रमा हिंसक प्राणीहरू रहन्छन् जस्तो कि सभामा पनि त्यस्तै हिंसक व्यक्ति रहन सक्छन् । काइतेहरू विषालु सर्प हुन् नीतिबाट यसको तट (तीर) उखाडिन लागेको छ, राजवैभव यसरी समुद्रसँग तुलना हुन्छ ।

नाटककार शूद्रकको चन्द्रोदयको यो वर्णन आत्मसात् गर्दै उनको कवित्व-शक्तिको मूल्यांन गर्न अझ मद्दत मिल्नेछ, जस्तै :

उदयति हि शशाङ्कः कामिनी गण्डपाण्डु–
ग्रंहगण परिवारो राजमार्गप्रदीप: ।
तिमिर निकरमध्ये रश्मयो यस्य गौरा:
स्रुत जल इव पङ्के दुग्धधारा पतन्ति ।

भावार्थ– कामिनीका गण्डस्थलको सुकिलो वन झै तारागण (आफ्न परिवार) का साथ राजमार्गका बत्ती झैं चन्द्रमाको उदय भइरहेको छ । चन्द्रमाको सफा किरण जब अन्धकारका अगाडि खस्तछ, पानी चुहेर सकिएको हिलामा दूधको धारा बहेझैं अन्धकारमा चन्द्रमामा किरण खसिरहेको अनुभव हुन्छ

यसरी नाटककार शूद्रक अनेक दृष्टिबाट महत्त्वपूर्ण मानिन्छन् । पूर्वीय नाटकीय मान्यताअनुरूप सामाजिक समसामयिक घटना र विषय अँगाल्ने नाटककार निकै कम छन् त्यसमा पनि कवित्व कला, नाटकीयता, शिल्प-विधान र भावभूमिको संरचनाका दृष्टिले मृच्छकटिक रोचक छ त्यसैले नाटककार शूद्रक प्राचीन भएर पनि आधुनिक छन्, पुराना भएर पनि नयाँ छन् अनि चिनिन गाह्रो भएर पनि बुझिनेछन् भन्नु स्वाभाविक मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि भारवि

भारविका कविता नरिवलका दाना हुन्, जो हातले सजिलै फोर्न सकिँदैन तर खाँदा स्वादिला छन् । 卐

—मल्लिनाथ

परिचय

संस्कृत-साहित्यमा महाकवि भारविको स्थान महत्त्वपूर्ण छ । उनले लेखेको एउटै मात्र महाकाव्य 'किरातार्जुनीयम्' ले संस्कृत्-जगत्मा हलचल मचाइदियो । अझ पनि उक्त महाकाव्यको उत्तिकै प्रतिष्ठा छ । 'भारवि' शब्दको अर्थ हो रवेः भाः भारविः अर्थात् सूर्यको कान्ति (प्रतिभा) समान प्रकाश (ज्ञान) कविमा भएकाले कविको नाम भारवि राखिएको हो भन्ने उल्लेख पाइन्छ ।

भारतीय विद्वान्हरूले भारविको कुन समय र कुन ठाउँमा जन्म भयो भनेर खोज-खबर गर्दा पनि निश्चित रूपले भन्न नसकी अनुमान र सामान्य प्रमाणका आधारमा भारविलाई दक्षिण-भारतका (दाक्षिणात्य) प्रमाणित गर्ने प्रयास गरेको पाइन्छ । एहोल शिलालेखमा भारविको नाम उल्लेख भएकाले यो अनुमान पनि संभव भएको हो । एहोल शिलालेख वि. सं. ६९० को हो जसमा भनिएको छ :

> येनायोजि न वेश्म स्थिरमर्थ विधौ विवेकिना जिनवेश्म ।
> स विजयतां रवि कीर्तिः कविताश्रित कालिदास भारविकीर्तिः ।

यस शिलालेखमा रविकीर्तिले भारविका बारेमा केही नभनी उनका कृति-हरूको गरिमाबारेमा मात्र छोटो उल्लेख पाइनाले यही ठाउँ वा आसपास भारवि-को जन्मस्थल हो भनेर किटान गर्न सकिँदैन । यस शिलालेखका आधारमा के

卐 नारिकेलफल सम्मितं वचो भारवेः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भन्न सकिन्छ भने यो शिलालेख स्थापना गरिने समयमा भारविका कृतिले यस ठाउँमा राम्रै प्रभाव पारिसकेका थिए । उक्त शिलालेखमा कालिदास र भारविको उल्लेख भएर पनि त्यसपछिका बाण कविद्वारा रचित हर्षचरितको प्रारम्भमा भास, कालिदास प्रभृति आठ कविहरूको उल्लेख गर्दा पनि भारविको नाम देखिदैन । यसको तात्पर्य बाणका दृष्टिमा भारवि परेका थिएनन् होइन भने बाणले भारवि जस्तो प्रतिभाशाली महाकविको नाउँ त्यस सन्दर्भमा छुटाउन सक्तैनथे भन्ने कुरा स्पष्ट भन्न सकिन्छ । यस आधारबाट के कुरा प्रष्ट हुन्छ भने आजसम्मको गवेषणाबाट भारवि निश्चित भारतीय हुन् भन्ने प्रमाण फेला परेको छैन।

भारवि नेपाली हुन्

महाकवि भारवि नेपाली हुन् भन्ने विषयमा केही विद्वान्हरूले आफ्ना तर्क र प्रमाणहरू दिंदै सहमति जनाइसकेको पाइन्छ । 卐 अझै यस विषयमा तर्क-वितर्क चल्न सक्छ तापनि महाकाव्य (उनको कृति) मा उल्लेख भएका विषय-वस्तु, ऐतिहासिक प्राप्त प्रमाणहरू र सान्दर्भिक सामग्रीका आधारमा भारवि नेपाली महाकवि हुन् भनेर सिद्ध गर्न सकिन्छ । ती आधारहरू हुन् :

१. हाँडीगाउँ (काठमाडौं) को प्रसिद्ध डबलीमा फेला परेको विक्रमसंवत् ४७२ को शिलालेख संस्कृतभाषाको सुन्दर पद्यमा अङ्कित छ, जुन पद्य हो :

१. संवत् : श्रीमान् प्रभुश्च न च लोकविरुद्धकारी
रूपान्वितश्च न च रूपमदंविभर्ति
२. ४७२ सम्पन्न पौरुष बलश्च बहु समश्च
दाता च नाम न च दान विकत्थनश्च

卐 श्री केशर बहादुर के. सी., श्री योगी नरहरिनाथ, श्री नयराज पन्त प्रभृतिबाट भारवि नेपाली हुन् भन्नेबारे आफ्नो आफ्नो मन्तव्य प्रकट भइसकेको पाइन्छ। लेखक (घटराज भट्टराई) को यसबारे लेख मधुपर्क वर्ष ८ अङ्क ७ पढे अरु स्पष्ट हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. फाल्गुण
४. शुक्लादि तेनैवभादि गुणराशि समन्वितेन
(व) श्रीमानदेव नृपतिर्दुहितुस्सुतेन
५. १२ सुस्वादु शीतल विशुद्ध जलाभिरामा
कीर्तिकृतेयमिह भारविना न (वीना)

भावार्थ–ऐश्वर्यशाली र शक्तिशाली भएर पनि लोकको विरुद्ध काम नगर्ने राम्रो भएर पनि राम्रो छु भनेर घमण्ड नलिने, पुरुषार्थी भएर पनि धेरै सहन सक्ने, दानी भएर पनि (आफ्नो) दानको प्रशंसा नगर्ने इत्यादि थुप्रै गुण भएका राजा श्री मानदेवका छोरीका छोरा भारविले स्वादिलो, चिसो सफा पानी आउने यो कीर्ति (धारा) बनाउनुभयो ।

२. साहित्यकार समाजको वास्तविक इतिहासकार हो । भारवि लिच्छवि–कालीन कवि भएकाले त्यस कालभन्दा केही पहिलेको किरातकालीन रहन-सहन, वातावरणलाई पनि केही न केही रूपमा अँगाल्दै लिच्छविकालीन शासन-प्रणालीका केही आदर्शहरू उनको महाकाव्यमा समावेश भएको पाइन्छ ।

३. लिच्छविकालमा नेपालको राष्ट्रभाषा संस्कृत थियो, राष्ट्रभाषामा यस किसिमको प्रौढ र प्रतिभाशाली कविको उदय असंभव थिएन । १ नम्बरमा उल्लेख भए अनुसार प्रसिद्ध आदर्श राजा मानदेवका नाति भएकाले उनको काव्य-प्रतिभा चाँडै भारतवर्षसम्म फैलन जानुमा केही आश्चर्य छैन ।

४. महाकाव्य 'किराताजुनीयम्' मा अर्जुनले पाशुपतास्त्र पाउनु, किरातहरू-सँग लडाइँ गर्नु, शिवको उपसना गर्नु र पाण्डवहरू विराट् राजाकहाँ विराट्-नगरमा गुप्तवास बस्नु जस्ता अनेक घटना र विषय नेपालसँग सम्बन्धित भएकाले भावभूमि, विषय र समसामयिक स्थिति मिल्दो-जुल्दो देखा पर्छ ।

५. इन्द्रकील पर्वतमा अर्जुनले तपस्या गरेको उल्लेख छ, त्यस किसिमको इन्द्रकील पर्वत भारतवर्षमा कहीं फेला नपरेको र शस्त्रास्त्रका लागि अर्जुनले अनुकूल आराध्य देवको तपस्या गर्नु स्वाभाविक थियो । शस्त्रास्त्रविद्-एकलव्य-द्वारा गौरीघाटमाथि सिद्धाचलका इन्द्रकीलमा किराती जातिका इष्टदेवका रूपमा स्थापित पशुपतिकै प्रतीक किरातेश्वर शिवको तपस्या गरी अर्जुनले पाशुपतास्त्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाए । यिनै किरातेश्वर र अर्जुनको संयुक्त नामबाट महाकवि भारविले आफ्नो महाकाव्यको नाम 'कीरातार्जुनीयम्' राख्नु स्वाभाविक देखिन्छ ।

६. पशुपति सूर्यघाटको विजयावती अभिलेख वि. सं. ४२७ मा उल्लेख भएअनुसार मानदेवकी छोरी विजयवती (एकमात्र) जसको विवाह वार्त देवलाभसँग भएको थियो, उनैका छोरा भारवि भन्ने पुष्टि वि. सं. ४७२ को हाँडीगाउँको भारविकै अभिलेखबाट भएकोले भारविको समय पनि यसै ताका अर्थात् पाँचौं शताब्दीको हो भन्ने स्पष्ट हुन्छ ।

७. पाँचौं शताब्दीका नेपाली महाकवि भारविद्वारा रचित किरातार्जुनीय महाकाव्य भारतवर्षका संस्कृतहरूमा पनि प्रभावकारी बन्दै जाँदा राम्रो प्रभाव पार्न र परिचय पाउन चानचुन २०० वर्ष लाग्नु स्वाभाविक देखिदैन । किनभने एहोलको शिलालेख वि. सं. ६९० मा भारविको नाम अंकित हुनु कविसंगको परिचय र सामीप्यले होइन, कवितागत गरिमा र महिमाले हो भन्न सकिन्छ ।

यसरी महाकवि भारविलाई नेपाली महाकविको रूपमा निःसन्देह उभ्याउन सकिन्छ ।

किंवदन्ती

भारविका बारेमा भारतीय विद्वान्हरूले एक किंवदन्ती पनि परंपरागत रूपमा सुनाउँदै आएका छन् । जस्तै यिनका पिता प्रतिदिन भारविलाई गाली गर्दथे, भारवि प्रतिभाशाली थिए र उनको प्रतिभा जतातै चम्किरहेको थियो तर पिताबाट उनलाई प्रोत्साहनको बदला तिरस्कार प्राप्त हुन्थ्यो । यस्तो देखेर पितालाई मार्ने रिस उठेर त्यस्तो योजना पनि तयार गरेका थिए । तर भारविले छोराको उन्नति उत्तरोत्तर हुँदै जाओस् भन्ने उद्देश्यबाट नै अपूर्णताको संकेतका लागि मात्र तिरस्कार गरिएको हो भन्ने थाहा पाएपछि पश्चात्ताप अनुभव गरे । पितालाई मार्न कसैले उद्योग गरेमा त्यसको प्रायश्चित के हुन्छ ? भन्ने भारविको प्रश्नमा लाजधीन पचाएर १२ वर्ष ससुरालमा बस्नुपर्छ, त्यही नै प्रायश्चित हो भन्ने पिताको आज्ञाअनुसार भारवि ससुराल गएर रहन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लागे केही दिनका लागि ससुराली स्वर्ग भए पनि बिस्तारै ससुरालीको महत्त्व कम भयो,व्यावहारिक झन्झंट आउन लागे । तैपनि विद्वान् भारविलाई कुनै फरक परेन सुख र दुःख आउँछन्,जान्छन् त्यसमा केही छैन भन्ने बुझेकै थिए । दिन-प्रतिदिन गरीबी पनले सताइरहेको थियो,तैपनि फुर्सदमा कविता लेख्ने काम भा-रवि गर्दथे । एक दिन श्रीमतीले कुनै कार्यवश पैसा माग्दा भारविले१श्लोक दिए, त्यो श्लोक बेचेर पैसा आउँछ, त्यसबाट काम चलाउनू भनेर । त्यो श्लोक होः

सहसा विदधीत न क्रिया–
मविवेकः परमापदां पदम्
वृणुते हि विमृष्यकारिणं
गुणलुब्धा स्वयमेव सम्पदः ।।

यो श्लोक बजारमा बेच्न कसैले किनेन आखिर धनी र श्लोकको मर्म बुझ्ने एक व्यक्तिले किन्यो,उसले यो श्लोक ऐनामा राखेर ढोकामाथि झुण्ड्याई वि–देशतिर कामविशेषले लाग्यो । केही वर्षपछि फर्कदा उसले झ्यालबाट आफ्नी पत्नी कुनै परपुरुषसँग सुतिराखेकी देख्यो । यो देखेर पत्नीलाई काट्न भनी रिस-को आवेगमा खुकुरी लिएर के अगाडि बढेथ्यो, ढोकामाथि झुण्ड्याइएको ऐनामा ठक्कर खाँदा उसले देख्यो'सहसा विदधीत नक्रियां'कुनै पनि काम आवेशमा आएर गरिनहाल्नू भन्ने देखेपछि भित्र गएर आफ्नै छोरो आमाका साथ रहेको देखेर त्यसलाई त्यो श्लोकको महिमा बोध भयो । श्लोकको महत्त्व बुझेर भारविलाई झिकाई सम्मानित गऱ्यो । यो किंवदन्ती सत्यहोस् वा नहोस् भारवि नीति–मूलक कवि हुन् । उनका यथार्थ अभिव्यक्ति राजनीतिका आधारमा समाज र व्यवहारसापेक्ष भएर प्रवाहित भएका छन् भन्न सकिन्छ ।

महाकाव्यको कथावस्तु

सुयोधनले प्रजाको मनलाई सुव्यवस्थाद्वारा खिचेर राज्यमा सुख-शान्तिको वातावरण कायम गरेको वर्णन गरी गुप्तचर हिंडेपछि पतिहरूको र आफ्नो पहिलेको सुख र वनवासको दुःखको सम्झना गरी द्रौपदी युधिष्ठिरलाई दुर्योधनसँग लडाइँ गर्न प्रेरित गर्छिन् । भीमसेन द्रौपदीको सल्लाहलाई समर्थन गर्दै युधिष्ठिर-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

देखि झर्किएर रहन्छन् । युधिष्ठिर शत्रुसँग लडाइँ गर्ने समय भएको छैन, केही काल धैर्य लिनुपर्छ भन्दै सम्झाउँछन् । त्यसै बेला व्यास आइपुग्छन्, व्यासले युधिष्ठिरलाई शत्रुसँग लडाइँ गर्नु त राम्रो हो तर उसको शक्तिको अगाडि तिमी हरूको केही चल्दैन, तसर्थ इन्द्रकीलमा गएर तपस्या गरी शस्त्रास्त्रको शिक्षा लिन अर्जुनलाई सल्लाह दिन्छन् । यक्षले बाटो देखाएअनुसार अर्जुन इन्द्रकील卐पर्वत-तिर लाग्छन् । बाटोमा शरद् ऋतुको शोभा, हिमाली दृश्यले खिच्ता सोही विषय-को वर्णन सुन्दर छ । यक्ष घरतिर लागेपछि अर्जुन इन्द्रकीलमा कठोर तपस्या गर्न लाग्छन् । त्यहाँका रक्षकहरूले अर्जुनको तपस्याबारे इन्द्रकहाँ खबर पुऱ्याएपछि अर्जुनको धैर्यको परीक्षा लिन अप्सरा र यक्षहरू इन्द्रले पठाउँछन् । यक्ष र अप्सरा आगमनको वर्णन, जलक्रीडाको वर्णन, सूर्यास्त र चन्द्रोदयको वर्णन गर्दै अप्सरा-हरू अर्जुनका नजीक गएर छ ओटै ऋतु फैलाए पनि अर्जुन आफ्नो मनलाई विच-लित पार्दैनन् । असफल भएर अप्सरा तथा यक्षहरू फर्कन्छन् । मुनिको भेष लिएर इन्द्र आउँछन् र युवावस्था त्यसमा पनि क्षत्रीयले तपस्या गर्नु उचित छैन भनेर सम्झाउँछन् । यस भनाइलाई अर्जुन युक्तियुक्त जवाफ दिन्छन् इन्द्र प्रसन्न भएर शिवको तपस्या गर्ने सल्लाह दिन्छन् । यहाँसम्मको कथावस्तु कविको कल्पना मा आधारित छ भने यसपछिको कथावस्तु महाभारतमा आधारित छ । अर्जुनले शिवको तपस्या गरेको वर्णन, सिद्ध र मुनिहरू भएर अर्जुनको तपस्या शिवलाई सुनाउँछन् । यसैबीच अर्जुनलाई मार्न मूक राक्षस आउँछ, यसबाट अर्जुनलाई बचाउन शिव किरातको रूपमा शिकारका निहुँले अर्जुननजीक जान्छन् । किरा-तका जंगली भेषको वर्णन, अर्जुन र बनेलको बीच लडाइँ, बनेललाई अर्जुन र किरातराज एकैचोटि बाण छोड्छन् । बनेल मर्छ । अर्जुन बाण झिक्न जाँदा आफ्ना मालिकका बाणले मरेको भनी किरातराजका अनुचर (किरात) हरू भन्छन् । यसै निहुँबाट अर्जुन र किरातका बीच लडाइँ हुन्छ, लडाइँको वर्णन, अर्जुनको ठूलो पराक्रम देखेर किरातराज आफ्नो सच्चा रूप देखाउँछन् । त्यहीं इन्द्रादि देव आइपुग्छन्, शिवले त्यहीं अर्जुनलाई पाशुपतास्त्र दिन्छन् । धनुर्वेदको

卐 गौरीघाट माथिको सिद्धाचललाई नै इन्द्रकील मानिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपदेश पनि दिन्छन् । त्यसपछि अर्जुन फर्केर युधिष्ठिरलाई भेटेपछि महाकाव्य टुङ्गिन्छ ।

किरातार्जुनीयका वैशिष्ट्य

१. अर्थगौरव : भारविको पहिलो विशेषता के हो भने कुनै पनि पद्यमा परिश्रमपूर्वक गहिरो र हृदयस्पर्शी भाव कुँदेका छन् । त्यसलाई राम्ररी बुझ्न र केलाउन सक्यो भने साँच्चै अर्थगौरवसँग परिचित हुन सकिन्छ । अर्थगौरव भारविको विशेषता हो भन्ने कुरा मर्मज्ञ विद्वान्हरूले स्वीकार गरेका छन् । भारविकै शब्दमा पनि अर्थगौरवको संकेत यसरी व्यक्त भएको देखिन्छ ।

स्फुटता न पदैरवाकृता न च न स्वीकृतमर्थगौरवम् ।
रचिता पृथगर्थता गिरां न च सामर्थ्यमपोहितं क्वचित् ।

–सर्ग २।२७

भावार्थ–भीमले युधिष्ठिरलाई लडाइँका लागि तयार हुन अनेक प्रकारले भनेपछि सम्झाउँदै युधिष्ठिर भीमलाई भन्छन्, यहाँ भीमको भनाइलाई प्रशंसा गरिएको छ 'बाबु तिम्रो भनाइमा सुप्तिङन्तादि पदहरूले अर्थको सरलतामा केही बाधा गरेका छैनन् अर्थगौरव छैन कि, होइन छ, फेरि अवान्तर वाक्यहरूको पनि भिन्नभिन्नै अर्थ गरिएको छ, न ता कुराको सिलसिला नै कतै छोडिएको छ ।'

२. सूक्तिमयता––भारविका सूक्तिहरू व्यवहारोपयोगी र उपदेशपरक छन् । 'वरं विरोधोऽपि समं महात्मभिः' मूर्खसँग मेल गर्नुभन्दा सज्जनसँग विरोध हुनु पनि बरु राम्रो हो । 'न वञ्चनीया प्रभवोऽनुजीविभिः' नोकरहरूले मालिकको कुभलो कहिल्यै चिताउनु हुँदैन । 'हितं मनोहारी च दुर्लभं वचः' हित पनि हुने, राम्रो पनि लाग्ने वचन दुर्लभ हुन्छ । एकताभन्दा गुणले गहनतातिर लैजान्छन्, प्रत्यक्ष परिचयभन्दा गुणद्वारा परिचय भएको राम्रो हो इत्यादि थुप्रै सूक्तिहरूले काव्यको उत्कर्षता र कविको वैशिष्ट्य औंल्याइरहेको अनुभव हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. आतपत्र भारवि– कसै-कसैले भारविलाई आतपत्र भारवि भनेर नाममा उपनाम थपिदिएका छन् । आतपत्र उपनाम पाउनमा तत्सम्बन्धी अत्यन्त घतलाग्दो अभिव्यक्ति भएकोले आतपत्र भारवि भनिएको हो, जस्तैः

उत्फुल्लस्थलनलिनी वनादमुस्मा-
दुद्भूतः सरसिज सम्भवः परागः ।
वात्याभिर्वियति विवर्तितः समन्ता-
दाधत्ते कनकमयातपत्र लक्ष्मीम् । ५।३९

भावार्थ– वातसमूहले यो देखिइरहेको स्थल कमल फुलेको वनबाट उडाएको कमल-पराग गएर आकाशमा मण्डलाकार (भुमरी) भएको छ र सुवर्णमय छाताको शोभा पाइरहेको छ । कमलको परागको एक किसिमको भुमरीलाई सुनको छाता बनेको कल्पना घतलाग्दो भएबाट आतपत्र भारवि भनिएको हुन सक्छ ।

४. चित्रकाव्य– चित्रकाव्य, एकाक्षरी पद्य, आलंकारिक चमत्कार, राजनीतिविषयक गहन चिन्तन, वंशस्थ छन्दको उपयुक्त प्रयोग प्रभृति भारविका अनेक काव्यात्मक विशेषता छन् ।

केही कविता

दुर्योधनको शासन चित्तबुझ्दो छ भन्ने सुनेपछि आफ्ना पति युधिष्ठिरलाई सम्झाउँदै, लड़ाइँ गर्न प्रेरित गर्दै द्रौपदी यसरी सम्झाउँछिन् । कहिलेकाहीँ रिस उठ्नुपर्छ, रिस उठेन भने सबैले हेप्छन्, जस्तै :

अवन्ध्य कोपस्य विहन्तुरापदां
भवन्ति वश्याः स्वयमेव देहिनः ।
अमर्षशून्येन जनस्य जन्तुना
न जात हार्दं न विद्विषादरः ।।

भावार्थ– जुन मानिसको रिस व्यर्थ हुँदैन, त्यही व्यक्ति आपत्तिबाट पार पाउन सक्छ । ... जुन मानिस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रिसशून्य छ त्यस्तालाई मित्रहरूबाट पनि आदर हुँदैन, शत्रुहरूलाई पनि उसको डर हुँदैन, त्यस्ता रिसहीन व्यक्तिको कुनै पनि मूल्य हुँदैन। त्यस्तै अर्को उक्ति हेरौं :

व्रजन्ति ते मूढधियः पराभवं
भवन्ति मायाविषु ये न मायिनः।
प्रविश्य हि घ्नन्ति शठास्तथाविधा
नसंवृताङ्गान्निशिता इवेषवः॥

भावार्थ– यस्ता मूर्खहरूले हार खानुपर्छ, जो मूर्खका साथ मूर्ख व्यवहार गर्दैनन्, जस्ताका साथ तस्तै व्यवहार गर्नुपर्छ, होइन भने जसरी कवच कपडा आदि नलगाइएको शरीरलाई तीखा बाणले बाँकी राख्तैन, त्यसै गरी जस्तालाई तस्तै व्यवहार नगर्नेलाई पनि दुष्टहरूले बाँकी राख्तैनन्। यो अभिव्यक्ति कति उपयोगी र सशक्त छ। राजनीतिसँग पनि त्यतिकै मेल खान्छ।

भारविको एकाक्षरी पद्य एउटै अक्षरबाट सार्थक अभिव्यक्ति, जस्तै–

न नोननुन्नो नुन्नोनो नाना नाना नना ननु।
नुन्नोऽनुन्नो ननुन्नेनो नानेना नुन्न नुन्न नुत्।

भावार्थ– अनेक प्रकारका मुख भएका निकृष्ट व्यक्तिहरूद्वारा पीड़ित पुरुष पुरुष होइन, मालिक आविद्ध छ भने विद्ध पुरुष पनि आविद्ध नै हो। अतिशय पीडित व्यक्तिलाई पीडा दिने व्यक्ति निर्दोष हुँदैन।

यसरी भारविको काव्यात्मक प्रतिभा अत्यन्त उच्चकोटिको छ। भारवि एक पक्षमा मात्र आबद्ध छैनन्। राजनीति, शिल्प, व्यवहार नीति प्रभृति अनेक विषयमा पोख्त भएकाले भारवि सूर्यको प्रकाश जस्तै संस्कृत-साहित्यका आकाशमा देदीप्यमान छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि भट्टि

यो महाकाव्य (रावणवध वा भट्टिकाव्य) व्याकरण जान्नेहरूका लागि बत्ती हो, जसले अरू-अरू संसारलाई समेत प्रकाशपूर्ण बनाइदिन्छ। जसरी हातमा ऐना लिए पनि अन्धो मानिस आफ्नो अनुहार हेर्न सक्तैन त्यसरी व्याकरणको राम्रो ज्ञान नभएका मानिसहरूका लागि यस ग्रन्थले कुनै प्रकाश र फाइदा दिन सक्तैन 卐। –महाकवि भट्टि

परिचय

महाकाव्यकारको संस्कृत-साहित्यमा कमी नभए पनि यस किसिमको व्याकरणप्रधान महाकाव्यकारमा भट्टिको नाम नै सर्वोपरि छ। प्राचीन आलोचकहरूले भट्टिकाव्य जस्तो शास्त्रकाव्यलाई पनि उत्कृष्ट स्थानमा राखेका छन्। महाकवि भट्टि केवल व्याकरणका विद्वान् नभएर साहित्यका पनि विद्वान् थिए भन्ने कुरा उनको महाकाव्य अध्ययन गर्दा जानकारी हुन्छ। भर्तृहरि र भट्टि एउटै कवि हुन् भन्ने कतिपय विचार पाइए पनि भर्तृहरि छुट्टै कवि हुन् भन्ने कुरा प्रमाणित भइसकेको छ।

भट्टिको समय निश्चित रूपमा किटान गर्ने आधार अरू केही पाइँदैन तर पनि महाकवि भट्टिकै काव्यमा उल्लिखित यो पद्य जस्तै :

काव्यमिदं विहितं मया वलभ्यां
श्रीधरसेन नरेन्द्र पालितायाम्
कीर्तिरतो भवतान्नृपस्य तस्य
क्षेमकरः क्षितिपो यतः प्रजानाम्।

卐 दीप तुल्यः प्रबन्धोऽयं शब्दलक्षण चक्षुषाम्
हस्तादर्श इवान्धानां भवेद्व्याकरणादृते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसबाट श्रीधरसेनको राज्यकाल नै महाकवि भट्टिको समय हो भन्ने जानकारी हुन्छ। वलभी नगरी गुजरातको प्राचीन राजधानी हो। त्यहाँका श्रीधरसेनको समय सातौं शताब्दीको पूर्वार्ध (समय) भएकाले भट्टिको समय पनि त्यही हो भन्ने अनुमान सजिलै गर्न सकिन्छ।

रचना

भट्टिकाव्य वा रावणवध एकमात्र महाकाव्य अहिलेसम्म पाइएको कृति हो। यस महाकाव्यमा २० सर्ग छन् र जम्मा ३६२४ श्लोकहरू छन्। भगवान् रामचन्द्रको पावन गाथा कथावस्तुको रूपमा रहेको यो महाकाव्य व्याकरणप्रधान छ। यस काव्यको अध्ययन गर्दा एकातिर रसानुभूति, साहित्यिक आनन्द एवं मनोरञ्जन प्राप्त हुन्छ भने अर्कोतिर व्याकरणको ज्ञान राम्ररी आर्जन गर्न सकिन्छ। पतञ्जलि, भट्टभौम (काश्मीरी) ले पनि यस्तै काव्यका माध्यमबाट व्याकरणको विशेष ज्ञान दिलाउने प्रयत्न गरेको पाइए पनि यस कलामा यो काव्य अद्वितीय प्रतीत हुन्छ।

केही कविता

महाकाव्यभित्र पाइने प्रकृतिवर्णन, कल्पनाशक्ति, व्याकरणको प्रयोग, भावभूमि र काव्यात्मकता ठाउँ ठाउँ आकर्षक देखिन्छ। कविको प्रतिभा र काव्यका विशेषतासँग परिचित हुन केही श्लोकहरू हेरौं :

सूर्योदय वर्णन

दुरुत्तरे पङ्क इवान्धकारे
मग्नं जगत् सन्तत रश्मिरज्जुः।
प्रनष्ट मूर्ति प्रविभागमुद्यन्
प्रत्युज्जहारेव ततो विवस्वान्॥

भावार्थ– यो सम्पूर्ण संसार गहिरो अन्धकाररूपी हिलोमा भासिएको छ, जसबाट स्थावर तथा जंगम प्राणीहरूको शरीर कति पनि देखिदैन। उदयाचलमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

देखा परेका सूर्यले यस्तो देखेर आफ्ना किरणरूपी डोरी छोडेर अन्धकाररूपी हिलोबाट संपूर्ण प्राणीहरूलाई माथि तानी राखेका छन् कि जस्तो भान हुन्छ।

चन्द्रास्त-वर्णन

लङ्काका युवतीहरूको सौन्दर्य देखेर लाजले चन्द्रमा अस्ताउन लागे, कसरी? कविकै शब्दमा यसरी :

क्व ते कटाक्षाः क्व विलासवन्ती
प्रोक्तानि वा तानि ममेति मत्वा ।
लङ्काङ्गनामवबोधकाले
तुलामनासह्य गतोऽस्तमिन्दुः ।।

भावार्थ– लंकाका युवतीहरूमा कटाक्षवीक्षण, मधुर वचन र विलास सबै छन्, चन्द्रमामा कटाक्षवीक्षण, विलास, मधुर वचन केही पनि छैन, केवल सौन्दर्य छ। लङ्काका सुतेका युवती जागा भएपछि उनीहरूसँग मेरो तुलना हुन सक्तैन अर्थात् उनीहरूका दृष्टिमा म फीका बन्छु भनेर उनीहरू नउठ्तै सबेर हुनासाथ चन्द्रमा हतार हतार अस्ताए। कति राम्रो कल्पना छ।

शरद् ऋतु-वर्णन

न तज्जलं यन्न सुचारु पङ्कजं
न पङ्कजं तद् यदलीन षट्पदम् ।
न षट्पदोऽसौ न जुगुञ्ज यः कलं
न गुञ्जितं तन्न जहार यन्मनः ।।

भावार्थ– शरद् ऋतुमा यस्तो कुनै सरोवर छैन, जहाँ सुन्दर कमल नफुलेको होस्। यस्तो कुनै कमल छैन, जहाँ भमरा नघुमेको होस्। यस्तो कुनै भमरा छैन, जुन नभुनभुनाएको होस्, यस्तो कुनै भुनभुनाहट छैन, जसले मानिसको हृदयलाई नखिचोस्। प्रसिद्ध आलोचक मम्मटाचार्यले उनको प्रसिद्ध कृति काव्यप्रकाशमा यस श्लोकलाई एकावलीको अति राम्रो उदाहरण मानेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्धि

रामोऽपि सीता हरणेन तप्तो
वयं हतैर्बन्धुभिरात्मतुल्यैः ।
तप्तस्य तप्तेन यथायसो नः
सन्धि परेणास्तु विमुञ्च सीताम् ।

भावार्थ– 'राम पनि आफ्नी प्राणप्यारी सीताको हरणले तातेका छन्, हामी आफूबराबरका आफन्त (बन्धुहरू) मारिएकाले तातेका छौं । तातेका तातेका–का बीच सन्धि हुन सक्छ । जसरी तातेको फलामका बीचमा सन्धि हुन्छ (जोडिन्छ) त्यस्तै हामी दुवै पक्ष तातेकाले सन्धि हुन सम्भव छ । सन्धि गरेर सीतालाई छोडिदिउँ ।' कति मीठो र स्वाभाविक अभिव्यक्ति हुन्छ ।

उपमा

उपमाको प्रयोगमा कालिदास मात्र होइन भट्टि पनि खपिस छन्, उनको हृदयस्पर्शी एक उपमा, जस्तै :

हिरण्मयी साल लतेव जङ्गमा
च्युता दिवः स्थास्नुरिवाचिर प्रभा ।
शशाङ्क कान्ते रवि देवताकृतिः
सुताददेतस्य सुताय मैथिली ।

भावार्थ– जनक राजाले रामचन्द्रलाई जानकी दिए, जानकी कस्ती छन् ? जानकी मानो सुनकी लता छन्, अथवा आकाशबाट खसेकी स्थिर रहने बिजुली हुन् । लहरा कहिल्यै चल्दैन जानकी चल्ने लहरा हुन्, बिजुली अस्थिर हुन्छ तर सीता सधैं स्थिर रहने बिजुली हुन् । स्थिर बिजुली र चल्ने लतासँग जानकी-लाई दाँजिएको कति राम्रो उपमा छ ।

शब्दावली

शब्द-शब्द कुँदेर व्याकरणको चामत्कारिक प्रयोग देखाउने भट्टिको पूरै काव्य, कल्पना र [illegible] पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अलंकृत र सुसज्जित छ। केही श्लोकहरू नमूनाको रूपमा हेरौं, हनुमानले लङ्का जलाएपछि त्यहाँको अवस्था कस्तो थियो ? त्यसै प्रसंगका केही श्लोकहरू,जस्तै :

सरसां सरसां परिमुच्य तनं
पततां पततां ककुभो बहुशः।
सकलैः सकलैः परितः करुणै–
रुदितैरुदितैरिव खं निचितम् ।

भावार्थ–आगाको ज्वालाबाट व्याकुल भएर पक्षीहरू तलाउको सरस शरीरलाई छोडेर चारै दिशामा उडिराखेका छन् । उनीहरूको मनोहर करुणा पैदा गर्ने रुवाइको आवाजले आकाश व्याप्त भइरहेको छ । यसमा सामान्य वर्णन भए पनि शब्दावली कति आकर्षक र उपयुक्त रूपले राखिएको छ, यसबाट कविको शाब्दिक चमत्कारसँग परिचय लिन सकिन्छ ।

अवसितं हसितं प्रसितं मुदा,
विलसितं ह्सितं स्मरभासितम् ।
न समदाः प्रमदा हत संमदा,
पुरहितं विहितं न समीहितम् ।

भावार्थ–जो हाँस-खेलको प्रसंग हुन्थ्यो, त्यो रोकिएको छ, कामदेवबाट उद्दीपित श्रृंगार, विलास एकाएक ठप भएको छ । डरले युवतीहरूको घमण्ड (दर्प) चूर चूर भई उनीहरूमा फुरेको आनन्द हराएको छ, पहिले पहिले नगर र समाजहितका लागि गरिने कार्य चकित भएर यस बेला स्थगित छ र लङ्काको आगलागीका सन्दर्भमा त्यहाँका नारीहरूको अवस्था पनि मनोहर शब्दावलीमा वर्णित छ ।

न गजा न गजा दयिता दयिता
विगतं विगतं ललितं ललितम् ।
प्रमदा प्रमदाऽमहता महता
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal
मरणं मरणं समयात् समयात् ॥

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ–आगाका लपेटाले खाएको लङ्का शहरको अवस्था कस्तो शोचनीय भएको छ ! पर्वतमा उत्पन्न हुने प्यारा हात्तीको सुरक्षा कसैले गर्न सकेको छैन। यी विशालकाय हात्ती यता-उता आगामा जिउँदै सल्किरहछेन्। पक्षीहरूको आपसी खेलवाड नाश भएको छ। प्यासा वस्तु पनि पीडित देखिन्छन्। स्त्री-हरूको मद नष्ट भएर उनीहरू आउँ रोगले पीडित भइरहेछन्। ठूला-ठूला योद्धा वीर युद्धमा लडेर आफ्नो प्राण छोड्दथे तर अहिले विना युद्ध नै आगलागीमा परेर आत्म-त्याग गरिरहेछन्। लङ्काको आगलागीको दयनीय अवस्था सजीव रूपमा, मनोहर शब्दावलीमा कविले वर्णन गरेका छन्। करुणरस प्रवाहित भएको देखिन्छ।

यसरी भट्टि काव्यका केही पंक्तिहरू मात्र अध्ययन गर्दा पनि महाकवि भट्टि सफल महाकाव्यकार मात्र सफल होइनन् व्याकरणकार अनि शब्द-शब्द चुनेर जड्ने कुशल कलाकारको रूपमा पनि युग-युग बाँचो रहनेछन् भन्ने कुरामा शङ्का छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि मयूर भट्ट

त्यस वेलासम्म संसारका अरू कविरूपी पक्षीहरूको स्वर सुन्ने इच्छा हुन्छ जुन वेलासम्म (कवि) मयूरको मधुर ध्वनि कानमा पर्दैन। अर्थात् मयूरका मधुर कविता सुनेपछि अरू सबै कविता नीरस प्रतीत हुन्छन्।卐 –त्रिलोच

पृष्ठभूमि, जन्म र समय

संस्कृत-साहित्यको इतिहासमा मयूरको उल्लेख बारंबार भएको पाइन्छ। मयूर कविलाई प्रसिद्ध आलोचकहरूले मुक्त कण्ठले प्रशंसा गरेका छन्। ऐतिहासिक अनुसन्धानको क्रममा मयूर कविको अस्तित्व खोज गर्ने हो भने बाणका समकालीन मयूर कवि, 'पदचन्द्रिका' पुस्तकका लेखक मयूर, १३ रौं शताब्दीका मयूरपाद, सिंहलद्वीपका लेखक, मयूरपन्त (मोरोपन्त) अठारौं शताब्दीका मराठी लेखक, नवौं शताब्दीका राजकुमार मयूर, टीकाकार मयूर भट्ट, विश्ववर्मन् राजाका मन्त्री मयूर राक्षस, कल्पकारिकासारका लेखक मयूरवाह, मयूरध्वज राजा, मयूरवाचस्पति (वाचस्पति मिश्र भनिन्छ), चन्द्रगुप्तका पिता मयूर पोषक प्रभृति थुप्रै मयूरहरूको उल्लेख हुँदा कुन चाहिं मयूरकविता संस्कृत-साहित्यका आलोचकहरूले प्रशंसा गरेका हुन् भन्ने कुरा खुट्टयाउन कठिनाइ पर्दछ।

ऐतिहासिक अनुसन्धानका आधारमा प्रशंसित मयूर भट्टको खोज गर्दै जाँदा सातौं शताब्दीका वाणका समकालीन मयूरलाई नै प्रसिद्ध मयूर कविका रूपमा लिन सकिन्छ। यसका लागि प्रमाणित आधारमा नवौं शताब्दीका राजशेखरले

卐तावत् कवि विहङ्गानां ध्वनिर्लोकेषु श्रूयते।
यावन्नो विशति श्रोत्रे मयूर-मधुर-ध्वनिः॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
मयूर कविको प्रशंसा गरेको पाइनाले त्यसभन्दा अगाडिकै मयूरमध्येबाट मयूर कविको चयन गर्नुपर्ने देखिन आउँछ । त्यस्तै नवौं शताब्दीकै आनन्द वर्धनाचार्यले मयूरकृत सूर्यशतकको एक श्लोक ध्वन्यालोकमा उदाहरण दिएकाले कवि मयूरको समय त्यसभन्दा पछि होइन भन्ने प्रमाणित हुन्छ । जैन ग्रन्थहरूमा बाण र मयूरलाई समकालीन मानिएका अनेक प्रसंगहरू पाइनाले प्रशंसित कवि मयूर निश्चय पनि सातौं शताब्दीकै हुन् भन्न सकिन्छ ।

आलोचकका दृष्टिमा कवि मयूर

१. 'कवितारूपी कामिनी कुन पुरुषका लागि प्रिय हुन्नन् । जुन कामिनीमा केशपास चोर (विह्लण) कवि छन्, मयूर कवि जसका कानका भूषण छन्, भास जसका हाँसोका रूपमा छन्,कविकुलगुरु कालिदास जसका विलास(लावण्य) का रूपमा शोभा दिन्छन्, हर्ष जसका हृदयमा रहने प्रसन्नता छन् र बाण जसका कामदेवको रूपमा छन् ।' 卐 —जयदेव

२. 'मयूर कविका कविता सुनेपछि कविहरूको अहंकार चूर्ण चूर्ण बन्दछ, जसरी सर्पमारणमन्त्र सुनेपछि सर्पको अहंकार चूर्ण हुन्छ । ★ —राजशेखर

३. 'कविहरूमा श्रेष्ठ भट्ट बाणलाई जय-जयकार छ, उनको सहायताले प्रत्येक कविलाई परास्त गर्न सकिन्छ, मयूरका सहायताले कवितासम्बन्धी गहन विषयमा प्रवेश गर्न सकिन्छ, सुबन्धुका सहायताबाट शब्द सरस बन्छन् र सबै सहृदयी हुन्छन् ।' ● —वामन भट्ट

卐 यस्याश्चोरश्चिकुर निकरः कर्णपूरो मयूरो
भासो हास कविकुलगुरुः कलिदासो विलासः ।
हर्षो हर्षो हृदयवसतिः यस्य बाणश्च बाण
केषान्नै सा कथय कविता कामिनी कौतुकाय ।।

★ दर्पं कवि भुजंगानां गता श्रवण गोचरम्
विष विद्यैव मायूरी मायूरी वाङ्‌ निकृन्तति ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस्ता अनेक प्रशंसा पाइनाले आफ्नो समयमा मयूर कविको राम्रो प्रतिष्ठा थियो भन्ने कुरामा शङ्का रहँदैन ।

किंवदन्ती

१. मयूरलाई कुष्ठ रोग भएको थियो, त्यसलाई हटाउन उनले 'सूर्यशतक' लेखेका थिए । यो कथा जैन ग्रन्थ र काव्य-प्रकाशको टीकामा पनि उल्लेख भए- को छ, कथा यस प्रकार छ :

मयूर कवि अर्का कुनै कविका घरमा एक रात गएका थिए, आफ्नी रिसा- एकी पत्नीलाई फकाउँदै पत्नीको मानभङ्ग कविताकै माध्यमबाट त्यस घरका कवि गर्दै थिए । तीन पाउ कविले भनेपछि एक पाउ सोच्तै थिए, मयूर कविले चारौं पाउ झट्टै पूरा गरिदिए । मयूर कविको उपस्थिति देखेपछि पति-पत्नीका बीचको रस-रङ्ग भङ्ग भयो । कविपत्नी पतिव्रता थिइन् उनले मयूरलाई सराप दिइन्, 'अर्काका पति-पत्नीको खेलबाड़ भएठाउँमा आएर हाम्रो रसभङ्ग गरि- दियौ, तिमीलाई कुष्ठरोग हुनेछ ।' सराप लागेर मयूर कवि कुष्ठरोगबाट आ- क्रमित बने । त्यसबाट मुक्ति पाउन मयूर कविले 'सूर्यशतक' लेखे ।

२. सूर्यशतकका टीकाकार मधुसूदनले के लेखेका छन् भने मयूर राजा हर्षका सभामा सभापण्डित थिए उनले आफ्नै छोरीको सौन्दर्य (यौवन) वर्णन गर्दै 'मयूराष्टक' लेखे । आठ श्लोकमा वर्णित 'मयूराष्टक' मा कामासक्त भए अत्यन्त आकृष्ट हुँदै लेखेको कविता देखेपछि बाबु भएर छोरीको सौन्दर्यमा मुग्ध हुने भनेर रिसाएर छोरीले सराप दिएको कारणबाट उनलाई कुष्ठरोग भएको थियो ।

३. सूर्यशतकका टीकाकार अन्वय मुखले लेखेका छन्, 'कवि मयूरले अन्त- स्करणका सम्पूर्ण वासनाबाट निवृत्ति पाउन र सम्पूर्ण मानिसको उपकारका लागि एक सय श्लोक भएको सूर्यस्तुति रचेका हुन् ।

● प्रतिकवि भेदन बाणः कवितातरु गहन विहरण मयूरः ।
सहृदय लोक सुबन्धुर्जयति श्रीभट्टबाणः कविराजः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यसरी सूर्यशतकको रचनाबारेमा अनेक किंवदन्ती भए पनि, सूर्यशतक कवि मयूरको उत्कृष्ट कृति हो भन्ने कुरामा विवाद छैन।

मयूरका रचना

'मयूराष्टक'– स्रग्धरा र शार्दूलविक्रीडित छन्दमा रचिएका आठ श्लोकको मयूराष्टक कृति शृङ्गाररसमा आधारित छ। कुनै सुन्दरी युवतीको वर्णन गरिएका यी श्लोककी नायिका जैन टीकाकारका अनुसार मयूरकी छोरी हुन्। जे होस्, शृङ्गाररसमा साँच्चै नमूनाका रूपमा यी श्लोक छन्, तीमध्ये एक श्लोक पढ़ेर हेरौं, गुप्त रूपले आफ्ना पतिसँग मिलेर आएकी एक सुन्दरीको चित्रण, जस्तै :

एषा का स्तन पीन भार कठिना मध्ये दरिद्रावती,
विभ्रान्ता हरिणी विलोल नयना सन्त्रस्थ यूथोद्गता।
अन्त स्वेद गजेन्द्र गण्ड गलिता संलीलया गच्छति,
दृष्ट्वा रूपमिदं प्रियङ्ग गहनं वृद्धोऽपि कामायते॥

भावार्थ– आफ्नो बथानबाट छुट्टिनाले हडबडाएकी मृगिणी जस्तै चंचल आँखा भएकी यी कुन नारी हुन् ? जो भिन्न-भिन्न मदजलले युक्त कुनै श्रेष्ठ हात्तीको गण्डस्थलबाट गलित हुँदै बडो विलासका साथ हिंडिरहेकी छिन्, सुन्दर अङ्गहरूले सजिसजाउ यिनकै रूप-सौन्दर्य देखेर वृद्ध पुरुष पनि कामातुर भएर उठ्तछ।

सूर्यशतक

सूर्यको स्तुति गरिएका एक सय श्लोकमा सुन्दर भाव र मनोहर शब्दावली गुँथेर 'सूर्यशतक' रचिएको छ। सूर्यशतक मयूर कविको प्रसिद्ध कृति हो। सूर्यशतक-रचनाको उद्देश्य र फलबारे सूर्यशतककै १०१ श्लोक, जस्तै :

श्लोको लोकस्य भूत्यै शतमिति रचिता श्रीमयूरेण भक्त्या,
युक्तो श्चैतानपाद्य सकृदपि पुरुषः सर्वपापैविर्मुक्तः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आरोग्यं सत्कवित्वं मतिमतुलबलं कान्तिमायुः प्रकर्षं,
विद्यानैश्वर्यमर्थं सुतमपि लभते सोऽत्र सूर्यप्रसादात् ।

भावार्थ–श्रीमयूर कविले लोकको कल्याणका लागि भक्ति-निष्ठाले यी श्लोकहरू रचिएका हुन् । यी श्लोकहरू जसले एक पटक मात्रै पनि मन लगाएर पाठ गर्छ भने सबै पापबाट छुटकारा पाउनेछ । र यस संसारमा सूर्यका प्रसादले आरोग्य, सत्कविता, बद्धि, अनुपम बल, शोभा, आयु, विद्या, ऐश्वर्य, धन र पु प्राप्त गर्नेछ ।

यसरी आध्यात्मिक उद्देश्य र दृष्टिकोणले सूर्यशतक जति महत्त्वपूर्ण छ कवित्व-शिल्प र भावका दृष्टिले पनि उतिकै महत्त्वपूर्ण छ, नमूनाका लागि एउ श्लोक हेरौं, जस्तै :

शीर्घ्रघ्राणांघ्रिपाणीन् व्रणिभिरव घनैर्घर्घराव्यक्त घोषान्,
दीर्घाघाता नघौघैः पुनरपि घटयलोक उल्लाघयन् यः ।
घर्मांशोस्तस्य बोडन् द्विगुण घन घृणा निघ्न निर्विघ्न वृत्तो-
र्दत्तार्घाः सिद्धसंघैः विदधतु घृणयः शीघ्रमेयो वियातम् ।

भावार्थ– जुन सूर्य एकलैले पापबाट गलेको नाक, गोडा, हात, वा त्यसै कुनै पनि अंगमा घाउ भएको दुर्गन्धी वा घर घर वा अस्पष्ट स्वर भएको कोरे रोगीलाई पनि फेरि राम्रो तन्दुरुस्त अंग भएको बनाइदिन्छन् । हृदयमा द्विगुणित घेरै दयाले युक्त निर्विघ्न, स्वच्छ प्रखर किरणले युक्त सूर्यका सि समूहबाट पूजित किरणहरू चाँडै नै सबैको पाप नाश गरून् ।

अरू श्लोक–मयूरका अरू १७ पद्यहरू पनि फेला परेका छन् । स्रग्धरा शार्दूलविक्रीडित प्रभृति लामा लामा छन्दमा रचिएका यी कवितामा ओज गु पाइन्छ । कठिन शब्द-जञ्जाल र स्वाभाविक भावाभिव्यक्ति मयूरका विशेषता हुन् । पाइएका १७ श्लोकमध्ये ७ श्लोकमा शिव र पार्वतीका बीचका पास खेलाइको वर्णन छ भने एक श्लोक हर्षवर्धनको विजययात्रासँग सम्बन्धित छ जसबाट हर्षवर्धनकै समकालीन मयूर हुन् भन्ने अडकल गर्न सकिन्छ । अरू तो श्लोकका विषय हुन–गाई र उनको बाच्छो, यात्री र गधाको खेलबाड औ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पार्वतीको रिस, त्रिपुरासुरको नगरदाह, नरसिंहको नङ र श्रीकृष्णको सपना प्रभृति समसामयिक विषयमा अरू बाँकी कविता लेखिएका छन् ।

यसरी आजसम्म पाइएका मयूरका कृतिहरू यतिकै भए पनि कवित्व-प्रतिभा र शिल्प-साधनाका दृष्टिले मयूर कवि प्रतिष्ठित कविहरूका दाँजोमा रहँदै आएका छन् र रहने पनि छन् भन्ने कुरामा विश्वस्त बन्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि भर्तृहरि

परिचय

भर्तृहरिलाई कसैले राजा मानेका छन् कसै-कसैले प्रभावकारी कवि। अनि कसैले राजा र कवि दुवै मानेका छन्, कसै-कसैले भर्तृमेण्ठ; भट्टि र भर्तृहरि एउटै कवि हुन् भन्ने विचार पनि व्यक्त गरेका छन्। त्यस्तै कसैले भर्तृहरिलाई छुट्टै कवि-व्यक्तित्वका रूपमा स्वीकार नगरेर संकलक, सम्पादक र अन्वेषकका रूपमा पनि स्वीकार गरेको पाइन्छ। जे होस् कवि भर्तृहरि संस्कृत साहित्य एवं वाङमयका अमर कविको रूपमा अहिले विद्यमान छन् र भविष्यमा पनि उनी अमर रहनेछन् भन्ने कुरामा (उनको अभिव्यक्ति, शिल्प, विषयबोध र कवित्वकलाको मूल्याङ्कन गर्दा) शङ्का छैन।

वैयाकरण भर्तृहरि अर्थात् 'वाक्यदीय' का लेखकको मृत्यु सन् ६५१ मा भएको कुरा बौद्ध यात्री इत्सिङगबाट हामीलाई जानकारी हुन्छ। उनै व्याकरणकार भर्तृहरि नै कवि भर्तृहरि हुन् वा अरू नै हुन् त्यसबारे केही भन्न सकिँदैन। कसैले विक्रमादित्यका भाइलाई भर्तृहरि भनेको पाइन्छ भने मेक्समूलरले बौद्ध मतावलम्बी नभएर भर्तृहरि शैव भएकाले इत्सिङ्गको भनाइअनुसार सातौं शताब्दीका भर्तृहरि वास्तवमा कवि भर्तृहरि नहुन सक्छन् भनेका छन्।

किंवदन्ती

भर्तृहरिका नामबाट पाइने तीन शतक छन् अर्थात् तीन सय श्लोक छन्। यी श्लोकहरू व्यवहार र अनुभवबाट परिपक्व बनेर कविराजाले रचेका हुन्। आफ्नी पत्नीसँग यौवनमा विहार गर्दा शृङ्गार-शतक, परिपक्व बनेर प्रजापालन गर्दा आदर्श शासकका अनुभवले नीति-शतक र सम्पूर्ण धन, सुख, परिवार त्यागेर वैराग्य लिएपछि वैराग्य-शतक रचना गरेका थिए भन्ने कथानक पाइन्छ। उनले वैराग्य लिदाको प्रसंग यस प्रकार छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एक दिन आफ्नी पत्नीका साथ यता-त्यता घुमिरहेका वेला मसानमा एउटा लाश जलिरहेको देखे । जहाँ एउटी नारी विलाप गर्दै उफ्रँदै रोइरहेकी थिई । भर्तृहरिकी पत्नीले पनि यो दृश्य देखिन् । उनी पतिव्रता थिइन्, भर्तृहरिले रोइरहेकी नारीको दर्दनाक दुःखको बारेमा कुरा गर्दा पत्नीले भनिन् 'त्यस डङ्किनीका बारेमा कुरा नगर्नुहोस्' यस्तो भनाइ सुनेर राजा छक्क परे, पत्नीको भनाइको मतलब थियो साँच्चै पतिव्रता भए पतिको देहान्तपछि बाँचिरहन सकिँदैन, यस सन्दर्भलाई चर्काउनु मनासिब नदेखी कुनै दिन परीक्षा लिउँला भन्ने आशय लिई राजा र रानी घर फर्के ।

केही महीनापछि राजा शिकार खेल्न गए, सिंहले राजालाई मार्‍यो भन्ने खबर रानीलाई सुनाउन भर्तृहरिले सिपाहीलाई अह्राए । सिपाहीबाट खबर सुन्नासाथ रानी विचेत भएर लडिन् । राजा पुगेर त्यो अवस्था देख्ता रोए विलाप गरे तर रानी फर्किनन् । एक योगी आएर यदि रानीको शरीरलाई नछुने र तुरुन्तै योगी भएर हिंड्ने हो भने मन्त्रबलले म ब्यूंताइदिन्छु भनेपछि भर्तृहरिले पनि प्रतीज्ञा गरें । योगीको मन्त्रबलबाट रानीको मृतशरीरमा प्राणसंचार भई रानी ब्यूँतिइन् । जलमा पनि नभएको वायुमा पनि नभएको कसरी छक्याएका भन्दै आफ्ना प्रियतमा भर्तृहरिलाई अङ्कमाल गर्न अघि सरिन् र राजा पर पर भए । धेरै बेर रानीलाई सम्झाएर बालक छोरोलाई राज्यभार सुम्पेर संरक्षकको रूपमा रानीलाई राखी भर्तृहरिले सन्यास लिए, त्यसभन्दा पहिले शृङ्गार र नीतिशतक गरी दुई शतक लेखिसकेका थिए, त्यसपछि वैराग्यशतक लेखे भन्ने उल्लेख पाइन्छ ।

रचना र विशेषता

भर्तृहरिका प्रसिद्ध तीन शतक अर्थात् शृङ्गाररसका सय श्लोक, नीति र न्यायका सय श्लोक र आध्यात्मिक भावभूमिमा आधारित वैराग्य उब्जाउन मद्दत गर्ने सय श्लोक गरी जम्मा तीन सय श्लोक रचना पाइन्छन् । हुन त तन्त्राख्यायिका, शकुन्तला, मुद्राराक्षस प्रभृति पुस्तकहरूका मीठा कतिपय सूक्तिहरू यस संग्रहमा संगृहीत भएका देखिनाले यी संग्रह संगृहीत हुन् कि भन्ने पनि बुझिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तर पूरै संकलित न भएर कहीं श्लोकहरू ... आएको अनुभव हुन्छ संस्कृत-वाङ्मयमा यी तीन शतक भृङ्गार, नीति र वैराग्यका तीन गङ्गा हुन् जसले मानव-जीवनलाई सार्थक बनाउँदै प्रत्येक मानव-हृदयको कालो मैलो हटाउन मद्दत गर्छन्, नमूनाका रूपमा केही कविता, जस्तै :

क्षणं बालो भूत्वा क्षणमपि युवा कामरसिकः
क्षणं वित्तैर्हीनः क्षणमपि च सम्पूर्णविभवः ।
जराजीर्णैरंगैर्नट इव बली मण्डित तनु-
र्नरः संसारान्ते विशति यमधानी यवनिकाम् ॥

भावार्थ–एक छिनका लागि मानिस बालक रहन्छ, छिनभर कामासक्त युवा हुन्छ, अनि एक छिन धनहीन हुन्छ, अर्को छिन धानधान्ययुक्त हुन्छ, यसै जीवनको अन्त्यमा वृद्ध अवस्थाको कारण अङ्गहरू जीर्ण हुँदै शरीर जीर्ण भई रंगमञ्चमा खेल्ने नट झैं मानिस मृत्युको पर्दापछाडि चलखेल गरिरहेछ।

आयुर्वर्षशतं नृणां परिमितं रात्रौ तदर्धं गतं
तस्यार्धस्य परस्य चार्धमपरं बालत्ववृद्धत्वयोः ।
शेषं व्याधिवियोगदुःखसहितं सेवादिभिर्नीयते
जीवे वारितरंगबुद्बुदसमे सौख्यं कुतः प्राणिनाम् ॥

भावार्थ–मानिसको आयु सय वर्ष निश्चित छ । त्यसमा आधा आयु निदाएरै बित्दछ । बचेकोमा आधी बाल्यावस्था र वृद्धावस्था गरेर बित्तछ । बाँकी रहेको आयु व्याधि, वियोग, दुःख र यस्तै अन्य समस्याबीच छटपटिंदै व्यतीत हुन्छ । समुद्रका लहरबाट उठेका पानीमा फोका जतिकै अस्थिर (क्षणिक) जिन्दगीमा मानिसलाई सुख कहाँ मिल्ने ?

सा रम्या नगरी महान् स नृपतिः सामन्तचक्रं च तत्
पार्श्वे तस्य च सा विदग्ध परिसत्ताश्चन्द्र बिम्बाननाः ।
उद्वृत्तः स च राजपुत्र निवहस्ते वन्दिनस्ताः कथाः
सर्वं यस्य वशादगात् स्मृतिपथं कालाय तस्मै नमः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ– त्यो सुन्दर नगरी, ती महान् राजा, त्यो सामन्तहरूको समुदाय, आफ्नै रेखदेखमा रहने विद्वान्हरूको परिषद्, चन्द्रविम्ब जस्तै सुन्दरी सतीहरू, राजकुमारहरूको त्यो उच्छृङ्खल समूह, स्तुति-प्रार्थना गर्ने ती भक्तहरू, यी सबलाई आफ्ना आफ्ना पन्जामा पारी खालि सम्झनामात्र बाँकी गराउने काल धन्य छ त्यस्तो काललाई नमस्कार छ ।

आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवनं
व्यापारैर्बहुकार्यभारगुरुभिः कालो न विज्ञायते ।
दृष्टा जन्म जरा विपत्ति मरणं त्रासश्च नोत्पद्यते,
पीत्वा मोहमयी प्रमादमदिरामुन्मत्तभूतं जगत् ।।

भावार्थ– सूर्यको गमनागमनबाट प्रतिदिन जीवन क्षीण भइरहेछ, धेरै कार्यभार वहन गर्नाले समय बितेको पत्तै हुँदैन, जन्म, बुढचाइँ, विपत्ति र मृत्यु देखेर पनि हामीलाई कुनै डर लाग्दैन, मोहरूपी प्रमाद मदिरा पिएर संसार नै मानो उन्मत्त भइरहेछ ।

यसरी नीति र वैराग्यमा मात्र होइन श्रृङ्गार-रसमा पनि सफल कविको रूपमा भर्तृहरि उपस्थित हुन्छन् । हेरौं उनका श्रृङ्गारिक अभिव्यक्ति जस्तै :

अदर्शने दर्शनमात्र कामा
दृष्टौ परिष्वङ्ग रसैक लोलाः ।
आलिङ्गिताक्षां पुनरायताक्ष्या-
माशास्महे विग्रहयोरभेदम् ।

भावार्थ– जब हामी प्रेयसीलाई देख्तैनौं, एक पटक उनको रूप-सौन्दर्य हेर्ने इच्छा हुन्छ, देखेपछि गाढ आलिङ्गन गर्ने इच्छा हुन्छ, आलिङ्गनले मात्र पनि शान्ति मिल्दैन र चाहना हुन्छ- उनको शरीर र आफ्नो शरीर एक होस् ।

नूनं हितं कविवरा विपरीतबोधा
ये नित्यमाहुरबला इति कामिनीनाम् ।
याभिर्विलोलतर तारक दृष्टिपातैः
शक्रादयोऽपि विजितास्त्वबला कथं ताः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ–ती श्रेष्ठ कविहरू पनि विपरीत बुद्धि भएका ठहरिन्छन् जस-जसले कामिनी नारीहरूलाई अबला (बल नभएका) भनेर उल्लेख गरेका छन् । जुन नारीहरू चञ्चल कटाक्ष वीक्षण (बाङ्गो हेराइ) ले मात्र पनि इन्द्रादि देवतालाई त वश गर्न समर्थ छन्, जित्तछन् भने ती नारीहरू अबला कसरी भए ?

संसारोदधिनिस्तार पदवी न दवीयसी ।
अन्तरा दुस्तरा न स्युर्यदि नार्यो महापगाः ।।

भावार्थ– संसाररूपी समुद्र पार गर्ने बाटो लामो हुने थिएन, यदि बीचमा नारीहरूका रूपमा ठूला ठूला तर्न नसकिने नदीहरू नभएका भए ।

कामिनी काय कान्तारे कुचपर्वत दुर्गमे
मा सञ्चर मनः पान्थ ! तत्रास्ते स्मरतस्करः ।

भावार्थ– हे मनरूपी बटुवा ! स्तनरूपी पर्वतले दुर्गम कामिनीका शरीररूपी जङ्गलमा नजाऊँ किनभने त्यहाँ कामदेवरूपी चोर रहन्छ ।

यसरी उदाहरण दिँदै जाने हो भने भर्तृहरिका तीन सय श्लोक नै अगाडि आउँछन् । सबै श्लोक कुनै न कुनै रूपले विशिष्टता राख्छन् । वास्तवमा भन्ने हो भने नीति श्रृङ्गार र वैराग्यका अमर कवि हुन् भर्तृहरि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि कुमारदास

कुमारदासका अतिरिक्त कुनै अरू कवि, रघुवंश हुँदा हुँदै जानकीहरणको रचना गर्न सक्तैन, जस्तै रघुवंश (राम) हुँदा हुँदै सीताहरण गर्न रावणका अतिरिक्त अरू को सक्छ र !

—राजशेखर

जन्म र समम

सिंहलद्वीपका राजाको रूपमा कुमारदास रहेको कुरा सिंहलको पूजावली, भन्ने ग्रन्थमा पाइन्छ । यिनको समय ई. ५१७ देखि ५२६ सम्म ९ वर्ष राज्य-काल देखिन्छ । महावंशको लेखअनुसार कुमारदासको मृत्यु ५२४ ई. मा भएको देखिए पनि युक्तिसंगत देखिदैन । यिनको ग्रन्थमा काशिकाको प्रभाव धेरै पाइना-ले यिनको सयम सातौं शताब्दीको उत्तरार्ध हो भनिएको छ । ६५० ई. को काशिकाको प्रभाव पर्नु र ८०० ई. का वामनले कुमारदासका केही पद्यहरूको उद्धरण गरेको देखिनाले यी दुई समय बीचको समय कुमारदासको समय हो भन्ने कुरा निश्चित गरिएको पाइन्छ ।

हुन त कालिदास र कुमारदासको सम्बन्ध देखाएर समकालीन मान्ने वि-द्वान्हरू पनि छन् । लङ्कामा अझै कालिदासको समाधि भएकाले यस कुरामा पुष्टि मिल्छ तापनि कालिदास कुनै अर्कै होलान् भन्ने पनि विचार देखिन्छ ।

किंवदन्ती

कुमारदासको 'जानकीहरण' महाकाव्यको प्रशंसा कालिदासले गरेका थिए । आफ्नो महाकाव्यको प्रशंसा सुनेर कुमारदासले कालिदासलाई सिंहलमा बोलाए। राजा कुमारदासले भित्तामा आधा श्लोक लेखेर टाँसेका थिए- त्यो आधा श्लोक हो 'कमले कमलोत्पत्ति श्रूयते न तु दृश्यते' यो एउटा समस्या थियो, जसले यसलाई मिल्दो अर्को आधा श्लोक बनाउँछ त्यसलाई पुरस्कार दिइने कुरा कुमार-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दासले घोषणा गरेका थिए । यसै ताका कालिदास सिंहलमा नै थिए । एक युवतीसँगको सहवासमा कालिदासले उक्त समस्यात्मक आधा श्लोकको पूर्ति यसरी गरिदिए :

कमले कमलोत्पत्ति श्रूयते न तु दृश्यते ।
बाले ! तव मुखाम्भोजे कथमीन्दिवरद्वयम् ।।

भावार्थ– कमलमा कमलको उत्पत्ति हुन्छ भन्ने कुरा सुनिन्छ तर देखिंदैन, तर हे बाले ! तिम्रो मुखरूपी कमलमा दुई नीलकमल (आँखा) कसरी रहेका छन् ! त्यसबाट मुख-कमलमा दुई आँखा नीलकमलको उत्पत्ति भएको उपयुक्त उक्ति मिलाई कालिदासले समस्यापूर्ति गरिदिए । कालिदासबाट यति राम्ररी समस्या पूर्ति भएको देखेर पुरस्कार पाउने लोभले वेश्या युवतीले कालिदासलाई मारी र कालिदास समाधिस्थ गरिए, आफूले सम्मानपूर्वक बोलाएका महाकविको असामयिक र दुःखद निधन भएको थाहा भई कुमारदासले ठूलो चोटको अनुभव गरे ।

कालिदासका भक्त भएकाले कालिदासकै काव्यका प्रभावमा कुमारदासले 'जानकीहरण' को रचना गरेका छन् । साथै ठाउँ-ठाउँमा श्लोकहरू पनि त्यस्तै प्रभावमा रचिएका देखिन्छन् । त्यसकारण कालिदासकै चितामा हामफालेर कुमारदास स्वर्ग भए । अझै पनि लङ्काको दक्षिण प्रान्तमा कालिदासको समाधिस्थल छँदैछ । कुमारदास र कालिदासको समसामयिकता सिंहलका पुस्तकहरूमा पाइन्छ । यसरी उल्लेख भएको देखिए पनि कुन चाहिं कालिदास हुन् भन्ने कुरा निर्णय गर्न सकिएको छैन ।

जानकीहरण

कुमारदासको एकमात्र कृति जानकीहरण हो । यो महाकाव्य धेरै समयसम्म पाउन सकिएको थिएन । हाल २० सर्गसम्म पाइएको छ । यो महाकाव्य २५ सर्गको थियो भन्ने भएबाट अझै ५ सर्ग फेला पर्न सकेका छैनन् । यस महाकाव्यमा प्रसिद्ध रामचरित्र नै कथानक भए पनि नयाँ ढाँचाले कवित्व-प्रतिमा कुंदेर, कवितात्मकता प्रदान गरिएको छ । अयोध्या र त्यहाँका राजमहिषीहरूको वर्णन, वृहस्पतिले ब्रह्मासँग सहायता माग्नु, रावणका चरित्रको वर्णन, दशरथका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जलक्रीडा एवं सन्ध्याको वर्णन, दशरथका छोराहरूको जन्म र रामद्वारा ताडका, सुबाहु प्रभृति राक्षसलाई मारेको कथानक, विश्वामित्रले राम-लक्ष्मणलाई जनक-कहाँ लैजानु, सीतासँगको विवाहवर्णन, पर्वतहरूको वर्णन, क्रीडावर्णन एवं राज-नीति प्रभृतिको उल्लेख गर्दै अन्तमा रावणमाथि रामले विजय पाएको कथानक-लाई काव्यात्मक र आकर्षक तरीकाले प्रस्तुत गरिएको छ। काव्यात्मक अनु-भूतिसँग परिचित हुन केही कविता पढेर हेरौं, जस्तै :

एकस्त्वया साधयताऽपि लक्ष्यं
नीतं विनाशं त्रितयं विरागः।
मच्चक्षुषा कल्पितदृष्टिकृत्यौ
वृद्धौ वने मे पितरावहं च ॥

भावार्थ–राजा दशरथले मृगको आवाजजस्तो लागेर वाण छोड्दा श्रवण-कुमारलाई लाग्छ, त्यसपछि विलाप गर्दै राजा दशरथलाई मरणासन्न श्रवणकुमार-ले व्यक्त गरेको विचार माथिका कवितामा व्यक्त गरिएको छ। श्रवणकुमार भन्छन्, हे महाराज, यहाँले एउटै लक्ष्य राखेर वाण छाड्नुभयो, तर निरपराधी तीन मानिसको नाश भयो। म, मेरै आँखाका भरमा जीवित मेरा आमाबाबु समेत तीनै जना मारिए। अर्थात् म मरेपछि मेरा बाबुआमा बाँच्न सक्ने स्थिति छैन।

वनेषु वासो मृगयूथमध्ये
क्रिया च वृद्धान्धजनस्य पोषः।
वृत्तिश्च वन्यं फलमेषु वासः
संभावितः को मयि घातहेतुः ॥

भावार्थ–विलाप गर्दै श्रवणकुमार भन्छन्, महाराज ! मलाई मार्नुपर्ने कारण के हो ? त्यस्तो खराब कुरा मैले गरेको छु र ? मृगहरूका बीचमा वनमा बस्छु, बूढा भएका अन्धा बाबुआमाको सेवा गर्छु, वनका फल खाएर जीवनयापन गरि-रहेछु, मैले यस्तो मारिनुपर्ने काम के गरें र यहाँले मार्नुभयो म बुझ्न सक्तिनँ। कति मार्मिक अभिव्यक्ति छ। यसरी करुण रसमा कुमारदास सफल देखा पर्छन् भने अनुप्रास, यमक प्रभृति अलंकार कुद्नमा पनि कुमारदास कम छैनन्, एक कविता नमूनाको रूपमा हेरौं, जस्तै :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अतनुना तनुना घनदारुभिः
स्मरहितं रहितं प्रदिघक्षुणां ।
रुचिरभा-चिरभासित वर्त्मना,
प्रखचिता खचिता ननु दीपिता ॥

भावार्थ– सुन्दर कान्ति भएकी बिजुलीद्वारा बाटो देखाउने बलशाली कामदेवले बादलरूपी दाउराद्वारा आकाशरूपी चितामा विरही प्रेमीलाई जलाउनका लागि आगो लगाइदिए ।

छन्द र ध्वनिका माध्यमबाट सौन्दर्य भर्दै सुन्दर कल्पनालाई सजाउनु कुमारदासको विशेषता मानिन्छ ।

शृङ्गारिक अभिव्यक्तिमा पनि कवि कुमारदास खपिस छन्, नारीको स्वरूप स्रष्टाले कसरी रचे ? नारीको सौन्दर्यनिर्माण एउटा जटिल समस्या हो भन्ने कुरा कति राम्ररी तलको पद्यमा देखाएका छन्, हेरौं :

पश्यन् हतो मन्मथ-बाणपातैः
शक्तो विधातु न मिमील चक्षुः ।
उरू विधात्रा हि कृतौ कथं तौ
विन्यास तस्यां सुमतेर्वितर्कः ॥

भावार्थ– बुद्धिमान् मानिसलाई पनि शङ्का लाग्ने कुरा छ, स्रष्टाले उसका दुई जाँघ कसरी बनाए ? यदि हेरी बनाए भनौं भने कामदेवका बाणले उनी पनि घायल भए हुतन्, होइन; आँखा चिम्लेर बनाएका भए यति सुन्दर कसरी बनाए?

प्रेम र प्रकृतिको अविभाज्य रूपमा मिश्रण गरेर कति सुन्दर चित्रण गरेका छन् ! यस्ता केही उदाहरण मात्रले कवि कुमारदासको राम्रो मूल्याङ्कन गर्न सकिँदैन । उनको महाकाव्य पूरै पढ़ेर मात्र राम्रो मूल्याङ्कन गर्न सकिन्छ । माथि उद्धृत केही अंशबाट पनि उनको कवित्वशक्तिसँग सामान्य चिनारी गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि अमरुक

मुक्तक प्रवन्धहरूमा रसमा चुर्लुम्म डुबेका कविहरू देखिन्छन् । त्यस्तै अमरुक कवि मुक्तकहरूले त शृङ्गार-रसका धारा चुहाउने गरेर प्रवन्धहरू झैं प्रसिद्ध बनेका प्रतीत हुन्छन् । –आनन्दवर्धन

परिचय

कवि अमरुकका एक सयभन्दा बढी श्लोकहरू पाइन्छन् । शृङ्गार-रसका प्रवाह झैं यिनका श्लोकहरू प्रतीत हुन्छन् । अनेक आलोचकहरूले ध्वनि, रस आदिको उदाहरणका लागि यिनका श्लोकहरू उद्धृत गरेका छन् । मुक्तकका रूपमा छुट्टाछुट्टै प्रसंग देखाउने गरी रचिएका कविता प्रत्येक श्लोक आफैमा पूर्ण छन् र अर्को श्लोकसम्म भाव खोज्न पुग्नुपर्दैन । शार्दूलविक्रीडित, हरिणी, वसन्ततिलका, शिखरिणी प्रभृति छन्दहरूको राम्रो प्रयोग छ । मूल रूपमा शृङ्गार-रस अभिव्यक्त गर्नु यिनका कविताको विशेषता हो । एउटै श्लोकमा एउटा खण्डकाव्यमा भर्न सकिने भाव अटाउन कवि सफल भएका छन् । छोटो, मीठो र प्रभावकारीपन यिनका कवितामा पाइन्छ । थोरै कविता लेखेर पनि ठूलो प्रतिष्ठा र सम्मान पाउने कविहरूमध्ये कवि अमरुक पनि एक हुन् ।

यिनको समयबारे निश्चित रूपले किटान गर्न सकिंदैन । प्राप्त प्रमाणका आधारमा के भन्न सकिन्छ भने लगभग ७५० ई. यिनको समय हो, किनभने ८५० ई. का आनन्दवर्धनले यिनका कविता(मुक्तक)हरूको प्रशंसा गरेका छन् । यस्तै उनको शिल्पविधान, परिष्कृति र परिपक्वता हेर्दा ६५० ई. भन्दा अगाडिका मान्न सकिंदैन । डा. कीथको पनि यही विचार छ । सातौं शताब्दीको उत्तरार्ध र आठौं शताब्दीको पूर्वार्ध यिनको समय अर्थात् अमरुक शतकको रचनाकाल मान्नु स्वाभाविक हुन आउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किंवदन्ती

शङ्कराचार्य दिग्विजयको क्रममा माहिष्मती पुगे, जहाँ प्रसिद्ध मीमांसक मण्डन मिश्र रहन्थे । जसका ढोकामा विद्यार्थीहरू त के कुरा सुगा, मैनाहरू पनि वेद स्वतः प्रमाण हो, परतः प्रमाण हो भन्ने अभिव्यक्ति प्रकट गरिरहने ठाउँ मण्डन मिश्रको धाम (आश्रम) हो भनेर परिचय दिइएको छ । त्यस आश्रममा पुगेर शङ्कराचार्यले मण्डन मिश्रका साथ शास्त्रार्थ शुरू गरें । शास्त्रार्थमा जसले हार्छ त्यसले जित्नेको मत स्वीकार गर्नुपर्छ भन्ने बाजी थियो । यसमा मण्डन मिश्रकी श्रीमती शारदाले मध्यस्थता गरेंकी थिइन् । मण्डन मिश्रले शास्त्रार्थमा हारेंपछि शारदाले के भनिन् भने सती र पुरुष मिलेर एक शरीर (पूर्णाङ्ग) बन्छ, मेरा पतिलाई हराउनुभयो त आधा शरीरले हाऱ्यो, आधा त बाँकी नै छ, मसँग शास्त्रार्थ गर्नुहोस्,मैले पनि हारें भने तपाईंको जीत भएको हामी स्वीकार्ने छौं। शारदाको भनाइ स्वीकार गरेंर शङ्कराचार्यले शारदासँग शास्त्रार्थ गर्न शुरू गरे । अहिलेसम्मको शास्त्रार्थमा शारदाले शङ्कराचार्यको कमजोरी थाहा पाइसकेकी थिइन्, अनि कामशास्त्रसम्बन्धी प्रश्न सोध्न लागिन्, आबाल ब्रह्मचारी शङ्कराचार्यलाई के थाहा शारदाले जित्न लागिन्, शारदाका प्रश्न थिए; जस्तै :

कला कियन्तो वद पुष्पधन्वनः
किमात्मिकाः किञ्च पदं समाश्रिताः ।
पूर्वे च पक्षे कथमन्यथा स्थितिः
कथं युवत्यां कथमेव पूरुषे ।।

भावार्थ–कामदेवका कला कति छन् ? ती कस्ता छन्? कुन पदमा आश्रित छन् ? पूर्वपक्षमा ती कलाको स्थिति कस्तो हुन्छ ? युवती र पुरुषमा ती कला कसरी प्रयोगमा आउँछन् ?

यस्ता प्रश्नहरू आबाल ब्रह्मचारी शङ्कराचार्यका लागि कठिन ठहरे । छ महीनाका लागि अनुमति लिएर कामशास्त्र अध्ययन गर्न हिंडे । काश्मीरका अमरुक नामक राजा शिकारमा जाँदा सिंहका आक्रमणले मरेंका थिए । त्यही लाशमा आफ्नो योगबल र समाधिका माध्यमबाट पसेर राजाका एक सय रानीसंग काम-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शास्त्रको अध्ययन व्यावहारिक रूपबाट गरे। त्यही अनुभव संकलित अमरुशतकका सय श्लोक हुन्। पछि तेलमा डुबाएर सुरक्षित राखिएको आफ्नो शरीरमा प्रवेश गरी फर्केर शारदासँग शास्त्रार्थ गरी हराएर मण्डन मिश्र शंकरकै शिष्य सुरेश्वराचार्य भएर रहे भन्ने देखिन्छ।

अमरुक शतकलाई कसैले शान्त-रसको प्रवाह पनि सम्झेर अर्थ निकालेका छन्, तर मूल रूपमा श्रृंगार-रसको स्रोत छ। माधवाचार्यले शङ्कर दिग्विजयमा लेखेका छन् 'वात्स्यायन-कामसूत्र रैं उसको भाष्य राम्रो अध्ययन गरेर राजाको रूप धारण गर्ने शंकरले एउटा नवीन प्रबन्ध बनाए।' त्यस ग्रन्थमा शारदाका सबै प्रश्नको जवाफ घतलाग्दो गरी दिएको छ भनेका छन्। यो किंवदन्ती होस् अथवा तथ्यमा आधारित। अमरुक-शतक संस्कृत-साहित्यको मनोहर र अमर कृति हो भन्ने कुरामा विवाद छैन।

अमरुकका केही कविता

अमरुकका अरू रचना पाइएका छैनन्। पाइएको एउटै कृति अमरुक शतक हो। यस शतकका श्लोकहरू विभिन्न आलोचक एवं विद्वान्हरूले अनेक ग्रन्थहरूमा उदाहरण दिन उद्धृत गरेका छन्। उनीहरूले अमरुकलाई सफल कविका रूपमा लिएका छन्। अमरुकका केही श्लोकहरू पढेर रसास्वाद गर्ने प्रयास गरौं; जस्तै :

परदेश जान लागेको युवक पति तरुनी पत्नीलाई संझाउँदै जाँदा तरुनी पत्नी के भन्छिन्? यी दम्पतीको बातचीत (सम्वाद) एउटा पद्यमा कति मनोहर रूपले दिइएको छ, हेरौं–

कान्ते कत्यपि वासराणि गमय त्वं मीलयित्वा दृशौ,
स्वस्ति स्वस्ति निमीलयामि नयने यावन्न शून्या दिशः।
आयाता वयमागमिष्यसि सुहृद्वर्गस्य भाग्योदयैः
सन्देशो वद कस्तवाभिलषितस्तीर्थेषु तोयाञ्जलिः॥

भावार्थ–'प्यारी ! आँखा चिम्लेर केही दिन बिताऊ, अनि त म आइपुगिहाल्छु नि !'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

'यहाँको ! कल्याण होस् कल्याण होस् ! आँखा चिम्लन्छु जबसम्म दिशा शून्य हुँदैनन् (अर्थात् हजूर मेरा आँखाले देखिएसम्म दिशा शून्य हुँदैनन् ।)

'किन ! त्यसो भनेकी, म त्यसै हराइहाल्छु र ? आइपुगिहाल्छु नि !

'हो आइपुगिबक्सिन्छ ? मेरो सौभाग्यद्वारा होइन, बान्धव (इष्टमित्र) को सौभाग्यद्वारा ।'

'के भनेको,भनाइ के ?अनि चाहना के ?स्पष्ट भनन ।' यस्तो पतिको आग्रह-पूर्वक सोधाइमा दिल चुँडिएर पीरमा परेकी मस्त तरुनी दुलही आफ्नो अन्तिम भनाइ यसरी स्पष्ट पार्छिन्, 'मेरो भनाइ हो, म सिद्धिन्छु (वियोगको व्यथाले म जल्दछु अवश्य बाँच्तिनँ) यसैले मलाई अन्तिम अञ्जलि अर्थात् तर्पण कुनै तीर्थमा दिइबक्सेला ।' यति लामो संवाद सार-गर्भित रूपमा कविले एउटै पद्यमा अटाएका छन् । कति सशक्त रूपले अभिव्यक्तिलाई प्रकट गरेका छन् । अर्को एक ठाउँ विलासमय दाम्पत्य-जीवनको सफल चित्र उतारिएको एउटा कविता हेरौं; जस्तै :

शून्यं वासगृहं विलोक्य शयनादुत्थाय किञ्चिच्छनै-
निद्राव्याजमुपागतस्य सुचिरं निर्वर्ण्यपत्युर्मुखम् ।
विश्रब्धं परिचुम्ब्य जातपुलकामालोक्य गण्डस्थली
लज्जा-नम्रमुखी प्रियेण हसता बाला चिरं चुम्बिता ।।

भावार्थ–कोही मानिस नभएको शून्य एकान्त कोठा देखेर ओछ्यानबाट सुस्त सुस्त उठी ती बैंसालु तरुनीले निद्राका छलले सुती मस्त निदाएका जस्ता भएका आफ्ना खसमको मुख राम्रोसँग हेरी निर्धक्क चुम्बन गरिन्, जसबाट गालाभरि रोमाञ्च निस्की जुरुङ्ग भयो, अनि लाजले भुतुक्क भएकी ती पट्ठी-लाई हाँस्तै दुलाहाले धेरै बेरसम्म म्वाइँ खाइरहे ।

आफ्नो प्राणप्रिय पति परदेशबाट आउँदा एक बैंसालु तरुनी पत्नीले पतिको स्वागत कसरी गरी ? तलको कवितामा कवि अमरुक यसरी भन्छन् :

दीर्घा वन्दनमालिका विरचिता दृष्टचैव नेन्दीवरैः
पुष्पाणां प्रकरस्मितेन रचितो नो कुन्दजात्यादिभिः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दत्तः स्वेदमुचा पयोधरयुगेनार्घ्यो न कुम्भांभासा
स्वैरेणावयवैः प्रियस्य विशतस्तन्व्या कृतं मङ्गलम् ॥

भावार्थ– उनले खसमको स्वागतका लागि कमलको माला तयार गरिन्, तर कमल जस्तै उनका लामा-लामा आँखा जो खसमका आगमनका निम्ति बाटो पर्खिरहेछन्, ती कमल-नयन नै कमल-मालाको सिर्जनाका प्रतिरूप थिए । उनले केही चमेली आदि फूलका गुच्छा तयार गरिन् तर दुलाहा आएको खुशीयालीमा भएको मुस्कुराहटले नै पुष्पगुच्छाको काम दिइरहेको थियो । उनले अनर्घ्यंका लागि मङ्गलघट तयार गरेकी थिइन् परन्तु उनका दुई स्तन नै प्रियको अर्घ्यका लागि घटको प्रतिरूप बनी तयार थिए । त्यसैले ती सुन्दरी तरुनीले आफ्ना शरीरका अवयवद्वारा नै विस्तृत ढङ्गले प्राणप्रियको स्वागत गरिन् ।

आफ्ना प्राणप्रिय पतिदेव भएका ठाउँमा नडराईकन जान लानेकी सुन्दरीको बारेमा कविले कति सुन्दर कल्पना गरेका छन्, हेरौं :

क्व प्रस्थितासि करभोरु ! घने निशीथे ?
प्राणेश्वरो वसति यत्र मनःप्रियो मे ।
एकाकिनी वद कथं न बिभेषि बाले ?
नन्वस्ति पञ्चमशरो मदनः सहायः ॥

भावार्थ– 'हे सुन्दरी यो प्रगाढ अन्धकारमा तिमी कहाँ जान लागिरहिछ्यौ ?'

'जहाँ मेरा प्राणप्रिय पतिदेव रहनुहुन्छ, त्यहीं गइरहेकी छु ।'

'हे बाले ! यो अन्धकारमा एक्लै जान तिमीलाई डर लाग्दैन ?'

'केको डर, मेरो रक्षा गर्न पाँच-पाँच बाण लिएर बसेको कामदेव मेरो साथमा साथी छैन र ?'

कति सुन्दर कल्पना छ । यस्तै कल्पना र भावले कुँदिएका कविता प्रशस्त छन् । कुनै कविता कमजोर छैनन् । त्यसैले थोरै कविताले पनि कवि अमरुक रसवादी खास गरी शृङ्गार-रसका सफल कविका रूपमा अमर छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गद्य-काव्यकार सुबन्धु

खास सरस्वतीबाट वरप्रसाद पाएका, सज्जनका बन्धु सुबन्धुले 'वासवदत्ता' भन्ने निबन्ध (आख्यायिका) बनाए । —एक विद्वान्

'वासवदत्ता'ले गर्दा कविहरूको सेखी झऱ्यो । —महाकवि बाण

परिचय

संस्कृत वाङ्मयमा जति पद्य-साहित्यको विकास भएको छ, त्यति गद्य साहित्यका विकास भएको देखिंदैन । गद्य प्रयोगको अभावै चाहिं छैन । संस्कृत साहित्यमा देखिएको गद्यको प्रयोग सक्षम र प्रभावकारी रूपमा प्रयोग गर्ने कवि-हरूमा सुबन्धु अगुवा प्रतीत हुन्छन् । सुबन्धुले देखाएको बाटो र अँगालेको शैली-मा बाण, दण्डी, धनपाल, अम्बिकादत्त व्यास प्रभृति गद्यकविहरू सशक्त रूपमा देखिंदै गए पनि शुरूमा मार्ग-दर्शन गर्ने सफल गद्यकवि सुबन्धु नै हुन्। यिनको समय निश्चित रूपमा भन्न सकिंदैन तापनि सुबन्धुमा रचनाको प्रभाव बाणमा परेकाले बाणभन्दा पहिले सुबन्धुको समय हो भन्ने कुरामा शङ्का गर्ने ठाउँ रहँदैन । म्याग्डोलनले यिनको समय छैटौं शताब्दीको अन्ततिर मानेका छन् । उनको 'न्यायस्मृतिमिव उद्योत कररूपाम्'भनी आफ्नो ग्रन्थमा उल्लेख गरेकाले यिनको समय सातौं शताब्दीको प्रारम्भतिर हुनुपर्छ भन्ने कसैको विचार छ ।

वासवदत्ता

सुबन्धुको सफल गद्यकाव्य'वासवदत्ता'हो । यसको कथानक संक्षिप्त रूपमा निम्न प्रकारबाट बुझ्न सकिन्छ । जस्तै,वासवदत्ताका नायक चिन्तामणिका छोरा कन्दर्पकेतु हुन् । तिनले सपनामा यौटी राम्री कन्यालाई देखे । ब्यूँझेपछि विह्वल भएर घुम्दै विन्ध्याचलमा पुगी फणीरको रूखमनि बस्दा सुगाले मैनालाई भनेको कथा सुने, 'कुसमपुरका श्रृङ्गारशेखरकी छोरी, वासवदत्ता भन्ने छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तिनको स्वयंवरका लागि विदेशका सारा प्रजा निम्त्याइएका थिए । तर वासवदत्ताले कसैलाई पनि वरण गरिनन् । अनि त्यही राति सपनामा कन्दर्पकेतुलाई देखिछन् र विरहले विह्वल भइछन्, अनि तिनकी मैना तमालिका भन्ने तिनैको संगिनीका साथमा कन्दर्पकेतुको भाव बुझ्न भनी आएर त्यही रूखमनि बसेका छन् । त्यसपछि तमालिकाले कन्दर्पकेतुलाई चिठी दिन्छिन् । अनि खुशी हुँदै कुसुमपुर गई आफूले सपनामा देखेकी वासवदत्तालाई हेर्छन् । सँगिनीबाट मनभेट पाएका कन्दर्पकेतुले घोडामा चढी वासवदत्तालाई हरेर लैजान्छन् । तर विन्ध्याचलमा पुगी बिहान सुतेर उठ्ता वासवदत्ता हुन्नन्,उनको खोजमा विह्वल हुँदै विरही कन्दर्पकेतु घुम्छन् । धेरैपछि एक दिन शिलामय आकारलाई छुनासाथ वासवदत्ता पो उठ्छिन् । त्यसपछि खुशी भएका दम्पती शहरमा गएर सुखपूर्वक बस्छन् ।'

यसरी वासवदत्ताको कथावस्तु सरसरती संक्षिप्तमा अध्ययन गर्दा काल्पनिक र अस्वाभाविक प्रतीत हुन्छ तापनि यसमा रहेको काव्यात्मकता र शैलीको चमत्कारले गर्दा यसै कृतिका माध्यमबाट उत्कृष्ट गद्यकविको रूपमा सुबन्धु परिचित र प्रतिष्ठित बन्दै आएका देखिन्छन् । काव्यको मर्म बुझ्ने हो भने यो अस्वाभाविक पनि भन्न सकिंदैन ।

विशेषता

वासवदत्ताभित्रका खास विशेषताहरू हुन् :

१. सानो आकार-प्रकारको भए पनि श्लेषको प्रभावकारी प्रयोग ।
२. गद्यप्रयोगका दृष्टिले अगुवा भएर पनि शब्द र अर्थ दुवैको प्रयोगमा सफलता देखिनु ।
३. सरस भईकन पनि प्रौढ हुनु ।
४. कथानकमा ठाउँ-ठाउँ अस्वाभाविकता देखिए पनि वर्णन प्राकृतिक र स्वाभाविक हुनु ।

वासवदत्ताको एक अंश

स्वयंवरका लागि वासवदत्ता मंचमा चढ़ेर हेर्दा आफ्ना इष्टदेव कन्दर्पकेतु

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्यहाँ थिएनन्, अरू राजकुमारहरूलाई उनले कस्ता-कस्ता देखिन्, तलको गद्यांशमा वर्णन गरिएको छ, जस्तै कविकै शब्दमा :

'त्यो मञ्चमा वेश्यालाई जित्ने कलाका अंकुर (मूलदेव) जस्तै केही राजकुमार असल गहना लगाएका अथवा गरुडले जितिएका बाणपुरका राक्षस जस्ता, कुनै कृष्ण, द्रौपदी र द्रोणाचार्यहरू साथमा भएका पाण्डव जस्तै दिव्य आँखा भएका, कालो अगुरुको धूपले सुगन्धित अङ्ग भएका अथवा गुरुहरूको कदर नगर्ने, अर्का चाहिँ बढ्ने आशा पर पुगेका शरद् ऋतुका दिन जस्तै वासवदत्तासँगको बिहेको आशा हराउँदै गएका, अथवा आकाश जस्तो रित्तो आशा भएका, कुनै चाहिँ बौद्धको मत खण्डन गर्ने जैमिनीका अनुयायी जस्तै साधारण भेषमा आउनेलाई हेलाँ गर्ने, अथवा चलीआएकोलाई निन्दा गर्ने, कोहीचाहिँ सुनौल-सुमेरु पर्वतका प्रान्त जस्तै सुनले छाइएका अथवा खराब आर्तजन (रोगी) को स्वर भएका, कुनैचाहिँ सूर्य उदाउनाले खुंचिएका, कुनै चाहिँ पृथ्वी नभईकन स्थिर भएका अथवा हीन भएका, कुनै चाहिँ बृहत्कथा बताउने गुणाढ्य कवि जस्तै धेरै कुरा गर्ने र सन्धि आदि गुणको प्रयोग गर्न जान्ने, अथवा जालहरू लिएर शिकार गर्ने अम्मल भएका, कुनै चाहिँ द्रोणबाट जितको आशा सूचना गर्ने राजकुमारहरू थिए । ती सबैलाई एक-एक गरेर हेरी दिग्दार भएकी राजकुमारी वासवदत्ता त्यो मञ्चबाट त्यसै ओर्लिन् ।'卐

卐साभार– अनुवाद, बदरीनाथ भट्टराई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार हर्षवर्धन

यस भारतवर्षमा शूद्रक, शक्तिवाहन प्रभृति अनेक विद्याका उपासक राजा भएका छन्, परन्तु यी सबैमा महाराज हर्षवर्धन अद्वितीय प्रतीत हुन्छन् ।

—बलदेव उपाध्याय

परिचय

भारतवर्षमा वाणीका उपासका अनेक राजाहरू भए । विक्रमादित्य, शालिवाहन, भोज प्रभृति राजाहरू जसलाई सरस्वती र लक्ष्मी दुवैले अलंकृत बनाएका थिए । त्यस्तै सरस्वती र लक्ष्मीको उत्तिकै स्वागत र संमान पाउने राजा हुन् महाराज हर्षवर्धन । महाकवि बाणको हर्षचरित र ह्वेन्साङ्ग यात्रीका माध्यमबाट हर्षवर्धनको जीवनचरित्र छर्लङ्ग हुन्छ ।

प्रभाकरवर्धन र यशोमतीका द्वितीय पुत्रका रूपमा हर्षवर्धनको जन्म भएको थियो । जेठा दाजुको नाम राज्यवर्धन थियो । दिग्विजयको क्रममा बंगदेशीय नरेश शशांकका कूतनीतिरूपी पन्जामा फसेर राज्यवर्धनको मृत्यु भयो । दाजुको निधन सुनेर हर्षवर्धन अत्यन्त रिसाए, साथै शशाङ्कउपर प्रतिशोधको भावना जागेर आयो । यथासमय शशांकलाई मारेर बंगललाई हर्षवर्धनले आफ्नो राज्यमा मिलाए । यिनको राजधानी (स्थाण्वीश्वर) स्थानेश्वरमा थियो । यिनको राज्यसमय ६०६ ई. देखि ६४७ ई. सम्म मानिन्छ । बंग, आसाम एवं वल्लभी राज्य जितेर उत्तर-भागमा एकछत्र राज्यको स्थापना गर्ने हर्षवर्धन नै हुन् । हिन्दू धर्मलाई देदीप्यमान बनाउने र हिन्दू सभ्यताका पूर्ण उपासकको रूपमा हर्षवर्धनलाई हिन्दूहरू चिन्दछन् । यसै बेला ह्वेन्साङ्ग भारत आए । पारस्परिक प्रभाव र सत्संगले बौद्ध धर्म अँगाल्न प्रवृत भए पनि हिन्दूधर्मलाई उत्तिकै प्रिय र आदरणीय मान्दथे । हर्षवर्धन दानशील थिए, आफू विद्वान् थिए र विद्वान्हरूको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कदर गर्दथे । सम्राट् भए पनि आफू एक सामान्य गृहस्थीको रूपमा व्यवहार चलाउँथे, गरीबहरूमा दान दिनु, धार्मिक अनुष्ठान गर्नु, विद्वान्हरूको कदर गर्नु, उनका प्रमुख वैशिष्ट्य हुन् । बाण भट्ट, मयूर भट्ट, दिवाकर प्रभृति कवि विद्वान्हरूलाई उनले आश्रय दिएका थिए, प्रतिभाको कदर गरेका थिए। साहित्य-संस्कृतिको उत्थानमा अरूलाई प्रोत्साहित गर्नुका साथै आफै पनि त्यस क्षेत्रमा संलग्न थिए ।

हर्षवर्धनका कृतिहरू

हर्षवर्धनले तीन नाटक रचेका छन् । यी नाटकीय कृतिहरूबाट हर्षवर्धनको कवित्व-प्रतिभा र नाटकीय संरचना-शिल्पसँग परिचित हुन सकिन्छ । उनका कृतिहरू हुन् :

१ रत्नावली : चार अङ्कमा रचित यो एउटा नाटिका हो । जसका नायक प्रसिद्ध वत्सराज उदयन छन् । नायिका सागरिका छन् । यी दुइको प्रेम-पूर्ण विवाहको सुन्दर वर्णन यस नाटिकामा गरिएको छ । यस नाटिकामा कालि-दासको मालविकाग्नि-मित्रको केही प्रभाव झल्किन्छ तापनि नाटकीयता र कला-त्मकताका दृष्टिले यो नाटिका सुन्दर प्रतीत हुन्छ । यो नाटिका शम्भुप्रसादद्वारा नेपालीमा अनुवादित छ ।

२. प्रियदर्शिका : यो पनि नाटिका हो । यसको कथानक रोचक छ र महाराज उदयनसँगै सम्बन्धित देखिन्छ । रत्नावलीकै शिल्प र कलामा यसको संरचना भएको अनुभव हुन्छ । यो नाटिका मोतीराम भट्टद्वारा नेपालीमा अनु-वाद गरिएको छ ।

३. नागानन्द : यो एउटा नाटक हो, यसमा जीमूतवाहननामक राज-कुमारले गरुडसँग नागहरूलाई बचाउनका लागि आत्मसमर्पण गरेको विषय मनोहर शब्दहरूमा अभिनीत भएको छ । यसको नान्दीमा बुद्धको स्तुति गरिए-कोबाट हर्षवर्धन बौद्ध थिए भन्ने कुरा स्पष्ट हुन्छ । यसमा नाटकीय शिल्प र कलात्मकता दुवै पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवितागत वैशिष्टच

हर्षवर्धन सूक्ति-संयोजनमा विशेष दक्ष छन्, उनका केही हृदयस्पर्शी सूक्तिहरू हुन् :

१. यौटै सूर्य प्रशंसनीय छन् । अर्काको हितका लागि नै निरन्तर जसको प्रयास रहिरहेको छ ।

२. खालि शरीरका लागि पनि मूर्खहरू पाप कर्ममा प्रवृत्त हुन्छन् ।

३. आफ्नै अङ्गहरूबाट आफू विभूषित बनिन्छ, बाहिरी शृङ्गार त खालि दुःखका लागि मात्र हो ।

४. खालि वीभत्स अर्थात् नराम्रै मात्र देखियो भने शरीरको के शोभा भयो र ?

५. समुद्र (रत्नाकर)लाई छाडेर चन्द्रलेखाको जन्म कहाँबाट हुन सक्छ र ?

यसरी मीठा-मीठा सूक्तिहरूको अपेक्षा कवित्व-प्रतिभा र रस-प्रस्फुटनमा पनि श्रीहर्ष प्रसिद्धहस्त देखिन्छन्;जस्तै करुण रसको एउटा उदाहरण :

निराधारं धैर्यं कमिव शरणं यातु विनयः
क्षयः शान्ति बोढुं क इह ? विरता दान-परता ।
हतं सत्यं सत्यं व्रजतु कृपणा क्वाऽद्य करुणा
जगज्जातं शून्यं त्वयि तनय ! लोकान्तरगते ।।

भावार्थ– आफ्नो छोरो परमधाम भएपछि धैर्य निराधार (आधारहीन) भएको, सहनशीलता गुमेको, दानपरता विरत रहेको, सत्यको विनाश भएको, करुणा नै कृपणा बनेर संसारै शून्य भएको घटना निकै मार्मिक रूपले वर्णन गरिएको छ । यसबाट श्रीहर्षको कवित्व-प्रतिभाको परिचय पाउन सकिन्छ ।

संस्कृत नाटकसाहित्यको इतिहासमा महत्त्वपूर्ण स्थान सुरक्षित गर्नुहुने श्रीहर्ष स्वयं नाटककार नभएर बाणको प्रतिभाद्वारा चम्केका हुन् भनेर संस्कृत-आलोचकहरूले आलोचना गरेको पाइए पनि वास्तवमा नाटककार श्रीहर्ष स्वयं विद्या, कला, पारखी र कवित्व प्रतिभाले सम्पन्न भएबाट नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बाण, मयूर प्रभृति प्रतिभाहरूको आदर, कदर भयो । संस्कृत-साहित्यको विकास र विस्तारमा सघाउ मात्र पुगेन महत्त्वपूर्ण उपलब्धि पनि प्राप्त भयो । यदि बाणकैं प्रतिभाको श्रीहर्षमा प्रभाव परेको र श्रीहर्षमा साहित्यिक खुबी केही नभएको भए गद्यकाव्यमा ख्यातिप्राप्त बाणले नाटक संरचनातर्फ प्रेरित नगरी गद्यकाव्य लेख्ने सल्लाह दिई मद्दत गर्ने थिए होलान् । जेहोस्, श्रीहर्ष एक आदर्श प्रतिभाको कदर गर्ने, राजामात्र थिएनन्, कुशल कवि र सफल नाटककार पनि थिए भन्ने कुरा उनका कृतिहरूबाट जानकारी लिन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि बाण

रुचिर-स्वर, वर्ण, पद, रस र भावले युक्त भएकी (सुन्दरी र बाणी) ले संसारको मनलाई हरण गर्छिन्, त्यसरी हरण गर्ने के तरुनी हुन् ? होइन होइन मधुरता नै शील भएका महाकवि बाणकी वाणी हुन् ।卐 —धर्मदास

परिचय

गद्य कविहरूको परीक्षणका लागि कसी हो भन्ने भनाइ प्रचलित छ । संस्कृत भाषामा प्रौढ, सरस र कवितात्मकताले परिपूर्ण गद्य-काव्यहरू र साथै पद्यकाव्य एवं नाटक संरचनाद्वारा महाकवि बाण संस्कृत-साहित्यमा एक सफल अग्रणी साधक बनेका छन् । उनको काव्यशैलीमा पांचाली रीति,सुन्दर पदविन्यास, सरसता, अर्थगाम्भीर्य, उपमा, श्लेष, रूपक आदि अलंकारको राम्रो प्रयोग, कल्पनाको बेजोड उडान,रस र भावको प्रभुत्व,विषय सुहाउँदो भाषा र कलात्मक चित्रण पाइन्छ । प्रकृति-चित्रण मौलिकता र प्रतिभाको राम्रो उपयोग देखिनाले संस्कृत-साहित्यमा अत्यन्त सफल र प्रशंसाका पात्र बनेका महाकवि बाण साहित्य-प्रेमी पाठकसमुदायमा अपरिचित छैनन् । यिनको जन्मसमय र परिचयबारें त्यति अन्योलमा पर्नुपर्ने स्थिति छैन । उनले ठाउँ-ठाउँ आफ्नो परिचय दिएका छन् । फेरि राजा हर्षवर्धनका सभापण्डित भएकाले हर्षवर्धनकै समय महाकवि बाणको पनि समय हो ।

बाणका पूर्वज शोणनदका प्रीतिकूट नगरमा रहन्थे । धर्म र विद्याका लागि बाणको वंश प्रसिद्ध थियो । वात्स्यायन गोत्रका बाणका पूर्वजको नाम कुबेर थियो । उनी कर्मकाण्डका विद्वान् थिए । उनका घरमा वेदाध्ययन गर्न विद्यार्थी-

---

卐 रुचिरस्वरवर्णपदा रसभाववती जगन्मनो हरति ।
तत् किं तरुणी ? नहि नहि वाणी बाणस्य मधुर-शीलस्य ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हरू आउने गर्दथे । उनका छोरा पाशुपत भए । पाशुपतका छोरा अर्थपति,अर्थपतिका छोरा चित्रभानु र चित्रभानुका छोरा बाणभट्ट हुन् । बाणभट्टका साथ पैत्रिक सम्पत्ति पर्याप्त भएर पनि नियन्त्रण गर्ने संरक्षकको अभावमा निरन्तर दुर्व्यसनमा लाग्दा समाप्त भयो । बाण शुरूमा घुम्ने फिर्ने काममा विशेष अभिरुचि राख्तथे । साथीहरूका साथ बाण देश-देशान्तर घुम्न लागे । घुम्दै जाँदा उनमा पर्याप्त अनुभव भयो, साथै बुद्धिको विकास पनि हुँदै गयो । अनि उनी घर फर्के । घरमा आउनेबित्तिकै उनले आफूदेखि राजा (हर्षवर्धन) असन्तुष्ट रहेको र आफ्नो चरित्रबारेका खराब कुराहरू राजासमक्ष लगाइएको थाहा पाए । बाण पहिलेका जस्ता अब थिएनन् । उनमा बुद्धि, विवेक, प्रतिभा पर्याप्त थियो । राजा हर्षवर्धनकहाँ गएर भेट गरे । शुरूमा गाली र तिरस्कार पाए पनि उनको विद्वत्ता र प्रतिभाबाट सन्तुष्ट भएर आश्रय दिए । राजा हर्षवर्धनको सभामा पछि महापण्डित बनेपछि आफ्ना घर फर्के । हर्षवर्धनको जीवनचरित्र छिमेकीहरूले सोद्धा हर्षचरित्र भन्ने ग्रन्थ लेखे र पढ्‌न दिए । हर्षवर्धनसँगसँगै सातौं शताब्दीको पूर्वार्ध यिनको समय हो ।

किंवदन्ती

बाण र मयूर सम्बन्धित थिए । बाणले मयूरकी छोरीका साथ विहा गरेका थिए । बिहानीपखसम्म आफ्ना पतिसँग मान खोजेर बाणकी पत्नी रहेकी थिइन् । बाणले आफ्नी पत्नीलाई प्रसन्न गराउन यी तीन पाउ पद्य बनाएर सुनाए, जस्तै:

गतप्राया रात्रिः कृशतनु शशी शीर्यत इव,
प्रदीपोऽयं निद्रावशमुपगतो घूर्णत इव ।
प्रणामान्तो मानस्त्यजसि न तथापि क्रुधमहो !

भावार्थ– रात बित्न लागेको छ, मलीन बन्दै जाँदा चन्द्रमाको अस्तित्व हराउँदै छ । बत्तीको प्रकाश पनि कम महत्त्वको मानिदैछ । प्रणाम्मे गर्दा पनि आफ्नो हठ छोडेकी छैनौ, अझै रिसाएकै छ्यौ ।'

यी तीन पाउ कविता घुम्दै आएका मयूरले सुनेर तत्काल उनले चारौं पाउ कविता रचेर सुनाइदिए; जस्तै :

कुचप्रत्यासत्या हृदयमपि ते चण्डि ! कठिनम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ– मलाई लाग्छ, कठिन स्तनका संगतले (कठिन स्तन नजीक हुनाले) तिम्रो हृदय पनि कठिन (कठोर) हुन गयो ।

यो सुनेर बाण रिसाए । मयूरलाई सराप दिए । मयूर पनि रिसाएर उनले पनि बाणलाई सराप दिए । दुवै कविले सरापबाट मुक्ति पाउन बाणले चण्डी–शतक र मयूरले सूर्यशतक लेखेका हुन् भन्ने भनाइ प्रचलित छन् ।

बाणका रचना

१. चण्डीशतक : यसमा एक सय श्लोकमा भगवती दुर्गाको स्तुति गरिएको छ । यो स्तुतिकाव्य पूरै स्रग्धरा छन्दमा संरचित छ । ओजगुण, भक्ति-प्रवाह, पदविन्यासको अद्भुत योजना यस काव्यको विशेषता हो ।

२. हर्षचरित : संस्कृत-साहित्यमा सबभन्दा पुरानो आख्यायिका (जीवन चरित्र) हो । यसमा आठ उच्छ्वास छन् । पहिलेका दुई उच्छ्वासमा बाणले आफ्नो विस्तृत परिचय दिएका छन् । बाँकी उच्छ्वासहरूमा राजा हर्षवर्धनको चरित्रको राम्रो वर्णन गरेका छन् ।

३. कादम्बरी : यो उपन्यास वा गद्य महाकाव्य हो । यो ग्रन्थ अद्वितीय मानिन्छ । यसै ग्रन्थका आधारमा महाकवि बाण अमर बनेका छन् । यसमा पूर्वार्ध र उत्तरार्ध दुई खण्ड छन् । पूर्वार्ध आफै बाणले र उत्तरार्ध बाणका छोरा पुलिन्द भट्टले पूरा गरेका भन्ने उल्लेख पाइन्छ । यसमा संस्कृतमा गद्य–साहित्यको साँच्चै चमत्कारको साँच्चै चमत्कार पाइन्छ । भाषा र भाव, शब्द र अर्थ,प्रतिभा र कल्पनाको अपूर्व संगम यस ग्रन्थमा छ । कतै विकटताको वर्णन छ त कतै धर्मका गुरु,आध्यात्मिकताका ज्वलन्त निदर्शन जाबालि ऋषिको आश्रमको मनमोहकताको वर्णन छ । कतै कादम्बरीको प्रेममयी कथानकमा अलंकारको मधुर गुञ्जन,रागात्मिका सुभग व्यंजनाले ढाकिएको यो काव्य अद्वितीय प्रतीत हुन्छ । यसैका आधारमा पछिका अनेकौं गद्य-कविले पनि काव्यसृजना गरेको पाइन्छ ।

किंवदन्ती

यो काव्य पूर्वार्ध सकिएपछि महाकवि बाण बिरामी परेछन् । मंगलाचरण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

गर्नुपर्ने विधान पूर्वीय काव्यमान्यतामा भएको, महाकवि बाणले ग्रन्थारंभमा कुनै मंगलाचरण नगरी यो काव्य शुरू गरेकाले यो ग्रन्थ पूरा लेखिन सकेन। बीचमै विघ्न परी बाण बिरामी परे। आफ्ना दुई छोरालाई बोलाएर आफ्ना शेषपछि कादम्बरी ग्रन्थ पूरा गर्न अह्राए। उनका दुई छोरामध्ये एक वैयाकरण थिए त एक साहित्यिक, कुन छोरालाई पूरा गराउन लगाउने? भनेर दुवै छोराको परीक्षा गरे। उनले यो प्रश्न दिए 'अगाडिको सुकेका रूखमा काग छ' यसलाई जसले सुन्दर, हृदयग्राही रूपले अनुवाद गर्न सक्छ त्यसैले कादम्बरी पूरा गर्नू भन्ने बाणको मनसाय थियो। छोराहरूले उपर्युक्त प्रश्नको समाधान यसरी गरे

शुष्को वृक्षो तिष्ठत्यग्रे
तदुपरि तिष्ठत्येकः काकः। –वैयाकरण
नीरस तरुरिह विलसति पुरत–
स्तदुपरि निवसति वायस एकः। –साहित्यिक

सरस र मीठासपूर्ण शब्दविन्यासमा साहित्यिक पुलिन्द भट्ट सफल भए र उनले यस काव्यको उत्तरार्ध लेखे।

४. पार्वती–परिणय : शिवपार्वतीको विवाहसम्बन्धी वर्णन गरिएको सुन्दर नाटक हो। 'कुमार-सम्भव' को प्रभाव यसमा झल्किन्छ। कसै-कसैले यो कृति बाणको होइन पनि भनेका छन्।

५. मुकुटताडितक : यो पनि नाटक हो रे! चन्द्रपाल र गुणविजय गणि जैन विद्वान्हरूले नलचम्पूमा यो ग्रन्थ पनि बाणको नाटक मानेका छन् र एक श्लोक उद्धृत पनि गरेका छन् तापनि यो नाटक आजसम्म उपलब्ध हुन सकेको छैन।

बाणका केही कविता

'बाणोच्छिष्टमिदं जगत् सर्वम्' बाणको पुराले नै कविजगत् तृप्त छ अर्थात् बाणपछि बाणका अर्थ र भाव नपार्ने कोही छैन भन्ने प्रसिद्धि पाइन्छ। गोवर्धनाचार्यले बाणको बारेमा 'अगि शिखण्डिनी शिखण्ड भएझैं साक्षात् वाणी नै बाण बनेका हुन्' भन्ने विचार प्रकट गरेका छन। यस भनाइबाट त्यसवेला बाण र उनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रचनाको कति महत्त्व रहेछ भन्ने जानकारी हुन्छ । उनका गद्यरचना मात्र उत्कृष्ट छैनन् पद्यरचनामा पनि ओजगुण, मिठास र कल्पनाको राम्रो प्रयोग पाइन्छ तापनि गद्यकाव्य त अजीव नै छन् । महाकवि बाणका केही कविता नमूनाको रूपमा; जस्तै :

कटुक्वणन्तो मलदायका खला-
स्तुदन्त्यलं बन्धनशृङ्खला इव ।
मनस्तु साधुध्वनिभिः पदे पदे
हरन्ति सन्तो मणिनुपूरा इव ॥

भावार्थ– दुष्टहरू बाँध्ने फलामको साङ्लो जस्तै हुन्छन्, सुन्दै नमीठो लाग्ने कटु (पीरो) शब्द पनि निकाल्छन् र शरीरलाई पनि कालो दाग लगाइदिन्छन् । सज्जनहरू मणिजडित पाउजेब जस्तै हुन्छन्, छिन-छिनमा सबैको मनलाई हरण गर्छन् । यहाँ मूर्खलाई फलामको साङ्लो र सज्जनलाई मणिजडित पाउजेबसँग तुलना गरिएको अभिव्यक्ति सुन्दर प्रतीत हुन्छ ।

बाणको गद्यकवितामा पाइने कवितात्मकता र अभिव्यक्ति एवं शैलीको पारख गर्न पूरै काव्यको अध्ययन आवश्यक भए पनि एउटा गद्यको टुक्रा पढेर आँखीझ्यालबाट चियाउने प्रयत्न गरौं; जस्तै राजा चन्द्रापीडको शासनव्यवस्थाको वर्णन गर्दै कवि भन्छन् :

'यत्र च महाभारते शकुनिवधः, पुराणे वायुप्रलपितं, वयःपरिणामे द्विजपतनम्, उपवनचन्दनेषु जाडचम्, अग्नीनां भूतिमत्वं, एणकानां गीतव्यसनम्, शिखण्डिनां नृत्यपक्षपातः, भुजङ्गमानां भोगः कपीनां श्रीफलाभिलाषः, मूलानामधोगतिः ।'

भावार्थ– महाभारतमा शकुनिको वध भएको सुनिन्छ [चन्द्रापीडको शासनमा शकुनि (चराचुरुङ्गी) को वध हुँदैन] वायुजन्य प्रलाप वायुपुराणमा छ (वायु चलेर त्यहाँ कोही कराउँदैनथे वा वायुविकारले कोही बिरामी पर्दैनथे ।) दाँत उमेर पुगेपछि झर्दथे द्विज (दाँत र ब्राह्मण) त्यहाँ ब्राह्मणको पतन थिएन । खराजीको रोको आगाले लगाउँथ्यो मानिसले होइन (अन्त थिएन)। गीत सुनेर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

व्यस्त रहने स्वभाव मृगमा थियो, मानिसमा थिएन। नाचेको वेला मजूरको पक्षपात (पखेटो खस्ने) हुन्थ्यो, तर मानिस-मानिसमा पक्षपात थिएन। सर्पहरू-को भोग(फणा)हुन्थ्यो, तर मानिस भोगमा आसक्त थिएनन्, बाँदरहरू श्रीफल (बेल) खान चाहन्थे, तर मानिस श्रीफल पैसाका लागि मरिमेट्दैनथे, रूखका जराहरू तलतिर भासिन्थे, तर मानिस तल गिर्दैनथे।

यसरी महाकवि बाणलाई सरसर्ती हेर्दा संस्कृत गद्यसाहित्यका अमर साहि-कारको रूपमा परिचय पाउन सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि दण्डी

अग्नि तीन छन्, मुख्य देवता तीन (ब्रह्मा, बिष्णु, महेश्वर) छन्, वेद तीन छन्, गुण (सत्व, रज, तम) तीन प्रसिद्ध छन्, त्यस्तै दण्डीका तीन प्रबन्ध पनि विश्वप्रशिद्ध छन् ।卐
—राजशेखर

परिचय

महाकवि दण्डीका बारेमा विभिन्न आलोचकहरूबाट व्यक्त भएका भनाइ-बाट उनको कवि-व्यक्तित्वको मूल्याङ्कन गर्न सकिन्छ । संसारमा वाल्मीकि जन्मे-पछि एक कवि भए, व्यास जन्मेपछि दुई कवि भए, दण्डी जन्मेपछि कवि शब्द-को बहुवचनको प्रयोग हुन थाल्यो अर्थात् योग्यताक्रममा दण्डी तेस्रा कवि हुन् ।★ यसरी दण्डी कविको प्रशंसा गरिएको पाइए पनि वाल्मीकि र व्यास जतिकै विशाल र व्यापक दण्डी देखिदैनन् । कवित्वशक्ति, पदलालित्य र शिल्प-परि-ष्कारमा निश्चय पनि दण्डी अगाडि छन् । त्यसैले धेरै पारखी विद्वान्हरू भन्छन् 'दण्डिनः पदलालित्यम्' अर्थात् दण्डीको पदलालित्य प्रशंसनीय छ । यो भनाइ चाहिं निकै सार्थक र उपयोगी प्रतीत हुन्छ । संस्कृत-साहित्यका गद्यकविहरूमा दण्डी को उच्च र प्रतिष्ठापूर्ण स्थान छ ।

समय

अवन्ती सुन्दरी कथासारको कथानकबाट काञ्चीका पल्लव नरेशसिंह विष्णु-कहाँ आश्रित दामोदरका प्रपौत्र हुनाले यिनको समय सातौं शताब्दीको अन्ततिर

卐 त्रयोग्नयस्त्रयो देवास्त्रयो वेदास्त्रयो गुणाः ।
त्रयो दण्डिप्रबन्धाश्च त्रिषु लोकेषु विश्रुताः ॥

★ जातो जगति वाल्मीकिः कविरित्यभिधाऽभवत् ।
कवी इति ततो व्यासे कवयस्त्वयि दण्डिनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हो भन्ने बुझिन्छ । दण्डीले पाँचौं शताब्दीका राजा प्रवर सेनको कृति सेतुबन्ध श्रीहर्षका समकालीन बाण र मयूर कविको पनि उल्लेख गरेको पाइनाले र ६६० ई. का द्वितीय पुलकेसीकी रानी विज्जकाले दण्डीको नाम लिएको देखिंदा दण्डीको समय सातौं शताब्दी हो भन्ने निश्चय हुन आउँछ । यिनको जन्मबारे एउटा भनाइ छ–दण्डी नाम भएका कुमारलाई जन्माएपछि कुमार बालकै हुँदा आमा-बाबु परमधाम भए ।卐 जे होस्, दण्डीको समय सातौं शताब्दी हो र उनको बाल्य अवस्था दुःखदायी थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

दण्डीका तीन प्रबन्ध

१. काव्यादर्श

दण्डीका तीन प्रबन्ध कुन कुन हुन् भन्ने विषयमा अझै विवाद छँदैछ, तर काव्यादर्श दण्डीकै हो भन्ने विषयमा प्रायः टुङ्गो लागिसकेको छ । पद्यमा रचिएको काव्यादर्श साहित्यसिद्धान्तसम्बन्धी ग्रन्थ हो । त्यस समयको यति परिष्कृत ग्रन्थ महत्त्वपूर्ण उपलब्धिको रूपमा लिइन्छ । त्यसमा बाणको कादम्बरी काव्यमा वर्णित शुकनासको उपदेशको केही प्रभाव परेको पाइएकाले बाणपछिका दण्डी हुन् भन्ने कुरामा मद्दत पुग्छ; जस्तै :

अरत्नालोकसंहार्यमवार्यं सूर्यरश्मिभिः ।
दृष्टिरोधकरं यूनां यौवनप्रभवं तमः ।।

भावार्थ– यौवनबाट उत्पन्न भएको अन्धकारलाई न रत्नका प्रकाशले उज्यालो बनाउन सक्तछ, न त सूर्यका किरणहरूले नै प्रकाश दिन सक्तछन् । यौवनजन्य अन्धकारले आँखा बन्द गरिदिन्छ । काव्यादर्श अलङ्कार एवं साहित्य-सिद्धान्तसम्बन्धी उत्कृष्ट ग्रन्थको रूपमा सबैले स्वीकार गरेको पाइन्छ ।

२. दशकुमारचरित

संस्कृत गद्यकाव्यमा यो काव्य निकै चर्चित र महत्त्वपूर्ण मानिन्छ । यसै

卐 कुमारं दण्डिनामानं व्यक्तशक्तिमजीजनत् ।
स बाल एव माता च पिता चापि व्ययुज्यत ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

काव्यका आधारमा दण्डीको प्रतिभा उच्च मानिएको छ। कसै-कसैले यस काव्यको पूर्वार्धलाई अश्लील भएकाले अरूकै मानेक छन्। पूर्वार्ध नलेखी उत्तरार्ध कसरी लेख्ने ? त्यसैले अश्लील भए पनि पूर्वार्ध एवं उत्तरार्ध दण्डीकै हो भन्ने विद्वान्-हरू पनि छन्। शिल्प-परिष्कार र पद-लालित्यमा साम्य हुँदाहुँदै अश्लीलताकै कारणबाट दण्डीको होइन भन्न सकिँदैन। कुमार-संभवको आठौं सर्ग र नैषधको अठाह्रौं सर्गमा पनि अश्लीलता पाइन्छ, तर त्यो प्रकरण कालिदास र श्रीहर्षको होइन भन्न सकिँदैन। शृंगाररसको उद्रेकमा कस्ता-कस्ता भावोद्गार अभिव्यक्त हुन्छन् र ती अभिव्यक्तिले कति हृदयलाई कसरी प्रभावित पार्छन् भन्ने कुरा के भन्ने र ?

दशकुमारचरितमा राजवाहन र उनका साथी मन्त्रिपुत्रहरूसमेत १० जना कुमारहरूको भ्रमणमा देखिएका र भोगिएका अनेक सुख-दुःखको अवस्था र चरित्रको विशद वर्णन छ। यिनै दशकुमारका चरित्र र कार्यका आधारमा सज्जन, धूर्तहरूको क्रिया-कलाप देखाई पाठकहरूमा चातुर्य पैदा गराउने प्रयास सफल प्रतीत हुन्छ। ठाउँ-ठाउँ उचित शब्द-विन्यासले व्युत्पत्तिकारक बनेको देखिन्छ। अलंकारका झंकार ज्यादा नभएको वाक्य-विन्यास सरल, सरस र मधुर हुनाले शिक्षार्थीहरूका निम्ति यो ग्रन्थ बढ़ी उपयोगी बनेको देखिन्छ।

३. अवन्ती सुन्दरी-कथा

दण्डीको तेस्रो प्रबन्धसम्बन्धमा धेरै विवाद देखिन्छ। हालै नै 'अवन्ती सुन्दरी-कथा' भन्ने पुस्तक फेला परेकाले त्यही ग्रन्थ नै दण्डीको तेस्रो ग्रन्थ हो भन्ने केही विद्वान् छन् भने केही विद्वान् 'मृच्छकटिक'लाई मान्छन्। मृच्छकटिक शूद्रकको कृति सिद्ध भइसकेको छ। पिटर्सन र याकोवी 'छन्दोविचिति'लाई तेस्रो प्रबन्ध मान्छन्। भोजराजले आफ्नो कृति 'शृंगार-प्रकाशिका'मा उल्लेख गरेअनुसार दण्डीको तेस्रो प्रबन्ध 'द्विसन्धान' हो। 'द्विसन्धान' आजसम्म उपलब्ध नभएकाले यसभित्र यही विषय छ भनेर किटान गर्न सकिँदैन तापनि रामायण र महाभारत–का कथानकको संमिश्रित आख्यान होला भनेर केही विद्वान्हरूले अन्दाज गरेका छन्। अवन्ती सुन्दरी-कथामा दशकुमारचरितमा वर्णित पूर्वार्धकै कथानक पद्यमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाइनाले यो ग्रन्थ तेस्रो प्रबन्ध हुनामा शंका छ तापनि विद्वान्हरूले अवन्ती सुन्दरीकथालाई नै दण्डीको तेस्रो प्रबन्ध मानेका छन् ।

यसरी महाकवि दण्डीका प्रबन्धहरू विवादास्पद भए पनि काव्यादर्श (अलंकार शास्त्र) र दशकुमारचरित (गद्य-काव्य) अत्यन्त महत्त्वपूर्ण मानिएका छन् । दशकुमारचरितमा पाइने कथानक, मनोरंजकता र कलात्मकताले दण्डीको अपरिमित प्रतिभाको पहिचान हुन्छ । सूक्तिको संयोजन, यथार्थवादी प्रयोजन, पदलालित्य र काव्यात्मक अभिव्यक्तिको सङ्गममा संरचित दशकुमारचरित दण्डीको मूर्धन्य कृति हो । जे होस्, महाकवि दण्डी संस्कृत-गद्यसाहित्यका अमर साहित्यकार र साहित्य-अलङ्कारशास्त्रमा विवेचकको रूपमा सधैं अमर रहि-रहनेछन् ।

दण्डीको पदलालित्य

सुन्दर-सुन्दर पदहरूको संयोजन दण्डीको विशेषता हो । दण्डी सफल गद्य-कविको रूपमा पनि प्रसिद्ध छन् । पदलालित्य र कवित्व-प्रतिभा मूल्यांकन गर्न तलका केही नमूना हेरौं :

कुमारा माराभिरामा रामाद्य पौरुषा रुषा भष्मीकृतारयो रयोपहसित समीरणा रणाभियानेय यानेनाभ्युदयशंसं राजानमकार्षुः ।

भावार्थ—कामदेव-समान सुन्दर, राम आदि जस्तै पराक्रमी, आफ्नो रिसबाट शत्रुहरूलाई भस्म गर्ने, आफ्ना वेगबाट वायुलाई पनि तिरस्कार गर्ने राजकुमार-हरूले आफ्नो रथयात्राबाट विजय हुन्छ भन्ने विश्वास राजालाई दिलाए ।

दुःखान्त घटनाहरूको कारण भएको अकाल परिस्थितिको वर्णन कवि दण्डी यसरी गर्छन्—जसबाट उनको शैलीको सरलता र सजीवतासँग परिचित हुन सकिन्छ; जस्तै :

'क्षीणसारं ग्रास्त्रम्'ओषधयो वन्ध्या, न फलवन्तो वनस्पतयः, क्लीबा मेघाः, भिन्नस्रोतसः स्रवन्त्यः, पङ्कशेषाणि पल्लवानि, निर्निःस्यन्दान्युत्समण्डलानि, विरलीभूतं कन्दमूलफलम्, अवहीनाः कथाः, गलिता कल्याणोत्सवक्रियाः, बहुली-भूतानि तस्करकुलानि, अन्योन्यम् भक्षयन् प्रजाः, पर्यलुण्ठन्नितस्ततो बलाका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाण्डुराणि नर-शिरःकपालानि पर्यहिण्डन्त, शुष्काः काकमण्डल्यः, शून्यीभूतानि नगरग्रामखर्वटपुटभेदनादीनि ।'

भावार्थ–अन्न सारहीन भयो, औषधिहरू निष्फल भए, वृक्षहरू फलरहित भए, मेघ जलहीन भए, नदीहरूमा स्रोतहरू सुक्तै गए, तलाउहरूमा हिलो मात्र बाँकी रह्यो, झरनाहरू झर्न छोडे, कन्दमूल र फलहरू पाइन छोडे, कथाहरू बन्द भए, माङ्गलिक उत्सवसम्बन्धी क्रियाहरू रोकिए, चोरहरू बढे, प्रजाहरू एकले अर्कालाई खान–सताउन लागे, मानिसका शिर यता-त्यता झुवन लागे, रुक्खा कागका बथान यता-त्यता घुम्न लागे, शहर-गाउँ साना-साना, गाउँ-गल्ली सबै शून्य देखिन लागे ।

यसबाट दण्डीको पदलालित्य, प्रतिभा र वर्णन-शैलीसँग परिचय पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बाण र दण्डी : (संक्षिप्त तुलना)

साम्य

१. महाकवि बाण एवं दण्डी दुवै गद्यविद्याका सशक्त महाकवि हुन् ।

२. दुवै कवि गद्यविधाका अतिरिक्त पद्य- संरचनामा पनि सफल देखिएका छन् ।

३. रोचकता; मिठास र भावभूमिका दृष्टिले दुवै कवि समान देखिन्छन् ।

४. भाषा र भाव, शब्द र अर्थ, प्रतिभा र कल्पनाको अपूर्व संगम दुवै महाकविका गद्यकाव्यमा पाउन सकिन्छ ।

५. दुवैका गद्यकाव्यहरू प्रायः पूर्वीय साहित्यिक मान्यताअनुरूप संरचित प्रतीत हुन्छन् ।

वैषम्य

१. महाकवि बाण अगाडिका र दण्डी पछाडिका देखिन्छन्, बाणका केही रचनाको प्रभाव दण्डीका कृतिमा परेको पाइन्छ ।

२. बाणले नाटकहरू पनि रचेको उल्लेख छ, तर दण्डीले नाटक नरचेर साहित्यिक अलंकारग्रन्थ काव्यादर्श लेखेका छन् ।

३. बाणको गद्यशैली अत्यन्त प्रौढ, समासबहुल छ भने दण्डीको समास कम र सरल छ ।

४. बाणले 'हर्षचरित' अख्यायिका लेखे, तर यस्तो कृति दण्डीको देखिदैन ।

५. बाणले आफ्नो परिचय आफैंले दिएका छन् र समय निश्चित छ, तर दण्डीले आफ्नो परिचय त्यसरी आफै दिएका छैनन् ।

६. दण्डीको मूर्धन्य कृति दशकुमारचरित हो भने बाणको मूर्धन्य कृति कादम्बरी हो । दुवै गद्यकाव्यकारका रूपमा अमर महाकवि हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि माघ

कालिदासमा उपमा, भारविमा अर्थगौरव र दण्डीमा पदलालित्य छ भने माघमा यी तिनै गुण विद्यमान छन् ।卐 —एक विद्वान्

परिचय र समय

बृहत्त्रयीमा शिशुपालवध, किरातार्जुनीय र नैषध महाकाव्य पर्दछन् । यी तीन महाकाव्यमा पनि आफ्नै किसिमको विशिष्ट शैलीका लागि माघ कविको शिशुपालवध प्रख्यात छ । माघ काव्यलाई शिशुपालवध पनि भनिन्छ । नौ सर्ग माघ पढ़िसकेपछि अर्को नयाँ शब्द पाइँदैन, अर्थात् सबै नयाँ शब्द त्यहीं परि-सकेका हुन्छन् भन्ने भनाइ छ । हुनपनि माघ काव्य अद्वितीय नै छ । सम्पूर्ण महाकाव्य अध्ययन गरेर माघ कविको प्रतिभासँग परिचय पाउन सकिन्छ । माघ कविको जन्म गुजरातको कुनै धनाढ्य ब्राह्मण-कुलमा भएको थियो, उनका पिताको नाम दत्तक थियो । दत्तक दानशील थिए । पिताको प्रभाव माघमा पनि नपरी छोडेन । दान दिंदा दिंदा माघ कविले आफ्नो सम्पूर्ण संपत्ति सके ।

मावको समयनिरूपणमा मतभेद छ, कसैले यिनलाई सातौं शताब्दीको उत्तरार्ध मानेका छन् भने कसैले आठौं शताब्दीको मध्यभाग पनि मानेका छन् । कसैले भोज-प्रबन्धको आधार लिएर एघारौं शताब्दी पनि मानेका छन् । गुज-रातका वर्मलात राजाकहाँ माघका दाजु सुप्रभ देवले आश्रय लिएको उल्लेख पाइनाले सातौं शताब्दीको उत्तरार्ध र आठौं शताब्दीको पूर्वार्धका बीच माघको समय निर्धारण गर्ने पक्षमा धेरै विद्वान्हरूले राय व्यक्त गरेका छन् ।

किंवदन्ती

भोज-प्रबन्धमा उल्लेख भएको छ 'दान दिएर आफ्नो धन सकेपछि आफ्नी पत्नीलाई आफूले रचेका केही श्लोक लिएर भोज राजासमक्ष माघले पठाए ।

卐 उपमा कालिदासस्य भारवेरर्थगौरवम् ।
दण्डिनः पदलालित्यं माघे सन्ति त्रयो गुणाः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सारगर्भित मनोरम श्लोक पाएर प्रसन्न भई प्रशस्त सम्पत्ति दिएर भोजले पठाए, दानशील बुझेर माघकी पत्नीसँग सबै गरीबगुरुवाहरूले बाटामा धन माँगे। उनी दिँदै गइन्। घरमा पुग्दा राजा भोजले दिएको सबै सम्पत्ति सकिछन्। तैपनि दरिद्र मानिसहरू आशामै रहेका जस्तै देखिन्थे। यस्तो देखेर दानशील र दयालु माघले आफ्नो प्राण छोड़िदिएकोले पतिको साथमा उनकी पत्नी पनि सती गइन्, यस्तो भनाइ पाइए पनि इतिहासमा दुई भोज देखिन्छन्। एक भोज धारा-नरेश, जसको समय एघारौं शताब्दी १०१०–५० ई.) हो। अर्को भोज सातौं शताब्दीमा हुनुपर्छ, जसका आधारमा यो कथानक पाइन्छ। इतिहासका दुवै भोज राजाका पावन चरित्र र घटनालाई लिएर भोज-प्रबन्धको रचना भएकाले माथिको भनाइलाई पूरै गलत भनेर पर सार्न सकिँदैन।

माघको शिशुपालवध

माघको 'शिशुपाल' महाकाव्य हो। यसमा चेदि-नरेश शिशुपाललाई भगवान् कृष्णले मारेको महाभारतको एक टुक्रा कथानकलाई काव्यात्मक रूपले विस्तार गरी महाकाव्यको रूप दिइएको छ। राजनीतिको मनोरम वर्णन, ऋतुहरूको हृदयस्पर्शी वर्णन, प्रकृतिको सुन्दर चित्रण, अलङ्कारको सजावट, एकाक्षरी सर्वतोभद्र आदि अनेक चित्रालङ्कारको प्रयोग, मीठा-मीठा सूक्तिहरूको संयोजना आदि विविध विषयका समावेशले काव्यको महिमा सुशोभित बनेको छ, बढेको छ। हुन त शिशुपालवधको अपेक्षा अरू सूक्तिहरू र अन्य कतिपय ग्रन्थ माघका थिए भनिन्छ, तर खास प्रमाणका अभावमा केही भन्न सकिँदैन।

औचित्य विचार-चर्चामा माघका नामबाट एक श्लोक दिइएको पाइन्छ। सो श्लोक माघ काव्यमा छैन। हुन सक्छ त्यो श्लोक माघको छुट्टै सूक्ति हो।

बुभुक्षितैर्व्याकरणं न भुज्यते
न पीयते काव्यरसः पिपासितैः।
न विद्यया केनचिदुद्धृतं कुलं
हिरण्यमेवार्जय निष्फलाः कलाः॥

भावार्थ— भोकाएका मानिसहरू व्याकरण खाएर भोक टार्न सक्तैनन।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
तिर्खाएका मानिसहरूबाट काव्यरस पिएर तिर्खा मेटेको पनि देखिदैन । विद्याले मात्र कुलको उद्धार गरेको कसले कहाँ छ र ! सम्पूर्ण कला निष्फल छन्,धनको आर्जन गर, सबै धनमा नै आश्रित छन् ।

भारवि र माघ

माघको समयमा भारविको ठूलो प्रतिष्ठा थियो । किरातार्जुनीय महाकाव्यको ख्याति त्यसवेला ठूलो थियो । यो देखेर प्रतिभाशाली माघले किरातार्जुनीय महाकाव्यलाई पर सारेर त्यसको ठाउँमा चमकदार महाकाव्य'शिशुपालवध' खडा गर्ने निश्चय गरे । भारविको महाकाव्य 'किरातार्जुनीय'को प्रभाव शिशुपालवधमा केही झल्कन्छ तापनि शिशुपालवधमा महाकाव्यको आफ्नै उच्च प्रतिष्ठा स्थापन गर्न महाकवि माघ सफल भएका छन् । अनि त्यसै वेलाका विद्वान् आलोचकहरूले यसो भनेको पाइन्छ 'तावद्भा भारवेर्भाति यावन्माघस्य नोदयः' अर्थात् त्यस वेलासम्म भारविको प्रतिभा सुशोभित हुन्छ, जुन वेलासम्म माघको उदय भएको थिएन । यस भनाइअनुसार विभिन्न विद्वान्हरूले 'भारवि र माघ' को पनि लाक्षणिक अर्थ लगाएका छन् । भा+रवि = सूर्यको प्रकाश, त्यसलाई कम गराउने शक्तिशाली महीना हो माघ, अर्थात् सूर्यको किरणको उत्कर्षतालाई कम गर्ने उद्देश्यले आफ्नो नाम माघ र तदनुसार काव्यको नाम पनि राखिएको भनिन्छ । जे होस्, माघको पाण्डित्य गहिरो र प्रशंसनीय छ भन्ने कुरामा कुनै पनि विद्वान्ले असहमति जनाउन सक्दैन।

किरातार्जुनीय र शिशुपालवध

१. यी दुवै महाकाव्य एक अर्कामा साम्य र वैषम्य राख्तछन् । यी दुवै महाकाव्यले बृहत्त्रयीमा स्थान पाएका छन् ।
२. भारवि शैव थिए भने माघ वैष्णव थिए ।
३. श्री शब्दबाट किरातार्जुनीय एवं शिशुपालवध दुवै महाकाव्यको प्रारंभ भएको छ, अर्थात् दुवै कविले श्री शब्दलाई मङ्गलाचरणको रूपमा प्रयोग गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. भारविले आफ्नो काव्यका प्रत्येक सर्गका अन्तमा 'लक्ष्मी' शब्दको प्रयोग गरेका छन् भने माघले पनि 'श्री' शब्दको प्रयोग गरेका छन् ।

५. दुवै काव्यको वर्णन-क्रम समान देखिन्छ; जस्तै पहिलो सर्गमा दुवै काव्यमा सन्देश कथन छ । किरातमा वनेचरद्वारा र माघमा नारदद्वारा क्रमशः युधिष्ठिर र श्रीकृष्णमा, दोस्रो सर्गमा राजनीति कथन छ, किरातार्जुनीयमा भीमको भनाइ नभनेर व्यासको भनाइ-अनुसार र माघमा बलरामको भनाइलाई नमानेर उद्धवको भनाइ-अनुसार गरिन्छ । यसपछि दुवै काव्यमा यात्रा वर्णन छ । किरातमा चारौं सर्गमा, माघको छैटौं सर्गमा ऋतुवर्णन छ । किरातको पाचौं सर्गमा हिमालयको वर्णन र माघको चारौं सर्गमा रैवतक पर्वतको वर्णन छ । त्यसपछि दुवै काव्यमा चन्द्रोदय, सन्ध्याकाल, सुन्दरीहरूको जल-क्रीडा, अन्धकार आदि विषय-वस्तुको मनोहर वर्णन छ । किरातको १३ र १४ सर्गमा अर्जुन र किरातरूपधारी शिवका बीच वाणका लागि वादविवाद छ भने माघको १६ औं सर्गमा शिशुपालको दूत र सात्यकिका बीच यस्तै वाद-विवाद पाइन्छ । सर्वतो भद्र, एकाक्षरी पद्य, चित्रकाव्य प्रभृति विषयमा रूपरेखामा समानता पर्याप्त भए पनि दुवै महाकाव्य एक अर्कामा मौलिक अस्तित्व कायम राख्तछन् । दुवै महाकाव्यका दृष्टिकोण, विषय र आधार छुट्टाछुट्टै छन् । त्यसैले प्रभाव भए पनि प्रतिभाको प्रयोग छुट्टै र मौलिक रूपमा भएको छ ।

माघका केही कविता

माघ एक सरस कवि मात्र थिएनन् उनी सर्वशास्त्रतत्त्वज्ञ पनि थिए । भारविमा राजनीति-पटुता, श्रीहर्षमा दार्शनिक प्रगाढ़ पाण्डित्य देखिन्छ भने शास्त्रको परिनिष्ठित ज्ञानलाई काव्यरूपी साँचोमा ढाल्ने माघको प्रतिभा एकाङ्गी नभएर सर्वगामी छ । विद्वान्हरूले जुन रूपमा माघको प्रशंसा गरेका छन्–त्यो अत्युक्ति देखिदैन । केही नमूना–

उपमा

दधानमम्भोरुहकेसरद्युति–
जटाः शरच्चन्द्रमरीचिरोचिषम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विपाकपिङ्गास्तुहिनस्थलीरुहो
धराधरेन्द्रं व्रततीततीरिव ।।१।५

भावार्थ– कमलको केसरको समान कान्ति हुने (केसरी रंगको), जटा धारण गर्ने, शरद् ऋतुको चन्द्रको किरणसमान कान्ति हुने, पाकेर पहेंला भएका हिउँ-को भूमिमा उत्पन्न लहराहरूको समूह धारण गर्ने पर्वतराज हिमालय झैं स्थित नारदलाई श्रीकृष्णले देख्नुभयो ।

अर्थ-गौरव

अवशक्यङ्कपरिवर्तनो चिता-
श्चलिताः पुरः पतिमुपैतुमात्मजाः ।
अनुरोदितीव करुणेन पत्रिणां
विरुतेन वत्सलतयैष निम्नगाः ।। ४।४७

भावार्थ–निःशङ्क भएर काखका लुटुपुटु गर्नाले सुपरिचित पति (समुद्र) लाई प्राप्त गर्न अगाडि गएका, आफूबाट पैदा भएका नदीहरूका निम्ति (छोरीहरूका लागि) वत्सलताले (वात्सल्य प्रेमले) यो रैवतक पर्वत मानो रोइरहेको छ ।

पदलालित्य

यत्रोज्झिताभिर्मुहुरम्बुवाहैः
समुन्नमद्भिर्न समुन्नमद्भिः
वनं बवाधे विषपावकोत्था
विपन्नगानां न विपन्नगानाम् । ४।१५

भावार्थ– जुन रैवतक पर्वतमा अतिशय नम्र हुँदै मेघद्वारा वर्साइएको जल-प्रवाहले भिजेको सर्पयुक्त वृक्षहरूले भरिभराउ भएको वनलाई विषरूपी उत्पी-डनद्वारा सिर्जित अग्निले पनि केही असर पार्न सकेन ।

घण्टा माघ

कसै कसैले माघलाई 'घण्टा माघ' पनि भनेका छन् । किनभने एक ठाउँ वर्णन गर्दै जाँदा 'घण्टा' को वर्णन प्रभावकारी रूपले गरेको र सो उल्लेख अति राम्रो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri
मान्ने विद्वान्हरूले माघलाई घण्टा माघ उपाधि दिएको अनुभव हुन्छ, जस्त प्रातःकालमा रैवतक पर्वतको कान्तिको वर्णन कवि माघ यसरी गर्छन् :

उदयति विततोर्ध्वरश्मिरज्जा–
वहिमरुचौ हिमधाम्नि याति चास्तम् ।
वहति गिरिरयं विलम्बि घण्टा
द्वयपरिवारित - वारणेन्द्रलीलाम् ।।

भावार्थ–माथितिर डोरीरूपी किरण फैलाएर सूर्यनारायण रैवतक पर्वतको एकातिर उदाएका छन् भने अर्कातिर चन्द्रमा अस्ताइरहेछन् । यो रैवतक एक हात्ती हो, जसका दुईपट्टि घण्टा (चन्द्र र सूर्य) झुण्डयाइएका छन् । त्यस सुन्दर कल्पनाका आधारमा माघलाई घण्टा माघ पनि भनिने गरिएको बुझिन्छ ।

भाग्य र उद्योग

महाकवि माघ भाग्य र उद्योग दुवैमा विश्वास राख्छन्; जस्तो कि सत्कवि शब्द र अर्थ दुवैको प्रयोजन आवश्यक ठान्छ; जस्तै :

नालम्बते दैष्टिकतां न निषीदति पौरुषे ।
शब्दार्थौ सत्कविरिव द्वयं विद्वानपेक्षते ।।

भावार्थ–विद्वान् व्यक्ति खालि भाग्यमा विश्वास गर्दैन, ऊ खालि उद्योग वा कर्ममा मात्र पनि भर पर्दैन । जस्तो सत्कवि शब्द र अर्थ दुवैको अपेक्षा गर्छ, त्यस्तै विद्वान् व्यक्ति उद्योग र भाग्य दुवैलाई उत्तिकै महत्त्व दिन्छ ।

यसरी माघका पद्यहरू उद्धृत गर्ने हो भने पूरै महाकाव्य उद्धृत गरे पनि उत्तिकै सशक्त प्रतीत हुन्छन् । माघ कविका बारेमा आलोचक एवं नाटककार राजशेखरको अभिव्यक्ति साँच्चै स्वाभाविक र प्रभावकारी देखिन्छ; जस्तै :

कृत्स्नं प्रबोधकृत् वाणी भा रवेरिव भारवेः ।
माघेनेव च माघेन कस्य कम्पो न जायते ।।

भावार्थ–सबैलाई जगाउने सूर्यका किरण जस्तै भारविको वाणी छ अर्थात् भारविका कविताले सबैलाई जागा गराउँछन् । सम्पूर्ण ज्ञान पैदा गर्ने माघ महीना जस्तै माघको नाम सुनेर कुन कविलाई कम्प छुट्दैन र ! अर्थात् माघको नाम सुनेर सबै कवि आफ्नो प्रतिभा कम ठानेर थरथर काम्छन्, डराउँछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार भवभूति

विचित्र पदन्यासले युक्त स्पष्ट भाव र रस भएको भवभूतिको अभिव्यक्ति नाटकमा नर्तकी स्त्रीको जस्तै छ,अर्थात् जुन विषय छोए पनि हृदयाकर्षक प्रतीत हुन्छ । 卐 —धनपाल

पृष्ठभूमि र परिचय

संस्कृत साहित्यका साधकहरूमध्ये धेरैले आपनो विषयमा कम बोलेका छन्। उनले पनि आपनो बारेमा पर्याप्त उल्लेख नगरे पनि भवभूतिको महावीर चरित-को प्रस्तावनामा केही परिचय पाइन्छ । भवभूतिको वास्तविक नाम श्रीकण्ठ थियो । आपनो कवितामा 'भवभूति सितानतौ' भन्ने प्रयोग गरेका उनका कविता र नाटक भव-भूति (संसारकै ऐश्वर्य) का रूपमा रहेकाले साहित्यिक जगत्मा भवभूति नामले प्रसिद्ध भएको बुझिन्छ । यिनको जन्मस्थान विदर्भ देशको पद्मपुर थियो । यिनका पिताको नाम नीलकण्ठ र माताको नाम जतुकर्णी थियो । आर्य संस्कृति-अनुसार वेदाध्ययन, पठन-पाठन यस वंशको परंपरागत धर्म थियो । भवभूतिले 'भट्ट श्रीकण्ठ पद लाञ्छनो भवभूतिर्नाम' भनेर उल्लेख गरेकाले यिन-को वास्तविक नाम श्रीकण्ठ भन्ने बुझिन्छ । हुन त यिनका गुरुको नाम ज्ञान–निधि भन्नेले लिएको छ तापनि यी कुमारिल भट्टका चेला हुन् भन्ने कसैको भनाइ छ । शङ्कर दिग्विजयको सातौं सर्गमा मण्डन मिश्रको नाम आउँछ । मण्डनको अर्को नाम विश्वरूप हो। शङ्कराचार्यसँग दीक्षा लिएपछि यिनैको नाम सुरेश्वराचार्य रह्यो । यस्तै आधारमा मण्डन, विश्वरूप, उम्वेक र सुरेश्वर एकै व्यक्तिको नाउँ हो भन्ने कसैको भनाइ छ । दार्शनिक सिद्धान्तमा भेद देखिएकाले मण्डन र सुरेश्वर भिन्न-भिन्न हुन् भन्ने पनि देखिन्छ ।

卐 स्पष्टभावरसा चित्रैः पदन्यासैः प्रवर्तिता ।
नाटकेषु नटस्त्रीव भारती भवभूतिना ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भवभूतिले पछि कान्यकुब्जका नरेश यशोवर्माको आश्रय लिएका थिए। यिनको समय ७५० विक्रम सम्वत्तिर हो। शुरू शुरूमा समकालीन कविहरूबाट यिनले आदर पाएका थिएनन्; त्यसैले आत्मविश्वाससाथ आफ्नो नाटक,'मालती माधव' को प्रस्तावनामा भवभूति भन्छन्–

ये नाम केचिदिह नः प्रथयन्त्यवज्ञां
जानन्ति ते किमपि तान् प्रति नैष यत्नः।
उत्पत्स्यतोऽस्ति मम कोऽपि समानधर्मा
कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी ॥

भावार्थ– जो मलाई हेंला गर्छन्, निन्दा गर्छन् तिनका लागि यो प्रयत्न होइन, मेरै जस्तो विचार बुद्धि भएका व्यक्तिहरू जन्मनेछन्, मूल्याङ्कन गर्नेछन्, किनभने काल (समय) कहिल्यै सकिंदैन, पृथिवी विशाल छ, निरवधि काल र विशाल पृथ्वीलाई एउटै घेरामा सीमित गर्न सकिंदैन।

भवभूतिका कृति

१. मालती माधव
२. महावीर-चरित
३. उत्तर-रामचरित

अहिलेसम्म पाइएका कृतिहरू यिनै हुन्। यी तीनै कृति नाटक हुन्। मालती माधव पूर्वीय नाटकीय सिद्धान्त-अनुसार एक प्रकरण हो। यसमा प्रेमको साँच्चाको चित्र खिचिएको छ, प्राकृतिक वर्णन पनि लामो लामो र काव्यात्मक अभिव्यक्ति पनि पर्याप्त पाइनाले यसलाई काव्य-नाटक भनेमा पनि अत्युक्ति मानिंदैन।

महावीर-चरित रामको पावन चरित्रको पूर्वार्ध हो। जसरी भास(नाटककार) ले अभिषेक र प्रतिमा नाटकका आधारमा सम्पूर्ण रामचरित्रलाई नाटक–सूत्रमा आबद्ध गरेका थिए, त्यसैगरी नाटककार भवभूतिले पनि महावीर-चरित र उत्तर-रामचरितका आधारमा सम्पूर्ण रामचरित्रलाई आबद्ध गरेका छन्। रामको चरित्र, स्वभाव र आदर्श प्रत्येक मानवले स्वीकार गरेमा यो पृथ्वीलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वर्ग समान बनाउन सकिन्छ भन्ने विचारले पूर्ण पारेर भवभूतिले रामकथालाई आफ्नो कथा-प्रतिभा र श्रमले सजाएका छन् । बालीलाई रामले मारेको कथानकलाई 'रावणको सहायक भई आएको बालीलाई रामले मारे' भन्ने मिलाएर साँच्चै दोषरहित आदर्श व्यक्तित्वका रूपमा रामलाई प्रमुख नायक बनाएका छन् । मालती माधव र महावीर-चरितभन्दा पनि उत्तररामचरित भवभूतिको अत्यन्त सफल नाटक हो, जसमा करुणरसका धारा अविरल रूपमा प्रवाहित छन् । काव्यात्मक अभिव्यक्ति र समसामयिक कल्पनाले पाठक एवं दर्शकको हृदयमात्र पगाल्दैन, अचेतनको हृदय पगाल्नसमेत सफल छ भन्ने दावी पाइन्छ । हुन पनि अभिव्यक्ति प्रवाह र कवित्व-प्रतिभाको मूल्याङ्कन गर्दा अस्वाभाविक पनि देखिदैन ।

कवित्व-प्रतिभा

छुट्टै कविता वा काव्यका रूपमा भवभूतिको कृति नदेखिए पनि नाटकीय रचनामा समावेश भएका कविताहरूले भवभूतिको वैशिष्ट्य औंल्याइरहेका छन् । कुनै पनि विषयलाई बाहिरी रूपमा मात्र होइन, सूक्ष्म निरीक्षणमा पनि भवभूति खप्पिस छन् । शिखरिणी छन्दको प्रयोगमा त भवभूतिको झन् प्रशंसा भएको पाइन्छ । यिनका कवितामा मनोवैज्ञानिकता र अद्भुत चमत्कार पाइन्छ । यिनका कवितामा जति मौलिकता छ त्यत्तिकै पाठक समुदायको हृदयलाई समात्न सक्ने क्षमता पनि छ । कुनै पनि रसमा उत्तिकै सफल चित्रण गर्न खपिस छन् तापनि करुणरस उनको अभिव्यक्तिको प्रमुख माध्यम हो ।

प्रेम-- प्रेम के हो ? यो कसरी रहन्छ ? परिभाषा गर्दै भवभूति कवितामा यसरी भाव व्यक्त गर्छन्-

अद्वैतं सुखदुःखयोरनुगुणं सर्वास्ववस्थासु यत्
विश्रामो हृदयस्य यत्र जरसा यस्मिन्नहार्यो रसः ।
कालेनावरजात्ययात् परिणते यत्स्नेहसारे स्थितः
भद्रं तस्य सुमानुषस्य कथमप्येकं हि तत्प्राप्यते ।।

भावार्थ- साँचो प्रेम के सुख, के दुःख दुवैमा एकनास रहन्छ, चाहे विपत्ति परोस्, चाहे सम्पत्ति ओइरियोस्, सधैं अनुकूल रहन्छ । जुन प्रेममा हृदय विश्राम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लिन्छ, वृद्धावस्थामा पनि यसको महिमामा कमी आउँदैन, समय बित्तै जाँदा बाहिरी लाज, सङ्कोच आदि आवरण हटेर जुन परिपक्व स्नेह एवं सद्भावनाको सार बाँकी रहन्छ, त्यही नै साँचो प्रेम हो ।

भवभूतिका अनुसार प्रेम बाहिरी सम्पर्कबाट हृदयमा उत्पन्न हुंदैन, एक हृदयलाई अर्को हृदयसँग जोड्ने कुनै भित्री कारण हुन्छ, जस्तै :

व्यतिषजति पदार्थानान्तरः कोऽपि हेतु–
र्न खलु बहिरुपाधीन् प्रीतयः संश्रयन्ते ।
विकसति हि पतंगस्योदये पुण्डरीकं
द्रवति च हिमरश्मावुद्गते चन्द्रकान्तः ।।

भावार्थ– प्रीति (प्रेम) कुनै बाहिरी कारणले पैदा हुँदैन । कुनै भित्री कारणले पदार्थलाई आपसमा मिलाइदिन्छ । कहाँ पृथ्वीको हिलोमा उम्रेको कमल, कहाँ आकाशमा उदाउने सूर्य, सूर्य उदाउन लागे भन्ने बुझेपछि कमल फक्रिदिन्छ, चन्द्रमाको उदय हुनेबित्तिकै चन्द्रकान्त मणि पग्लिन लाग्छ । सांसारिक उदाहरण मात्र नदिएर प्रेमका बारेमा प्रकृतिका अटल नियमहरूको उल्लेख गर्नु भवभूतिको विशेषता हो । यी कवितामा 'प्रेम' विषयलाई लिएर सारगर्भित अभिव्यक्ति प्रकट गरिएको छ ।

करुण-रस

रसवादी आचार्यहरूले कसैले श्रृङ्गाररसलाई प्रमुख मानेका छन् त कसैले वीररसलाई । भवभूतिले भने अरू आचार्यहरूको विचारभन्दा अलग किसिमले करुणरसलाई नै सबभन्दा प्रधान रस मानेका छन् । यसबारे भवभूतिको भनाइ छ; जस्तै :

एको रसः करुण एव निमित्तभेदात्
भिन्नः पृथक् पृथगिवाऽश्रयते विवर्तान् ।
आवर्तबुद्बुदतरङ्गमयान् विकारा–
नम्भो यथा सलिलमेव तु तत्समग्रम् ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भावार्थ– करुणरस नै प्रधान रस हो । रस-सामग्री र स्थायीभाव आवलम्बन, उद्दीपन आदिको विभिन्नताबाट रस भिन्न भिन्न परिणाम धारण गर्ने हुन्छ तापनि वास्तवमा एउटै रस छ, त्यो हो करुणरस । एउटै जल कहिले तरङ्ग, कहिले बुद्‌बुद(फोका), कहिले प्रवाहको रूप लिन पुगे पनि वास्तवमा पानी पानी नै हो । एउटै करुणरस भए पनि विकार र प्रसंगवश अरू विभिन्न रसमा परिणत हुन गएको मात्र हो । यसरी करुणरस-बारेमा भवभूतिको यति उच्च विचार देखिन्छ भने काव्यमा वर्णित करुणरसको बारेमा के भनूँ ? त्यसैले गोवर्धनाचार्यले भनेका छन्–

'भवभूतिको करुणरस प्रयोगले मानिसका हृदयलाई मात्र रुवाउँदैन, पाषाण हृदय पनि रुन थाल्छ, अर्थात् ढुङ्गा पनि पग्लिन्छ ।'

सीताका लागि विलाप गरिरहेका राम कसरी आफ्नो गद्‌गार प्रकट गर्छन्-हेरूँ- भवभूतिकै शब्दमा–

हा हा देवि ! स्फुटति हृदयं स्रंसते देहबन्धः
शून्यं मन्ये जगदविरलं ज्वालमन्तर्ज्वलामि ।
सीदन्नन्धे तमसि विधुरो मज्जतीवान्तरात्मा
विष्वङ्मोहः स्थगयति कथं मन्दभाग्यः करोमि ।।

भावार्थ– तिमी नहुँदा मेरो हृदय चिरा-चिरा बनेर फुट्न लागिरहेछ । शरीर शिथिल छ,संसार सुनसान प्रतीत हुन्छ । मेरो हृदयमा सधैं ज्वाला बलिरहेछ,मेरो दुःखित आत्मा गाढ अन्धकारमा धँसदै छ,चारैतिरबाट अज्ञानले मलाई घेरिरहेको छ । हे देवि ! सीते ! मन्दभाग्य भएको म के गरूँ ! कहाँ जाऊँ !

भगवान् रामको व्यक्तित्व

भगवान् रामको व्यक्तित्व त्यसै पनि चमकदार छ, त्यसमा भवभूतिले अझ चमक थपिदिएका छन् । कवितात्मकता र यथार्थताका माध्यमबाट रामलाई उच्च र आदर्शको प्रतीकका रूपमा कविले लिएका छन् । समाजका लागि भगवान् रामलाई प्रेरणा-स्रोत बनाउन भवभूतिले महत्त्वपूर्ण भूमिका खेलेका छन् भन्ने कुरा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उनका रचना पढ्दा थाहा पाउन सकिन्छ । भगवान् राम यसो भन्नुहुन्छ– भवभूतिका शब्दमा; जस्तै :

स्नेहं दयां च सौख्यं च यदि वा जानकीमपि ।
आराधनाय लोकस्य मुञ्चतो नास्ति मे व्यथा ।। १।१२

भावार्थ– प्रजाहरूको सन्तुष्टिका लागि म कुनै पनि कुरा त्याग्न हिचकिचाउँदिनँ । स्नेह, दया, सुख एवं आफ्नी धर्मपत्नी जानकीलाई नै त्याग्नुपर्छ भने पनि (त्यसो गर्दा प्रजा सन्तुष्ट हुन्छन् भने) मलाई कुनै व्यथा वा पीडा हुनेछैन ।

रामको हृदय कस्तो थियो, एकै छिनमा सीतालाई त्याग्ने, त्यागेको केही छिनपछि सीताको सम्झनामा विलाप गर्दै आफूले अकर्तव्य गरें कि भनेर शोच्ने; जस्तै :

वज्रादपि कठोराणि मृदूनि कुसुमादपि ।
लोकोत्तराणां चेतांसि को हि विज्ञातुमर्हति ।। २।७।

भावार्थ– वज्रभन्दा कठोर र फूलभन्दा नरम हृदय हुने महान् पुरुषहरूलाई कसले बुझ्न सक्छ र ? एकै छिनमा हृदयलाई वज्र र एकै छिनमा फूल बनाउने हृदय भएका महान् पुरुष जान्न बुझ्न नसकिने हुन्छन् । भगवान् रामको हृदय फूलसँग पनि दाँजिन सक्छ, वज्रसँग पनि दाँजिन सक्छ, अर्थात् वज्र बन्नुपरे वज्र र फूल बन्नुपरे फूल बन्न सक्ने रामको हृदय थियो ।

आमा-बाबुका हेर-विचारमा नयाँ दुलही भित्र्याउँदाको आनन्दबारे भगवान् राम भन्नुहुन्छ, भवभूतिका शब्दमा–

जीवत्सु तातपादेषु नूतने दारसंग्रहे ।
मातृभिः चिन्त्यमानानां ते हि नो दिवसा गताः ।

भावार्थ– बुबा मुमा जीवितै हुनुहुन्थ्यो, भरखरै बिहा गरेर दुलही भित्र्याइएको थियो, आमाहरूले खानपान रहन-सहनको हेरविचार गर्नुहुन्थ्यो, त्यति आनन्दका दिन बितेर गए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वभावोक्ति

प्रकृति चित्रण र जस्ताको तस्तै घटनालाई प्रस्तुत गर्न पनि भवभूति ज्यादै निपुण छन् । घोडा नदेखेका कुश, लव घोडा देखेर घोडाको स्वरूप यसरी वर्णन गर्छन्, यसमा स्वभावोक्ति ज्यादै राम्रो रूपले चित्रित भएको देखिन्छ :

पश्चात्पुच्छं वहति विपुलं तच्च धूनोत्यजस्रम्,
दीर्घग्रीवः स भवति खुरास्तस्त चत्वार एव ।
शष्पाण्यत्ति प्रकिरति सकृत्पिण्डकानाम्रमात्रान्,
किं व्याख्यानैर्व्रजति स पुनर्दूरमेह्येहि यामः ।।

भावार्थ– पछाडि ठूलो पुच्छर छ, त्यो बराबर हल्लाउँछ, लामो घाँटी छ, त्यसका चार खुर छन् । घाँस खान्छ, ड़ल्ला डल्ला गोब्र्याउँछ । त्यसको बारे-मा के भन्ने ? फेरि हिँडिसक्ला चाँडो आओ चाँडो आओ जाऔँ ।

यसरी अनेक पक्षमा भवभूति सफल छन्, अझ उत्तर-रामचरितमा त कतै कतै कालिदासभन्दा माथि देखिन्छन् । सूक्ति संयोजनमा पनि भवभूति त्यत्तिकै सफल छन् । नाटकीयता र औचित्यका दृष्टिले पनि भवभूति सफल प्रतीत हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार मुरारि

भवभूति(सांसारिक ऐश्वर्य) लाई वास्ता नगरेर मुरारि (कवि वा विष्णु) का पदहरू (शब्द वा पाउ) मा यो मन एकत्रित पार अर्थात् लगाऊँ ।

–एक विद्वान्

परिचय

'मुरारि'शब्दले मुरदैत्यका शत्रु भगवान् विष्णु वा मुरारि नामक कुनै कवि भन्ने बुझिन्छ । यही आशय मुताविक माथिको भनाइ पाइन्छ । ईश्वरीय भावनामा भगवान् विष्णु जतिकै कवित्व साधनामा मुरारिको तुलना गरेका प्रसंगहरूले मुरारिको वैशिष्टच झल्किन आउँछ । यिनले 'अनर्घ-राघव' नामक सुन्दर नाटक लेखेका छन् । यिनी आफूलाई 'बाल वाल्मीकि' भनेर उल्लेख गर्छन् । वर्धमान र तनमती देवीबाट मौद्गल्य गोत्रमा यिनको जन्म भएको थियो । यिनी दार्शनिक थिए ।

यिनको समय भवभूतिभन्दा पछाडि मानिन्छ । जयापीडका सभापण्डित रत्नाकर (८२५ ई.) ले यिनको नाम लिइएकाले आठौं शताब्दीको अन्ततिर यिनको समय मानिंदै आएको देखिन्छ । यिनका कविताबाट अमृतको स्वादिलो रस चुहुने भएकाले यिनलाई बालवाल्मीकि पनि भन्ने गरेको देखिन्छ । आफ्नो नाटकको अन्तमा समालोचकहरूलाई निर्देशन दिंदै कवि भन्छन्–

न शब्द-ब्रह्मोत्थं परिमलमनाघ्राय च जनः
कवीनां गंभीरे वचसि गुण-दोषौ रचयतु ।

भावार्थ– शब्द ब्रह्मबाट उठेको सुगन्ध नसुँघी कविहरूको गंभीर वचनमा गुण र दोष औंल्याउने काम नगर्नु नै बेस ।

अनर्घ राघव

यो नाटक हो । यसमा भगवान् रामको पावन चरित्र अङ्कित छ । संक्षिप्त रामायणकै कथानकलाई काव्यात्मक र नाटकीयता जडदै प्रस्तुत नाटकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संरचना भएको पाइन्छ । वशिष्ठका चेला वामदेवले गुरुको सन्देश दशरथलाई भनिरहेको बेलामा विश्वामित्र आएर रामलाई माँगेका कुराबाट नाटकको शुरू-आत हुन्छ । भगवान् रामले रावणलाई मारी अयोध्या फर्केपछि नाटक टुङ्गिन्छ। यो नाटक पनि गद्य-पद्यमय छ । गद्य भागभन्दा पद्य भाग विशेष आकर्षक प्रतीत हुन्छ । सालङ्कार भाषा र परिष्कृत शैली यस नाटकको विशेषता मानिन्छ। रामायणको आधार लिंदा लङ्काबाट राम फर्कँदाको भौगोलिक आधार सत्य छैन र मौलिकताको कमी छ भनेर केही आलोचकहरूले भने पनि सालङ्कार भाषा र परिष्कृत शैलीले रचनाकारलाई अमर बनाएको प्रतीत हुन्छ ।

भगवान् रामको आदर्श चरित्रलाई लिएर संस्कृतका अनेक साहित्यकारहरूले आफ्नो आफ्नो सीप र कलाद्वारा सजाएका छन् । यसरी सजाउनेहरूमा मुरारि कवि पनि एक हुन् । नाटकीयताको दृष्टिले मूल्याङ्कन गर्दा भलै पहिलो पंक्ति–मा आउन नसक्ला । कवित्व-प्रतिभा, अतिशयोक्तिको विशेष प्रयोग गर्दै ठाउं–ठाउँ व्याकरण, कोष, पुराण, इतिहास आदिको सूक्ष्म रूपले प्रयोग गरी, प्रभा–वकारी चमत्कारले झल्काएको यो ग्रन्थ अवश्य नै मुरारिको प्रतिभाको परि–चायक मानिन्छ ।

मुरारि कविका बारेमा एक मर्मज्ञ कवि यसरी भन्छन्– उनको भनाइ यस प्रकार छ–

देवीं वाचमुपासते हि बहवः सारं तु सारस्वतं
जानीते नितरामसौ गुरुकुलक्लिष्टो मुरारिः कविः ।

यिनका अरू रचना पाइएका छैनन् तापनि एउटै कृतिले यी कवि नाटककार अमर छन् । अनर्घ राघवको अन्तमा उनको भनाइ छ– 'गङ्गाजी पृथ्वीमा रहु–ञ्जेल यी रामको कीर्तिरूपी रसायनको यो गोरस कविहरूको कानमा गुञ्जिरहोस्'।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नाटककार विशाखदत्त

मुद्राराक्षस नाटकमा लेख अति प्रौढ छ, राजनैतिक दाउपेच देखाएको मनोहर कथानक भएकोले कविको अति प्रवीणता स्पष्ट छ ।

—पण्डितराज सोमनाथ

परिचय

वटेश्वरदत्तका नाति र महाराज पदांकित भास्करदत्तका छोरा विशाखदत्त हुन् भनी स्वयं नाटककारले आफ्नो नाटक मुद्राराक्षसमा उल्लेख गरेका छन् । प्रो० विल्सनले पृथुका छोरा हुन्, पृथ्वी भनेका पृथ्वीराय हुन् भनेर तर्क दिइएको देखिए पनि अरू आलोचक विद्वान्हरूले खण्डन गरेका छन् । खण्डनको आधार के छ भने विशाखदत्तका पिता महाराज थिए । पृथ्वीनारायणले महाराज पद पाएको नदेखिंदा यसो हुन सक्तैन भन्ने भनाइ देखिन्छ ।

विशाखदत्तको समय विवादास्पद छ । म्याग्डेनलले यिनलाई आठौं शताब्दीका मानेका छन् तर यिनको नाटक मुद्राराक्षसमा बौद्ध धर्मको खूब आदर र मगधको राजधानी पाटलिपुत्र भन्ने उल्लेख भएकाले आठौं शताब्दीभन्दा पहिले नै हुनुपर्छ भन्ने अरू कतिपय विद्वान्हरूको भनाइ छ ।

दश एघार शताब्दीको सरस्वती-कण्ठाभरण र दशरूपकमा मुद्राराक्षसको ठाउँ-ठाउँका भनाइ र वाक्य उद्धृत भएकाले त्योभन्दा अगाडि नै हो भन्ने कुरा निश्चित छ । मुद्राराक्षस नाटकको अन्त्यमा दिइएको भरत-वाक्यमा म्लेच्छहरूले पीडित पृथ्वीको रक्षा गर्ने भनी राजाको नाम दिइएकोमा अन्तिम शब्दमा दन्तिवर्मा, चन्द्रगुप्त, अवन्तिवर्मा यस्ता पाठ-भेद पाइनाले दक्षिणका पल्लव नरेश दन्तिवर्मा, (ई. ७२०) चन्द्रगुप्त द्वितीय (३७५ ई. ४१२) हूणको दमन गर्ने मौखरिवंशका कन्नौजराज अवन्तिवर्मा (५८२ ई.) को उपलब्धि-अनुसार विशाखदत्तको समय छः देखि आठौं शताब्दी-बीचको कुनै पनि समय अनुमान गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मुद्राराक्षस

'राक्षस' उपनाम भएको नन्दको मन्त्रीलाई 'मुद्रा' (छाप) का आधारमा चन्द्रगुप्तका अधीनमा पारिएको कथानक यस नाटकमा भएको हुँदा नाटकको नाम 'मुद्राराक्षस' रहन गएको देखिन्छ। विषय-वस्तु राजनीतिक भएर पनि कलात्मकता, नाटकीयता र कवित्व-प्रतिभा कुँदिनु यस नाटकको विशेषता हो। चन्द्रगुप्तको पक्षमा कूटनीति र विद्वत्ता प्रतीक मानिने चाणक्य छन् भने नन्दवंशको गौरव-गरिमा यथावत् कायम राख्न निरन्तर प्रयत्नशील स्वामिभक्त मन्त्री राक्षस छन्। विशाल हिन्दू राष्ट्र खडा गर्ने चाणक्यको जति प्रबल इच्छा छ, उनमा त्यत्तिकै त्याग, सहनशीलता, धैर्य र विद्वता पनि छ। चाणक्यले आफ्नो कूटनीतिका बलले राक्षसलाई आफ्नो हातमा लिन्छन्। ठूलो युक्ति, बुद्धि र साहसले चाणक्य विशाल राज्य खडा गर्न समर्थ हुन्छन्। चाणक्य जे जति काम गर्छन् आफ्नो व्यक्तिगत स्वार्थका लागि होइन, राज्य बढाउने काम चन्द्रगुप्तका लागि उनी गर्छन्। त्यस्तै आध्यात्मिक ज्ञान, त्यागमय भावना र परमेश्वरका विविध रूपमा रमाउने ब्राह्मण चाणक्य सधैं राजनीतिको धमिलो वातावरणमा पौडी खेलेर आफू पनि मैलोकैलो बन्न चाहँदैनथिए तापनि शत्रुता र प्रतिशोधको भावना रहिरहेको तत्कालीन वातावरणमा त्यसै चन्द्रगुप्तलाई मात्र छोडेर हिड्नु राम्रो थिएन। त्यसैले योग्य, दक्ष र राजनीतिमा प्रवीण मन्त्रीको खोजमा चाणक्य लागेका थिए। त्यस्तै मन्त्री बनाउन लायक व्यक्ति राक्षस थियो। त्यसलाई आफ्नो हातमा लिई 'मन्त्री बनाउन चाणक्य सफल' भएको कथानक यस नाटकभित्र पाइन्छ।

विशेषता

यथार्थ ऐतिहासिक, राजनीतिक घटनालाई नाटकीय र साहित्यिक साँचोमा ढाल्दै आफ्नो मौलिकता देखाउनु नाटककारको आफ्नो खुबी हो। गुप्तचरहरूको नियुक्ति र कार्य, संभावित भएका षड्यन्त्रहरूको गहनता, राज्य-सञ्चालनमा शत्रुसँग सामना र मुकाबिला गर्ने तरीका र आधारहरू अचम्मका छन्। जसबाट आज यतिका वर्षपछि पनि उत्तिकै शिक्षा प्राप्त गर्न सकिन्छ। धन, ऐश्वर्य र राज्यको [illegible] टाढा रहेर कुटीमा बस्ने आध्यात्मिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संसारमा रमाउने, चाणक्य आफ्नो प्रतिज्ञा (चन्द्रगुप्तलाई मद्द त गर्छु), भन्ने पूरा गर्न राजनीतिको धमिलो सामुद्रिक प्रवाहमा हेलिन्छन् । बुद्धि (सैद्धान्तिक र व्यावहारिक) ले पार हुन सफल पनि बन्छन् । बौद्ध एवं सनातन दुवै धर्ममा उत्तिकै आस्था राख्छन् । यी दुइ धर्ममा खास फरक उनी देख्तैनन् । यसरी चन्द्रगुप्त, चाणक्य र राक्षस (राजनीतिज्ञ) प्रभृतिको चरित्रलाई प्राथमिकता दिएर रचिएको यो नाटकमा जति साहित्यक भावना सशक्त छ, त्यतिकै राजनीतिक विषय र नाटकीयता पनि समावेश छ, संस्कृत साहित्य एवं नेपाली साहित्यमा अहिलेसम्म प्रकाशित नाटकहरू हेर्दा यत्तिकै (अर्थात् मुद्राराक्षस जत्तिकै) सक्षम र यस्तै विषय अँगालिएको अर्को नाटक देख्न पाइएको छैन ।

मुद्राराक्षसभित्र सूक्तिहरूको प्रयोग, न्याय-नीतिको उल्लेखका साथै कवित्व-प्रतिभा पनि यत्र-तत्र मुखरित भएको पाइन्छ । संस्कृत भाषाका अतिरिक्त यस नाटकमा शौरसेनी, प्राकृत, महाराष्ट्री, मागधी प्रभृति प्राकृत भाषाका विभिन्न रूपलाई ठाउँ-ठाउँ मनोहर प्रयोग गरिएको छ । भाषा, भाव, चरित्र-चित्रण आदिमा यस नाटकमा नाटककारको सफलता झल्किरहेको देखिन्छ । आफ्नो कृतिमा राजनीतिको चित्रण एक ठाउँ यसरी गरिएको छ; जस्तै :

> मुहुर्लक्ष्योद्भेदा मुहुरधिगता भावगहना,
> मुहुः सम्पूर्णाङ्गी मुहुरतिकृशा कार्यवशतः ।
> मुहुर्नश्यद्बीजा मुहुरपि बहुप्रापितफले,
> अहो चित्राकारा नियतिरिव नीतिर्नयविदः ।।

भावार्थ– प्रस्तुत श्लोकमा राजनीति र नियतिलाई समान रूपमा हेरिएको छ । कहिले लक्ष्य भेदन भएको हुन्छ भने कहिले गहन भावको प्राप्ति पनि हुन्छ, कहिले, पूर्णाङ्गी हुन्छ भने कार्यवश अत्यन्त्य दुब्लाएको पनि देखिन्छ । कहिले बीउ नै नासिने स्थिति आउँछ भने कहिले धेरै फल पनि पाइन्छ । जस्तो नियति पनि विचित्र आकार भएको छ, त्यस्तै राजनीति पनि अनेक प्रकारको छ, सधैं एकै रूपमा रहिरहँदैन, कहिले फलको प्राप्ति हुन्छ, कहिले गुम्छ, कहिले सुख हुन्छ त कहिले दुःख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सेवाको धर्मबारे नाटककार अर्को ठाउँ यसरी आफ्ना अभिव्यक्ति प्रकट गर्छन्; जस्तै :

किं शेषस्य भरव्यथा न वपुषि क्ष्मां न क्षिपत्येष यत्
किं वा नास्ति परिश्रमो दिनपतेरास्ते न यन्निश्चलः ।
किन्त्वङ्गीकृतमुत्सृजन् कृपणवच्छ्लाघ्यो जनो लज्जते
निर्व्यूढं प्रतिपन्नवस्तुषु सतामेतद्धि गोत्रव्रतम् ।।

भावार्थ–भारी भएर पनि शेषनागले पृथ्वी उठाएर (थेगेर) राखेकै छन्, फ्याकेका छैनन् । दिन प्रतिदिन हिंड्दा हिंड्दा थकित भएर सूर्य निश्चल भएर बसेका छैनन्, आफ्नो कर्तव्य पूरा गरिरहेकै छन् । कृपणीका झैं आफूले स्वीकार गरेको कुरा छोड्नुपर्‍यो भने उच्च व्यक्तित्व (सज्जन) ले लजाउनुपर्ने हुन्छ । सेवा सद्भावना र आफ्नो कर्तव्यमा सधैं तन्मय रहनु सज्जनहरूका लागि परंपरागत धर्म हो, व्रत हो ।

संस्कृत काव्य एवं नाटक परंपरामा मीठा-मीठा सूक्तिहरूको समावेश पनि विशेषता मानिदै आएको छ । कालिदासका शाकुन्तल, मालविकाग्निमित्र, भवभूतिको उत्तररामचरित, भासको स्वप्नवासवदत्ता प्रभृति नाटकहरूमा सूक्तिहरूको वैशिष्टचमध्ये सूक्तिको उपयुक्त प्रयोग पनि एक हो । मुद्राराक्षसमा पनि व्यावहारिक मीठा-मीठा सूक्तिहरू ठाउँ-ठाउँ प्रयोग भएका छन्; जस्तै–केही सूक्तिहरू–

(क) पुरन्ध्रीणां प्रज्ञा पुरुष-गुण-विज्ञान-विमुखी
(ख) मनस्वी दस्यत्वात् स्खलति च न दुःखं वहति च
(ग) परायत्तः प्रीते कथमिव रसं वेत्तु पुरुषः
(घ) ये सत्यमेव हि गुरूनति पातयन्ति
तेषां कथं नु हृदयं न भिनत्ति लज्जा ।

यसरी अनेक दृष्टिकोणबाट हेर्दा मुद्राराक्षस नाटक नाटकीयता एवं शिल्प परिष्कारका माध्यमबाट उच्च कोटिको देखिन्छ भने नाटककार विशाखदत्त उच्च कोटिका नाटककार ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि श्रीहर्ष

त्यस अवस्थासम्म भारवि सुशोभित हुन्छन्, जबसम्म माघ काव्यको उदय हुँदैन । नैषध काव्य समाजमा आएपछि माघ कहाँ ? भारवि कहाँ ? अर्थात् नैषध काव्यको प्रतिष्ठा नै सर्वोपरि हुन आउँछ卐 । —एक विद्वान्

पृष्टभूमि र परिचय

भारवि, माघ र श्रीहर्ष संस्कृत साहित्यमा प्रौढ पाण्डित्य भएका महाकवि मानिन्छन् । यी तीन महाकविका महाकाव्यहरू बृहत्त्रयीभित्र पर्दछन् । प्रसिद्ध महाकविका रूपमा कालिदास, अश्वघोष, कुमारदास र भट्टि, रत्नाकार प्रभृतिको नाम अग्रगण्य भए पनि उनीहरूका प्रतिभाको प्रयोग छुट्टै रूपमा भएकाले यहाँ उल्लेख गरिरहनु आवश्यक देखिदैन । प्रौढ़ पाण्डित्य भएका उपर्युक्त तीन महाकविका तीन महाकाव्यहरू (बृहत्त्रयी) हुन् । किरातार्जुनीय, माघ (शिशुपालवध) र नैषधीय चरित । यी तीन काव्यमा पनि नैषधीय चरितलाई सर्वोपरि मानिएको छ । नैषधीय चरितका महाकाव्यकार हुन् श्रीहर्ष ।

श्रीहर्षको पिताको नाम हीर र माताको नाम मामल्ल देवी थियो । हीर गढवालवंशी विजयचन्द्रका सभामा सभापण्डित भएकाले यसैताका अर्थात् ११५६ ई. देखि ११९३ सम्मकै समय अनुमान गर्न सकिन्छ । अरू अरू कविहरू झैं श्रीहर्ष मौन छैनन् । ठाउँ-ठाउँ विद्वत्ताको र वंशको परिचय उनले दिएका छन् । यिनमा जुन पाण्डित्य थियो, त्यत्तिकै पाण्डित्य भएका प्रतिभा त्यसपछि जन्मन नसकेको कुरामा विद्वान्हरू सहमत देखिन्छन् ।

किंवदन्तीहरू

(क) श्रीहर्षका पिताले शास्त्रार्थ गर्दा मिथिलादेश (जनकपुर)का उदयना-

---

卐 तावद्भाः भारवेर्भाति यावन्माघस्य नोदयः ।
उदिते नैषधे काव्ये क्व माघः क्व च भारविः ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चार्यबाट हार खानुपर्‍यो । अन्तिम समयमा हीरले छोरा श्रीहर्षलाई भने 'मलाई हराउने शत्रुलाई हराउनू ।' पिताको आज्ञा शिरोपर गरेर गंगाजीका तीरमा चिन्तामणि मन्त्रको एक वर्षसम्म जप गरी तपस्या गरे । भगवती त्रिपुरा प्रत्यक्ष भइन् । भगवतीबाट अप्रतिम पाण्डित्यको वरदान पाए । भगवती त्रिपुराका अनुकम्पाबाट श्रीहर्षका कविता यति गहन र सारगर्भित भए कि उनका कविता कसैले पनि बुझ्नै नसकिने भए । उनले फेरि भगवतीको आराधना गरेपछि भगवतीले भनिन्, 'राती सुत्ने वेलामा शिर (मस्तक) भिजाएर सुत्ने गर, अनि रातमा अमिलो दहीको सेवन गर, तिम्रो प्रतिभा कम भई बुझ्न सक्ने हुनेछ ।' भगवतीको निर्देशनबमोजिम श्रीहर्षले त्यसै गरे, अनि श्रीहर्षका कविता सबैले बुझ्न लागे । पिता हीरलाई हराउने उदयनाचार्यलाई वेदान्त-दर्शनको अमूल्य ग्रन्थ 'खण्डन खण्डखाद्य' नामक ग्रन्थ लेखेर खण्डन गरे । पितृ-ऋण तिरे ।

(ख) आफ्नो प्रतिभालाई दर्शनतिर मात्र सीमित नराखी साहित्यिक, काव्यात्मक सृजनामा लगाउँदै श्रीहर्षले नैषधीय चरित महाकाव्यको रचना गरे । यो काव्य लिएर उनी काश्मीर शारदा पीठमा गए । शारदासम्मुख यो काव्य राख्नेबित्तिकै शारदा (सरस्वती) ले नैषध महाकाव्य उठाएर शिरमा धारण गरिन् । त्यसपछि त्यहाँका राजासँग भेट गर्न श्रीहर्षले चाहे, त्यहाँका पण्डितमण्डलीको कुटिलताबाट भेट हुन सकेन, जलाशयमा श्रीहर्ष जप गरिरहेका थिए, दुइटी पनेर्नी पानी लिन आए । पानी भर्ने सन्दर्भमा दुइटीका बीच भनाभन भई झगडा भयो । मुद्दा चल्दै जाँदा राजासमक्ष पुग्यो । उनीहरूको झगडा देख्ने साछीको रूपमा श्री हर्ष बोलाइए । त्यहाँको भाषा नबुझ्ने भएकाले झगडाको जस्ताको तस्तै नक्कल (क्यारिकेचर) गरेर श्रीहर्षले यथार्थ घटना देखाइदिए । श्रीहर्षको पारख र प्रतिभा देखेर राजा चकित भए । राजाबाट पुरस्कार र सम्मान प्राप्त गरी श्रीहर्ष केही दिनपछि काशी फर्के ।

(ग) काव्यप्रकाश लक्षणग्रन्थका लेखक आलोचक मम्मट श्रीहर्षका मामा थिए । श्रीहर्ष आफ्नो नैषधीय चरित महाकाव्य लिएर मम्मटकहाँ पुगी देखाए । मामाबाट प्रशंसा पाउँला भन्ने ठूलो आशा श्रीहर्षमा थियो । तर मम्मटले काव्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पढिसकेपछि आफ्नो प्रतिक्रिया व्यक्त गर्दै के भने भने "भर्खरै लेखिसकेको आफ्नो लक्षणग्रन्थ (आलोचनात्मक) काव्यप्रकाशको सातौं उल्लास (दोषविवेचन) का लागि राम्रा-राम्रा उदाहरण नपाएको, त्यसका लागि नैषधका श्लोक उपयुक्त रहेछन्, के गर्ने, पुस्तक लेखिसकिहाले" भनेछन् । त्यसपछि मामासँग त्यस्ता दोष-प्रधान श्लोक कुन कुन हुन् भनेर जान्न खोज्दा मम्मटले यो एउटा श्लोक अगाडि राखे, त्यो श्लोक हो ? जस्तै :

तव वर्त्म निवर्तता शिवं
पुनरस्तु त्वरितं समागमः ।
अपि साधय साधयेप्सितं
स्मरणीया समये वयं वयः ॥

भावार्थ– राजा नलको सन्देश लिएर जान लागेको हाँसलाई राजा नल भन्छन्, 'तिम्रो बाटो कल्याणदायक बनोस्, तिम्रो र हाम्रो चाँडै फेरि भेटघाट होस्, आफ्नो काम सफलतापूर्वक पूरा गर, समय-समयमा हामीलाई हे हाँस ! सम्झदै गर्नू, माया नमार्नू' यस भनाइलाई थोरै मात्र अक्षर यतात्यता गर्दा विपरीत अर्थ देखिन आउँछ, त्यही श्लोकको जस्तै–तव शिवं वर्त्म नियर्तता (तिम्रो कल्याणदायक बाटो छेकियोस्) स त्वं पुनः मा आगमः (तिमी फेरि कहिल्यै फर्केर नआऊ), असाधय ईप्सितं (हे रोगग्रस्त ! मेरो मनोरथलाई पूरा नगर), हे वय ! वयं समये स्मरणीयाः (हामी मरेपछि हाम्रो सम्झना गर्नू) । यसरी अक्षर मात्र वरपर गरेर पढ्दा सामान्य पदच्छेदमा एउटा कुरा भन्न खोज्दा अर्थात् मङ्गलकामना गर्दा अमङ्गल भइरहेबाट यसमा दोष देखिन्छ । यस्ता अनेक श्लोक छन् भनेपछि श्रीहर्ष निराश भएर घर फर्के ।

श्रीहर्षका रचना

क. धैर्य-विचारण-प्रकरण– यो दार्शनिक ग्रन्थ हो ।

ख. विजय-प्रशस्ति– यस प्रस्तुकमा जयचन्द्रका पिता विजयचन्द्र–जो त्यस देलाका विजयी वीर एवं योद्धा थिए– को बारेमा लेखिएको प्रशस्ति हो । यो ऐतिहासिक काव्य हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

ग. खण्डन खण्ड-खाद्य : श्रीहर्षको दार्शनिक प्रगाढ़ पाण्डित्य प्रदर्शन गर्ने यो महत्त्वपूर्ण ग्रन्थ हो । वेदान्तदर्शनको अमूल्य रत्न भएर पनि यसमा नैयायिक तर्क प्रणालीको राम्रो प्रयोग छ । यसमा दिइएका उक्ति प्रत्युक्तिले उदयनाचार्यको मतलाई खण्डन गरेका छन् । श्रीहर्षको शास्त्र-चातुरीको नमूना यो ग्रन्थ हो भन्ने कुरा स्वयं लेखक श्रीहर्षले स्वीकार गरेको देखिन्छ ।

घ. गौडोर्विशकुल-प्रशस्ति : गोडदेश (बंगाल) का नरेशको प्रशस्ति यसमा छ ।

ङ. अर्णव-वर्णन : ग्रन्थ सुलभ छैन, नामबाट समुद्रको वर्णन होला भन्ने अनुमान गर्न सकिन्छ ।

च. छिन्द प्रशस्ति : यो पनि कुनै राजाका बारेमा लेखिएको प्रशस्ति हुन सक्छ ।

छ. शिवशक्तिसिद्धि : यसमा शिव तथा शक्तिको साधनाविषयमा लेखिएको छ ।

ज. नवसाहसाङ्कचरित चम्पू : यो चम्पूकाव्य हो, नवसाहसाङ्क विरुदधारी कुनै राजाको चरित्रमा यो ग्रन्थ आधारित छ ।

झ. नैषधीय चरित (महाकाव्य) : यो ग्रन्थमा लामा-लामा २२ सर्ग छन् । नल राजाको पावन चरित्रलाई बडो प्रभावकारी र भावात्मक किसिमले वर्णन गरिएको छ । अझ नल र दमयन्तीको प्रेमकथाको प्रसंगले प्रत्येक काव्यप्रेमीको हृदयलाई एकातिर छुन्छ भने अर्कातिर महाकविको प्रगाढ पाण्डित्य, पदलालित्य, अर्थ र शब्दप्रयोगका विविध आकर्षक प्रसंगहरू, दर्शनका रेखाङ्कनहरू, अलंकार र रसप्रयोगका सन्दर्भ, सीप र कल्पना नमूनाहरू, कल्पना, भावगांभीर्य र सौन्दर्यका आधारहरूले स्वयं सरस्वती यस काव्यमा अवतरित भएको मान हुन्छ । भनिएको छ, 'नैषधं विद्वदौषधम्'–आनन्द आराम दिने औषधिको रूपमा नैषध काव्य उपस्थित छ, जसले यसलाई बुझेर पढ्न सक्तछ । महाकाव्यका पूर्वीय लक्षणकारका लक्षणअनुसार यो काव्य संरचित छ । भलै कालिदासीय सरलता र सुबोधता पर्याप्त नभएता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नैषधको कथासार

काव्यको शुरूमा राजा नलको राम्रो वर्णन छ, नलबाट शिकार हाँसलाई समाउनु र छोड्नु, त्यही हाँसलाई दूत बनाएर दमयन्तीकहाँ नलले पठाउनु, हाँस गएर दमयन्तीलाई राजा नलको सौन्दर्यको वर्णन गर्नु, दमयन्तीको राजा नलप्रति देखिएको पूर्वानुरागको वर्णन, राजा भीमले आफ्नी छोरी दमयन्तीको स्वयंवरका लागि घोषणा गर्नु, दमयन्तीको रूप, सौन्दर्य र रूप-वैभवबाट आकृष्ट भएर इन्द्र, वरुण, अग्नि र यमराज पनि स्वयंवरमा उपस्थित हुन चाहन्छन्। नलप्रति दमयन्तीको अचल आस्था बुझेर आफूप्रति अनास्था हुन्छ कि भन्ने विचारले नललाई नै दूत बनाएर पठाउनु,स्वयंवरका बेलामा नलप्रति दमयन्ती आकर्षित छन् भन्ने बुझेर इन्द्र,अग्नि,वरुण,यमराज सबैले नलकै समान रूप धारण गर्छन् । स्वयं सरस्वतीले राजकुमारहरूको परिचय दिँदै जान्छिन्। पाँच नल समान रूपका उपस्थित देखता दमयन्ती चकित बनेर कसैलाई पनि स्वयंवर गर्दिनन्–दमयन्तीको अविचल आस्था देखेर इन्द्रादि देवता आफ्नै रूप लिन्छन्,दमयन्तीले राजा नललाई स्वयंवर गर्छिन्,बिवाह हेर्न आएका देवगण स्वर्गतिर लाग्छन्,कलियुग जसले स्वयंवरमा दमयन्तीलाई पाएन-सँग नलको वाग्युद्ध हुन्छ, कलिको नास्तिकवादलाई देवता मुख-तोड जवाफ दिन्छन् । नल र दमयन्तीको वैवाहिक सम्बन्धपछिको सुखद मिलन-रात्रिको मनोरम वर्णन गरेर महाकाव्य टुङ्गिन्छ ।

केही कविता

काव्यजगत्मा श्रीहर्षको स्थान अमर छ। उनका कल्पना हृदयस्पर्शी छन्, भाव प्रभावकारी छ, शृङ्गाररस मुखरित छ, आलङ्कारिक चमत्कार जताततै छ, स्वाभाविक भएर पनि अतिशयोक्ति पर्याप्त छ । प्रकृति-चित्रणका विविध प्रसंग ज्यादै घतलाग्दा छन्। उनका कविताका केही नमूना पढेर आनन्दको अनुभव गरौं, जस्तै :

चन्द्रमाको दाग

चन्द्रमाका बीचमा जुन मलिन दाग देखिन्छ, प्रकाशपूर्ण चन्द्रमाका बीचमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मलीन दाग कसरी भयो ! राजा नल र दमयन्तीका चरित्रका आधारमा त्यो दागबारे श्रीहर्षको कल्पना यस्तो छ, जस्तै :

यदस्य यात्रासु बलोद्धतं रजः
स्फुरत् प्रतापानलधूमरञ्जिम ।
तदेव गत्वा पतितं सुधाम्बुधौ
दधाति पङ्कीभवदङ्कतां विधौ ।। १।८

भावार्थ–विजय यात्राका लागि जब राजा नलका सेनहरूले प्रस्थान गरे, तब उनीहरू हिंड्दा नलको प्रतापानल (प्रतापरूपी अग्नि) को धुवाँ जस्तै कालो कालो धूलो चारैतिर व्याप्त भयो। समुद्रमा पनि त्यही धूलो खस्यो। समुद्र मन्थन गर्दा चन्द्रमा निस्किए, त्यही धूलो चिन्हको रूपमा (मैलो दाग) चन्द्रमाले धारण गरिरहेछन् ।

हृदयसारक्षिवेन्दुमण्डलं
दमयन्ती वदनाय वेधसा ।
कृतमध्यबिलं विलोक्यते
धृतगंभीर खनी खनीलिम ।

भावार्थ–दमयन्तीको मुखको रचना गर्नका लागि ब्रह्माजीले चन्द्रमण्डलको सार भाग काटे । अतः चन्द्रमाको माझमा जो छिद्र बनेको छ, त्यसबाट अत्यन्त नीलो आकाशको नीलिमा देखिन्छ । यो कलङ्क (दाग) के हो भने आकाशको नीलिमा देखाउने एउटा प्वाल हो ।

सन्ध्याकाल

कालः किरातः स्फुटपद्मकस्य
वधं वधाद्यस्य दिनद्विपस्य ।
तस्येव सन्ध्या रुचिरास्त्रधारा
ताराश्च कुम्भस्थलमौक्तिकानि ।।

भावार्थ–कालरूपी किरातले विकसित कमल राख्ने दिनरूपी (सुँडमा राता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बिन्दुहरू धारण गर्ने) हात्तीलाई मारिदियो । यसै कारणले सन्ध्याका रूपमा सुन्दर रक्तधारा देखिन्छ । त्यस्तै उसका शिरका मोतीहरू यत्र-तत्र छरिए । तिनै छरिएका मोतीहरू आकाशका तारा हुन् । कति सुन्दर रूपक अलंकार यस कवितामा कल्पनाका माध्यमबाट आश्रित देखिन्छ ।

आदाय दण्डं सकलासु दिक्षु
योऽयं परिभ्रास्यति भानुभिक्षुः ।
अब्धौ निमज्जाविव तापसोऽयं
सन्ध्याभ्रकाषायमधत्त सायम् ॥

भावार्थ–सूर्यरूपी भिक्षु (सन्यासी) दण्ड लिएर सबै दिशामा दिनभर घुम्दै सन्ध्याकाल भएपछि काषाय (रातो पहेंलो) वस्त्र पहिरिएर (शरीरको माथिल्लो भागमा राखेर) जलाशयमा डुबुल्की मारिरहेछन् । सूर्य अस्त हुने वेलामा यो आकाश रातो भएको होइन कुनै स्नानार्थी संन्यासीले पहिरिएको काषाय वस्त्र हो भन्ने उक्ति कति मौलिक र घतलाग्दो छ ।

व्याकरण

श्रीहर्ष साहित्य र दर्शनका मात्र विद्वान् थिएनन्, उनी व्याकरणका पनि मर्मज्ञ विद्वान् थिए । उनले व्याकरणसम्बन्धी मान्यतालाई पनि ठाउँ-ठाउँ व्यंग्य हानेका छन्, हेरौं केही नमूना; जस्तै :

भङ्क्तुं प्रभुर्व्याकरणस्य दर्पं
पदप्रयोगाध्वनि लोक एषः ।
शशो यदस्यास्ति शशी ततोऽय-
मेवं मृगोऽस्यास्ति मृगीति नोक्तः ।

भावार्थ–लोक र व्याकरणमा पदप्रयोगको विषयलाई लिएर धेरै समय-देखि विवाद चल्दै आएको छ, व्याकरण बडो घमण्ड गर्छ अर्थात् म जुन शब्द सिद्ध गर्छु त्यसैमा लोकले गर्नुपर्छ, त्यसैलाई लोकले अनुसरण गर्नुपर्छ, तर यस विषयमा व्याकरणभन्दा लोकले जितेको छ अर्थात् लोकले व्याकरणको घमण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तोड्न सक्छ । जस्तै जसले शश (मृग) धारण गर्छ, त्यसलाई शशी भनिन्छ (व्याकरणअनुसार) जसलाई लोकले मानेको पनि छ, तर त्यही नियमअनुसार जसले मृग धारण गर्छ त्यसलाई मृगी भनेर (चन्द्रमालाई) व्याकरणले सिद्ध गरे पनि लोकले स्वीकार गरेन । तसर्थ व्याकरणअनुसार लोक चल्नुभन्दा लोक-अनुसार व्याकरण चल्नुपर्छ भन्ने यसको आशय हो ।

कलियुगका मुखबाट श्रीहर्षले एक ठाउँ यस्तो अभिव्यक्ति प्रस्फुटित गराए-का छन्; जस्तै:

उभयोः प्रकृतौकामे सज्जेदिति मुनेर्मनः ।
अपवर्गे तृतीयेति भणतः पाणिनेरपि ॥

भावार्थ– पाणिनिले 'अपवर्गे तृतीया' भन्ने सूत्र रचेका छन् । त्यसैलाई व्यंग्य हान्दै कवि भन्छन्, 'नारी एवं पुरुष दुवै काम, सुख, शयलमा प्रवृत्त हुनुपर्छ, अपवर्ग (मोक्ष) त तेस्रो वर्ग अर्थात् नपुंसकका लागि हो, यही मत पाणिनिको पनि छ ।'

विभिन्न रस, अनेक दर्शन, प्रकृतिचित्रणका विविध प्रसङ्ग, कल्पना र सौन्दर्यको प्रसङ्ग केलाउने हो भने सबै काव्य नै अगाडि राखे पनि हुन्छ । पदलालित्यको एक नमूना हेरेर यस प्रसङ्गलाई टुङ्ग्याउनु मनासिब होला ।

करः स्रजा सज्जतरस्तदीयः
प्रियोन्मुखीभूय पुनर्व्यरंसीत् ।
तदाननस्यार्धपथं ययौ च
प्रत्याययौ चातिचलः कटाक्षः ॥

भावार्थ– वरणमालाले शोभित (नलको घाँटीमा पहिऱ्याउन तयार भएको) दमयन्तीको हात प्रिय नलको सम्मुख भएर फेरि लाजले हट्यो र अत्यन्त चंचल कटाक्ष नलको मुखमा आधा बाटोमा गयो र फेरि फर्क्यो । अर्थात् नलको आधा मुख देखेर नै दमयन्तीले लाजले दृष्टि हटाइन् ।

यसरी श्रीहर्षको पाण्डित्य अमर छ र रहिरहनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि भल्लट

परिचय

काश्मीर शारदा क्षेत्र हो । जहाँ असंख्य सारस्वत प्रतिभाहरू जन्मी काव्य जगत्‌लाई सुशोभित गराए । कवि भल्लट काश्मीरी हुन् । जैय्यट, कैय्यट, उब्बट, मम्मट जस्तै भल्लट पनि सोही परम्परा र प्रभावमा नाम रहेको देखिन्छ । खास परिचय भने कवि भल्लटको अन्धकारको कुनामा नै रहेको छ ।

नवौं शताब्दीका आनन्दवर्धनले लेखेको ध्वन्यालोकको टीका काश्मीरका शैव सम्प्रदायका सर्वश्रेष्ठ आचार्य अभिनव गुप्ताचार्यले 'लोचन' नाम दिएर लेखेका छन् । यसमा भल्लटका कतिपय कविता (श्लोक) उद्धृत गरेको पाइनाले यस समयभन्दा पहिले भल्लटको समय हो भन्ने कुरामा शङ्का छैन । अभिनव गुप्ताचार्यको समय दशौं शताब्दीको अन्त र एघारौं शताब्दी पूर्वार्ध भएकाले यसभन्दा पहिले नै भल्लटको समय निश्चित हुन आउँछ ।

रचना

यी कविको रचना 'भल्लटशतक' एउटै मात्र कृति उपलब्ध छ । उनका अरू कृति हुन सक्छन् तापनि आजसम्म उपलब्ध भएका छैनन् । मुक्तक पद्यहरूको संग्रह भल्लटशतक काव्यात्मक दृष्टिले उच्च कोटिको मानिन्छ । अनेक महाकविका साथ भल्लटको पनि नाम लिएको पाइनाले त्यस वेला चर्चित र लोकप्रिय कविको रूपमा भल्लट थिए भन्ने अनुमान हुन्छ । जस्तै भल्लटको नाम यसरी दिइएको छ :

माघश्चोरो मयूरो मुररिपुरपरो भारविः सारविद्यः
श्रीहर्षः कालिदासः कविरथ भवभूत्यादयो भोजराजः ।
श्रीदण्डी डिण्डिमाख्यः श्रुतिमुकुटगुरुर्भल्लटो भट्ट बाणः
ख्याताश्चान्ये [illegible] कृतिभिर्विश्वमाह्लादयन्ति ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रसिद्ध महाकविहरूको नाम लिंदा भल्लटको पनि नाम पाइनाले भल्लटको अस्तित्व अविचल छ भन्ने कुरा निर्विवाद छ ।

केही कविता

मम्मटले पर्याय-अलङ्कारका लागि आफ्नो कृतिमा तलको श्लोक भल्लटका नामबाट उद्धृत गरेका छन्; जस्तै :

चिन्तामणेस्तृणमणेश्च कृतं विधात्रा
केनोभयोरपि मणित्वमदः समानम् ।
नैकोथितानि ददर्दार्थिजनाय खिन्नो
गृह्णज्जरत्तृणलवं न तु लज्जतेऽन्यः ।।

भावार्थ– ब्रह्मा पनि मूर्ख छन् । चिन्तामणि एवं तृणमणि (एक प्रकारको पत्थर जो तृणलाई आफूपछि खिच्तछ) मा कुन गुणको समता देखेर दुवैलाई मणि उपाधि दिए । दुईमा आकाश पातालको अन्तर छ । चिन्तामणि माग्नेहरूलाई दिंदा दिंदा कहिल्यै थाक्दैन, तृणमणि तृणका टुक्रा लिंदा लिंदा कहिल्यै भयो भन्दैन । चिन्तामणिको त्यागमय उदारता कहाँ ? तृणमणिको संकीर्ण स्वार्थीपन कहाँ ? दुवैको नाम मणिसँग जोडिनु ब्रह्माजीको मुर्ख्याई भन्दा अरू केही होइन।

परार्थे यः पीडामनुभवति भंगेऽपि मधुरो
यदीयो सर्वेषामिह खलु विकारोप्यभिमतः ।
न सम्प्राप्तो बुद्धि स तु भृशमक्षत्रेषु पतितः ।
किमिक्षो दोषोऽयं न पुनरगुणायां मरुभुवाः ।।

भावार्थ– दुर्जनसँग सज्जनको संगत अचानक भयो भने संगत गर्नेको हालत कस्तो हुन्छ ? ऊखुको उदाहरण दिंदै प्रभावकारी रूपमा कवि यसरी प्रकट गर्छन् 'विचरा उखु कति परोपकारी छ,अरूका लागि आफू पीडन सहन्छ,पहेंलो, सुखा बन्छ, साँचिएपछि पनि गुलियै रहन्छ, सखर, चीनी आदिका माध्यमबाट पनि सेवा गर्दै रहन्छ । यस्तै विकारबाट पनि लोक प्रसन्न रहन्छ, यस्तो उपकारी ऊखु पनि मरुभूमिमा परेर बढ्न सकेन भने ऊखुको दोष हुन्छ र ? गुणको पारख नगर्ने मरुभूमिकै कमजोरी वा दोष हुँदैन र ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अभिमानले गुणी जनको अपमान वा अनादर गर्ने धन, बल र शान्तिले मदान्ध व्यक्तिका स्वभावको कति राम्रोसँग चित्रण गरेका छन्; जस्तैः

दानार्थिनो मधुकरा यदिकर्णतालै–
दूरीकृता करिवरेण मदान्ध बुद्धया ।
स्वस्यैव गण्डयुगमण्डलहानिरेषा
भृङ्गाः पुनर्विकचपद्मवने चरन्ति ।।

भावार्थ– मत्ता हात्तीले आफ्ना कान फट्कारेर भमराहरूलाई उडाइदियो। यी भमराह रू उसको गण्डस्थलबाट चुहाइरहेको मद चाख्न आएका थिए। यसबाट भमराको कुनै हानि भएन, हानि त हात्ती(गजराज)कै भयो, दुई गण्डस्थलमा भमरा रहँदा गजराज सुशोभित हुन्थ्यो, अब त्यो शोभा कहाँ पाउने ? भमराका लागि त केही छैन, हात्तीको गण्डस्थल नपाएर के भयो र ? फुलेका कमलहरूमा गएर आनन्द मनाउन, रसपान गर्न भमराहरूलाई कसले रोक्छ र ?

भल्लट विभिन्न रसचित्रणमा पनि निकै खपिस देखा पर्छन् । शृङ्गाररसको एउटा नमूना; जस्तै :

वाता वान्तु कदम्बरेणुवहला नृत्यन्तु सर्पद्विषः
सोत्साहा नवतोयदानगुरवो मुञ्चन्तु नादं घनाः ।
मग्नां कान्तवियोगदुःखदहने मां बीक्ष्य दीनाननां
विद्युत् प्रस्फुरसि त्वमप्य करुणे ! स्त्रीत्वेऽपि तुल्ये सति ।।

भावार्थ– यो उक्ति पतिबाट वियुक्त कुनै युवति स्त्रीको हो; जस्तै, कदम्बको पराग बोकेर वायुहरू बहून्, मुजूरहरू नाचून्, मेघहरू गर्जून्, मलाई केही छैन । यी सब पुरुषहरू हुन् सामान्य अचला नारीहरूप्रति यिनीहरूको के दया रहन्छ र ? नारीहरू त अर्काको दुःखमा दया देखाउँछन्, म पतिको वियोगमा कामाग्निले जल्न लागिरहिछु, वायु, मजूर, मेघले सताए पनि सहेरै बसेकी छु, हे बिजुली ! तिमी त नारी हौ, तिमी पनि दया र सहानुभूति नराखेर फेरि किन चम्किरहेकी छ्यौ ? के तिम्रो यो व्यवहार तिमी सुहाउँदो छ त ? तिमीले जानेर बुझेर नै मलाई मार्न लागिरहिछ्यौ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

त्रिविक्रम भट्ट

परिचय

बाजे श्रीधर र बाबु नेमादित्यबाट शाण्डिल्य गोत्रमा जन्मेका त्रिविक्रम भट्ट चम्पूकाव्यकारहरूमा अग्रणी मानिन्छन् । यिनले 'नल चम्पू' भन्ने गद्य-पद्यमय काव्य लेखेका छन् । यसमा प्रातःकालको वर्णनमा उदयाचलको चहकलाई गङ्गा र अस्ताचलको अँध्यारोलाई यमुनासँग दाँजेको सुन्दर कल्पना देखिएकाले यिनलाई 'यमुना-त्रिविक्रम' पनि भन्ने गरेको पाइन्छ ।

यिनको नल-चम्पूको पहिलो उच्छ्वासमा बाणको उल्लेख छ र भोजराजले सरस्वती कण्ठाभरणमा यस चम्पूको पद्य उद्धृत गरेका छन्; जस्तै :

> पर्वतभेदि पवित्रं चैत्रं नरकस्य बहुमतं गहनम् ।
> हरिमिव हरिमिव हरिमिव वहति पयः पश्यत पयोष्णीम् ।

यो पद्य उद्धृत गरेको पाइनाले बाण र भोजका बीचको समय त्रिविक्रम भट्टको समय हो भन्ने बुझिन आउँछ । शिलालेखहरूका आधारमा त्रिविक्रम इन्द्रराज (वि. सं. ९७१) का सभापण्डित भएकाले यसैताका यिनको समय हो भनेर किटान गर्न सकिन्छ ।

रचना

यिनका कृतिमा 'नल-चम्पू' जसलाई दमयन्तीकथा पनि भनिन्छ, लोक-विख्यात कृति हो । यो चम्पूकाव्य पूरा भएको देखिँदैन । यसमा जम्मा७उच्छ्वास छन् । पहिलो उच्छ्वासमा उठान भएर शिवको स्तुति, कवि-प्रशंसा, मूर्खनिन्दा, वाल्मीकि, व्यास, बाण गुणाढ्य कविहरूको वर्णन र कविचरित्र पनि देखाएका छन् । पछिल्ला उच्छ्वासहरूमा कथानक विस्तृत र व्यापक बन्दै गएको पाइन्छ । भारवि र माघले क्रमशः लक्ष्मी र श्री पदको प्रयोग गरेझैं यिनले प्रत्येक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उच्छ्वासको अन्तमा 'हरिचरण सरोज' भन्ने पदको आवृत्ति गरेका छन् । उनको अर्को चम्पू काव्य पनि छ भन्ने उल्लेख पाइन्छ तापनि कृतिचाहिं उपलब्ध भएको छैन ।

किंवदन्ती

नल-चम्पू-रचनाबारे एउटा किंवदन्ती प्रसिद्ध छ । त्यो के भने त्रिविमका बाबु नेमादित्य कामविशेषले केही दिन कतै गएका वेला विदेशी एक पण्डित शास्त्रार्थ गर्न आएकाले राजकहाँबाट बोलावट आयो । नेमादित्य मुख्य पण्डित भएकाले शास्त्रार्थ गर्नुपर्थ्यो । बाबु छैनन् भने छोरालाई पनि बोलाउनू भनेर राजाबाट खबर आयो, विदेशी विद्वान्सँग शास्त्रार्थ गर्नु त्यसमा पनि राजाका सम्मुख । केटा-केटी भएकाले त्रिविक्रम भट्ट डराएर सरस्वतीको आराधना गरे। 'बाबु नआउञ्जेल तेरो मुखमा रहुँला' भनेर सरस्वतीले वरदान दिएपछि त्रिविक्रमले विदेशी विद्वान्लाई हराएर आफ्नो प्रतिष्ठा बढाई गर फर्के । केही समय बाबु नआएकाले, यही समय पारेर नल-चम्पू सात उच्छ्वाससम्म यिनले बनाए । त्यसपछि बाबु नेमादित्य घर आएकाले सरस्वती गइन् र यो चम्पूकाव्य पूरा हुन पाएन ।

यस ग्रन्थमा चण्डपाल जैन, गुणविनय गणी र दामोदर भट्ट समेतका तीन प्रकारका टीका लेखिएका छन् ।

केही कविता

घण्टा माघ, आतपत्र भारवि, दीपशिखा कालिदास, ताल रत्नाकर भनेझैं यी कविलाई यमुना त्रिविक्रम पनि भनिन्छ । यसो भन्नुमा खास कारणको रूपमा तलको श्लोकलाई लिइन्छ; जस्तै :

उदयगिरिगतायां प्राक्प्रभा पाण्डुताया-
मनुसरति निशीथे शृङ्गमस्ताचलस्य ।
जयति किमपि तेजः साम्प्रतं व्योममध्ये
सलिलमिव विभिन्नं जाह्नवं यामुनं च ॥

भावार्थ–रात सकिन लागेको छ,प्रातःकाल आइरहेछ, राजालाई निद्राबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

जगाउनका लागि वैतालिक भनिरहेछ, 'हे राजन् प्रातःकाल भइरहेछ, यता उदयाचल पर्वतको शिखरमा प्रकाश चम्किरहेछ, उता अन्धकार अस्ताचलको शिखरमा बास बस्न गइरहेछ, यसै समय आकाशका बीच-बीचमा कुनै अवर्णनीय तेज (प्रकाश र अन्धकारमिश्रित भएर उत्पन्न भएको) शोभित भइरहेछ। यो सौन्दर्य देख्ता लाग्छ–'यो नीलवर्णा यमुनाको पानीमा मिलेको सेतो पानी भएको पवित्र आकाश गङ्गाको जल हो।'

रामायणको महिमा छोटा मीठा शब्दमा त्रिविक्रमले यसरी व्यक्त गरेका छन्; जस्तै :

सदूषणाऽपि निर्दोषा सखराऽपि सुकोमला।
नमस्तस्मै कृता येन रम्या रामायणी कथा ॥ १।११

भावार्थ–ती मुनिलाई नमस्कार छ, जसले रामायणको सुन्दर कथा रचे। रामायणको कथाभित्र दूषण राक्षस छ तापनि कथानक निर्दो छ, कथाभित्र खरनामक राक्षस छ तापनि कथानक कोमल छ। सदूषण भए पनि दोषरहित सखर भएर पनि कोमल भन्ने अभिव्यक्ति घतिलो देखिन्छ।

अर्को एक अभिव्यक्ति; जस्तै :

वेधा वेदनयाश्लिष्टः गोविन्दश्च गदाधरः।
शम्भुः शूली विषादी च देवः केनोपमीयसे ॥

भावार्थ–कुनै कवि राजाको स्तुति गरिरहेछन्, कवि राजालाई भन्छन्, 'हे राजन् ! यहाँका लागि कसको उपमा दिऊँ,अर्थात् यहाँलाई कससँग दाँजूँ ! ब्रह्मासँग यहाँको समता छैन, किनभने वेदका मतबाट आश्लिष्ट (आलिंगित) पीडाबाट आलिंगित (वेदनया आश्लिष्ट) छन्। गदा धारण गर्ने गोविन्द (गद+अधर–बिधुरः) भएर दुःखी छन्। शूल धारण गर्ने (विष+आदी) तथा विषभक्षण गर्ने शिवजी शूल पीडाका रोगबाट विषादी (दुःखित) छन्। यी सबै रोगले यी तीन ब्रह्मा, विष्णु, शिव नै राजाका लागि उपमान हुन्। यी सबै रोगले पीडित देखिएकाले महाराजलाई कसको उपमा दिने !

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

नलचम्पूको एक अंश

कल्पना र शैली बुझ्न नलचम्पूको यस सानो अंशले पनि मद्दत गर्दछ; जस्तै नेपालीमा उल्था गरिएको केही अंश, 'कुबेरले राजा नललाई दमयन्ती भएठाउं दूत बनेर जान आग्रह गर्दै यसो भने, 'हे निषध देशका राजा ! हामी आउनाको कारण सुन्नुहोस् । विदर्भ देशका राजा भीमकी छोरी आँखाले कमललाई जितेकी, कुन्द पुष्प जस्तो दाँत भएकी, चाँप जस्तै गोरी, सौन्दर्यले स्वर्गका अप्सरा–लाई समेत हेलाँ गर्ने दमयन्तीको स्वयंवर हुन लागिरहेछ भन्ने खबर नारदबाट सुनेर हामी विदर्भ देशतिर हिंडेका छौं । तर आफ्नै मुखले माग्नाले पुरुषलाई हल्का तुल्याउँछ किनभने त्यहाँ गएर पनि दमयन्तीलाई के भन्नु ! हामी इन्द्र आदि लोकपाल हौं, तिमीलाई प्रार्थना गर्छौं भन्नु हाम्रो महिमालाई नसुहाउने कुरा हो । राम्री छचौ, तिमीले कसलाई उत्कण्ठित तुल्याउन्नौ भनी चिनजान नभएका व्यक्तिमा चेपारे पार्नु अयोग्य हो । हामी बूढो नहुने र नमर्ने हौं भन्नु गाउँले तारीफको उठान हो ! हामीसँग बिहे गरेर तिनै लोकको मालिक्नी बन भन्नु ठूलो ढिटचाइँ गरेर लोभ देखाउनु हो,मानिसहरू अल्पायु हुन्छन्, त्यसकारण हामी देवताहरूमध्ये कुनैलाई वरण गर भनी अर्काको दोष देखाएर माँग्नु पाप हो ।' 卐

यसरी सानो अंशबाट पनि उनको वर्णन शैली, भाव र कल्पनाका केही बुँदासँग परिचय प्राप्त गर्न सकिन्छ !

---

१. अनुवाद– [illegible] भट्टराई, 'संस्कृत [illegible]' ।
Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कविराज धोयी

पृष्ठभूमि र परिचय

कालिदासको मेघदूत संस्कृत-साहित्यको अमूल्य ग्रन्थ हो। यस काव्यको प्रभावमा संस्कृतका अनेक कविहरूले अनेक कृति रचेका छन्। कविराज धोयीले पनि 'पवनदूत' लेखेर सोही परंपराको अनुसरण गरेको अनुभव हुन्छ।

कविराज धोयीका अनेक नाउँ पाइन्छन्। यी नाउँ उच्चारणभेदले मात्र देखिएका प्रतीत हुन्छन्। धोई, धोयीक, धूयी, धोयी जस्ता कविका नामसँग सम्बन्धित अनेक नामहरू पाइन्छन् तापनि यस सन्दर्भमा 'धोयी' नै शुद्ध रूप मानेर प्रयोग गरिएको छ। पवनदूत सन्देश काव्यको अन्तमा उल्लेख भएअनुसार बंगालका लक्ष्मण सेन उनका आश्रयदाता थिए। यसअनुसार १२ औं शताब्दीको अन्ततिर कविराज धोयीको समय मानिन्छ। लक्ष्मण सेनका सभामा गोवर्धन, शरण, जयदेव, उमापति, कविराज प्रभृति पाँच रत्न अर्थात् पाँच विद्वान्हरू थिए भन्ने उक्ति पाइनाले कविराज शब्दले धोयीलाई संकेत गरेको बुझिन्छ।

पवनदूत

पवनदूत एक सन्देश काव्य हो। मेघदूतको प्रभाव यसमा पाइन्छ तापनि आफ्नै प्रकारको मौलिकता यसमा पर्याप्त देखिन्छ। मेघदूत झैं यो काव्य पनि मन्दाक्रान्ता छन्दमा रचिएको छ। मेघदूतमा नायकले नायिकालाई सन्देश पठाएको छ भने पवनदूतमा नायिकाले नायकलाई सन्देश पठाएकी छ। पवनदूतको संक्षिप्त कथानक यस प्रकार छ, 'भुवनविजय गर्दै लक्ष्मण सेन मलयाचल पुगे, कुवलयवती (गन्धर्वकन्या) राजाको अलौकिक सौन्दर्य देखेर प्रभावित हुन्छिन्। राजा आफ्नो देशमा फर्केर आएपछि राजा लक्ष्मण सेनलाई कुवलयवतीले पवन (वायु) का माध्यमबाट सन्देश पठाउँछिन्। मार्गदर्शनमा पाण्डय देश, उरगपुर ताम्रपर्णी नदी, सेतु, काञ्चीपुरी, शुक्ला र कावेरी नदी, माल्यवान पर्वत, पंचशर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

तलाउ, कलिंग देश आदि पर्दछन् । कुवलयवतीले बाटो देखाउँदै वायुका माध्यम-बाट अन्तमा लक्ष्मण सेनलाई मनोरम सन्देश पठाएकी छिन् । काव्यात्मक परि-वेशमा मेघदूतको प्रभाव परे पनि भाव र विचारको पृष्ठभूमि आफ्नै पनको छ। पवनदूतमा जम्मा १०४ श्लोक मन्दाक्रान्ता छन्दमा संरचित छन् ।

केही कविता

नायिका कुवलयवतीको अवस्था यसरी वर्णन गर्छन् :

मुष्टिग्राह्यं किमपि बिधिना कुर्वता मध्यभागं
मन्ये बाला कुसुमधनुषो निर्मिता कार्मुकाय ।
राजन्नुच्चैर्विरहजनित - क्षामभावं वहन्ती
जाता संप्रत्यहह सुतनुः सा ब मौर्वीलतेव ।।

भावार्थ–हे राजन् ब्रह्माजीले उसको कमर यति पातलो बनाएका छन् कि मुठीले समाउन सकिन्छ । यो भान हुन्छ कामदेवले आफ्नो धनुको काम लिनका लागि यी नायिकाको संरचना गरेका हुन् । तर बिरहजन्य सन्तापले ती नारी यति दुल्ली भएकी छिन् कि अब कामदेवको धनुको काम दिन पनि असमर्थ छन्। तैपनि एउटा सानो डोरीको काम त अझै दिन सक्छिन् ।

यसरी यिनका सारगर्भित अनेक कबिता पाइन्छन् । यी कबिराज पदले कसरी विभूषित भए भन्ने कुरामा शङ्का उठ्न सक्छ तापनि उनका अनेक काव्यकृति होलान्, अहिले प्राप्त हुन सकेका छैनन् । तर के भन्न सकिन्छ भने कविराज धोयी पवनदूतकै माध्यमबाट पनि एक सशक्त कवि हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वेङ्कटाध्वरि

परिचय

दक्षिण भारतका अप्पय गुरुका छोरा रघुनाथ दीक्षित र उनका छोरा वेंकटाध्वरि हुन् । यिनी प्रसिद्ध कवि नीलकण्ठ दीक्षितका सहपाठी थिए । यिनको समय सत्रौं शताब्दीको प्रारम्भ हो । अप्पय गुरु अप्पय दीक्षित (कुवलयानन्दका लेखक) नभई छुट्टै हुन् भन्ने कुरा अनेक प्रमाणबाट थाहा हुन्छ । अप्पय गुरु अप्पय दीक्षितका भानिज थिए भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

रचना

वेंकटाध्वरिका अनेक ग्रन्थहरू हुन सक्छन्, पाइएका तीन ग्रन्थ प्रसिद्ध छन् । ती ग्रन्थहरू हुन् :

क. लक्ष्मी-सहस्र-स्तुतिकाव्य

ख. विश्व-गुणादर्श चम्पू

ग. हस्तिगिरि चम्पू

यी ग्रन्थहरूमध्ये लक्ष्मी सहस्र सर्वोत्तम स्तुति-काव्य मानिन्छ । लक्ष्मीको स्तुति एवं वर्णन गर्दै कवि कति गहिरिएका छन्, हेरौं केही नमूना, लक्ष्मीका आँखाको वर्णनको सन्दर्भ; जस्तै :

गुप्ता वनेषु विहरन्ति सुहृद्समीनाः
कस्यापि नो कुल वयेषु दिवा प्रकाशः ।
राज्ञो बिभेति जगदम्ब, कुशोत्तयालिः
कर्णेजपे जयति नेत्रयुगे भवत्याः ॥

भावार्थ–हे जगदम्ब ! यी तिम्रा आँखा कान अझ फैलिएका छन् । यी आँखाका अगाडि अरू सुन्दर चीजको कुनै महत्त्व छैन । रमणीय माछा पानीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लुकेर दिन बिताइरहेछन् । कुनै पनि नीलकमलको चकमकाहट दिनमा देखिँदैन । यी आँखाका अगाडि नीलकमल दिनमा फुलेको पनि देखिँदैन । यी विजयी आँखाका अगाडि नीलकमलको पंक्ति चन्द्रमादेखि डराइरहेको अनुभव हुन्छ । यसरी डराउनको कारण के हो भने यी आँखा कानसम्म फैलिएका छन्, जसले नदेख्ने कुनै कुरा छैन ।

लक्ष्मीको मुखको वर्णन गर्ने सन्दर्भमा कति सुन्दर श्लेष र उत्प्रेक्षा कविले उतारेका छन्; जस्तै :

> दुग्धांभोधिसुते त्वदक्षिविजितो राजानमेणो गत-
> स्त्यक्त्वाऽसाविति मण्डलं मुखजितो दुर्गेशमेणान्वितः ।
> सत्वेकं करतः परं च शिरसा धृत्वा दृगास्यद्विषो
> दुर्गेशः स्वयमीश्वरोऽप्ययमटत्यद्यापि भिक्षामहो ।।

भावार्थ– हे लक्ष्मी ! (दुग्धसमुद्रकी छोरी !) तिम्रा आँखाले मृगलाई जिते, बिचरो मृग तिमीदेखि हारेर (राजा) चन्द्रमाका शरणमा गयो, चन्द्रमालाई पनि तिम्रा मुखले जित्यो, चन्द्रमा पनि मृगलाई लिएर आफ्नो मण्डल (बिम्ब र राज्य) छोडेर दुर्गेश (दुर्गाका स्वामी शिव वा किल्लाका मालिक राजा) का कहाँ गए । शिवजीले तिम्रा आँखा र मुखका शत्रु मृग र चन्द्रमालाई आश्रय दिए । आफ्ना शत्रुलाई आश्रय दिनेलाई तिमी किन सहन्थ्यौ, शिवलाई आपत्ति आइपरिहाल्यो, दुर्गेश (शिव) ले एक (चन्द्रमा) लाई शिरमा र एक (मृग) लाई हातमा धारण गरे, तर पनि शान्ति भएन । परिणाम यो भयो कि स्वयं ईश्वर भएर पनि आजतक भीख मागेर खानुपरिरहेछ । तिम्रो कृपा दृष्टि नरहँदा शिवको त्यो हालत भयो भने अरूको के गति होला ? यस भनाइमा उत्प्रेक्षा र श्लेष कति राम्रो रूपमा चित्रित छ ।

रामद्वारा अहिल्याको उद्धार भएको घटनालाई कवि यसरी वर्णन गर्छन्; जस्तै :

> नादत्तमध्यवनि सिध्यति किंचनेति
> निश्चिन्वता भगवतापि विवक्षता त्वाम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

वैदेहि कामपि शिलामबलां विधाय,
कन्याप्रदानविधि रक्षवदाय चक्रे ।

भावार्थ– हे जानकी ! रामचन्द्रलाई यो थाह थियो कि संसारमा आफूले नदिई कुनै कुरा पनि पाइँदैन, रामलाई तिमीसित बिहा गर्ने इच्छा थियो,त्यसैले कन्या पाउन कन्यादानकै आवश्यक छ भन्ने सिद्धान्त बुझेर भगवान् रामले शिला-की सती (अहल्या) बनाएर गौतम ऋषिलाई दान दिए र तिमीलाई पाए ।

कवि वेंकटाध्वरिका कविता स्वादिला र पढिरहूँ जस्ता छन् । यसरी उदाहरण र नमूना लिंदै जाने हो भने धेरै कविता उद्धृत गर्नुपर्ने हुन्छ । जे होस्, कवि वेंकटाध्वरि सशक्त कवि हुन् ।

किंवदन्ती

विश्व-गुणादर्श-चम्पूमा उनले प्रत्येक वस्तुको स्तुति र निन्दा गरेका छन् । जुन वस्तु एक किसिमबाट स्तुत्य हुन्छ,अर्को किसिमबाट निन्द्य पनि हुन सक्छ । यसरी वर्णन गर्दै लैजाँदा कुनै देवता रिसाएर कविलाई श्राप दिए, कवि अन्धा भए, आफ्नो आराध्य भगवती लक्ष्मीको स्तुति गर्दै एक रातभर नसुती केवल एक रातैमा लक्ष्मीसहस्र स्तुतिकाव्य बनाएर लक्ष्मीको आराधना गरे । भगवती लक्ष्मी प्रसन्न भएर उनका आँखा फेरि खुले भन्ने भनाइ छ ।

विश्व-गुणादर्श-चम्पू

नाम जस्तै संसारको गुण देखाउन रचिएको गद्य-पद्यमय यस ग्रन्थमा कृशानु र विश्वावसु यो विश्व-वाटिकाको भ्रमण गर्न हिंड्छन् । प्रत्येक वस्तुको गुण विश्वावसु वर्णन गर्छन् भने कृशानु प्रत्येक वस्तुको दोष देखाउंदै जान्छन् । यी दुवैको बातचीतमा नै यो काव्य टुङ्गिन्छ । ठाउँ-ठाउँ प्रकृति-वर्णन हृदयस्पर्शी छ । ज्योतिषी, कवि, वैद्य, वैदिक, वैयाकरण आदिको निन्दा स्तुति रोचक ढङ्गले गरिएको छ ।

कवित्व-प्रतिभा

यी कविको कवित्व प्रतिभा चमत्कारी छ। सोचाइको गहनता र स्वाभा-विकता, भावको व्यापकता, वर्णनशैलीको रोचकता र कल्पना शक्तिको विचित्रता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यिनका कवितामा पर्याप्त पाइन्छ । लक्ष्मीको एउटा शरीर भगवान् विष्णुका दश अवतारसँग दाँजिएको यो प्रसंग कति रोचक छ, नमूना; जस्तै :

कृष्णः केशो दृगेषा झषतनुरधरो मन्दरागं हि धत्ते
सौकर्यं दोष्णि रेजे किल मुखहरिता मध्यमात्ता बलिश्रीः ।
रामाऽग्रण्यं वपुःश्रीः प्रथयति यमुनादर्पहृद्रोम-वल्ली
धत्ते जङ्घाभिरामश्रियमिव कलिहृत् पादपद्मम् तव श्रीः ॥

भावार्थ–लक्ष्मीका केश (काला भएकाले) श्रीकृष्ण हुन् । लक्ष्मीका आंखा मत्स्य (माछाकैं जस्ता चल्ने भएकाले) हुन् । लक्ष्मीका अधर रातोपन धारण गरी मन्दराचललाई पनि उठाइरहेछ, त्यसैले कूर्म (कछुवा) हुन्, बाहु सुडोल र सुन्दर (भोग्य भएकाले) वराह-अवतार हुन् । मुखमण्डलमा हरिता चन्द्रसमान श्वेत रंग भएकाले नृसिंह अवतार लक्ष्मीको मुखमण्डल हो । बलीश्री त्रिबली शोभा तथा बलि दैत्यकी राज्यलक्ष्मीलाई कमर (मध्यभाग कटिप्रदेश वामन अवतार) ले प्राप्त गरिरहेछ । शरीरको शोभा रामाग्रण्य रमणीहरूमा सर्व श्रेष्ठ तथा परशुराम बनेका छन् । रोमवल्लीले यमुनाको घमण्डपूर्ण बनाइदिएका छन्, अर्थात् लक्ष्मीका रोम–वल्ली (रौंहरू) यस्ता छन् कि जसलाई देखेर यमुना लज्जित बन्छिन् । त्यसैको रोमवल्ली बलराम हुनन् । लक्ष्मीका जाँघ अत्यन्त मुलायम र सुशोभित हुनाले भगवान् रामको रूपमा छन् । हे लक्ष्मी ! तिम्रा पाउको शोभाले कलह नाश गर्ने भएकाले कल्कि रूप हुन् । जसले कलियुगलाई समाप्त पारिदिन्छ ।

यसरी अनेक दृष्टिबाट कवि वेंकटाध्वरिको प्रतिष्ठा र प्रतिभा प्रशंसनीय रूपमा देखापर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि कल्हण

परिचय

काश्मीरी कवि कल्हणको समय ११ सौं शताब्दीकै आसपास मानिन्छ। परंपराको अपेक्षा यी कविको विषय छनोट र प्रस्तुतीकरण छुट्टै किसिमको प्रतीत हुन्छ। हुन त जीवनको बाल्य-अवस्थामा जुन छाप पऱ्यो त्यसैतर्फ जीवनका कर्म र प्रवृत्ति उन्मुख हुन्छन्। कवि कल्हणका पिताजी चम्पक एक कर्मठ ब्राह्मण थिए। यिनी राजा हर्षका विश्वासनीय कर्मचारी थिए। यिनको समय १०८९-११०१ ई. मानिन्छ। आफ्ना मालिक राजा हर्ष-उपर अनेक सङ्कट आइपर्दा पनि पिताजी चम्पक विचलित भएनन्। यस्तै घटना देखेका र बुझेका कल्हणले सामाजिक, पौराणिक वा काल्पनिक धरातल अँगाल्नुभन्दा भारतवर्षको समसामयिक ऐतिहासिक विषय-वस्तु अँगालेर काव्य लेखन प्रवृत्त भए। भारतवर्षको ऐतिहासिक यथार्थं र काव्यात्मक आस्वादले भरिभराउ भएको काव्य हो–राजतरंगिणी।

कल्हणका केही कविता

जसले अर्काको खराब चिताउँछ, त्यही खराबीले त्यसको विनाश हुन्छ भन्ने कुरालाई कवि यसरी भन्छन्–

यो यं जनापकरणाय सृजत्युपायं
तेनैव तस्य नियमेन भवेद्विनाशः।
धूमं प्रसौति नयनान्ध्यकरं यमग्नि-
र्भूं त्वाम्बुदः स शमयेत् सलिलैस्तमेव॥

भावार्थ– जसले अर्काको अपकार (नराम्रो) का लागि बनाउँछ, त्यसै बनाइएको [illegible]द्वारा नै त्यसको विनाश हुन्छ, अग्नि अरूको आँखा बन्द गर्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धूवाँ जन्माउँछ, (अर्काका अपकारका लागि) त्यही धूवाँ बादल बनेर पानी वर्षा गर्छ र अग्निलाई निभाइदिन्छ । यसकारण अर्काको उपकार चिताउनु, अपकार नचिताउनु भन्ने भनाइलाई कति राम्रो दृष्टान्तबाट कविले पुष्टि गरेका छन् ।

कुनै नायिकाको सौन्दर्यबाट मोहित भएका कवि नायिकालाई सर्वदेवमयीको रूपमा यसरी वर्णन गर्छन् ।

भास्वद्बिम्बाधरा कृष्णकेशी सितकरानना ।
हरिमध्या शिवाकारा सर्वदेवमयीव सा ।।

भावार्थ– चम्किलो बिम्ब (गोलकाक्री) जस्तै लाल ओठ भएकी, काला केश भएकी (कृष्ण जस्तै), चन्द्रमा जस्तै मुख भएकी, सिंह (हरि) कै जस्तो मध्यभाग (कंमर) भएकी, शिव आकारकी ती नायिका मानो सर्वदेवमयी छन् । यहाँ भास्वद् बिम्ब (सूर्य) कृष्णकेश (कृष्ण) सितकरानना (चन्द्रमा) हरि (विष्णु) शिव समेत यतिका देवतासँग मेल खाने सुन्दरी सर्वदेवमयी छन् भनेर कविले मानेका छन् ।

यसरी काव्यमा ठाउँ-ठाउँ अभिव्यक्तिको सुन्दरता र प्रस्तुतीकरणको सजीवता कवि कल्हणका काव्यमा पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

महाकवि विल्हरग

परिचय

काश्मीरी कवि विल्हणले राजा कलशका राज्यकालमा आफ्नो घर छोडेर घुम्दै मथुरा, कन्नौज, प्रयाग र काशीको यात्रा पूरा गरेका थिए । केही समय जहलका राजा कर्णका दरबारमा र केही समय आणहिलवाडका चालुक्य कर्ण देव त्रैलोक्य मल्ल (१०६४-६४) का दरबारमा पनि रहे । त्यसपछि कल्याण-का चालुक्य राजा छैटौं विक्रमादित्य (१०७६-११२७) ले विल्हणलाई विद्या-पतिका रूपमा स्वागत गरें । विक्रमादित्य छैटौंका आश्रयमा विल्हणको प्रतिभा विकसित हुन लाग्यो । आफ्ना आश्रयदातालाई सन्तुष्ट बनाउनका लागि १८ सर्ग भएको महाकाव्य 'विक्रमाङ्कदेव चरित' लेखे । यस ग्रन्थको रचना १०८८ भन्दा पहिले भएको देखिन्छ ।

किंवदन्ती

राजकुमारीका साथ गुप्त प्रेम गर्नका लागि यिनले एक काव्य लेखे । काव्यको नाम हो 'चौरी सुरत पञ्चाशिका' जसलाई विल्हण काव्य पनि भनिन्छ । राज-कुमारीसँग प्रेम गर्न प्रेममय काव्य रचेको सुनेर राजाले कविलाई पक्रेर मृत्युदण्ड दिने घोषणा गरे । उनको काव्य भने आफूले लगेर अध्ययन गरे । काव्य अध्ययन गर्दा यति आनन्द आयो कि उनको कवित्व प्रतिभाबाट निकै प्रभावित भए । मृत्यु-दण्डका लागि कवि उपस्थित गराइँदा आफूले रचेका सुन्दर शृंगारमय पद्यपाठ गर्दा कविलाई मृत्युदण्ड पनि मीठो अनुभव भइरहेको भान हुन्थ्यो । यो देखेर राजाले कविलाई मृत्युदण्डबाट माफी मात्र दिएनन्, राजकुमारीको विवाहसमेत यिनै कविका साथ गरिदिए । राजकुमारी को हुन् ? भन्नेबारे विभिन्न मत छन् । महिमपत्तनका वीर सिंहकी छोरी चन्द्रलेखा हुन् भन्ने विचार काश्मीरीको छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दक्षिणी पाठ अनुसार मदनाभिरामकी छोरी यामिनी पूर्णतिलका हुन् भन्ने देखिन्छ । तर्कवागीश (१७६८ ई.)का विचारमा विद्याका साथ गुप्त प्रेम गर्नाका कारणबाट वीर सिंहबाट चौरपल्लीका राजकुमार सुन्दरलाई मृत्युदण्ड दिइएको थियो र उसैबाट कालिकाको प्रार्थना गरिएको–प्रस्तुत काव्य हो भन्ने देखिन्छ ।

रचना

१. विक्रमाङ्कदेव-चरित (महाकाव्य)
२. चौर पञ्चाशिका (काव्य)
३. चौरी सुरत पञ्चाशिका (प्रेम काव्य)

उपर्युक्त कृतिमध्ये विक्रमाङ्कदेव चरितमा छैटौं विक्रमादित्यको विशद चरित्रलाई काव्यात्मक रूपले वर्णन गरिएको छ । अरू दुइ कृतिमा शृङ्गार रस र अन्य रसमा समसामयिक जीवन मूलक विषय वस्तुलाई आकर्षक र प्रभावकारी रूपमा कविले अभिव्यक्ति दिएका छन् ।

केही कविता

कविको संमान हुन किन आवश्यक छ ? भन्ने कुरा देखाउँदै कवि राजालाई कविको महिमा यसरी वर्णन गर्छन् –

हे राजानस्त्यजत सुकविप्रेमबन्धे विरोधे
शुद्धा कीर्तिः स्फुरति भवतां नूनमेतत्प्रभावात् ।
दुष्टैर्बद्धस्तद लघु रघुस्वामिनः सच्चरित्रं
क्रुद्धैर्नीतस्त्रिभुवनजयी हास्यमार्गं दशास्यः ।।

भावार्थ– हे राजाहरूहो ! सुकविहरूको विशुद्ध प्रेम विषयको विरोध नगर ! उनीहरूकै प्रसादबाट तिमीहरूको विशुद्ध कीर्ति जताततै पुग्दछ । सन्तुष्ट कविहरूले नै रामचन्द्रको विशुद्ध चरित्र गुँथेर आदर्श काव्य रचे । रिसाएका कविहरूले नै तीनै त्रिभुवन वश गर्ने पराक्रमी रावणलाई पनि हास्यको पात्र बनाएर उडाए । कविहरूमा त्यो शक्ति छ– जसलाई जस्तो बनाऊँ भन्यो त्यस्तै बनाउन सक्तछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मिलनपछि वियुक्त भएकी प्राणप्रियाको प्रथम भेटको एक घटनालाई कवि यसरी व्यक्त गर्छन् :

अद्यापि तां रहसि दर्पणमीक्षमाणां
संक्रान्तमत्प्रतिनिभं मयि पृष्ठलीने ।
पश्यामि वेपथुमतीं च ससंभ्रमां च
लज्जाकुलां समदनां च स बिभ्रमां च ।।

भावार्थ--एकल ऐनामा आफ्नो अनुहार हेरिरहेकी प्राणप्रिया सुन्दरीले सोही ऐनामा झलक्क मेरो मुख पनि देख्ता थरथर काम्दै लजाउँदै कामपीडित भएर विलासयुक्त भावना जुन रूपमा व्यक्त गरेकी थिइन्–त्यो आज पनि म झलझली देखिरहेको छु ।

उही नायक आफ्नी प्रेयसीबाट टाढा बन्दा र प्रेयसीसँगको संगम असंभव बन्दै गरेको अनुभव गर्दा यसरी आफ्नो अनुभव प्रकट गर्दछ–

अद्यापि तां प्रणयिनीं मृगशावकाक्षीं
पीयूषकर्ण - कुचकुम्भयुगं वहन्तीम् ।
पश्याम्यहं यदि पुनर्दिवसावसाने,
स्वर्गापवर्गवरराज्यसुखं त्यजामि ।।

भावार्थ–आज दिशा शून्य भइरहेको यस वेला मृगका पाठाका जस्तै चंचल आँखा भएकी अमृतको जस्तै वर्ण (पान गरिरहूँ जस्तो) भएकी, घट समान दुइ स्तन (कठिन) धारण गरेकी प्रियतमालाई देख्न पाएँ भने स्वर्ग, मोक्ष र श्रेष्ठ राज्य-सुखलाई पनि सजिलै त्याग्न सक्तछु ।

यसरी कवि विल्हण के श्रृंगार ? के अन्य रस ? सबैमा अभिव्यक्ति दिन सफल छन् भन्ने कुरा उपर्युक्त केही नमूनाबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आलोचक राजशेखर

पहिले वाल्मीकि कवि भए, त्यसपछि भर्तृमेण्ठ र त्यसपछि भवभूति हुँदै अहिले राजशेखरका रूपमा सोही काव्य-प्रतिभा अवतरित छ।卐 —राजशेखर

परिचय

'राजशेखर' स्वयंले आफूलाई बाल्मीकि, भर्तृमेण्ठ र भवभूतिका उत्तराधिकारी मानेका छन्। ठाउँ-ठाउँ आफूलाई कविराज पनि भनेका छन्। उनको पाण्डित्यमूल्याङ्कन गर्ने हो भने 'कविराज' भन्नु अत्युक्ति पनि देखिंदैन।

यिनका ग्रन्थमा उल्लेख भएअनुसार यिनी कन्नौज राजा महेन्द्रपालका गुरु हुन्। महेन्द्रपाल र महीपालबाट पनि यिनी सम्मानित थिए। महेन्द्रपाल र महीपालकै समकालीन राजशेखरको समय दशौं शताब्दी मानिन्छ।

राजशेखरको समयमा राजाहरू पनि प्रायः कवि हुन्थे। त्यस कवि राजाहरूबाट कविहरू सदैव सम्मानित हुन्थे। काव्य-चर्चा अनिवार्य विषय थियो भने नारी-शिक्षा पनि सुलभ थियो। राजशेखरकी पत्नी अवन्ती सुन्दरी थिइन्। उनी विदुषी थिइन् भन्ने कुरा राजशेखरकै भनाइबाट पनि राम्ररी बुझ्न सकिन्छ। राजशेखरले अवन्ती देशका रमणीहरूलाई विद्वत्ताका परिचायक मानेकाछन्।

राजशेखरका रचना

(क) बालरामायण (महानाटक)

(ख) बालभारत (नाटिका)

卐 बभूव वल्मीकभवः कविः पुरा ततः प्रपेदे भुवि भर्तृमेण्ठताम्।
स्थितः पुनर्यो भवभूतिरेखया स वर्तते सम्प्रति राजशेखरः॥

(बालरामायण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

(ग) विद्धशालभञ्जिका (नाटिका)
(घ) कर्पूरमञ्जरी (सट्टक)
(ङ) काव्य मीमांसा (समीक्षाशास्त्र)
(च) भुवनकोश (अप्राप्त)
(छ) हरविलास महाकाव्य (अप्राप्त)

उपर्युक्त कृतिहरूबाट राजशेखर उनमा बेजोड प्रतिभा थियो र उनी कविराज साँच्चै थिए भन्ने कुरा सजिलै भन्न सकिन्छ ।

बालरामायण

यो दश अङ्कमा लेखिएको महानाटक हो । वाल्मीकि-रामायणको कथानक यसको आधार हो । ठाउँ-ठाउँ नवीनता भर्दै सम्पूर्ण रामायणको कथानकलाई यसमा अटाउन प्रयास गरेका छन् । वाल्मीकिको कथानकलाई भवभूतिको शैली अंगालेर ७५० सुन्दर पद्यहरू समावेश गरी गद्यपद्य नाटकको रूपमा रचित यो महानाटक एउटा मनोहर काव्य हो भने पनि हुन्छ ।

बालभारत

यसै पुस्तकको अर्को नाउँ प्रचण्ड-पाण्डव पनि हो । महाभारतीय कथावस्तुमा आधारित यस नाटकका २ अङ्कमात्र फेला परेका छन् । यसलाई कसैले नाटिका मानेका छन् भने कसैले बाँकी अंश फेला नपरेको भनेका छन् । यसका प्रमुख घटनामा द्रौपदीको स्वयंवर-सभाको वर्णन, द्यूत-क्रीडा, द्रौपदीको अपमान र पाण्डवहरूको वनवास छन् । यसमा कविको प्रतिभा करुण र रौद्ररसमा अभिव्यक्त भएको पाइन्छ ।

कर्पूरमञ्जरी

त्यस वेला पनि सबैले संस्कृत भाषा बुझ्न कठिनाइ पर्ने भएकाले यो कृति प्राकृतमा लेखिएको छ । प्रकृष्ट प्राकृतमा लेखिएको ग्रंथलाई सट्टक भनिने भएकाले यसलाई पनि सट्टक भनिन्छ । नायिकाको नामबाट ग्रंथको शीर्षक रहेका छ। यसका नायक नायिका हुन् चण्डपाल र कर्पूरमञ्जरी। यसको कथासार यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रकार छ : अज्ञात कुलशीला सुन्दरी कुमारीसित राजाको प्रेम बस्छ, विदूषक र रानीकी साथीले प्रेमी र प्रेमिकाको मिलन गराउँछन् । राजमहिषीलाई ईर्ष्या हुन्छ र प्रेमिका नायिकालाई थुनामा पार्छिन् । प्रेमी हृदयमा आघात पुग्छ, संघर्ष हुन्छ, द्वन्द्व मच्चिन्छ । आखिरमा बन्दी प्रेमिका कुन्तल देशकी राजकुमारी कर्पूरमञ्जरी हुन् भन्ने पत्तो लागेपछि राजासँग शुभ विवाह हुन्छ ।

विद्धशालभञ्जिका

यसमा चार अंक छन् । यस नाटिकामा पनि दरबारी प्रेमलीला चित्रित छ ।

काव्यमीमांसा

यो समीक्षात्मक लक्षणग्रन्थ हो । अठार अधिकरण भएको काव्यमीमांसा लेख्ने तर्जुमा राजशेखरले गरेको पाइन्छ । तर यसको समग्र रूप उपलब्ध हुन सकेको छैन । केवल कविरहस्य नामक प्रथम अधिकरण उपलब्ध छ । यस ग्रन्थभित्र व्यापक विषय, व्यापक उदाहरण, अध्ययनको गहनता एवं प्रतिभाको चमत्कार ठाउँ-ठाउँ पाइन्छ । सूत्र शैलीमा लेखिएको यस ग्रन्थमा साहित्यिक, ऐतिहासिक र भौगोलिक तथ्य विराट् आकारमा वर्णित छ । संस्कृत आलोचना शास्त्रमा यो ग्रन्थ महत्त्वपूर्ण मानिन्छ ।

राजशेखरकै शब्दमा 'भुवनकोश' भन्ने ग्रन्थको उल्लेख भए पनि उपलब्ध छैन । हरविलास महाकाव्यको अस्तित्वबारे हेमचन्द्रले र उज्ज्वलदत्तले उद्धृत गरेका छन्, 卐 तर पूरै महाकाव्य उपलब्ध छैन ।

आलोचकका रूपमा राजशेखर

नाटककार, कविराज, महाकवि जस्ता कुनै पनि उपाधि राजशेखरका लागि

卐 स्वनामाङ्कता यथा राजशेखरस्य हरविलासे (हेमचन्द्र)
आशीर्यथा हरविलासे
ओमित्येकाक्षरं ब्रह्म श्रुतीनां मुखमक्षरम् ।
प्रसीदतु सतां स्वान्ते स्वेकं त्रिपुरुषीमयम् (उज्ज्वलदत्त)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

मुहाउँदिलै छन् । त्योभन्दा संमानित र उपयुक्त प्रतिष्ठा उनले गुणदोष विवेचक लक्षणकार आलोचकका रूपमा पाएका छन्, हुन त उनले लेखेको काव्यमीमांसा पूरै उपलब्ध छैन र कबिरहस्य (१८ भागमा १ भाग) मात्र उपलब्ध छ, त्यसैका आधारमा उनका आलोचकीय वैशिष्ट्य केलाउने प्रयास गरौं, जस्तै :

काव्यसिद्धान्त

साहित्यशास्त्रको मुहानको खोजी गर्दा धेरैं विद्वान्हरूले वेद, उपनिषद्को आश्रय लिएका छन्, तर राजशेखर यस पक्षमा छैनन् । राजशेखर दैवी सिद्धान्तको संकेत गर्छन् । काव्यमीमांसाको थाल्नीमा प्रस्तुत गरेको आख्यान अनुसार भगबान् श्रीकण्ठभूति (शिव) ले ब्रह्मादि चौसट्ठी शिष्यहरूलाई काव्यविषयक शिक्षा दिए । ब्रह्माले आफ्ना अमर शिष्यहरूलाई सो विद्या सिकाए । अनि ती शिष्यहरूमध्ये सरस्वतीका पुत्र काव्य पुरुषले आफ्ना अठार शिष्यहरूलाई यस विद्याको उपदेश दिए । यसरी काव्य विद्या १८ अधिकरणमा विभाजित भयो । यिनैं अठार अधिकरणमध्ये १८ अध्याय भएको कविरहस्य नामक प्रथम अधिकरण १८ शिष्यले पढेका र १८ शिष्यमध्ये नाट्यशास्त्रकार भरत पनि एक हुन् । काव्य सृजनको थाल्नी र परम्परामा राजशेखरको आफ्नै मौलिक विचार छ । वास्तव मा राजशेखरले अनन्त शास्त्रहरूको सार लिएर संस्कृत काव्य शास्त्रका विविध सम्प्रदायको सामञ्जस्य प्रतिपादन गरेका छन् । समन्वयवादी काव्य सिद्धान्तको राम्रो प्रयोग राजशेखरको मुख्य आधार हो ।

साहित्य

रौंजशेखरले चार वेद, छ वेदाङ्ग, चार शास्त्र गरी जम्मा १४ शास्त्रको एक मात्र आधार काव्य विद्यालाई मानेका छन् । आन्विक्षिकी, वार्ता र दण्ड नीति वा अर्थशास्त्र सहित चार विद्याको सारभूत साहित्य विद्या सबैको सार हो भन्ने कुरामा राजशेखर विश्वास गर्छन् ।卐

卐 पाञ्चाली साहित्य विधा इति यायावरीयः । सा हि चतसृणामपि विद्यानां निष्यन्दः—(काव्यमीमांसा. अ–२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

काव्य र साहित्य विद्यालाई पति-पत्नीको रूपमा कल्पना गरेर राजशेखरले काव्यमीमांसामा मनोरंजन कथानक प्रस्तुत गरेका छन् । राजशेखरका विचार-मा काव्य र साहित्यलाई एउटै तराजूमा राखिएको छ ।

रस र अलङ्कार

रस सिद्धान्त संस्कृत साहित्यशास्त्र वा काव्यशास्त्रको सर्व प्राचीन बहुमान्य सिद्धान्त हो । आनन्दवादी प्रत्यभिज्ञा दर्शन यस सिद्धान्तको वास्तविक प्रेरक तत्त्व मानिन्छ । पूर्वीय र पाश्चात्य दुवै काव्य शास्त्रीय पद्धतिभन्दा अनौठो र रसवादीको समर्थन गर्ने राजशेखरको समन्वयवादी प्रकृति भने निकै आधुनिकता-तिर ढल्किएको छ भन्ने कुरा यस क्षेत्रको विश्वकोश मानिने काव्यमीमांसा ग्रन्थले स्पष्ट पारेको छ । राजशेखरले भरतलाई रूपकका आचार्य र नन्दिकेश्वरलाई रस सम्प्रदायका आचार्य मानेका छन् । राजशेखरले रसलाई काव्यको आत्मा मान्नुका साथै रचना सरस हुनुपर्छ, रसविहीन रचना स्वागतयोग्य हुँदैन भन्ने दृढ विचार व्यक्त गरेका छन् ।

राजशेखरले अलंकारलाई काव्यको आभूषण मानेका छन् । जस्तै 'अनुप्रासो-पमादयश्च त्वामलङ्कुर्वन्ति' (काव्यमीमांसा अध्याय ३) अर्थात् अनुप्रास उपमा आदि अलङ्कारहरूले तिमीलाई (काव्यपुरुषलाई) सुशोभित बनाउँछन् । यति मात्र होइन वेदादिको क्लिष्ट अर्थलाई स्पष्ट पार्न अलङ्कार आवश्यक छ र अलङ्कार उपकारक पनि भएकाले अलङ्कार वेदको सातौं अङ्ग हो भन्ने विचार राजशेखरको छ ।

रीति, वृत्ति र प्रवृति

रीतिलाई वामनले काव्यको आत्मा मानेका छन् र उनको मतमा विशिष्ट पदरचना रीति हो । वास्तवमा रीति भनेको अभिव्यञ्जनाको एक प्रकारको शैली हो । राजशेखरका विचारमा वचन विन्यास क्रम नै हो । रीतिका आदिम आचार्य सुवर्ण नामलाई राजशेखरले उल्लेख गरेका छन् । साथै राजशेखरले प्रवृत्ति निरू-पणमा भरतबाट, वृत्ति निरूपणमा आनन्द वर्धनबाट र रीति निरूपणमा वामन-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बाट प्रभाव ग्रहण गरेंको देखिए पनि यस सन्दर्भमा नयाँपन ल्याएका छन्। काव्य मीमांसामा तीन रीति र कर्पूरमञ्जरीमा एक बढ्ता स्वीकार गरी जम्मा ४ प्रकारका रीति उल्लेख गरेका छन्। समास-बहुल र अनुप्रासयुक्त रीति गौडी हो। थोरै समास र थोरै अनुप्रास भएको रीति पाञ्चाली हो र समास रहित रीति वैदर्भी हो भन्ने राजशेखरको दृष्टिकोण छ।

शब्दार्थको बोध्य बोधक भाव सम्बन्धलाई वृत्ति भन्दछन्। अभिधा लक्षणा र व्यञ्जनाका भेदले वृत्ति तीन प्रकारका छन्। कसै-कसैले वृत्तिलाई रीतिकै अंग मानेका छन्, तर राजशेखरले विलास विन्यास क्रमलाई वृत्ति मानेका छन्। भरतले नाटचशास्त्रमा चर्चा गरेंका भारती, सरस्वती, कौशिकी र आरभटी वृत्तिको नै राजशेखरले पनि व्याख्या गरेंका छन्।

राजशेखरका विचारमा वेश विन्यासक्रम प्रवृत्ति हो। भरतको नाट्यशास्त्रका अनुसार संसारका विभिन्न देशका वेश, भाषा र आचार, व्यवहार आदि बुझाउने नाट्यलाई प्रवृत्ति भनिन्छ; जस्तै आवन्ती, दाक्षिणात्या पाञ्चाली र औड्रमागधी वा रौद्रमागधी। राजशेखर समन्वयवादी भएकाले विभिन्न आचार्यहरूले दिएका मतमतान्तरको उल्लेख गर्दै साहित्य विद्यावधूको भ्रमणका साथ-साथै रीति वृत्ति र प्रवृत्तिहरूलाई व्यावहारिक रूपले देखाउने प्रयास नयाँ र प्रभावकारी प्रतीत हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कवि जयदेव

परिचय

बंगालका राजा लक्ष्मण सेनका राज्यकालमा कवि जयदेव देखापर्छन् । यी कवि संस्कृत काव्य परंपराका एउटा धारामा एक किसिमका अन्तिम कवि हुन् । यिनी बिन्दु बिश्वनिवासी भोजदेवका छोरा थिए । लक्ष्मण सेनको सभामा गोवर्धन, धोयी, शरण र उमापतिधरसँगसँगै जयदेवको पनि स्थान सुरक्षित रहेको देखिन्छ । बाह्रौं शताब्दीको अन्ततिर यिनको समय मानिन्छ । यिनका अनेक कृतिहरू होलान् तैपनि तिनको 'गीत-गोविन्द' महाकाव्य संस्कृत साहित्यमा प्रसिद्ध कृति हो ।

गीत-गोविन्द (महाकाव्य)

संगीतमय छन्दमा रचित प्रस्तुत महाकाव्य भगवान् कृष्णको पावन चरित्रमा आधारित छ । यस काव्यको महत्त्वबारे १४९९ ई० का प्रताप रुद्रदेवले तस्तो आज्ञा दिएका थिए; नर्तक एवं वैष्णव गायकहरू केवल जयदेव रचित गीत सिकून् र गाऊन् । कबि जयदेवको प्रशंसा गोथे Goethe ले त्यसरी नै गरेका छन् जसरी कवि कालिदासका कृतिहरूको मेघदूत, शाकुन्तल आदिको गरेका थिए । गीत-गोविन्दका अतिरिक्त कवि जयदेवको प्रसिद्ध अर्को कृति 'प्रसन्न-राघव' नाटक पनि हो । गीत-गोविन्द महाकाव्य संगीत, भाव र कलात्मकताका दृष्टिले उच्च कोटिको र अत्यन्त लोकप्रिय मानिन्छ । कैयौं वर्षसम्म उनको जन्मस्थानमा प्रतिवर्ष उत्सव मनाएर यसै काव्यका गीतहरू गाइने परंपरा कायम थियो । अझै पनि शृंगाररसका संगीतबद्ध गीतहरू गाउँदै रमाउने, आनन्दमग्न हुने मानिसहरूको कमी छैन । राघवको भक्ति विभोर गायनपछि श्रीकृष्णको उपस्थिति देखाइएकाले कतै विप्रलंभ शृंगार र कतै संभोग शृंगार एवं कतै शान्तरसका प्रवाह प्रवाहित भएका छन् । ११ सर्गमा रचित प्रस्तुत महाकाव्यका मर्मस्थलहरू वियोग र संयोग, प्रणय र व्यंग्यहरूले निर्धारण गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केही कविता

वसन्तकालीन हवा बहिरहेको छ, हरि आइरहेछन् । साथी ! तिम्रो भवनमा यहाँभन्दा अर्को सुख के होला ? सँगिनी ! माधवका साथ मान नखोज, तालफलभन्दा पनि भारी र कठोर सरस कमलका फूल जस्ता तिम्रा दुइ स्तनलाई विफल किन बनाउँछ्यौ ?

राधासँग मिल्न आतुर बनेर प्रतीक्षा गरिरहेका कृष्ण राधालाई यसरी भन्छन् ।

मञ्जुतर-कुञ्जतल-केलिसदने
प्रविश राधे माधवसमीपमिह
विलस रतिरभस-हसित-वदने
नवभवदशोकदल-शयनसारे··· ··· ···
··· ··· ······ ··· ······ ··· ··· ······ ···

भावार्थ– हे राधे ! तिमी यो ज्यादै सुन्दर कुञ्जका तलतिर क्रीडागृहमा प्रवेश गरेर विलास गर, स्तनरूपी कलशमा ठक्कर खाँदै रहेका गहना (हार) धारण गर्ने हे राधिके ! नयाँ अशोकका पातको शय्यामा माधवका साथ यहाँ आएर विलास (खेलबाड) गर । हे फूल-समान सुकुमार शरीर भएकी राधिके! तिमी भगवान् कृष्णका नजीक यहाँ पुष्प-समूहबाट रचित यस स्वच्छ वासगृहमा आऊ र विलास गर ।

यसरी कोमल भावना र शृङ्गारिक धाराका संगीतमय शैलीका सशक्त कविका रूपमा कवि जयदेव प्रतिष्ठित छन् । जयदेवका गीतिकविता र शृङ्गारिक भावको प्रभाव नेपाली जनमानसमा पनि परेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अनन्तभट्ट

शत्रुको कीर्ति पिइदिने, अमृत बनाउने अनन्त कविको वाणीको मूल्य सारा पृथिवी हो अर्थात् अमूल्य हो । 卐

—रामचन्द्र मिश्र

परिचय

संस्कृत वाङ्मयमा अनन्त नामक कविहरूको संख्या चार देखिन्छ । एक साहित्य कल्पवल्लीका रचनाकार, अर्का चन्द्रलोकका व्याख्याता र अर्का काम-समूहका निर्माता गरी यी तीन प्रकारका अनन्त पाइए पनि यीभन्दा छुट्टै अनन्त भट्ट हुन् । जसले चम्पूभारत,भागवतचम्पू लेखेको उल्लेख पाइए पनि भागवतचम्पू आजसम्म फेला परेको छैन । यिनको चम्पूभारत उपलब्ध महत्तम कृति हो । यस कृतिको भाषा र शैली हेर्दा न ज्यादै पुरानो न त एकदम नयाँ नै छ । त्यसैले मध्यकालीन अर्थात् एघारौं शताब्दीतिर यिनको समय मान्न सकिन्छ । अभिनव कालिदासको प्रतिस्पर्धामा यिनले 'भागवत-चम्पू' रचेका भन्ने सुनिएकाले पनि एघारौं शताब्दी समय हो भन्ने कुरामा पुष्टि मिल्छ ।

वैशिष्ट्य

अनन्तभट्ट रीति सम्प्रदायका कवि भएकाले यिनका कृतिमा प्राचीन परंपराको पूर्णतया पालना गरिएको पाइन्छ । उनको चम्पूभारत एक किसिमको वीरगाथा हो । यसमा अलंकारको प्रयोगबाट अर्थको चमत्कार झल्काएका छन् भने हृदय छुने गरी वीररसको प्रयोग गरेका छन् । पात्रहरू महाभारतीय नै भए पनि शोचाइमा नवीनता छ । पण्डित रामचन्द्र मिश्रको भनाइ छ ।★ "सरस्वतीका प्राणसमान

卐 आचान्त-वैरियशसां ममतोर्मिलानां ।
वाचामनन्तसुकवेर्वसुधैव मूल्यम् ।

★ प्राणैस्तुल्यं सरस्वत्या प्रणैषीच्चम्पूभारतम्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चम्पूभारत बनाए" यस भनाइबाट चम्पूमा चम्पूमात्रको विशेषता झल्किन्छ। १२ स्तवकमा महाभारतको संक्षिप्त कथा उतारिएको छ। यसमा १००० जति श्लोक छन् र अरू गद्य भाग छ। यसको खास वैशिष्ट्य गद्यमा भन्दा पद्यमा नै देखिन्छ। यसको कथावस्तु पाण्डुले पुरुष मृग र किन्दम तपस्वीलाई बाण हानेको कथादेखि लिएर युधिष्ठिरले भीष्मपितामहसँग नीतिको उपदेश लिएको र अश्वमेध यज्ञ गरेका कथासम्म यस चम्पूमा आबद्ध गरिएको छ।

भारतचम्पूको एक अंश

भारतचम्पूको शैली र कल्पनासँग परिचित हुन कृष्ण र विदुर सन्धिका लागि दुर्योधनका सभामा जाँदाको प्रसंग जस्तै "बिहानी पखको सबै काम सिध्याएर कलिलो घामले बादल जस्तै कुंकुम मिसिएको चन्दन शरीरमा लगाएका, कमल हो कि भनेर शंका गर्ने छेउमा लेखिएका र जहाँसम्म ताँतीले खिचिएको हो कि भनेझैं पीताम्बरले पाउ छोइएका, आफ्नो पेटभित्र ठाउँ नपुगेकाले बाहिर निस्केका ब्रह्माण्डरूपी बालकले झैं हारका मोतीहरूले मेखलाको अघिल्लो भागमा ठक्कर लागेका, वर्षा र हेमन्तमा पनि नाश नहुने लक्ष्मीको लीला-कमल तारिफ गर्न आएको सूर्यको बिम्बले झैं कौस्तुभमणिले छाती झिलिमिलि भएका, दानवहरूको उत्पातको रातो परिधिले झैं मणिको बाजुले पाखुरा सिगारेका, विदुरको ढोकाबाट निस्कन लाग्दा दुर्योधनले बस्न नहुने तुल्याइएको शहरको जमीन नछुवाउनलाई झैं नम्रतासाथ आएका दारुकले मणिको खण्ड लगाइदिएका, अगिल्लो भागमात्र नुहेका विदुरले हातको आड दिएका, द्रोणाचार्य र कृपाचार्य अगुवा भएका, ब्राह्मणहरूले दिइएको आशीर्वाद शिरले स्वीकार गर्ने भएका, कुशल प्रश्नले हर्ष बढेका, धृतराष्ट्र र भीष्मले दरबारमा जानलाई प्रार्थना गरिएका, धेरै दिनदेखि पर्खिरहेका सेनापतिहरूको अञ्जलीरूपी कमलको ताँतीलाई हेरेर मिजास गर्दै कृष्ण पनि भाटहरूले गाइएको कंसादिको विजयको प्रशस्तिले घन्किएको, सम्मानका लागि छरिएका फूलको बास्नारूपी संपत्ति पाएर अन्धकारमा परेका भमराका झंकारहरूले मिश्रित बाजाका आवाजले गुञ्जेको, बादल नलागीकन पनि चम्किएका बिजुली जस्ता सुनौला बेतका लट्ठीहरूले भीड हटाइएको, ठूलो सडकबाट विस्तार विस्तार सभामण्डपमा पसे, जहाँ दुर्योधन, दुःशासन, शकुनि र कर्ण बसिरहेका थिए।卐

卐 नेपाली अनुवाद संस्कृत साहित्यको सिंहावलोकन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

धनपाल

परिचय

मुञ्ज राजाले यी कविलाई 'सरस्वती' भन्ने पदवी प्रदान गरेका थिए। यिनको समय मुञ्जको समयसँग-सँगै मानिन्छ। यसरी एघारौं शताब्दी धनपालको समय हो। धनपाल प्रतिभाशाली कवि थिए। उनका कृति फेला नपरे पनि उनको एउटै कृति 'तिलक-मञ्जरी' ले उनी अमर बनेका छन्। विशाल शहरको मध्यदेशमा जन्मेका धनपालका पिताको नाम सर्वदेव र पितामहको नाम देवर्षि थियो। यिनी काश्यप गोत्रीय थिए। के गद्य, के पद्य दुवै विधामा यिनी सफल देखापर्छन्। राजसभामा यिनको ठूलो प्रतिष्ठा कायम भएको थियो। शिलापत्रको एक अंश फेला पऱ्यो, जो यस प्रकार थियो, 'अयि खलु विषयः पुराकृतानां भवति हि जन्तुषु कर्मणां विपाकः' यसलाई पूर्णरूप दिन अनेक कविले प्रयत्न गरे, तर सफल हुन सकेनन्। यस समस्याको पूर्ति धनपालले यसरी गरिदिए–

हर-शिरसि शिरांसि यानि रेजु-
हरि हर तानि लुठन्ति भृङ्गपादैः।
अयि खलु विषयः पुराकृतानां
भवति हि जन्तुषु कर्मणां विपाकः॥

यसरी समस्यापूर्ति मात्र धनपालले गरेनन्, उनले यो प्रतिज्ञा पनि गरे'यदि शिलालेखको मनसायसँग यो कविता मिलेन भने आजन्म म कवितै लेख्नेछैन।' नभन्दै केही दिनपछि शिलालेखको बाँकी अंश फेला पऱ्यो, समस्या पूर्ति सोही अनुरूप रहेछ। यसबाट राजसभामा धनपालको प्रतिष्ठा बढेर गयो। उनले धेरै पुरस्कार पाए। धनपाल जैन धर्मी थिए। हिंसाका यिनी कट्टर विरोधी देखिन्छन्। बलि दिन तयार पारेको बोकोलाई देखेर यिनी यसो भन्छन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यूप कृत्वा पशून् हत्वा कृत्वा रुधिरकर्दमम् ।
यद्येवं गम्यते स्वर्गो नरके केन गम्यते ॥

भावार्थ– मौलो बनाएर, पशु मारेर, रगत बगाएर यदि स्वर्ग पुगिन्छ भने नरकमा को जाने ?

यी कविको स्वाभिमान प्रशंसनीय छ । कसैदेखि नडराउने यी कबिले तिलक-मञ्जरी काव्य बनाए । ऋषभ पञ्चाशिका स्तुति पनि यिनले लेखेका थिए। सुनिन्छ– यिनले राजालाई आफूले बनाएको काव्य तिलक-मञ्जरी सुनाए । काव्य सुनेर ज्यादै प्रसन्न भएका राजाले भनेछन्– मलाई कथानायक बनाएर यस कृतिलाई नयाँ रूप दिनुहोस्, तर धनपालले कहाँ सूर्य ? कहाँ जूनकिरी ? भनेर आफूले काव्य बनाउँदा सुनेको नायकलाई सूर्य र वर्तमान राजालाई जूनकिरीसँग दाँजेछन् । यो सुनेर रिसाएका राजाले तिलक-मञ्जरीको पाण्डुलिपि जलाइदिएछन् । त्यसपछि राजा धनपाल घर गए । तिलक-मञ्जरी काव्यको पूर्वार्ध संझी संझी छोरालाई लेख्न लगाए अनि उत्तरार्धचाहिं फेरि नयाँ बनाए भन्ने भनाइ पाइन्छ ।

तिलक-मञ्जरी

तिलक-मञ्जरी गद्य काव्य हो । यस काव्यलाई महाकवि बाणको कादम्बरी महाकाव्यसँग दाँज्न सकिन्छ । नायिका तिलक-मञ्जरीको नामबाट यस काव्यको शीर्षक रहेको छ । संक्षिप्त कथा यस प्रकार छ : तिलक-मञ्जरी रथनूपुर चक्रवाल भन्ने शहरका चक्रसेनकी छोरी हुन् । यस काव्यमा राजकुमार समरकेतुको प्रेमको वर्णन छ । अयोध्याका राजा मेघवाहनका छोरा हरिवाहन बगैंचामा घुम्न जाँदा प्रतिहारीले आएर दिब्य चित्र दिन्छ । एक परदेशी ठिटोले ल्याएको दिव्य चित्रमा कुनै दोष नभएको कुरा हरिवाहनले परदेशी केटीलाई बताउंछन् । ठिटो राजाको तस्वीर तयार गर्न लाग्छ, किन मेरो तस्वीर तयार गरिरहेछौ ? भन्दा तिलक-मञ्जरीले अरू कसैसँग बिहे गर्न मञ्जूर नगरेको कुरा बताउँछिन् । ठिटो गएपछि तिलक-मञ्जरीको फोटो हेरेर प्रेम र विरह-वेदनाको प्रसंग प्रारंभ हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कतै कतै अस्वाभाविकता भए पनि कल्पनाको चमत्कार प्रेममय रसिला प्रसंग, आलंकारिक प्रवाह, विभिन्न रसको प्रयोग र काव्यात्मकताले काव्य निकै आकर्षक प्रतीत हुन्छ ।

तिलक-मञ्जरीको रूप

तिलक-मञ्जरीको तस्वीर हेरेर राजा हरिवाहन तिलक-मञ्जरीको रूप सौन्दर्यको यसरी वर्णन गर्छन्–

यी थरी-थरीका चाँप, अशोक, तिलक, ताल, तमालका रूखहरू वरिपरि किनारमा भएको, फुलेका सुनौला कमलहरूले दिव्य शोभा देखिने, सुहाउँदो चालले फैलिएको पहाडको शिखरमा रचिएको यो तलाउ ज्यादै गजबको छ। यसको किनारमा यी राम्रा गुलाफ जामुनका लतागृह, घना सुपारीका रूख र पानको झाङनेर छापेको भुइँ हेर्न लायक छन् । यिनी यहाँ विना-कोशिशले राम्रो रत्नको बालुवाको किनारमा सँगिनीहरूका साथमा घुम्ने यिनी ठीकसँग वर्ण धर्मको व्यवस्था राख्ने राजनीति जस्तै ठीक-ठीक वर्ण (रङ्ग) को समुदाय भएको होचो र अग्लो जमीन छर्लङ्ग देखाउने, सूर्यको कान्ति जस्तै उठेको र खोपिल्टा परेका अङ्गहरू छर्लङ्ग देखिने, चखेवा जस्तै राम्रो भुमरी परेको नाइटो भएकी, सारा सुन्दरीहरूकी शिरोमणि जस्ती, चक्रवर्तीकी छोरी लेखिएकी छन् । यिनका सुसारेहरू हिड्नाले अगिल्तिर चंचल भएका र सासले आकाशमा उडेका चराहरू खास ज्यूँदा हुन् कि झैं देखिन्छन् टहल गर्न सिपालु भएका अनि आफ्नो-आफ्नो काममा लागेका, सिंगारिएका यी नखरे आइमाईहरू ठीक-ठीक ठाउँमा राखिएका छन् । फेरि माथि सेतो छाता ओढेकी यिनी चन्द्रमा-बीच आकाशमा पुगेको पूर्णिमाको रात जस्ती छन् । यिनको पछि-पछि लागेको हातमा विलासपूर्वक सुनको दण्ड लिएकी, यी बिजुली चम्केकी वर्षा जस्ती देखिन्छिन् । फेरि बाटो छेक्ने हाँसहरूलाई पाउजेबको आवाजले तर्साउने पानबट्टा हातमा लिएकी अर्की चाहिं नजीकै आएर पानबट्टा खोलीकन तेर्सोपट्टि पसारेको हातमा पान टक्र्याइरहेकी छन् । धेरै भनेर के हुन्छ, जे-जे हेरिन्छ, त्यो-त्यो सबै यी चित्रपटको सौन्दर्य बढाउनाको कारण छ । बरु एउटा यहाँ दोष छ, एउटा पुरुषको चित्त यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

देखिन्न । यसैले गर्दा अलि पूर्णशोभा पाएको छैन । उसैले अहिले पनि शोभा बढ़ाउनका लागि र दर्शकहरूको कौतुक बढाउनाका लागि केही राम्रा पुरुषहरू यिनको परिवार तुल्याउन योग्य देखी यस्तो कन्या अगाडि पुरुषहरूहुनु विरुद्ध कुरा पनि होइन । 卐

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

सोमदेव

CC-0.In Public Domain. Digitization by eGangotri

परिचय

सोमदेव के गद्य के पद्य दुवै विधामा सिद्धहस्त छन् । यिनको समय ११ औं शताब्दीको प्रारम्भतिर मानिन्छ । चालुक्यवंशी अरिकेसरीका जेठा छोरा राष्ट्रकूट राजा कृष्णको राज्यकालमा गंगाधारामा यिनका कृतिहरू रचिएको हुनाले यो अनुमान संभव भएको हो, यिनका गुरु संघतिलक यशोदेवका चेला नेमिदेव हुन् । जो तर्कशास्त्रका विद्वान् भएकाले लोकचूडामणि भन्ने पदवीले विभूषित थिए । सोमदेव जैन धर्मावलम्बी थिए भन्ने कुरा उनको यशस्तिलक चम्पू महाकाव्यको शुरूमा जिनको स्तुति गरिएबाट पनि स्पष्ट हुन्छ । यशस्तिलक चम्पू महाकाव्य, कल्पना र शब्दसंयोजनका दृष्टिले बाणको कादम्बरीसँग दाँज्न सकिन्छ । यो ग्रन्थ लेखेकोमा लेखकलाई पनि उत्तिकै गर्व छ, उनी भन्छन्–'वर्ण, पद, वाक्य, समास, लिङ्ग, क्रिया, कारक, रस, रीति, अलङ्कार, लोकस्थिति इत्यादि चौध कुराले यो काव्य उज्यालिएको छ, यशस्तिलक चम्पू काव्यात्मकताले मात्र उच्चकोटिको ग्रन्थ होइन, जैनका वैराग्य, स्मृति, यम नियम आदि साधारण गृहस्थ-धर्मका साथसाथै यति धर्मको पनि उल्लेख भएको देखिन्छ ।

यशस्तिकलको कथावस्तु

यस चम्पू काव्यमा यशोधर महाराजको चरित्र बर्णन छ । धार्मिक विषय प्रधान भए पनि काव्य रोचक छ । पहिलो आश्वासमा यौधेय देश राजपुर सहरका भारदत्त भन्ने राजाको वर्णन र भवानीको मन्दिरमा खड्ग लिएका राजालाई दुइ मुनिबालकले देखेका कुरा छ भने दोस्रो आश्वासमा अवन्तीका प्यारा यशोधरले केही काल सुखपूर्वक राज्य गरेको र उमेर ढल्केपछि 'म तपस्या गर्न जान्छु, तिमी राज्य गर' भनी छोरा यशोधरलाई भनेपछि कापटिक आएर राजालाई मन्त्रीको कुरा लगाएको कथानक छ । जैन मुनि सुदत्तको चाहना-अनुसार बलिदान गर्न उद्यत भारतदत्तको हृदय परिवर्तन हुन्छ, भारतदत्तले युवक मुनिको परिचय सोद्धा यशोधर र चन्द्रमतिको छोरा हुँ भन्ने जवाफ पाए । तेस्रो आश्वासमा ऊ आफ्ना मन्त्रीहरूसँग बहस गरिरहेको पाइन्छ । उसले अचानक पुराना कविता उल्लेख गर्नु र स्वास्नीको कारणले नष्ट हुनु अनि उसले स्वास्नी-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

लाई मार्नं इच्छा गर्नु, तर नमारी योगी हुनु जस्ता घटनाको उल्लेख छ भने चारौं आश्वासमा आमा-छोराको जुम्ल्याहा भएर पुनर्जन्म भएको कुरा छ। यसरी कथा कस्तो कस्तो देखिए पनि कथात्मक मूल्य उच्चकोटिको प्रतीत हुन्छ ।

यशस्तिलकको एक अंश (नेपालीमा)

भारत वर्षमा अवन्ती देशको वर्णनमा कवि यसरी आफ्नो विचारमा कल्पनाका बुट्टा भर्छन्, जहाँ आइमाईको कपालमा कालोपना थियो, मानिसको चरित्रमा थिएन, सिउँदोमा दुइ किसिमको भाव थियो, मालिकको सेवामा दोमन थिएन, डेढोको हेराइमा बाङ्गोपन थियो, नम्रताको उपदेशमा थिएन, आँखीभुइँमा खुम्च्याइ थियो, आपसी मित्रतामा थिएन, आँखामा वर्णको (रातो सेतो कालो आदि) रंगको संकर थियो, कुलाचार (विवाह आदि) मा थिएन, स्तनभागमा विवेक नभएको ठेलमेल थियो, अर्काको कुरामा विवेक-हीनता थिएन, मध्य देश अर्थात् कटिभागमा दुब्लोपन (दरिद्रता) थियो, चिताइएको वस्तुमा थिएन, नितम्बभागमा गह्रौंपन (जडता) थियो, शास्त्रको अभ्यासमा थिएन, पाउका नङमा बढिबढाउ देखिदैनथ्यो, लक्ष्मीका महोत्सव (चाड)मा भने देखिन्थ्यो, पैतालामा धूलोले धुस्रो-फुस्रो देखिन्थ्यो, चरित्रमा भने (पांसुलता)धुर्त्याइं देखिदैनथ्यो ।

फेरि जहाँ पलको व्यवहार सुनको दक्षिणामा थियो (मासुमा थिएन) मधु (वसन्त) को आगमन वर्षको शुरूमा थियो (मदिराको समागममा थिएन) अर्काका असल आइमाईको वर्णन कामशास्त्रमा थियो (अर्काकी स्त्रीमा थिएन) क्षणिक-स्थिति बौद्ध शास्त्रमा थियो (बोलाइमा थिएन) चंचल विलास हावामा थियो (परस्त्रीमा थिएन) भावको संकर भरतशास्त्रमा थियो (क्रियाको मिश्रणमा थिएन) पर (उत्कृष्ट) धनको इच्छा मन्दिर बनाउनमा थियो (अर्काको धनमा थिएन) निपातको सुनुवाइ शब्दशास्त्रमा थियो, दोषको विचार वैद्यका वचनमा थियो, भंगको सुनुवाइ यमक वाक्यमा थियो, दाजुभाइको झगडाको कुरा भारतको कथामा थियो, गुण (ताँदो) छिन्ने काम लडाईंमा हुन्थ्यो, बाङ्गोपना कामदेवको धनुको टुप्पामा थियो ।卐

卐 अनुवाद-साभार : संस्कृत साहित्यका सिंहावलोकन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

क्षेमेन्द्र

परिचय

एघारौं शताब्दी (१०६३ ई.–१०८९ तिर) क्षेमेन्द्रको समय हो। यिनी काश्मीर निवासी हुन्। काश्मीर सारस्वत प्रतिभा जन्मने प्रसिद्ध केन्द्र भएको र यस केन्द्रका प्रसिद्ध सारस्वत सहज प्रतिभामध्ये क्षेमेन्द्र अग्रगण्य स्थान राख्त-छन् तापनि काव्य-साधनका लागि क्षेमेन्द्रको समय अनुकूल थिएन। राजाबाट प्रोत्साहन र प्रेरणा पाउँदा जति प्रतिभा विकसित हुन पाउँछ त्यो नहुँदा प्रतिभा-ले खुम्चेर बस्नुपर्ने पनि हुन्छ। तत्कालीन काश्मीरी शासक अनन्त मानसिक दृष्टिले दुर्बल र बौद्धिक दृष्टिले शिथिल थिए। यस्तो स्थितिमा प्रोत्साहन र प्रेरणा पाउने कुरै थिएन, तापनि क्षेमेन्द्रले संस्कृत वाङमयको सेवा गरे। त्यो अत्यन्त प्रशंसनीय छ।

प्रतिभा र साधना

आफ्नो युगको अशान्त वातावरणबाट असन्तुष्ट र मर्माहत भएर पनि दुष्ट-ताका ठाउँमा शिष्टता र स्वार्थका ठाउँमा परार्थको वातावरण सृजना गर्न आफ्नो प्रतिभाको सदुपयोग गर्दै महाकवि क्षेमेन्द्रले कलम चलाएको अनुभव हुन्छ। विशाल क्षेमेन्द्र साहित्य खडा हुनु यसको पुष्टिका लागि उदाहरण हो। संस्कृत साहित्यका दोस्रा व्यासको रूपमा क्षेमेन्द्र उपस्थित हुन्छन्। उनले संस्कृत साहित्य-मा कथा सृजनाको जुन जग बसाए त्यसका लागि क्षेमेन्द्र अविस्मरणीय छन्। जनताको चरित्र सुधार एवं मनोरंजनको उद्देश्य राखेर रामायण र महाभारतको कथानकलाई प्रभावकारी रूप दिदै रामायण-मंजरी र भारत मंजरी (१०३७ई.) छुट्टाछुट्टै बनाए। त्यसपछि प्राचीन कथारत्नाकर बृहत्कथा-मंजरी लेखे। हुन त शालिवाहनका सभापण्डित गुणाढ्य महाकविले पैशाची भाषामा बृहत्कथा लेखेर भारत वर्षभरि ख्याति फिंजिएको थियो–त्यसैलाई नयाँ रूप दिदै संस्कृतमा क्षेमेन्द्र-ले योगदान गरे। यस कथाभित्र वेतालपच्चिसी, स्तुतिसंबन्धी प्रसंगहरूका साथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रेमचित्रण, सौन्दर्य वर्णन, कला जस्ता विषयलाई स्पष्ट पार्दै हृदयस्पर्शी गराइएका धेरै कथा छन् । बृहत्कथाको शुरू कथाका नायक नरवाहनदत्त छन्, जो वत्सराज उदयनका छोरा हुन् । वासवदत्ता र वत्सराजको रोमाञ्चकारी कथाबाट ग्रन्थको प्रारंभ हुन्छ, प्रधान कथा र त्यसको पूरक (लघु) कथा गरी धेरै कथा यसमा संकलित छन् । यस ग्रन्थमा अठार लम्बक (अध्याय) छन् ।

क्षेमेन्द्रका बोधिसत्व, वरदान, कल्पलता प्रभृति कृतिहरू पनि छन्, जो बुद्धधर्म र दर्शनसँग सम्बन्धित छन् । यो ग्रन्थमा भगवान् बुद्धको प्राचीन जन्म र चरित्रसँग सम्बन्धित आख्यानको पद्यबद्ध वर्णन छ । हीनयानमा जातकको जुन स्थान छ, महायानमा अवदानको सोही स्थान छ । अवदानको अर्थ हो शुभ-चरित्र । यसमा १०८ पल्लव (कथाहरू) छन् । अन्तिम पल्लव क्षेमेन्द्रको स्वर्गारोहणपछि उनकै छोरा सोमेन्द्रले पूरा गरिदिए । क्षेमेन्द्रका अरू कृतिमा दशावतार चरित्र, चारुचर्या, कला विकास, सुवृत्त तिलक आदि प्रसिद्ध छन् ।

क्षेमेन्द्र यसरी एक कथाकार, काव्यकार एवं कवि मात्र थिएनन्, उनी पूर्ववर्ती साहित्यकारको कदर गर्ने एक पारखी आलोचक पनि थिए । उनले अनेक साहित्यिकहरूको गुण-गरिमा सुमधुर शब्दमा अभिव्यक्त गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

रत्नाकर

परिचय

रत्नाकर काश्मीरी कविहरूमा अग्रणी मानिन्छन् । यिनको प्रौढ महाकाव्य 'हरविजय' हो । यो काव्य संस्कृत साहित्यमा अद्भुत ग्रन्थ मानिन्छ । काश्मीरका राजा अवन्तीवर्मा (८५५ ई. ८८० लगभग) मा प्रसिद्धि पाएको देखिदा यिनको समय नवौं शताब्दीको मध्यम भाग मानिन्छ । प्रत्यभिज्ञा दर्शनको प्रौढ पाण्डित्य 'हरविजय' महाकाव्यले देखाउँछ । कल्पनाको उडान, वैदर्भी रीतिको विन्यास, सुन्दर शब्द र कमनीय अर्थको संयोजनले यो काव्य संस्कृत वाङमयमा एक महनीय स्थान ओगट्न पुग्दछ ।

हरविजय (महाकाव्य)

यस काव्यमा प्रयुक्त कल्पना, भावभूमि र विषय-वस्तुले मानिसलाई कतिसम्म फाइदा हुन सक्दछ भन्ने कुरा कविकै शब्दमा हेरौं; जस्तै :

हरविजय - महाकवेः प्रतिज्ञां
श्रृणुत कृतप्रणयो मम प्रबन्धे ।
अपि शिशुरकविः कविः प्रभावात्
भवति कविश्च महाकविः क्रमेण ।।

भावार्थ– हरविजय महाकाव्य रच्ने महाकविको प्रतिज्ञा के छ भने उक्त काव्य ध्यान दिएर पढेमा बालख छ भने कवि बन्छ, अकवि पनि प्रभावले कवि बन्छ, कवि छ भने क्रमैले महाकवि बन्छ । महाकाव्य पढ्दा लेखकको यो भनाइ अत्युक्ति ठहर्दैन ।

आफ्नो महाकाव्य (हरविजय) को अन्तमा यसरी दृढ प्रतिज्ञा गर्न सक्ने आत्मविश्वासी कवि रत्नाकर एक महाकविको रूपमा संस्कृत साहित्यमा अमर छन् र रहने पनि छन् भन्नु प्रस्तुत सन्दर्भमा सामयिक मानिने छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पण्डितराज जगन्नाथ

परिचय

संस्कृत साहित्यमा प्रखर पाण्डित्य भएका विद्वान्हरूको गणना गर्दा पण्डितराज जगन्नाथको नाम पनि अग्रगण्य स्थानमा आउँछ । उनका कृतिहरू अध्ययन गर्दा उनको प्रखर पाण्डित्यसँग परिचित हुन सकिन्छ । यिनले दिल्लीका बादशाह शाहजहाँबाट पण्डितराज पदवी पाएका थिए । यिनको समय सत्रौं शताब्दी हो । मुगल साम्राज्य आफ्नो उन्नतिको चरम सीमामा रहेको वेला पण्डितराजले आश्रय पाउनु सानो कुरा थिएन । यत्रो सफलतामा पण्डितराजमा आत्मविश्वास र आत्मबल हुनु अस्वाभाविक घटना मात्र पर्छ ।

कृतिहरू

साहित्यिक मौलिक कृति, व्याकरण र साहित्य-सिद्धान्तसम्बन्धी कृति गरेर पण्डितराजका कृतिहरूलाई तीन प्रकारबाट विभाजित गर्न सकिन्छ ।

१. गंगालहरी (यसमा गंगास्तुति सुन्दर रूपमा चित्रित छ ।)
२. सुधालहरी (यसमा सूर्यप्रशस्ति अंकित भएको पाइन्छ ।)
३. अमृतलहरी (यसमा यमुनाको स्तुति मनोहर रूपमा छ ।)
४. करुणालहरी (यसमा भगवान् विष्णुको स्तुतिले हृदय छुन्छ ।)
५. लक्ष्मीलहरी (लक्ष्मीको प्रशंसामा यो पुस्तक आधारित छ ।)
६. आसक विलास (यसमा आसकखानको प्रशंसा पाइन्छ ।)
७. प्राणभरण (यसमा कामरूपाधि पतिको प्रशंसा छ ।)
८. जगदाभरणम् (कर्णसिंहका छोरा जगतसिंहको वर्णन यसमा छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

९. चित्रमीमांसाखण्डनम् (अप्पय दीक्षित द्वारारचित चित्रमीमांसाको खण्डन यसमा छ ।)
१०. मनोरमा कुचमर्दनम् (महोजी दीक्षितको मनोरमा नामक ग्रन्थको खण्डन छ ।)
११. भामिनी विलास (यसमा श्रृंगार करुण आदि रोमाञ्चकारी प्रसंग अटाएको छ ।)
१२. रसगंगाधर (अलङ्कार शास्त्रसँग सम्बन्धित यो ग्रन्थ मौलिक र प्रौढ पनि भएकाले अद्भुतको मानिन्छ ।)

यसरी पण्डितराजका कृतिहरू मात्र हेर्दा पनि उहाँको बहुमुखी व्यक्तित्व र पाण्डित्यसँग थोर-बहुत परिचय पाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अम्बिकादत्त व्यास

परिचय

अम्बिकादत्त व्यास भारतीय विद्वान् हुन् । यिनको समय बीसौं शताब्दी हो। यिनको सुन्दर, सुबोध र ललित पदावलीमा रचिएको गद्यकाव्य शिवराज विजय मनोहर ग्रन्थ मानिन्छ । गद्य कविको परीक्षा गर्ने कसौटी हो भन्ने भनाइ छ। यस काव्यमा अम्बिकादत्त व्यासको प्रतिभा र कवित्व शक्तिको राम्रो परिचय पाइन्छ । संस्कृत गद्य विधामा सुबन्धु, बाण, दण्डी, प्रभृति सशक्त महाकविहरूले प्रतिष्ठा जमाइसकेको परंपरामा आफ्नै स्वत्व प्रतिमान स्थापना गर्नु सानो कुरा थिएन । यसमा अम्बिकादत्त व्यास सफल प्रतीत हुन्छन् । अझ गद्य-लेखन परंपरा झण्डै लुप्तप्रायः भएको अवस्थामा संस्कृत गद्य काव्य लेख्ने र प्रतिष्ठापूर्ण स्थान जमाउन सफल हुने अम्बिकादत्त निश्चय नै सफल र अमर साहित्यकार हुन् भन्न सकिन्छ ।

शिवराज विजय

भारत वर्षमा अठारौं शताब्दीमा घटित राजविद्रोह र हिन्दूहरूको महान् विजय भएको घटनालाई लिएर रचित प्रस्तुत काव्यमा यवनहरूको आक्रमण र त्यसबाट हिन्दूहरूमा पुगेको आघातको राम्रो विश्लेषण गरिएको छ । शिवराजले कसरी अपजलखाँलाई मारेर सम्पूर्ण आर्यको उद्धार गरे भन्ने कुरा यस ग्रन्थमा पढ्न पाइन्छ । यस कथानकले मात्र यस ग्रन्थको महिमा बढेको होइन, यसमा पाइने शैली र अभिव्यक्ति, कल्पना र यथार्थको प्रस्तुतीकरणका साथै सुबोध, सुन्दर र सरस प्रसंगहरूले पनि पाठकहरूको हृदयलाई राम्ररी छुन सक्छ। ठाउँ-ठाउँ बाण, दण्डीकै टक्करमा अम्बिकादत्त व्यास पनि उभिएका छन् । उपमा र उत्प्रेक्षा, अनुप्रास र यमकको प्रयोग ठाउँ-ठाउँ हृदयस्पर्शी छ । सारांशमा उनी सफल गद्य काव्यकार हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्यका केही अरू साधकहरू

यस पुस्तकमा परिचय दिइएका अमर साहित्यकारहरूको अपेक्षा अन्य अनेकौं कवि, लेखक एवं ग्रन्थकारहरू पनि संस्कृत वाङमयमा देखिन्छन् । यस्ता सावकहरूमध्ये गद्यकाव्यहरूमा–

वांदीभ सिंह	१० औं शताब्दी	गद्यचिन्तामणि (जैन जीवन्धरको कथानक)
सोढ्ढल	११ औं शताब्दी	उपयसुन्दरी कथा
वामन भट्ट बाण	१५ औं शताब्दी	वेमभूपाल चरित

आदि प्रसिद्ध छन् ।

त्यस्तै चम्पूकाव्यकारहरूमा अनेकौं साहित्यकारको प्रतिभा चम्पूकाव्यका माध्यमबाट जगमगाइरहेको पाइन्छ । माथि परिचयमा नपरेका चम्पूकारहरू हुन्–

भोजराज	१० औं शताब्दी	रामायण चम्पू
नीलकण्ठ दीक्षित	१६ औं शताब्दी	नीलकण्ठ चम्पू
कर्णपूर दीक्षित	,,	आनन्दवृन्दावन चम्पू
जीव गोस्वामी	,,	गोपाल चम्पू
शष श्रीकृष्ण	,,	पारिजातहरण चम्पू

इत्यादि प्रसिद्ध चम्पू र चम्पूकारका नाउँ अग्रगण्य छन् ।

नाटककारहरूमा माथि उल्लेख गरेका नाटककारहरूका अतिरिक्त निम्न–नाटककारहरू पनि अमर साधक मानिन्छन् ।

क्षेमीश्वर	१० औं शताब्दी	चण्डकौशिक नाटक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृष्णमिश्र	११ औं शताब्दी	प्रबोधचन्द्रोदय नाटक
रामचन्द्र	१२ औं शताब्दी	नलविलास, निर्भयभीम व्यायोग
जयसिंह सूरि	१२ औं शताब्दी	हम्मीर मर्दन नाटक
भट्टनारायण	८ औं शताब्दी	बेणीसंहार
रवि वर्मा	१३ औं शताब्दी	प्रद्युम्नाभ्युदय नाटक
वेदान्तदेशिक	१३ औं शताब्दी	संकल्प सूर्योदय नाटक
यशःपाल	"	मोहराजपराजय नाटक
वामनभट्ट बाण	१४ औं शताब्दी	पार्वती परिणयनाटक
शान्तिभद्र	१५ औं शताब्दी	आश्चर्य चूडामणि नाटक
महादेव	१६ औं शताब्दी	अद्भुत दर्पणनाटक
कवि कर्णपूर	१६ औं शताब्दी	चैतन्य चन्द्रोदय नाटक
गोकुल नाथ	१७ औं शताब्दी	अमृतोदय नाटक
आनन्दराय	१८ औं शताब्दी	विद्या परिणय, जीवानन्दन
धार ना२	"	कुन्दमाला

इत्यादि नाटककारका नाटकहरू संस्कृत वाङ्मयमा सुशोभित छन् ।

संस्कृत साहित्यका मोडहरू निर्धारण गर्दै विभिन्न सिद्धान्तहरूको प्रतिपादन गर्ने साहित्यका चिन्तकहरू हुन्–

भामह	६ शताब्दी	काव्यालंकार
महोद्भट	८ शताब्दी	काव्यालंकार संग्रह
वामन	८ शताब्दी	काव्यालंकार सूत्र
रुद्रट	८ शताब्दी	काव्यालंकार (रुद्रटालंकार)
मुकुल	१० औं शताब्दी	अभिधावृत्तिमातृका
अभिनव गुप्त	१० औं शताब्दी	लोचन, नाट्यालोचन
महिम भट्ट	११ औं शताब्दी	व्यक्ति-विवेक, तत्त्वोक्तिकोष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

राजा भोज	११ औं शताब्दी	सरस्वतीकण्ठाभरण
रुप्यक	११ औं शताब्दी	अलङ्कार सर्वस्व
मम्मट	१२ औं शताब्दी	काव्यप्रकाश
विश्वनाथ	१४ औं शताब्दी	साहित्यदर्पण
अप्पय दीक्षित	१७ औं शताब्दी	कुवलयानन्द

आदि लक्षण ग्रन्थकारहरू संस्कृत वाङमयमा सुशोभित छन् ।

माथि उल्लेख भएका काव्यकारहरूका अतिरिक्त यी काव्यकारका कृतिहरू पनि संस्कृत वाङमयका अमर उपलब्धि मानिन्छन् ।

शिव स्वामी	९ औं शताब्दी	करुणाभ्युदय (महाकाव्य)
मङ्खक	१२ औं शताब्दी	श्रीकण्ठचरित (महाकाव्य)
महोद्भट	८ शताब्दी	कुमारसंभव
पद्मगुप्त	११ औं शताब्दी	नवसाहसाङ्क चरित
धनेश्वर सूरि	७ तौं शताब्दी	शत्रुञ्जय महाकाव्य
वाग्भट	१२ औं शताब्दी	नीमिनिर्वाण
अभयदेव	१३ औं शताब्दी	जयन्त विजय
अमर चन्द्रसूरि	१३ औं शताब्दी	वालभारत
देवप्रभ सूरि	,,	पाण्डव चरित
वीरनन्दी	,,	चन्द्रप्रभा चरित
वस्तुपाल	,,	नरनारायणानन्द

इत्यादि काव्यकारका कृतिहरू पनि विभिन्न पक्षलाई अँगालेर सुशोभित रहेका छन् ।

मुक्तक (फुटकर) श्लोकहरूका संग्रहात्मक ग्रन्थहरूमा

आर्या शप्तशती	गोवर्धन	११ औं शताब्दी
कवीन्द्रवचन समुच्चय		११ औं शताब्दी
सशक्ति कर्णामृत	श्रीधरसेन	१३ औं शताब्दी
शार्ङ्गधर पद्धति	शार्ङ्गधर	१४ औं शताब्दी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सुभाषितावली	वल्लभ देव	१५ औं शताब्दी
पद्यावली	रूपगोस्वामी	
पद्यवेणी	लक्ष्मण भट्ट	१८ औं शताब्दी
सुभाषित भाण्डागार	निर्णय सागर	२० औं शताब्दी
उद्भटसागर	वंग देश	,,

इत्यादि संग्रह कर्ता (संकलन कर्ता) का संकलनहरूले पनि संस्कृत साहित्यको भण्डारलाई अलंकृत र सुशोभित बनाइराखेका देखिन्छन् ।

यसरी सरसरती हेर्दा संस्कृत वाङ्मय अगाध र अपरिमित देखिन्छ । छोटकरीमा सरसरती हेर्दा पनि के काव्य, के गद्यकाव्य, के चम्पूकाव्य, अनि के अन्य विधा सबैमा केही न केही उल्लेखनीय योगदान समय-समयमा युगानुयुगदेखि रहँदै आएको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अरू केही नेपाली संस्कृत साहित्यकार

नेपाल आर्यभूमि हो । युगानुयुगदेखि हिमालयका आस-पास रहेर निरन्तर साधनारत महर्षिहरूले उज्यालिएको यस देशमा देववाणीका उपासक साधकहरू पर्याप्त हुनु नौलो कुरा होइन । अझ लिच्छवि कालमा राष्ट्रभाषाकै रूपमा संस्कृत भाषाको अस्तित्व रहेको र मल्ल, शाहकालमा समेत शिलालेख, ताम्रपत्र, कनक-पत्र आदि संस्कृत भाषामा लेखिनुका साथ-साथै साहित्यिक कृतिहरूसमेत संस्कृतमा लेखिएका पाइनाले युगानुयुगदेखि नेपालको राजकीय प्रतिष्ठा प्राप्त भाषाको रूपमा संस्कृत भाषाको अस्तितव देखिन्छ । यस देशमा संस्कृतकै माध्यमबाट देश, समाज र मानवको सेवा गर्ने साधकहरू पर्याप्त हुनु अस्वाभाविक होइन । यस भूमिमा संस्कृत वाङ्मयका उपासक कति जन्मे, र के-के साधन गरें भन्ने कुरा खास-खास अनुसन्धानको अभावमा भन्न सकिंदैन तापनि मनु, याज्ञवल्क्य, व्यास, वाल्मीकि, पराशर, भृगु, कपिल, अमर वाडा, भारवि प्रभृति प्रौढ साधकहरूको अस्तितव केलाएर उनीहरूको साधना र कर्मलाई केलाएर हेर्दा कुनै पनि नेपालीलाई गौ-रवको अनुभव निश्चित रूपले हुन्छ भन्ने कुरामा शंका गर्न सकिंदैन ।

धर्मगुप्त

यिनी मल्लकालीन नाटककार कवि हुन् । यिनका पिताको नाम रामदास थियो । यिनी शैवमार्गी थिए । पिता शैव भएकाले धर्मगुप्त पनि शैव देखिन्छन् । पन्ध्रौं शताब्दीको पूर्वार्ध यी कविको समय मानिएको छ । यिनले एक सुन्दर नाटिका लेखेका छन्, त्यो नाटिका हो 'रामाङ्कनाटिका' । यो नाटिका ललि-तपुरको नगर प्रतिष्ठाको महोत्सवमा रंगमंचमा प्रस्तुत गरिएको कुरा उल्लेख भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यस नाटिकामा ४ अङ्क छन् । रामको वनवासको प्रारंभदेखि रामको राज्याभिषकसम्मको कथानकलाई सुन्दर पार्दै, मौलिकता थप्दै, पाठकको हृदय खिच्ने आधारहरूको चयन गर्दै रामकथा गुँथेको देखिन्छ । नयाँपन, स्तरीयता, मिठासपूर्ण र नाटकीयता यसका वैशिष्टच हुन् । नाटिका पढिसकेपछि नाटककार धर्मगुप्तको पाण्डित्य मात्र थाह हुँदैन, उनको कल्पनाशक्ति र कवित्व प्रतिभासँग पनि परिचित बनिन्छ । यस नाटिकाका रचनाकार धर्मगुप्त हुन् भन्ने कुरा तलको एक पद्यबाट स्पष्ट हुन्छ ।

अस्ति विद्यार्णवोद्भूतबालवागीश्वरः कविः ।
तेन श्रीधर्मगुप्तेन कृता रामाङ्कनाटिका ॥

रामाङ्कनाटिकामा रावण र कुम्भकर्णको संवादमा उपदेश दिने कुम्भकर्णलाई 'तँ काँतर होस्' भनी झपार्ने रावणलाई कुम्भकर्ण भन्छन्–

त्वं चौर्येण हरण रामपत्नीं घ्नन् राघवः कपिम् ।
विभीषणस्त्यजन्नार्यं त्रैलोक्ये काँतरास्त्रयः ॥

भावार्थ– सुटुक्क लुकेर रामपत्नी सीतालाई हर्ने तपाईं,लुकेर नै बालीलाई मार्ने राम र आफ्नो दाजु तपाईं जस्तालाई छाडेर शत्रुपक्ष लिने विभीषण यी तीन व्यक्तिहरू मात्र विश्वभरिमा काँतर हुन्, म कसरी काँतर छु ? दाइ !

यस्ता मौलिक र नयाँपनले ठाउँ-ठाउँ नाटिका आकर्षक बनेको छ भने सकली सीता र नकली सीताका बीचको प्रसंग घतलाग्दो छ । चटकद्वारा रामका अगाडि मेघनादले माया सीतालाई मार्छ, यो देखेर राम भन्छन्–

पौलस्त्याधिपते ! दशाननसुत ? प्राणप्रियां जानकीं
मह्यं देहि……

पछि मायाजाल हो भन्ने थाह पाउँछन् । यसरी ठाउँ-ठाउँ मौलिकता र नयाँपन थप्तै धर्मगुप्तले चमत्कार देखाएका छन् ।

धर्मगुप्तको रामाङ्कनाटिका हालै राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित भएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शक्तिवल्लभ

श्री ५ बडा महाराजा पृथ्वीनारायण शाहका सभापण्डित शक्तिवल्लभ संस्कृत एवं नेपाली साहित्यको इतिहासमा पनि महत्त्व राख्छन् । यिनी आत्रेय-गोत्री थिए । यिनका पिताको नाम लक्ष्मीनारायण थियो । लक्ष्मीनारायण पनि पृथ्वीनारायणका सभापण्डित थिए । गोर्खावासी यो परिवार साहित्य, संगीत, कलामा पोख्त देखिन्छ । अनि देश भाषाका सेवक र राजनीतिमा पनि निपुण प्रतीत हुन्छ । शक्तिवल्लभ श्री ५ रणबहादुरका शासन कालसम्म पनि काठमाडौंमा रहेका देखिन्छन् ।

यिनले विक्रम संवत् १८४९ मा जयरत्नाकर भन्ने नाटक लेखे । यो लेखन 'नेपालले विजय पताका फर्फराएको देखेर' नाटककारले प्रेरणा पाएको देखिन्छ। यसमा नाटकीयता पूर्णरूपमा पाउन सकिंदैन तापनि यसमा उल्लेख भएका देश र राजाप्रतिको अगाध निष्ठाको प्रशंसा नगरी रहन सकिंदैन। ठाउँ-ठाउँ मीठा-मीठा कल्पना सजाउनुका साथै वीररसले यस नाटकलाई नाटककारले सजाएका छन् । कतै-कतै अतिशयोक्ति पनि पाइन्छ । यिनले नेपाली भाषामा पनि केही कविता लेखेका छन् । यिनको हास्यकदम्बक भन्ने अर्को संस्कृत नाटक पनि छ, जसको नेपालीमा अनुवाद भएको छ।

विद्वच्छिरोमणि कुलचन्द्र गौतम

विद्वच्छिरोमणि कुलचन्द्र गौतमको जन्म काठमाडौंदेखि पश्चिम जीवनपुर भन्ने ठाउँमा विक्रम सम्वत् १९३४ मा भएको थियो । आठ वर्षको उमेरमा उपनयन संस्कार भएपछि विद्याध्ययनका लागि उहाँका पिताजीले संस्कृत विद्याको केन्द्र मानिएको काशी पठाउनुभयो । महामहोपाध्याय गङ्गाधर शास्त्रीसँग उहाँले विद्याध्ययन गर्नुभयो । संस्कृत साहित्य, व्याकरण प्रभृति विषयमा राम्रो अध्ययन गरी प्रतिभा र व्यक्तित्व प्रदर्शन गर्न सफल भए । के संस्कृत, के नेपाली दुवै भाषामा उत्तिकै सशक्त कलम चलाउने गौतम अध्ययन पूरा गरी काठमाडौं आए । त्यस बेला चन्द्रशमशेरको शासनकाल थियो । राममणि आ.दी.का माध्यमबाट केही सहयोग पाए पनि अझ बढी सहयोग र सद्भावना पाउने उद्देश्यले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अलंकार चन्द्रोदय लेखे । जसबाट चन्द्रशमशेर खुशी होलान् भन्ने ठानेका थिए। तर रास्रो मूल्याङ्कन नभएकाले उनी बनारस फर्के । बनारसमा गएर राघवालङ्कार लेखे । यो लेख्ता उनले रोएर भनेका यी शब्द "भगवन् ! मैले तपाईंको चाकरी नगरेर मनुष्यको चाकरी गर्दा दुःख भोगें अब म तपाईंको सेवा गर्न अघि सरेको छु । अतः मेरा भूलहरूमा क्षमा गर्नुहोस्" बाट उनले चन्द्रशमशेरका पालामा कुनै खास प्रोत्साहन नपाएको अनुभव हुन्छ ।

पछि जुद्धशमशेरले सुवर्ण तुलादान गर्ने सन्दर्भमा आचार्यको रूपमा कुलचन्द्र झिकाइए र संमानित गरिए । धन, जग्गा, सुवर्ण आदिको उनमा कमी भएन । पछि बनारसबाट जनकपुर आएर बस्न लागे ।

उनका कृतिहरू

संस्कृतमा

१. भागवतमञ्जरी
२. प्रपञ्च चर्चा आदि

नेपालीमा

१. तुलसीकृत रामायण टीका
२. अलंकार चन्द्रोदय
३, स्वयं वैद्य
४. आदर्श शब्दरूपावली
५. वन्दना युगल
६. कृष्णकर्णाभरण काव्य
७. आयुर्वेदीय योग-कौमुदी
८. अमर कोष (स्वयंबोधिनी नेपाली टीका) आदि ।

यसरी संस्कृत र नेपाली भाषामा विभिन्न कृतिहरूको रचना गरी विक्रम सम्बत् २००५ मा सम्भवतः काशीमा परमधाम हुनुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

स्वभाव र आचरण

गंभीर स्वभाव भएका कुलचन्द्र गौतम रिसाहा पनि थिए । एउटै कुरालाई बारम्बार दोहोऱ्याएर सोध्न पाउने स्थिति थिएन । हुन सक्छ यो कुशल गुरुको स्वभाव हो, गुरुसँग बारम्बार सोध्न नपाइने भएपछि चेलाहरूले ध्यान दिएर पढून् । हिन्दू संस्कृति र शास्त्रीय नियमका आधारमा आफ्नो आचरणलाई पवित्र राख्ने आर्यसंस्कृतिका कर्मठ साधक पनि उनी थिए । उनका जीवनमा खास आधार तीन थिए–ती तीन आधार हुन्--अध्ययन, अध्यापन र लेखन । यी कार्य-बिना त्यसै रहन सक्तैनथे । तमाखु खाने गर्दथे । तमाखुका बारेमा उनले जनक-लाल शर्माले लेखेको कविता सच्याउने सन्दर्भमा एक कविता पनि लेखेका छन् । जनकलालले लेखेको अर्कै श्लोक थियो । त्यो भन्दा यस्तो लेखे बेस भनेर उनले लेखेकोमा यो श्लोक हो । जस्तै :

स्वच्छस्निग्धसमुज्ज्वला कृतिमती श्रीमद्गुरूणां पुरः
सान्निध्यं जहती सतीति निपुणैः लोकं पृणैरावृता ।
कूजन्ती प्रतिचुम्बनं धृतरसा शुक्कालशान्तिप्रदा,
हुक्का मे दयिता समीपशयिता निर्माति शर्माऽद्वयम् ।

भावार्थ–श्रृंगारयुक्त श्रीमती जस्तै रात्रोसित माझिएकी; कर्त्तव्य परायणा, मान्ने जनका सामने मेरो छेउ छोड्ने, त्यसैले ठूला मानिसले सती भनेर आदर गरिएकी, चुम्बनैपिच्छे रसिलो खित्का छोड्ने, सुर्ता लागेका बेला शान्ति दिने मेरी श्रीमतीरूपी हुक्का मेरो ओछ्यानका छेउमा सुतेर मलाई अद्वितीय आनन्द दिन्छे ।

प्रतिभा र व्यक्तित्व

कुलचन्द्रको प्रतिभा गजबको थियो । उनीले मध्यमा परीक्षा पास गर्दा न गर्दै गुरु गङ्गाधर शास्त्रीद्वारा संशोधित भारती मासिक पत्रिकामा छापिएका ५,६ श्लोक संस्कृत कविता कुलचन्द्रले अशुद्ध भनेर फ्याँकिदिए । गुरुले कहाँ के अशुद्ध? भनेर प्रश्न गर्दा द्व्यर्थक शब्द, भूभृत्वं हुनु पर्नेमा भूभृतत्वं परेको थियो । गुरु गङ्गाधर शास्त्री त्यस्तो प्रतिभा देखेर सन्तुष्ट भए । कुनै पनि कविता एक, दुइ पटक पढेपछि कण्ठस्थ हुने गर्दथ्यो । नैषध जस्तो काव्यका श्लोकहरू प्रायः सबै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कण्ठस्थ थिए । जर्मनीका एक विद्वान्ले एक संस्कृत श्लोकको अर्थ नलागेर भारतका संस्कृतका विद्वान्हरूलाई पठाएकोमा एक प्रति कुलचन्द्रकहाँ पनि आएछ । कुलचन्द्रले रस, भंगश्लेष, अभंगश्लेष, भङ्गाभङ्गश्लेष, गुण, दोष, अलङ्कार आदि झल्काएर १३ अर्थ गरेर पठाएछन् । यही सर्वोत्तम ठहरिएर संस्कृत साहित्यका अद्वितीय विद्वान् भन्ने उपाधि जर्मन साहित्यकारबाट समेत प्राप्त गरेका थिए रे ! उनको विद्वत्ता र प्रतिभाको पारख गरी राष्ट्रपिता श्री ५ त्रिभुवनबाट विद्वच्छिरोमणि पदवीले विभूषित गरिबक्सेको थियो ।

उनको व्यक्तित्व नेपाली साहित्यमा भन्दा संस्कृत साहित्यमा विशेष चम्किलो थियो । संस्कृत वाङमयका अमर विभूतिका रूपमा कुलचन्द्रलाई कुनै पनि पाठकले बिर्सन सक्तैन ।

हेमराज शर्मा

नेपालको राजनीतिक, प्रशासनिक र प्राज्ञिक क्षेत्रमा लामो समयसम्म ख्याति कमाउने विद्वत् शिरोमणि हेमराज शर्मा हुन् । उनले चन्द्रिका व्याकरणका अतिरिक्त विक्रमोर्वशी, स्वप्न वासवदत्ता जस्ता नेपाली रूपान्तरित नाटक रचनामा पनि सहयोग पुऱ्याएका थिए । उनले संस्कृतमा कश्यपसंहिताको भूमिका र फुटकर पद्य एवं गद्यहरूको रचना गरी आफ्नो प्रौढ पाण्डित्यप्रदर्शन गरेका छन् । प्रकाश ए० राजद्वारा लिखित विद्वत् शिरोमणि हेमराज शर्मा, मा उनको पूर्ण परिचय पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पण्डित–उमानाथ शर्मा

मोतीराम भट्टको समयभन्दा अगाडि नै संस्कृत वाङमयमा आफ्नो प्रतिभा जमाइसकेका पण्डित उमानाथ शर्मा (अर्याल) डिल्लीबजारका बासिन्दा थिए। उनी राजपुरोहित थिए। उनको पाण्डित्य कति थियो भन्ने विषयबारे जिज्ञासा राख्ता संस्कृतमा उनले २४ पुस्तक लेखेको जानकारी पाइन्छ। केही प्रमुख पुस्तकहरू हुन्–

१. वामन कौमुदी (संस्कृत व्याकरण) वि०सं० १९३०

२. लघु शब्देन्दुशेखर विवृत्तिः

३. श्रियः कुरूणामधिपस्य पालिनीत्येक श्लोकार्था २६७ आदि

वामन कौमुदीको भूमिकामा जसरी वामनका तीन पाउले स्वर्ग, मर्त्य र पाताल ढाके ; त्यसैगरी यो व्याकरण पनि संस्कृत वाङमयका फाँटमा व्यापक बन्नेछ भन्ने घमण्ड देखिन्छ। घमण्ड अनुसार उनको पाण्डित्य पनि प्रखरैं पाइन्छ। माघ कविको एक श्लोकलाई २६७ श्लोकमा व्याख्या गर्ने खुवी सामान्य मानिदैंन।

पं. उमानाथ शर्मा संस्कृत वाङमयका मूर्धन्य गुरु पनि थिए। पण्डितराज सोमनाथ सिग्द्याल, पं० पद्मप्रसाद भट्टराई, पं०बदरीनाथ भट्टराई, योगी नरहरिनाथ र पं. रामनाथ आचार्य प्रभृति साधकहरू उमानाथका शिष्य हुन्। जसबाट उहाँको पाण्डित्य र आदर्श गुरुत्वको अनुमान गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

शिवशर्मा पण्डित

तनहूँमा पिता मकरन्द पण्डित र माता गङ्गादेवीबाट जन्मने शिवशर्मा संस्कृतका विद्वान् थिए । निजले १८९० वि०सं० मा वासुदेव रसानन्द नामक भक्तिरसले युक्त काव्य रचेको जानकारी पाइन्छ । निजको प्रशंसा पण्डित मदन-मोहन मालवीयले पनि गरेको देखिन्छ ।

आफ्नो अन्तिम समयमा प्रयाग वास गर्न जानुभन्दा अघि यिनले संस्कृतमा संस्कृत्त मञ्जरी, गोविन्द पुराणानन्द, कृष्णमहिम्नस्तोत्र, रामचिन्तालहरी एवं विष्णुमहिम्नस्तोत्र जस्ता कृतिहरू रचेको जानकारी मिल्छ । यिनको जीवनी इतिहास शिरोमणि बाबुराम आचार्यले भानुभक्त स्मारक ग्रन्थमा छपाएको पढ्न पाइन्छ ।

प्रयागमा उनको देहावसान भएठाउँमा शिवशर्मा पाठशाला पनि स्थापित भयो । उनको 'वासुदेव रसानन्द' कृति पढेर प्रभावित भक्त आदित्यराम भट्टचार्यले उक्त पाठशाला खोलिदिएका थिए । यसबाट उनी संस्कृतका कति ठूला कवि-साधक रहेछन् भन्ने अनुमान गर्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पण्डितराज सोमनाथ

परिचय

पिता जगन्नाथ उपाध्याय र माता लक्ष्मी लीलादेवीबाट विक्रम सम्वत् १९४१ मा काठमाडौंमा सोमनाथ सिग्द्यालयको जन्म भएको हो । रानी पोखरीको पश्चिम कोणमा अवस्थित राजकीय संस्कृत प्रधान पाठशालामा न्याय ग्रन्थहरूको प्रारम्भिक अध्ययन गरी सर्वप्रथम छात्र भएको र १५ वर्षको उमेरमा त्यहाँको पढ़ाइ पूरा गरी काशीमा अध्ययनार्थ गए । बनारसका क्वीन्स कलेजमा न्याय विषयमा मध्यमा पढी उत्तीर्ण भएपछि श्री कैलासचन्द्र शिरोमणि भट्टाचार्यबाट न्यायशास्त्र र महामहोपाध्याय श्री गङ्गाधर शास्त्रीबाट साहित्य, मीमांसा एवं धर्मशास्त्रहरू अध्ययन गरी क्वीन्स कलेजको न्याय वैशेषिकाचार्य परीक्षा, कलकत्ताको काव्यतीर्थ परीक्षामा विशिष्ट श्रेणीमा उत्तीर्ण भई शङ्कर वेदान्त आदिको पनि विशेष अध्ययन गर्नुभएको थियो ।

कार्यक्षेत्र

२४ वर्षको उमेरमा नेपालमा फर्कनुभयो । राजकीय संस्कृत प्रधान पाठशालामा विक्रम सम्वत् १९६४ देखि अध्यापक र १९७२ देखि प्रधान अध्यापक भई काम गर्न लाग्नुभयो । २००६ सालदेखि राजकीय संस्कृत महाविद्यालयमा प्रधानाचार्य भई ५० वर्षको निरवच्छिन्न जीवन संस्कृत विद्याको शिक्षणमा अर्पित गर्नुभयो । दीर्घ सेवापट्ट, गोरखा दक्षिणबाहु, पण्डितराज प्रभृति उपाधि र विभूषणले विभूषित हुँदै राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य पनि हुनुभयो । नेपाली एवं संस्कृत वाङमयको सेवा गरेबापत २०२४ सालमा नेपालको महत्त्वपूर्ण त्रिभुवन पुरस्कार राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्राप्त गर्नुभयो ।

कृतिहरू

विद्वच्छिरोमणि कुलचन्द्र गौतमका कृतिहरू झ पण्डितराज सोमनाथका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृतिहरूलाई पनि भाषाका दृष्टिले २ प्रकारबाट र विषयका दृष्टिले ४ प्रकार-बाट वर्गीकरण गर्न सकिन्छ । भाषाका दृष्टिले संस्कृत र नेपाली अनि विषय-का दृष्टिले संस्कृत व्याकरण र साहित्य, नेपाली व्याकरण र साहित्य छात्र जी-वनदेखि नै सूक्तिसुधा (संस्कृत मासिक) र सुन्दरी (नेपाली मासिक) को प्रकाशनमा तत्पर भई पछिसम्म रचना गरिएका कृतिहरू हुन्–

संस्कृतमा

१. अनुवाद चन्द्रिका १–४ भाग,
२. संस्कृत चन्द्रिका १,
३. आदर्श राघव पुष्पाञ्जलि
४. सुन्दर चम्पू (अर्ध प्रकाशित)
५. सामयिक व्युत्पादक रूपमा प्रतिसंस्कृत सिद्धान्तकौमुदी ।

नेपालीमा

१. लघुचन्द्रिका,
२. मध्यचन्द्रिका,
३. आदर्श राघव (महाकाव्य)
४. उपदेश-शतक,
५. चारुचर्या (अनुवाद),
६. साहित्य प्रदीप (लक्षणग्रन्थ) ।

के संस्कृत, के नेपाली, दुवै भाषामा उत्तिकै सशक्त र प्रौढ प्राण्डित्य देखाई कलम चलाउने महाकवि पण्डितराज सोमनाथ साँच्चै प्रतिभाका एउटा प्रवाह थिए । त्यसैले नेपाली साहित्यमा मात्र होइन संस्कृत साहित्यमा पनि अमर साधकका रूपमा उनी अमर छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

छविलाल सूरि

जनकपुर अञ्चल रामेछाप जिल्ला अन्तरगत पथरवास घर भई बनारसमा अध्ययन गरी प्रतिभा र विद्वत्ता आर्जन गर्ने छविलाल सूरिको जन्म ढुंगेल परिवारमा भएको थियो । संस्कृत साहित्यमा सफल नाटककारको रूपमा यिनको प्रतिष्ठा उच्च रहेको छ । यिनका संस्कृतमा रचित कृतिहरूमध्ये 'कुशलवोदय' र 'सुन्दर चरितम्' दुइ नाटक अत्यन्त प्रशिद्ध कृति हुन् । यी कृतिहरूका अतिरिक्त अरू कृतिहरू पनि रचेका छन् ।

यिनका संस्कृत नाटक गद्य पद्य शैली (मिश्रित) मा रचिएका छन् । संस्कृत नाटक परंपरा-अनुसार प्राकृत भाषाको पनि पात्र अनुकूल प्रयोग गरिएको छ । यिनका नाटकहरू पढ्दा कालिदास, भवभूति प्रभृति नाटककारको संझना हुन्छ । सरल, सरस र भावपूर्ण नाटकहरूमा पाण्डित्य र कवित्व प्रतिभा पर्याप्त पाउन सकिन्छ । यी नाटककारको मुक्तकण्ठले मेक्समूलरले पनि प्रशंशा गरेका छन्; यिनका संस्कृतमा रचित कृतिहरू नेपालीमा अनुवाद भए अझ सबै नेपालीका लागि महिमा बोध हुन सक्ने थियो । संस्कृतज्ञहरू जसले यी नाटकहरूको रस पान गरेको छ, उनीहरू त उनको कवित्व प्रतिभाबाट परिचित छँदैछन्, अरू अरूलाई पनि नेपाली प्रखर प्रतिभाको परिचय र कृतिको आस्वादन गराउन त्यस्ता मर्मज्ञ विद्वान्हरूको मद्दत आवश्यक मानिन्छ । राणा शासनमा सरकारसम्म बन्ने छविलाल सूरि कर्तव्यनिष्ठ थिए । जंगी र निजामति जागिर धानेर मालिक रिझाएर पनि संस्कृतकृतिमा आफ्नो प्रौढ पाण्डित्य झलकाउन सक्नु उनको खुबीको परिचायक मानिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पं. गुणराज उपाध्याय

परिचय

विक्रम संवत् १९७२ फाल्गुण शुक्ल पञ्चमीका दिन पं. हर्षनाथ उपाध्याय र लोकजननीबाट काठमाडौं त्रिपुरेश्वरमा यी कविको जन्म भएको थियो । पं. पद्मप्रसाद भट्टराई र पं. दधिरामसँग संस्कृत भाषा, साहित्य र व्याकरणको राम्रो अध्ययन गर्ने यी कवि भक्ति साधनामा निरन्तर संलग्न रहने भक्तिवादी अमर कविको रूपमा परिचित छन् । नेपाली साहित्यमा विशालकाय महाकाव्य र खण्डकाव्यहरू रचने यी कविले संस्कृत वाङ्मयमा पनि कृतिहरू रचेका छन् ।

कृतिहरू

(संस्कृतमा)

१. हिट्लर महाकाव्य (अप्राप्त)
२. रुक्मिणी परिणयम् (खण्डकाव्य)
३. फुटकर कविता

(नेपालीमा)

१. भरतमिलन (महाकाव्य)
२. श्रीकृष्ण सन्देश ,,
३. शाह वंश ,,
४. काव्यसंगम आदि

सामाजिक अन्तर्राष्ट्रिय सन्दर्भमा रचित हिट्लर महाकाव्य रचिएको स्पष्ट थाह पाइए पनि उक्त काव्य कविको शेषपछि पाउन सकिएको छैन । रुक्मिणी परिणयम् र अरू केही फुटकर कविता हाले प्रकाशित भएका छन् । शरलता, सरसता, सुबोधता र भक्तिप्रधानता यी कविका कविताना पाइने विशेषता हुन् । यिनै कविका स्मृतिमा आध्यात्मिक विषयप्रधान कृतिलाई प्रत्येक वर्ष दिइने गुणराज पुरस्कार पनि गुणराज स्मारक समितिबाट स्थापना भएको छ । साथै गुणराजका कृतिमा प्रत्येक वर्ष गुणराज स्मारण व्याख्यान दिने व्यवस्था पनि छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पूर्णप्रसाद ब्राह्मण

श्री पूर्णप्रसाद ब्राह्मणज्यूको जन्म विक्रम सम्वत् १९७९ (जुलाई १९२२) मा गोरखा जिल्लाको काफल डाँडामा पिता श्री देवीदत्त र माता श्री गायत्री देवीबाट भएको थियो । उहाँले पूर्वमीमांसा दर्शनमा आचार्यसम्मको शिक्षा पाउनुभए पनि नेपाली एवं संस्कृत वाङमय र साहित्यको सेवामा निरन्तर संलग्न रहँदै आउनुभएको छ । संस्कृतका विद्यार्थीहरूबाट राणा शासकहरूको विरुद्ध उठाइएको 'जयतु संस्कृतम्' आन्दोलनमा भाग लिनेहरूमध्ये पूर्णप्रसाद ब्राह्मण पनि एक थिए । छात्र अवस्थादेखि नै राजनीतिमा सक्रिय रहँदै आएका ब्राह्मण राजसभाका संमाननीय सदस्य, निर्वाचन आयोगका प्रमुख आयुक्त प्रभृति-उच्च पदमा समेत रहिसक्नुभएको छ ।

नेपाली साहित्यमा कथा, कविता जस्ता विधामा विशेष योगदान छ । वीर-रसका जोशिला कविता, व्यंग्य प्रधान र नयाँ जागरणको आह्वान गर्ने खालका देखिन्छन् भने कथाले पनि कुनै न कुनै रूपले व्यंग्य हान्दै सामाजिक र राजनी-तिक जीवनका कमजोरी, मर्म र अन्तरतम छिद्रप्रति दिशा निर्देश गरिरहेका देखिन्छन् । उनका संस्कृत भाषामा रचित कृतिहरू हुन्–

१. सत्यहरिश्चन्द्र (महाकाव्य)

२. विश्वेदेवा (काव्य)

३. तदर्थमेव (उसैका लागिको संस्कृतमा अनुवाद)

४. ईशावास्या वृत्ति ।

यसरी नेपाली कथा र कविताको अतिरिक्त संस्कृतमा महाकाव्य, काव्य, अनुवाद प्रभृतिको संरचना गरेर देववाणी (संस्कृत) भाषा र साहित्यको सेवा र साधनामा खटिरहनुभएका ब्राह्मणज्यूको देन संस्कृत साहित्य जगत्मा निर-न्तर अविस्मरणीय रहिरहनेछ भन्ने कुरामा शङ्का छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कृष्णप्रसाद शर्मा घिमिरे

विक्रम सम्वत् १९७६ भाद्र कृष्णाष्टमीका दिन पिता केदारनाथ शर्मा र माता मनोरथ कुमारीबाट जन्मने श्री घिमिरेले नेपाली साहित्यमा कविता र काव्यको अतिरिक्त संस्कृत साहित्यमा पनि कृतिहरू रचेर निकै योगदान गर्नुभएको छ। संस्कृत साहित्यमा उहाँको प्रकाशित कृति हो 'श्रीकृष्ण चरितामृतम्' (महाकाव्य) यसमा ५८ सर्ग छन्। एकसेएक नेपाल र भारतका विद्वान्हरूको संमति यसमा समावेश भएको देखिन्छ। संस्कृत साहित्यमा यो महाकाव्य निकै महत्त्व पूर्ण मानिन्छ। गति विधियों की रूप रेखाएँ, जीवन चरित्र पनि उनले हिन्दीमा तयार पारेका छन्।

उक्त संस्कृत महाकाव्य रचना गरेंबापत सुप्रसन्न भएको कवि भारती भन्ने संस्थाले उक्त ग्रन्थ (महाकाव्य) लेखे बापत सन् १९७२।२।१० मा 'कविरत्न' भन्ने उपाधि प्रदान गरेको देखिन्छ। दिल्लीमा संस्कृत प्रचारक मण्डलले उक्त ग्रन्थका लेखकलाई बोलाई तत्कालीन भारतका राष्ट्रपति वराह वेंकट गिरीज्यूका संमुख २०२९ वि० आषाधि पूर्णिमाका दिन 'विद्यावारिधि' को उपाधि प्रदान गरेको देखिन्छ। 'नाचिकेतसम्' महाकाव्य र 'रामविलाप' खण्डकाव्य पनि हालै प्रकाशित भएका छन्।

यसरी संमान र उपाधि प्राप्त हुनुबाट उक्त कृतिको गरिमाबारे जानकारी लिन सकिन्छ। अनेक महाकाव्य एवं खण्डकाव्य संस्कृत भाषामा रचिएका छन् भन्ने बुझिन्छ, तर प्रकाशमा नआएकाले ती कृतिबारे यहाँ केही भन्न सकिदैंन।

कवि घिमिरे संस्कृतका नामी प्रतिभा हुन्। कलम चलाउन थालेपछि नरोकीकन कविता त के खण्डकाव्य र महाकाव्यै पनि तयार नपारी छाड्दैनन्। संस्कृतभाषा र साहित्यका साधक घिमिरे नेपाली काव्यक्षेत्रमा पनि राम्रो स्थान राख्तछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माधवप्रसाद देवकोटा

लुम्बिनी अंचल पाल्पा तानसेनमा पिता पं. पुष्करनाथ देवकोटा र माता श्री नर्मदादेवीबाट वि.सं. १९६० मा तेजोनिधि शर्मा नामबाट जन्मने बालक आज संस्कृत एवं नेपाली साहित्यमा पं. माधवप्रसाद देवकोटाका नामबाट परिचित हुनुहुन्छ । धर्मशास्त्रमा शास्त्री र सांख्य–योगमा आचार्य गर्ने श्री देवकोटाले नेपालीमा दुई खण्डकाव्य अर्थात् 'हुस्सू पथिक' २०१०, 'रुरु गौरव' २०३०, मुक्तक-काव्यमा 'फूलबारी' २०१९ रचना गरी प्रकाशित पनि भएका छन् । संस्कृतमा उहाँले रच्नुभएको पुस्तकाकारको कृति हो'भारती-वैभवम्' । यो स्तव-काव्य हो । सरस्वतीको गुण-गरिमामा प्रकाश पार्दै राम्ररी कवित्व कलासमेत यस काव्यमा प्रकट भएको पाइन्छ । यस काव्यको अतिरिक्त संस्कृतमा फुटकर कविता पनि उहाँले लेख्नुभएको छ । उहाँ हालै महेन्द्र प्रज्ञा पुरस्कारबाट पनि संमानित हुनुभएको छ ।

●

चूडानाथ भट्टराय

विक्रम सम्वत् १९७८ (सन् १९२१) मा पिता श्रीलोकनाथ र माता श्रीमती कुलमञ्जरी देवीबाट काठमाडौंमा जन्मने भट्टरायले संस्कृतमा सर्वदर्शन-मा आचार्य गर्नुभएको छ । नेपाली कविता, नाटक, निबन्ध, आलोचना प्रभृति विषयमा कलम चलाउँदै संस्कृत भाषामा समेत 'परिणाम' नाटक लेख्ने भट्टराय हाल राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य हुनुहुन्छ । यसभन्दा अगाडि प्राध्यापक हुनुहुन्थ्यो । पूर्वीय दर्शनमा गहिरो अध्ययन गरेर नेपालीमा पुस्तकहरू लेख्ने भट्टरायले 'परिणाम' नाटकका माध्यमबाट संस्कृत साहित्यमा समेत योगदान पुऱ्याउनुभएको छ । सूक्तिमयता, भावगांभीर्य, कलात्मक प्रस्तुति परिणाम नाटक-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

का विशेषता हुन् ।

आत्मविश्वास, स्वाभिमान र विद्वत्ताले के नेपाली, के संस्कृत दुवै वाङ्मयको सेवा आज पनि गरिरहनुभएको छ । पूर्वीय दर्शनका प्रायः सबै पुस्तक परिचयात्मक रूपमा नेपाली भाषामा उहाँले प्रस्तुत गरिसक्नुभएको छ ।

शेषराज रेग्मी

श्री शेषराज रेग्मीको जन्म विक्रम सम्वत् १९६८ साल आश्विनमा काठमाडौं कमल पोखरीमा भएको थियो । पिता पं देवचन्द्र र माता हेमकुमारी उहाँका पिता माताको नाम हो । शैक्षिक योग्यतामा धर्मशास्त्राचार्य र काव्यतीर्थ गर्नुहुने रेग्मीज्यूले भारतको हिन्दू विश्वविद्यालयमा प्राध्यापन गर्नुहुँदै काठमाडौंमा महाविद्यालयमा पनि प्राध्यापन गर्नुभयो । हाल बनारसमा उहाँ शेषजीवन व्यतीत गर्दै हुनुहुन्छ ।

उहाँ के नेपाली, के संस्कृत, के हिन्दी तीनै भाषामा आफ्ना रचनाहरू लेख्नुहुन्छ । संस्कृत भाषामा फुटकर कविताहरू बाहेक पुस्तकाकारमा मौलिक कृति नदेखिए पनि उहाँले निम्न ग्रन्थहरूको सारगर्भित व्याख्या, टीका र अनुवाद गर्नुभएको छ ।

१. उत्तर रामचरित	हिन्दी अनुवाद सहित
२. भट्टिकाव्य	"
३. प्रसन्नराघव	"
४. मेघदूत	"
५. किरातार्जुनीय (३-६ सर्ग)	"
६. रघुवंश (१३-१४ सर्ग)	"
७. नेपाली निबन्ध र व्याकरण बोध (नेपालीमा)	

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

बुद्धिसागर पराजुली

विक्रम सम्बत् १९७० मा पिता शिवप्रसाद पराजुली र माता पार्वती देवी-बाट जन्मने पराजुलीले मीमांसाचार्य र पोष्टाचार्य शैक्षिक योग्यता हासिल गर्नु-भएको छ। उहाँले नेपाली भाषामा र त्यसका अतिरिक्त संस्कृतमा पनि केही रचना गर्नुभएको छ। साम्राज्य लहरी, करुण-विंशोत्तरी आदि कृति उहाँका संस्कृत भाषामा छन्।

अन्य केही विशेष उल्लेख्य संस्कृत वाङ्मयका उपासक

नेपाली लेखक, कवि	संस्कृतकृति
१. चित्रविलास	गोरखा-वंशावली
२. लक्ष्मण कवि	कविता निकषोत्पल
३. प्रतापसिंह	बृहत्पुरश्चर्यार्णव (संग्रह)
४. ललिता वल्लभ	भक्तविजय, पृथ्वीन्द्रवर्णोदय
५. गुमानी पन्त	उपदेश शतक, काव्यमाला
६. दैवज्ञ केशरी	गोरक्षयोग शास्त्र
७. गीर्वाण युद्ध विक्रम	सत्कर्म रत्नावली (संग्रह)
८. सुकृति दत्त–	कार्तवीर्य विजय (महाकाव्य)
९. सुन्दरानन्द बाँडा–	त्रिरत्न सौन्दर्य गाथा
१०. कविराज पं. उमानाथ आचार्य–	संहिता सारवाङमयी (शास्त्र काव्य)
११. हरिप्रसाद आचार्य–	गोरक्ष शाहवंश (महाकाव्य)
१२. भरतराज शर्मा–	महेन्द्रोदय (काव्य)
१३. अग्निहोत्री गणेशप्रसाद गौतम–	मातृसन्देश (सन्देश काव्य)
१४. हरिनाथ ढुंगेल र बद्रीनाथ शर्मा–	पण्डितराज जीवन-चरित
१५. उमानाथ	सारकौमुदी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपर्युक्त ग्रन्थ-सूची मात्रको उल्लेखबाट के कुरा स्पष्ट हुन्छ भने श्री५प्रताप सिंह एवं श्री५गीर्वाण युद्ध विक्रमबाट पुरश्चर्यार्णव एवं सत्कर्म रत्नावली जस्ता अमूल्य ग्रन्थहरूको संकलन संग्रहित गराउनुबाट संस्कृत वाङमयको अभ्युत्थानमा शाहवंशी महाराजाधिराजहरूको सदिच्छा वा निर्देशन मात्र होइन, स्वयं संस्कृत वाङमयको उत्थानमा सरीक भएका प्रसंगहरू गतिला छन् ।

सुन्दरानन्द बाँडाद्वारा रचित 'त्रिरत्न सौन्दर्य गाथा' काव्यमा श्री ५ रणबहादुर भीमसेन थापा र त्रिपुरा सुन्दरीसमेत तीन व्यक्तित्वलाई रत्नका रूपमा लिएर गद्यमा विशद् वर्णन गरिएको छ । त्यस्तै सुकृतिदत्तद्वारा रचित 'कार्तवीर्य विजय' महाकाव्य नैषधको टक्करमा उपस्थित छ, अर्थात् काव्यात्मक गुणहरूमा नैषधीय चरित बराबर छ भन्ने विद्वान्हरूको भनाइ छ । उक्त काव्य राष्ट्रिय अभिलेखालयमा रहेर पनि प्रकाशित हुन सकेको छैन ।

हरिप्रसाद आचार्य र भरतराज शर्माद्वारा रचित गोरक्ष शाहवंश महाकाव्य र महेन्द्रोदय काव्य शाहवंशीय राजपरंपराको गौरव देखाउन सफल प्रतीत हुन्छन् । नेपाली संस्कृत प्रतिभाहरूबारे खोज हुनु जरूरी देखिन्छ र नेपाली संस्कृत कवि एवं काव्यहरूका बारेमा मात्र छुट्टै ग्रन्थ तयार हुन सक्ने भएकाले यस सन्दर्भमा विस्तृत विवेचना गरिएको छैन ।

फाटफुट संस्कृतमा रचना गरी संस्कृत वाङमयको उत्थानमा प्रयत्नशील रहँदै आउनुहुने केही महानुभावहरूको नामावली; जस्तै :

१. राममणि आ. दी.
२. पार्थमणि आ. दी.
३. ऋषभदेव शर्मा रेग्मी
४. दाताराम शर्मा
५. केशवप्रसाद उपाध्याय
६. खेमराज केशवशरण
७. जनकलाल शर्मा
८. जूननाथ पण्डित
९. ठाकुरप्रसाद पराजुली
१०. वासुदेव त्रिपाठी
११. डिल्लीराम तिमिल्सेना
१२. नयराज पन्त
१३. बदरीनाथ भट्टराइ
१४. भरतराज पन्त
१५. यदुनाथ खनाल
१६. लेखनाथ पौड्याल
१७. लक्ष्मीप्रसाद देवकोटा
१८. रामनाथ आचार्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

१९. रामचन्द्र पौडेल
२०. लोकनाथ ढ़लाक
२१. गोविन्दप्रसाद भट्टराई
२२. सिद्धिनाथ गौतम
२३. विश्वनाथ पोखरेल
२४. गोपालनिधि तिवारी
२५. तीर्थराज आचार्य
२६. अम्बिकाप्रसाद अधिकारी
२७. सोमनाथ पौडेल
२८. हेमन्तराम भट्टराई
२९. तोयनाथ पाण्डेय
३०. देवराज पौडेल
३१. ऋषिराम पोखरेल
३२. गिरिधारी भट्टराई
३३. टीकाराम अधिकारी
३४. विष्णु राज शर्मा आत्रेय
३५. योगी नरहरिनाथ
३६. मधुसूदन रिसाल 'प्रदीप'
३७. चेतोनाथ आचार्य
३८. छविलाल पोखरेल
३९. पूर्णचन्द्र ढुंगेल
४०. खेमराज ज्ञवाली
४१. पिनाकीप्रसाद आचार्य
४२. शिवराज आचार्य
४३. रोहिणीप्रसाद भट्टराई
४४. तेजकेशरी शर्मा
४५. बिन्दुनाथ प्याकुरेल
४६. दिनेशराज पन्त
४७. श्री हरि रूपाखेती इत्यादि

उपर्युक्त महानुभावहरूका अतिरिक्त अन्य असंख्य महानुभावहरूका रचनाहरू हुन सक्छन् । रचना देखिएका अर्थात् लेखकका दृष्टिमा परेका लेखकहरूको मात्र यहाँ नाउँ दिइएको छ ।

माथि ३४ नं मा उल्लेख भएका विष्णुराज आत्रेयको संस्कृतमा एक उपन्यास हालै प्रकाशित भएको छ । शैलीमा सरलता र प्रस्तुतिमा कलात्मकता वैशिष्टच देखिन्छ ।

★

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कृत साहित्यका महिला साहित्यकार

प्रतिभाले पुरुष र नारी भनेर भेदभाव गर्दैन, कवित्वप्रतिभाको संवन्ध पुरुष र नारीका दृष्टिले होइन; साधना अभ्यास र अभिरुचि मार्फत आत्मासँग रहन्छ। जसरी काव्य सृजनामा पुरुष वर्गको भूमिका रहँदै आएको छ, त्यसै गरी नारी साहित्यकारहरूले पनि संस्कृत वाङ्मयलाई अलंकृत बनाउँदै आएका छन् । पुरुषको अपेक्षा सुकोमल शरीर र हृदय हुनाले काव्य-प्रतिभा नारी जातिमा अझ विकसित हुन सक्तछ तापनि युगानुयुगदेखि नारीवर्गमाथि पुरुष-समुदायको विशेष स्वामित्व रहँदै आएको र समय-समयमा पर्याप्त नारी शिक्षाबाट वञ्चित रहेकाले नारीको अपेक्षा पुरुष साहित्यकारकै आधिक्य पाइन्छ । सरस्वतीका मूर्तरूप मानिने महिला साहित्यकारहरूमा निश्चय नै प्रतिभाको कमी देखिदैन । व्यावहारिक बोझ, परिवारिक झण्झट र कार्य-व्यस्तताको कारणले हुन सक्छ पुरुष जतिकै संख्यामा नारी साहित्यकार अगाडि बढ्न सकेका छैनन्, अगाडि बढेका महिला साहित्यकारका अभिव्यक्ति र कवित्व-प्रतिभा सशक्त हुँदाहुँदै पनि परिणामका दृष्टिले कमै मात्र कृति उपलब्ध भएका छन् । जे होस्, संस्कृत साहित्यमा देखापरेका महिला साहित्यकारमध्ये केही उल्लेखनीय कवयित्रीहरूको छोटकरी साहित्यिक परिचय यस सन्दर्भमा प्रस्तुत गरिनेछ ।

१. विज्जका

विज्जका, विज्जाका, विद्या आदि विभिन्न नाम विभिन्न ठाउँमा पाइए पनि वास्तविक विज्जका नै ठहरिन आउँछ । किनभने संस्कृत शब्द विद्याबाट प्राकृतमा आउँदा विज्जका शब्द बन्छ । त्यसैले विभिन्न नाम पाठभेद मात्र हुन् शुद्ध रूप विज्जका हो । यिनको समय दण्डीपछि र मुकुल भट्टका अगाडि अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

७१० ई देखि ८५० सम्ममा मान्नुपर्ने हुन आउँछ । यिनी आत्मविश्वास र स्वाभिमान भएकी नारी थिइन् । आफूलाई उनी यति गौरव र प्रतिभा-सम्पन्न मान्थिन् कि सरस्वतीकै अवतार यिनी थिइन् । दण्डीले सरस्वतीलाई सर्वशुक्ला भनेर विशेषण दिन गल्ती गरे भन्दै उनी भन्छिन्–

नीलोत्पलदलश्यामां विज्जकां मामजानता,
वृथैव दण्डिना प्रोक्तं 'सर्वशुक्ला सरस्वती'।

भावार्थ– नीलकमलका पात समान कालो रङ्ग भएकी म विज्जकालाई नचिनीकन व्यर्थमा दण्डीले सरस्वतीको वर्णन गर्दा 'सर्वशुक्ला' भनेर विशेषण थपे । यस भनाइबाट उनी आफूलाई सरस्वतीकै प्रतिरूप मान्दथिन् भन्ने कुरा स्पष्ट हुन्छ ।

विज्जकाका केही कविता

कमल विजयी सुन्दर मुखको वर्णन कति सुन्दर तरीकाले गरिएको छ; जस्तै :

कोषः स्फीततरः स्थितानि परितः पत्राणि दुर्गं जलं
मैत्रं मण्डलमुज्ज्वलं चिरमधो नीतास्तथा कण्टकाः ।
इत्याकृष्टशिलीमुखेन रचनां कृत्वा तदप्यद्भुतं
यत्पद्मेन जिगीषुणाऽपि न जितं मुग्धे ! त्वदीयं मुखम् ।।

भावार्थ– हे मुग्धे, कमलले बड़ो तयारी गरेर तिम्रो मुखका विरुद्ध प्रतिस्पर्धा कायम गर्न कोशिश गऱ्यो, तर सफल हुन सकेन । आफ्नो खिन्न मुख लिएर चूपचाप रहनुपऱ्यो । फक्रिएको फूल उसको सम्पत्ति (कोष) छ, चारौंतिर फैलिएका पातहरू वाहन छन्, पानी दुर्गम किल्ला छ, उज्ज्वल मित्रमण्डल (सूर्यमण्डल) छ, काँडालाई पनि उसले तलतिर फर्काइदिनु यति मात्र होइन शिलीमुख(वाण)वा भ्रमरलाई पनि आफूतर्फ आकर्षित गरिराखेको छ । यतिका सामग्री जुटाएर पनि आजतक तिम्रो मुख-उपर विजयगर्न सकेको छैन । कमल र सुन्दरीका मुखका बीचको सम्बन्धलाई लिएर यति राम्रो कल्पना अन्यत्र कमै पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

प्रियसखि ! विपद्दण्डप्रान्ते पपात परम्परा
परिचयचले चिन्ताचक्रे निधाय विधिः खलः ।
मृदमिव बलात् पिण्डीकृत्य प्रगल्भकुलालवत्
भ्रमयति मनो नो जानीमः किमत्र विधास्यति ।।

भावार्थ– विपद्को दंडाले सताइएकी नायिका आफ्नी सँगिनीलाई यहाँ भनिरहेकी छन् 'हे मेरी प्यारी सँगिनी ! चतुर कुमाले समान ब्रह्माजीले चिन्ता-रूपी चाकामा माटो थुपारेझैं मेरो मनलाई विपत्तिका लौराले एक कुनाबाट जोडपूर्वक घुमाइराखेको छ । जसरी कुमाले माटोका डल्ला राखेर पहिले खूब घुमाउँछ, पछि जो चाहन्छ (गाग्रा, चिलिम, कंकड इत्यादि) बनाउँछ, त्यसै गरी ब्रह्माजीले पनि मेरो मनलाई घुमाइराखेका छन्, तर थाहा छैन, मलाई के बनाउन लागिरहेछन् ?' एक विपत्ति-ग्रस्त महिलाको आत्मीय अभिव्यक्ति यति सशक्त शब्दमा प्रकट गरिएको छ ।

यसरी सरसरती केही नमूनामात्र हेर्दा पनि विज्जकाका कविता कवि-तात्मकता र भावभूमिका दृष्टिले उच्चकोटिका प्रतीत हुन्छन् । महिला साहित्य-कारहरूमा विज्जकाको आफ्नै प्रकारले संस्कृत साहित्यमा उच्च स्थान रहेको छ ।

२. निरुमलांवा

बुद्धिमा स्वास्नीमानिस पनि कम हुँदैनन् ? भन्ने कुरा निरुमलांवाले पनि देखाएकी छन् । यिनको समय सोह्रौं शताब्दीको अन्ततिर देखिन्छ । यिनी विजय नगरकी लक्ष्मी भए पनि यिनमा सरस्वतीको अनुग्रह पनि कम थिएन । यिनले 'वरदांबिका परिणय चम्पू' काव्य रचेर आफ्नो प्रतिभा राम्ररी देखाएकी छन् । अच्युतरायका साथ संलग्न क्षितीशको छोरा वरदाम्बिकाको विवाहको घटनाका आधारमा यो चम्पू काव्यको रचना भएको देखिन्छ ।

कथावस्तु

यस काव्यको कथानक ऐतिहासिक छ । गद्य र पद्य दुवै शैलीमा लेखिएको यस काव्यमा समासको अधिकता र गौड़ी रीतिको प्रयोग विशेष रूपमा भएको देखिन्छ । कथानक यस प्रकार छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

चन्द्रवंशी राजाका छोरा नृसिंह जसको नाम ईश्वर पनि छ । उनी दिग्विजय गर्दै पूर्वतिरका देशहरू जितेर दक्षिणमा पर्ने चोल देशमा पुगेपछि कावेरीको किनारमा किल्ला कायम गरेर त्यहाँका राजालाई लडाइँमा जिते । त्यसपछि रामेश्वरमा दर्शन गर्न जाँदा समुद्र देखे । समुद्रमा पुल बनाएर श्रीरङ्ग पट्टम शहर घेर्नेबित्तिकै त्यहाँका राजा शरणमा परे । त्यसपछि उत्तरतिरका कम्बोज, बाल्हीक, तुख्खारहरूलाई जिती आफ्नो राजधानी विद्यापुरीमा फर्केपछि अच्युतराय नामक पुत्र पाए । नृसिंहको स्वर्गारोहणपछि अच्युतराय राजा भए । उनी (अच्युतराय) एक दिन भवानीका मन्दिरमा जाँदा वरदाम्बिका भन्ने राम्री कन्या देखिइन् । दुवै कामको लक्ष्य बनेपछि विवाह सम्पन्न भयो ।

यस काव्यमा भावभूमि एवं कल्पना जति प्रौढ छ त्यतिकै मीठो पनि छ । प्रकृति-वर्णन निकै प्रभावकारी देखिन्छ । समासको लम्बे प्रयोग, क्लिष्टता र वाक्य विन्यास घुमाउरो भए पनि प्रस्तुत चम्पू काव्य निकै स्वादिलो र आकर्षक छ भन्न सकिन्छ ।

सुभद्रा

संस्कृत साहित्यकार सुभद्राका काव्यकृति पर्याप्त पाउन नसकिए पनि सुभद्राको अस्तित्व निर्विवाद रूपमा स्वीकारिएको पाइन्छ । चातुर्यमा यिनको विशेषता स्वीकार्दै राजशेखरले सूक्ति मुक्तावलीमा यसरी भनेका छन् -

पार्थस्य मनसि स्थानं लेभे खलु सुभद्रया ।
कवीनां च वचोवृत्ति चातुर्येण सुभद्रया ।।

भावार्थ– जसरी अर्जुनको हृदयमा आफ्नो सौन्दर्यको कारण सुभद्राले स्थान पाइन्, त्यसै गरी महिला साहित्यकार (कवयित्री) सुभद्राले पनि आफ्ना रचना चातुर्यले कविहरूका मनमा स्थान पाएकी छन् । यस भनाइबाट दशौं शताब्दीभन्दा पहिलेकी कुनै कवयित्री सुभद्रा हुन् भन्ने कुरा जानकारी हुन्छ, किनभने राजशेखरको समय दशौं शताब्दी हो ।

प्रेमका लागि अनेक कष्टहरूको सामना गर्दै विपत्तिमा समुद्रहरू तर्नुपर्छ भन्ने कुरा कवयित्री सुभद्रा प्रेम र घिउको तुलना गर्दै आफ्नो अभिव्यक्ति यसरी प्रकट गर्छिन् :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

दुग्धं च यत्तदनु यत् क्वथितं ततो नु
माधुर्यमस्य हृदमुन्मथितं च वेगात् ।
जातं पुनर्घृतवृते नवनीतवृत्ति
स्नेहो निबन्धनमनर्थपरम्पराणाम् ॥

भावार्थ– स्नेह (घिउ) ले बिचरा दूधको कस्तो दुर्दशा पारिदिएको छ। स्नेह (घिउ) का लागि दूध तताइन्छ, अमिल्याएर जमाइन्छ र मीठोपन पनि दूर गराइन्छ, त्यसपछि जोडपूर्वक मथन गरिन्छ। नौनीको रूपमा स्नेह (घिउ) आएपछि खारेर ठीक घिउ तयार हुन्छ. यसरी घिउका लागि दूधले अनेक आपत्तिहरू पार गर्नुपर्छ,त्यस्तै स्नेह(प्रेम)का लागि पनि मानिसले अनेक आपत्ति र सङ्कटहरूको सामना गर्नुपर्छ, वास्तवमा प्रेम हजारौं दुःखको कारण मानिन्छ । कवयित्रि सुभद्राले यति मार्मिक रूपबाट प्रेम र घिउको बारेमा जुन तुलनात्मक अभिव्यक्ति दिएकी छन् सो निकै आकर्षक प्रतीत हुन्छ ।

४. फल्गुहस्तिनी

यी कवयित्रीको पनि खास परिचय पाइँदैन, कविता पनि धेरै पाइँदैनन् । जे जति कविता पाइएका छन्, कवितात्मकता र भावभूमिका दृष्टिले उत्कृष्ट देखिन्छन् । त्यसैले एक कविता नमूनाका रूपमा यहाँ राखौं, जुन कविता फल्गुहस्तिनीका नामबाट शार्ङ्गधर पद्धतिमा दिएको पाइन्छ; जस्तै :

त्रिनयन - जटावल्ली - पुष्पं मनोभवकामुकं
ग्रहकिसलयं सन्ध्या-नारी-नितम्ब-नखक्षतम् ।
तिमिरभिदुरं व्योम्नः शृङ्गं निशावदनस्मितं
प्रतिपदि नभस्येन्दोर्विम्बं सुखोदयमस्तुवः ॥

भावार्थ– आकाशमा परेवाका चन्द्रमाको उदय भएको छ, तिनै परेवामा चन्द्रमाको स्वरूपलाई लिएर मनोरम वर्णन रूपक पार्दै कवयित्री वर्णन गर्छिन् । यो परेवामा चन्द्रमा शिवजीका जटारूपी लताको फूल हो, कामदेवको टेढो धनु हो, ग्रहहरूको नवीन पल्लव हो, सन्ध्यारूपी नारीका नितम्बमा रातो नखक्षत हो (उदयको समयमा चन्द्रमामा केही लालिमा रहन्छ र क्षत पनि लाल हुन्छ ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अन्धकारलाई नष्ट गर्ने आकाशको शिखर हो, निशारूपी नायिकाका वदनको कोमल मुस्कुराहट हो । यस्तो मनोरम चन्द्रमाको उदय तिम्रो सुखका लागि होस् । यस कवितामा कवितात्मकता र रूपकको प्रयोग कति मीठो रूपले गरिएको छ ।

यसरी फल्गुहस्तिनी पनि उच्चकोटिका कवयित्रीका रूपमा साहित्य-प्रेमीहरूका अगाडि कविताका माध्यमबाट अमर बनेकी छन् ।

५. मोरिका

मोरिकाको पनि खास परिचय र धेरै कृति पाउन सकिएको छैन । जे जति प्राप्त छ त्यसैका आधारमा मोरिकाको कवित्व प्रतिभा लोक-विख्यात थियो भन्ने कुरा कवि धनदेवको यस उक्तिबाट स्पष्ट बुझ्न सकिन्छ–

शीला, विज्जा, मारुला, मोरिकाद्याः
काव्यं कर्तुं सन्ति विज्ञाः स्त्रियोऽपि ।
विद्यां वेत्तुं वादिनो निर्विजेतुं
विश्वं वक्तुं यः प्रवीणः स वन्द्यः ।।

यस कविताका आधारमा शीला, विज्जा, मारुला, मोरिका आदि स्त्री कवयित्रीहरू पनि काव्यरचनामा निपुण छन् भन्ने आशयबाट मोरिकाको अस्तित्व त्यस बेला लोक विख्यात थियो भन्ने बुझिन्छ ।

कवयित्री मोरिकाका केही कविता; जस्तै :

प्रियतमस्त्वमिमामनघार्हसि,
प्रियतमा च भवन्तमिहार्हति
नहि विभाति निशा रहिता शशी
न च विभाति निशापि विनेन्दुना ।।

भावार्थ– दूती नायकलाई यहाँ सम्झाइरहेकी छ– हे प्रिय ! यहाँ यस नायिकाका लागि योग्य हुनुहुन्छ र यी नायिका पनि यहाँका लागि योग्य छिन् । हेर्नुहोस् रात नभए चन्द्रमाको शोभा हुँदैन र चन्द्रमा नभए रातको पनि शोभा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

हुँदैन । यहाँ कति राम्ररी नायकलाई दूतीले सम्झाएकी छ । रात र चन्द्रमाको जस्तै सम्बन्ध नायक नायिकाको छ भन्ने आशय घतलाग्दो छ ।

मा गच्छ प्रमदाप्रिय ! प्रियशतैर्भूयस्त्वभुक्तो मया
बाला प्राङ्गणमागतेन भवता प्राप्नोति निष्ठां पराम् ।
किं चान्यत् कुचभारपीडनसहैर्यत्नप्रवृद्धैरपि
त्रुटचत्कञ्चुकजालकैरनुदिनं निःसूत्रमस्मद्गृहम् ।।

भावार्थ– यहाँ विदेश जान लागिरहेको नायकलाई विदेश जानबाट रोक्न दूती सम्झाइरहेकी देखिन्छे– हे प्रमदाप्रिय ! आइमाईको भलाइ चिताउने हे नायक ! विदेश नजानुहोस्, म हजारपटक प्रार्थना गर्छु, तिम्री प्राणप्यारी तपाईंमा अत्यन्त प्रेमभाव राख्छिन्, उनको विषम अवस्थाको वर्णन म कसरी गरूँ ? यहाँले प्रस्थानका लागि आँगनमा पाउ राख्नुहुनेछ भन्ने सोच्न लागेपछि स्तनले कसिलो देखिने चोलो पनि खुकुलिँदै गएर (डुब्लाएर) बार-बार खस्न लागिरहेछ, त्यो सानो बनाएर सिउनका लागि हाम्रो घरमा धागोसम्म पनि बचेको छैन, यहाँ जाने बेलामा यहाँकी प्रेमिकाको यो दशा छ, यसपछि के होला! भगवान् नै जान्नुहोला ।

यसरी केही कविताका आधारमा पनि कवयित्री मोरिकाको कवित्व प्रतिभा विलक्षण थियो भन्ने सजिलै अनुमान गर्न सकिन्छ । शृङ्गाररसमा मुटु छुने गरी आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपले सिंगार्नु मोरिकाको विशेषता प्रतीत हुन्छ ।

६. इन्दुलेखा

इन्दुलेखाका कविता कति छन् ? जन्म कहाँ भएको हो ? वास्तविक परिचय के हो ? समय कुन हो ? यो प्रश्नको जवाफ सुलभ छैन तापनि इन्दुलेखाको नामबाट– सुभाषितावलिमा वल्लभदेवले दिएको एक कविताबाट कवयित्रीको कवित्व प्रतिभाबारे राम्रो परिचय पाउन सकिन्छ । सूर्यास्त (सूर्य अस्ताएको) घटनालाई लिएर कति राम्रो कल्पना गरिएको छ; जस्तै :

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

एके वारिनिधौ प्रवेशमपरे लोकान्तरालोकन
केचित्पावकयोजितां निजगदुः क्षीणोऽह्नि चण्डार्थिषः ।
मिथ्या चैतदसाक्षिकं प्रियसखि ! प्रत्यक्षतीव्रातप,
मन्येऽहं पुनरध्वनीनरमणीं चेतोऽधिशेते रविः ॥

भावार्थ– कोही भन्छन्, सायंकालमा सूर्य समुद्रमा डुब्छन्, कोही भन्छन्– अर्कै लोकमा प्रकाश दिन जान्छन्,अनि अरू कोही भन्छन्–अग्निमा प्रवेश गर्छन्, परन्तु हे प्यारी सँगिनी ! यी सबै विचारमा कुनै साक्षी प्रमाण नभएकाले म विश्वास गर्न सक्तिनँ । मलाई लाग्छ-जुन नारीहरूका पति विदेशमा छन्,त्यस्ता वियोगरूपी शत्रुले सताइएका नारीका कोमल हृदयमा गएर सूर्य रातभर आराम-सँग सुत्न जान्छन् । रातभर असह्य विरहरूप सन्तापले उनीहरू सन्तापित र पीडित हुन्छन् । कति सुन्दर र अनौठो कल्पना छ ।

७. मारुला

मारुलाको राम्रो परिचय पाइँदैन तापनि धनदेवले मारुलाको卐 प्रशंसा गरेका छन् । यसबाट उनका धेरै कविता थिए भन्ने अनुमान हुन्छ । उनको एक कविता; जस्तै :

कृशा केनासि त्वं ? प्रकृतिरियमङ्गस्य ननु मे
मलैधूम्रा कस्माद् ? गुरुजनगृहे पाचकतया ।
स्मरत्यस्मान् कच्चिन्नहि नहि नहीत्येवमगमत्
स्मरोत्कम्पं बाला मम हृदि निपत्य प्ररुदिता ॥

भावार्थ– यहाँ कुनै विरही नायक आफ्ना मित्रसँग कुनै नायिकासँग भएको एक घटना सुनाइरहेछ;जस्तै–तिमी यसरी किन दुब्ली छ्यौ ? मैले यसरी सोधे-पछि उनले भनिन्, मेरो प्रकृति यस्तै हो, अर्थात् म पातलोदारकै हुँ, फेरि मैले सोधेँ-तिमी किन मैली छ्यौ ? उनले भनिन्– घरमा भोजन बनाउने काम गर्दा-गर्दा मैली भएकी हुँ, फेरि मैले सोधेँ- तिमी कहिलेकाहीं मलाई सम्झन्छ्यौ ?

卐 कवयित्री मोरिकाको प्रसंगमा धनदेवको भनाइ दिइसकिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

माया गछ्र्यौं ? मैले के भनेथें मुग्धा ती बाला नहि-नहि भन्दै कामजनित पीडाले आफूलाई सम्हाल्न नसकी काम्दै मलाई अङ्कमाल गरेर रुन लागिन् । सामान्य विषय वस्तुलाई सरलता र रोचकतासाथ सहानुभूति पैदा गर्ने किसिमबाट कति राम्ररी भावलाई कलात्मक रूपले प्रकट गरिएको छ ।

८. विकटनितम्बा

यी कवयित्रीको बारेमा पनि राम्रो परिचय पाइँदैन, धेरै विद्वान्, अन्वेषक-हरूले काश्मीरी विदुषीका रूपमा लिएका छन् । यिनका बारेमा राजशेखरले सूक्ति मुक्तावलीमा भनेका छन्, 'कुन मानिस यस्तो छ जो विकटनितम्बाका वाणीका लवज सुनेर आफ्नी पत्नीको मुग्धतापूर्ण मधुर वचनलाई फीका मान्दैन अर्थात् विकटनितम्बाका अभिव्यक्तिका अगाडि आफ्नी प्रियतमाका वचन पनि तुच्छ बन्छन्卐 ।' यस भनाइबाट मात्र होइन विकटनितम्बाका जो जति कविता फेला परेका छन्, सबै कविता शृङ्गाररसले ओत-प्रोत भएर प्रत्येक पाठकको हृदयलाई छुन्छन् । अविवेकी भ्रमरलाई कवयित्री कसरी व्यंग्य हान्छिन्; जस्तै :

अन्यासु तावदुपमर्दसहासु भृङ्ग !
लोलं विनोदय मनः सुमनो लतासु ।
मुग्धामजात रजसं कलिकामकाले
व्यर्थं कदर्थयसि किं नवमल्लिकायाः ॥

भावार्थ- हे भ्रमर ! तेरो मर्दन सहन सक्ने अरू फूल लहरा भएतिर गएर आनन्द लिने काम गर, मुग्ध (राम्रो नफक्रेकी) केशर नभएकी यी नवमालि-कालाई असमयमा नै अर्थात् वेला नभइकन किन दुःख दिइरहन्छस् अहिल्यै न त उनमा केशर छ न त फक्रेको नै छ भने यसलाई दुःख दिन तँलाई सुहाउँदैन । यहाँ नबस् अन्तै गैहाल् ।

卐 के वैकटनितम्बेन गिरां गुम्फेन रंजिता ।
निन्दन्ति निजकान्तानां न मौग्ध्यमधुरं वचः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्को एक ठाउँ दूति कुनै नायकलाई स्पष्टसँग भनिरहेकी छ–

बाला तन्वी मृदुरियमिति त्यज्यतामद्य शङ्कां,
दृष्टा काचिद् भ्रमरभरतो मञ्जरी भग्नपुष्पा ।
तस्मादेषा रहसि भवता निर्दयं पीडनीया
मन्दाक्रान्ता विसृजति रसं नेक्षुयष्टिः कदाचित् ।।

भावार्थ–यी कोमल अङ्ग भएकी बाला कम उमेरकी छन् भन्ने शंका लिनुपर्दैन । तपाईंलाई थाहा हुनुपर्छ, के नयाँ मञ्जरीमा भमरा बस्तैमा उक्त मञ्जरी फूलबाट भाँचिइजान्छ र ? एकान्तमा यिनलाई गाढ़ आलिङ्गन गर्नुहोस्, आलिङ्गन निर्दय हुनुपर्छ, तब आनन्द आउँछ । के बिस्तार-बिस्तार चुस्नाले ऊखुबाट धेरै रस पाउन सकिन्छ र ? साँच्चै रस लिने हो भने ऊखुलाई जोडपूर्वक चुस्नुपर्दछ । कामशास्त्रको राम्रो अभिव्यक्ति काव्यात्मक रूपले कति प्रभावकारी ढंगबाट कवयित्रीले यस पद्यमा प्रकट गरेकी छन् ।

९. शीला महारिका

धनदेवले शीला (महारिका) नारी कवयित्रीको पनि उल्लेख गरेका छन् । यसबाट के थाहा हुन्छ भने शुरूमा यिनको नाम शीला थियो, पछि उपनामको रूपमा 'महारिका' थपिएको हुन सक्छ । संभवतः यी कवयित्री काश्मीरी हुन् भन्ने अनुमान धेरैले लगाएका छन् । आलोचक राजशेखरले शीला महारिकाका काव्य र पदावलीलाई बाणसँग दाँजेको पाइनाले उच्चकोटिकी कवयित्रीको रूपमा यिनको स्थान सुरक्षित रहेछ भन्ने कुरा बुझिन आउँछ । राजशेखर भन्छन्–शब्द र अर्थको समान रचनालाई पाञ्चाली रीति भनिन्छ; जस्तो विशद् शब्द त्यस्तै मनोहर अर्थ । यस्तो रीति कहीं छ भने कि शीला महारिकाका कवितामा छ कि त बाण भट्टका उक्तिमा नै छ 卐 ।'

शीला महारिकाका केही कविता चाखेर कवित्व प्रतिभासंग परिचित हुन प्रयास गरौं; जस्तै :

卐 शब्दार्थयोः समो गुम्फः पाञ्चालीरीतिरिष्यते ।
शीला महारिका वाचि बाणोक्तिषु च सा यदि ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

यः कौमारहरः स एव हि वरस्ता एव चैत्रक्षपाः
ते चोन्मीलितमालती-सुरभयः प्रौढ़ाः कदम्बानिलाः ।
सा चैवास्मि तथापि तत्र सुरतव्यापारलीलाविधौ
रेवारोधसि बेतसीतरुतले चेतः समुत्कण्ठते ।।

भावार्थ–कुनै नायिका आफ्ना विगत दिनको सम्झना गर्दै आफ्नो इच्छा यसरी व्यक्त गरिरहेकी छ 'जसले मेरो कुमारीत्व पहिलो पटक अपहरण गऱ्यो त्यही नै मेरो पति(वर)हो । चैतका रात पनि तिनै हुन्, फक्रेको मालती फूलको सुगन्ध स्वीकार गर्न कदम्बवायु बिस्तार-बिस्तार बहिरहेको छ, म पनि उही हूँ, जो पहिले थिएँ, परन्तु आज के कारण हो, नर्मदाका किनारमा अशोक-कुञ्जमा खेलबाड गर्न मेरो चित्त (हृदय) उत्कण्ठित भइरहेको छ ।

त्यस्तै अर्को एक कविता छ, जसमा शीला (कवयित्री) ले दूतीलाई अह्राइरहेको अनुभव हुन्छ; जस्तै :

दूति त्वं तरुणो युवा स चपलः श्यामा तमोभिर्दिशः
सन्देशः स रहस्य एव विपिने संकेतमावासकः ।
भूयो भूय इमे वसन्तमरुतश्चेतो हरन्त्यन्यतो
गच्छ क्षेम समागमाय निपुणे रक्षन्तु ते सर्वदा ।।

भावार्थ–हे दूती तँ तरुनी छस्, त्यो नायक पनि जवान र चंचल छ । उसका चारैतिरबाट अन्धकारले घेरिसकेको छ, मेरो समाचार पनि रहस्यपूर्ण छ र जंगलमा नै संकेत गरिएको ठाउँ छ । बारंबार वसन्तको वायुले मेरो चित्त चोरिराखेको छ, अतः हे निपुण दूती ! चाँडै हामी दुइलाई भेटघाट गराइदिन तँ गइहाल्, देवताले तेरो रक्षा गरून् ।

अर्को एक ठाउँ नायकको भनाइ कति मीठो छ; जस्तै :

प्रियाविरहितस्याद्य हृदि चिन्ता ममागता ।
इति मत्वा गता निद्रा के कृतघ्नमुपासते ।।

भावार्थ–विरह-व्यथाले तड्पेको कुनै नायक भन्छ 'प्रियतमाको वियोगमा मेरो हृदयमा चिन्ता (कुनै स्त्री) आई । आफ्नो प्रियाबाट टाढा भए पनि भनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

अर्को प्रिया-चिन्ता त छँदै छ । निद्रा (अर्को) प्रियालाई मान नपुगेकाले (चिन्ता आइहाली भनेर) निद्रा भागेर गई । कृतघ्नको सेवा गर्न कोही पनि इच्छुक हुँदैन ।

यसरी कवयित्री शीलाका केही कविता मात्र पढको खण्डमा पनि उनको कवित्व कला, भावभूमि र विषय वस्तुसँग परिचित हुन सकिन्छ । खास गरी शीलाका रचना पनि शृंगारे रसमा कुँदिएका पाइन्छन् ।

यसरी संस्कृत साहित्यमा देखापरेका केही महिला साहित्यकारहरूबारे चर्चा गर्दा, शृंगारिक धारा, गहिरो चिन्तन, कलात्मक अभिव्यक्ति र भावपूर्ण वैशिष्ट्य-हरू उपस्थित हुन्छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

परिशिष्ट–१

साहित्यिक विधाका लक्षण

पूर्वीय शास्त्रीय मान्यताको प्रमुख आधार संस्कृत वाङ्मय हो । आज पनि यो मान्यता उत्तिकै हृदयग्राही एवं उपयोगी रूपमा अँगालिदै छ । पूर्वीय मान्यता विधागत रूपमा सम्बन्धित विद्वान्, आलोचक, लक्षण-ग्रन्थकार र सम्बन्धित साधकहरूले निर्धारण गरेका छन् । ती आधारहरूबारे संक्षिप्त जानकारी भएमा कुनै पनि काव्य, नाटक, कथा प्रभृतिको राम्रो मूल्यांकन र निरूपण गर्न सकिन्छ । त्यसैले यस सन्दर्भमा पूर्वीय मान्यताका आधारहरू संक्षिप्त रूपमा दिइन्छन् ।

नाटक र नाटिका

नाटकलाई ४ प्रकारबाट विभाजित गरिएको छ । १. एकांकी, २. नाटिका, ३. नाटक, ४. महानाटक ।

(क) एक अंक मात्र भएकोलाई एकांकी भनिन्छ ।

(ख) १ देखि ४ अंकसम्म भएकालाई नाटिका भनिन्छ ।

(ग) ४ देखि १० अंकसम्म भएकालाई नाटक भनिन्छ ।

(घ) १० देखि बेसी जतिसुकै अंक भए पनि महानाटक भनिन्छ ।

यसरी विभिन्न भेद मानिए पनि नाटककै साना रूप र ठूला रूप मात्र हुन् । नाटक भन्नलायक आधारहरू हुन् –

१. घटीमा ५ अंक र बढीमा १० अंकसम्म हुनुपर्छ ।

२. इतिहास प्रसिद्ध कथानक हुनुपर्छ र मुख प्रतिमुख आदि ५ सन्धि हुन्छन् ।

३. देवता, राजा वा प्रतापी पुरुष नायक हुनुपर्छ ।

४. शृङ्गार वा वीररस प्रधान र अरू रस सहायक हुनुपर्छ ।

५. विलास समृद्धि सुख दुःख नाना रसहरूले कथानक रोचक हुनुपर्छ ।

६. मुख्य पुरुष पात्र ४ वा ५ र अंक कुनै लामा र कुनै छोटा हुनुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

७. प्रत्येक अंकमा नायकको चरित्र स्पष्ट भएको रस र भावले पूर्ण हुनुपर्छ।
८. आवश्यक स्त्रीपात्र र परिजन हुन सक्छन् अंकको अन्त्यमा।
९. सबै निस्कने गरी अंक संरचना हुनुपर्छ।

टाढाबाट बोलाउनु, युद्ध, राज्य, देशको विप्लव, विवाह, मलमूत्र त्याग, सराप, मैथुन, दन्त नखच्छेदन, चुम्बनादि लज्जाकारी व्यापार, स्नान, अनुलेपन (चन्दनादि) नाटकमा प्रत्यक्ष मञ्चमा देखाउनु हुँदैन।

१०. धेरै समय अगाडि र पछाडि बनाउनु हुँदैन, अर्थात् नाटकको विषय वस्तुमा समयको धेरै फरक हुनुहुँदैन। लामा-लामा अंक पनि नाटकका लागि उपयुक्त हुनुहुँदैन।
११. प्रधान रसको शुरूदेखि अन्तसम्म पालन हुनुपर्छ, नायक वा रसलाई प्रतिकूल असर पर्ने कुरा गरिनु हुँदैन। दर्शक एवं पाठकलाई सकभर मनोरञ्जन दिने, सत्कर्ममा प्रवृत्त गराउने र नाटकको अवलोकनमा आकर्षित हुने खाल बनाउन नाटककारको प्रयास हुनुपर्छ।

उपर्युक्त नाटकीयता लक्षणकै आधारमा ठूलो (बृहद् आकार) आकारमा देखाउनुपरे महानाटक र सानो आकारमा नाटिका अनि निकै सानो आकारमा देखाउनुपरे एकांकीको प्रयोग गरिन्छ। नाटकीय आधार वा वैशिष्टच धेर-थोर, सानो ठूलोमा केही फरक भए पनि नाटकीय आधारहरू नै अरूमा पनि प्रयुक्त हुन्छन्।

महाकाव्य र खण्डकाव्य

'काव्य' कविको कृतिलाई भनिन्छ। ठूलो आकारमा रचित ग्रन्थलाई महाकाव्य र सानो ग्रन्थमा रचित ग्रन्थलाई खण्डकाव्य भनिन्छ। महाकाव्यमा हुनुपर्ने आवश्यक तत्त्वहरू हुन्–

१. धीरोदात्त गुणहरूले युक्त देवता, सद्गुणी पुरुष वा असल चरित्र भएको राजा नायक हुनुपर्छ। एउटै वंश-परंपराका आधारमा पनि महाकाव्य लेख्न सकिन्छ।
२. शृङ्गार, वीर र शान्तरसमध्ये एकरस अंगी र अरू सहायक (अंग) रसको रूपमा लिनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

३. काव्यको शुरूमा र समाप्तिमा, आशीष वा वस्तुनिर्देश गरेर काव्यको शुभारंभ गर्नु राम्रो हुन्छ । मूर्खादिको निन्दा र सज्जनको स्तुति, गुण, कीर्तन हुनु आवश्यक छ ।
४. एउटै छन्दमा एउटा सर्ग लेखिनुपर्छ, सर्गान्तमा छन्द बदलिनुपर्छ, काव्यभरमा कुनै एक सर्ग विभिन्न छन्दमा लेखिएको भए पनि हुन्छ ।
५. आठभन्दा बढी सर्ग हुनुपर्छ, ज्यादै लामा र ज्यादै छोटा सर्गहरू नहुनु बेस । सर्गान्तमा भावी सर्गमा आउने कथाको सूचना गर्नुपर्छ ।
६. सन्ध्या, सूर्य, चन्द्रमा, रात, बिहान, अन्धकार, शिकार, वन, सागर प्रभृति विषय-वस्तुको सकभर कलात्मक वर्णन हुनुपर्छ ।
७. उपर्युक्त गुणहरूले युक्त भएको एउटा सानो आकार-प्रकारमा रचित ग्रंथ खण्डकाव्य हो ।

ऐतिहासिक, पौराणिक, सामाजिक जस्ता अनेक पक्षमा लेख्न सकिन्छ ।

चम्पू-काव्य

महाकाव्यकै गुणहरू प्रायशः रहने गद्य र पद्यमय शैलीमा लेखिने काव्यलाई चम्पूकाव्य भनिन्छ ।

विरुद

गद्य र पद्यमय शैलीमा राजस्तुति गरिएको काव्यलाई विरुद भनिन्छ ।

कोष-काव्य

महाकाव्य वा खण्डकाव्य दुवैको रूप नलिएर परस्पर निरपेक्ष पद्यमा रचित काव्यलाई कोष-काव्य भनिन्छ । यसमा शृङ्खलित इतिवृत्त हुँदैन, जस्तै संस्कृतमा अमरुक शतकलाई कोष-काव्य मान्न सकिन्छ ।

मुक्तक

विभिन्न विषयका पूर्वापर सम्बन्ध नभएका फुटकर रचनाहरूलाई मुक्तक मानिएको छ; जस्तै संस्कृतमा सुभाषितहरू मुक्तक रूपमा रहेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

उपन्यास र कथा

कुनै पूर्ण इतिवृत्त, प्रधान नायक र उनका सहयोगी पात्र र रस अँगालेर मनोहर शब्दार्थको गुम्फन गद्यकाव्यलाई उपन्यास भनिन्छ। आदिदेखि अन्त-सम्म नपढी जिज्ञासा शान्त नहुने गरी रचिएको हुन्छ । पूर्व-इतिहासको प्रसिद्ध सत्य कथानकलाई लिएर लेखिन्थ्यो, जस्तै कादम्बरी, दशकुमाररचित, शिव-राज-विजय आदि । यस्ता ग्रन्थलाई आख्यायिका पनि भनिन्छ ।

अग्निपुराणमा आख्यायिका, कथा, खण्डकथा, परिकथा, कथालिका गरेर ५ प्रकारका भेद मानिएको पाइन्छ । 卐 यसभित्र आज लेखिने कथा पनि समावेश भएको देखिन्छ । अर्थात् आजका कथालाई पनि परिभाषित गर्न सकिन्छ । उप-न्यास कथाकै विस्तृत रूप हो भने लघुकथा त्यसको सानो रूप हो ।

नाटकका भेद १० रूपक

१. नाटक
२. प्रकरण
३. भाण
४. व्यायोग
५. समवकार
६. डिम
७. ईहामृग
८. अङ्क वा उत्सृषिकाङ्क
९. वीथी
१०. प्रहसन

उपरूपक १८

१. नाटिका
२. त्रोटक
३. गोष्ठी
१०. रासक
११. संलापक
१२. श्रीगदित

卐 आख्यायिका कथा खण्ड-कथा परिकथा तथा
कथालिकेति मन्यन्ते गद्यकाव्यं च पञ्चधा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. सट्टक
५. नाटचरासक
६. प्रस्थानक
७, उल्लाप्य
८. काव्य
९. प्रेङ्खणक

१३. शिल्पक
१४. विलासिका
१५. दुर्मल्लिका
१६. प्रकरणिका
१७. हल्लीश
१८. भाणिका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

परिशिष्ट–२

संस्कृत-साहित्यको विकासक्रम

वैदिक साहित्य

'वेद भनेको ज्ञान हो, श्रुतिपरम्पराबाट प्रचलित हुँदै आएका ज्ञानका कुराहरू संकलित ग्रन्थ वेद हो, शुरूमा ऋग्वेद एकमात्र थियो, पछि आएर चार वेद,चार उपवेद, ब्राह्मण,संहिता, आरण्यक आदि बन्दै गए। वेदलाई धेरै विद्वान्हरूले अपौरुषेय मानेका छन् भने कतिपय विद्वान्हरूले पौरुषेय अर्थात् मानवरचित पनि मानेका छन्। मानवीय कृति होस् वा ईश्वरीय रचना होस् वेद ज्ञान, आर्य सभ्यता,संस्कृति,दर्शन आदिको अक्षय्य भण्डार हो,वेद आदिम साहित्य हो, जुन संस्कृत-भाषामा अंकित छ। वेदका प्रत्येक शब्द-शब्दमा तेज,शक्ति र पवित्रता कुँदिएर रहेका छन्। जीवनका लागि आवश्यक भौतिक एवं आध्यात्मिक पक्षहरूको गहिरो चिन्तन र विश्लेषण वेदमा छ,त्यसैले हजारौं हजार वर्षपछाड़ि पनि वेदमा उल्लिखित विचारहरू उत्तिकै ताजा छन्, उत्तिकै प्रेरणादायी र शिक्षाप्रद छन्। मानवता, विश्वबन्धुत्व, शान्तिको सन्देश, सबैको भलाइ र सुख-सन्तोष भय-जीवनको चाहना वेदमा यत्र-तत्र वर्णित छ। अंतरवर्ती संस्कृत-साहित्यमा पाइने छन्द, अलङ्कार, रस, ध्वनि, वक्रोक्ति आदि बीजको रूपमा वैदिक साहित्यमै छन्।

उपनिषद्-साहित्य

उपको अर्थ हो ब्रह्मको नजीक, निषद्को अर्थ हो पुऱ्याइदिने अर्थात् ब्रह्मको नजीक पुऱ्याइदिने ब्रह्मविद्यालाई उपनिषद् भनिन्छ। उपनिषद्हरूमा प्रयुक्त संस्कृत-भाषाको गद्यरूप निकै प्रभावकारी देखिन्छ। वैदिक रहस्यलाई छलफल, तर्क र ज्ञानका सहाराले निष्कर्ष निर्धारण गरी आत्मविषयक निक्र्योल गर्नु उपनिषद्को मुख्य आशय देखिन्छ। उपनिषद्हरूको सार-सर्वस्व गीता हो,उपदेशका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

आधारमा कतै रहस्य खोलिएको छ भने कतै वाद-विवाद (सम्वाद) का आधारमा रहस्य स्पष्ट पारिएको छ । त्यस्तै कतै कथाका रूपमा भाव खुलाइएको छ भने कतै रूपकका आधारमा पनि आत्मतत्त्व सम्झाइएको देखिन्छ । के पूर्वीय,के पश्चिमी, सबै विद्वान्हरूले उपनिषद्हरूलाई ज्ञानको सागर मानेका छन् । वेदान्तका विभिन्न सम्प्रदायहरू अद्वैत,द्वैत, द्वैताद्वैत, विशिष्टाद्वैत, शुद्धाद्वैत आदि सबैले आफ्नो आफ्नो सिद्धान्त-अनुसार व्याख्या गरेका छन् । ज्ञानका दृष्टिले मात्र होइन साहित्यिक दृष्टिले पनि संस्कृत गद्य एवं पद्यमा उपनिषद्हरूको मूल्यवान् योगदान स्पष्ट देखिन्छ । मुक्तिको उपनिषद्मा जम्मा १०८ उपनिषद्हरूको नाम देखिन्छ : ऋग्वेदका १०, शुक्लयजुर्वेदका १९, कृष्णयजुर्वेदका ३२, सामवेदका १६ र अथर्ववेदका ३१ उननिषद्हरूको उल्लेख देखिन्छ । यिनीहरूमध्ये पनि, ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, छान्दोग्य, बृहदारण्यक एवं श्वेताश्वतर उपनिषद्हरूको विशेष प्रचार र आदर छ । धर्म, अर्थ, काम, मोक्षको स्रोत मानिएको वैदिक साहित्यको आशयलाई स्पष्ट गर्न उपनिषद्हरू–को रचना भएको छ र ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद अनि उपवेदमा धनुर्वेद, गान्धर्व वेद, आयुर्वेद र शिल्पशास्त्र गरी चार उपवेद, अनि वेदका ६ अंगहरूमा शिक्षा, कल्प, व्याकरण, छन्द, ज्योतिष र निरुक्त अनि उपांगहरूमा पुराण, न्याय, मीमांसा र धर्मशास्त्र समेतमा प्राचीन साहित्यको विकास र विस्तार व्यापक र प्रभावकारी रूपमा भएको देखिन्छ ।

आर्ष-साहित्य

ऋषिहरूबाट निर्मित साहित्य आर्ष-साहित्य मानिन्छ । महर्षि वाल्मीकिबाट रामायण, अनि व्यासद्वारा रचित १८ पुराण, १८ उपपुराणहरू आर्ष-साहित्यका नमूना हुन् । यिनीभित्र पाइने विषय, महत्त्व, औचित्य,उपयोगितावारेमा वाल्मीकि र व्यासको जीवन-दर्शन र रचनाकर्म देखाउने सन्दर्भमा माथि उल्लेख भइसकेकाले यहाँ विशेष उल्लेख गरिरहनु आवश्यक देखिंदैन । रामायण, महाभारत र अरू पुराण-उपपुराणकै विषयवस्तुबाट विषयहरूको चयन गरी प्रायः धेरै संस्कृत साहित्यकारहरूले काव्य सृजन गरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पाणिनि र वररुचि व्याकरणकार मात्र नभएर साहित्यकार पनि थिए भन्ने कुरा माथि उनीहरूको चिनारी दिने सन्दर्भमा उल्लेख भइसकेको छ। उनीहरूका काव्यमा पाइएका अंशहरूले लौकिक काव्यका प्रारम्भिक आकर्षक स्वरूपको दिग्दर्शन गरेका छन्।

प्राचीन काव्य-साहित्य

महाकाव्य

कविको कृति काव्य हो, काव्यलाई महाकाव्य,खण्डकाव्य,सन्देशकाव्य,कोष-काव्य, मुक्तककाव्य आदिमा वर्गीकरण गरिँदै आएको छ। संस्कृतकाव्य-जगतका प्रेरणा स्रोत र कलात्मक अभिव्यक्ति, सौन्दर्यको उपासक र प्रकृतिका पूजारीका रूपमा कालिदासको सर्वोच्च स्थान रहेको छ, कालिदास र उनका रचनाबारे माथि सान्दर्भिक उल्लेख भैसकेकै छ, उनका कुमारसंभव, रघुवंश जस्ता महा-काव्यहरूले संस्कृत काव्यसाहित्यमा विशिष्ट योगदान दिएका छन्,शोभा बढाए-का छन्। पाँचौं शताब्दीका भर्तृमेण्ठको हयग्रीववध र दोस्रो शताब्दीका अश्वघो-षका सौन्दरानन्द र बुद्धचरित जस्ता महाकाव्यहरूले कालिदासको काव्यशैलीको परम्परामा महत्त्वपूर्ण योगदान दिनुका साथै संस्कृत-महाकाव्य-जगत्मा उल्लेख-नीय सेवा गरी उहाँहरू महाकविको अमर आसनमा विराजमान हुनुहुन्छ।

छैटौं शताब्दीका भारविको किरातार्जुनीयम् महाकाव्यमा पाइने प्रकृति-वर्णन, सुरांगनाविहार, नीतिचर्चा, भावगांभीर्य, चित्रकाव्य जस्ता वैशिष्ट्य जगमगाइरहेको छ भने सातौं शताब्दीका भट्टि कविको भट्टिकाव्य (रावणवध) मा भगवान् रामको पावन चरित्र अंकित छ। व्याकरणका अंग-प्रत्यंग नचाउँदै, ठाउँ-ठाउँ प्रकृति-चित्रण, शव्दालंकार- अर्थालंकार आदिले सजाउँदै रचिएको यो महाकाव्यमा काव्यात्मक रसपान गर्न मात्र पाइने होइन, व्याकरण सिक्न चाहने विद्यार्थीलाई रूखो व्याकरण जस्तो विषयलाई सरसतासाथ सिकाउने खूबी पर्याप्त देखिन्छ।

सातौं शताब्दीका माघको २० सर्गमा रचिएको 'शिशुपालवध'संस्कृत-महा-काव्यको क्षेत्रमा निकै ठूलो महत्त्व राख्तछ। ऋतुवर्णन, राजनीति-कथन,सन्देश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

कथन, चित्रकाव्य आदिले सजिसजाउ प्रस्तुत महाकाव्यमा उपमा, अर्थगौरव र पदलालित्य तीन वैशिष्ट्य एकै ठाउँमा संग्रहित छ भन्ने कुरामा विद्वान्हरू सहमत छन् । भारविको 'किरातार्जुनीयम्' महाकाव्यको प्रभावमा लेखिएको देखिए पनि आफ्नै प्रकारका काव्यात्मक वैशिष्टच यस महाकाव्यमा पर्याप्त छ ।

आठौं शताब्दीमा कुमारदासको 'जानकीहरण' महाकाव्य पांचाली रीतिमा रचना भएको छ । कालिदासीय वैदर्भी शैलीको पनि ठाउँ-ठाउँ प्रभाव झल्किन्छ । अनुप्रास र यमकको प्रयोग यस महाकाव्यमा राम्ररी गरिएको छ ।

नवौं शताब्दीका रत्नाकर जसले ५० सर्गमा शंकरद्वारा अन्धकासुरलाई मारेको घटनालाई लिएर हरविजय महाकाव्य रचेका छन् । यस महाकाव्यमा चन्द्रोदय, जलक्रीडा, पानगोष्ठी, सन्ध्या आदिको हृदयाकर्षक रूपले वर्णन गर्नुका साथै गुणात्मक र संख्यात्मक दुवै दृष्टिले यस महाकाव्यमा महाकवि रत्नाकरको वैशिष्टच झल्किएको छ । माघको शिशुपालवधको प्रभाव दबाउन उनले 'हर विजय' महाकाव्य लेखेका थिए भनिन्छ । नवौं शताब्दीकै अभिनन्दको 'कादम्बरी कथासार' भन्ने महाकाव्य पनि उल्लेखनीय स्थान राख्तछ । त्यस्तै शिवस्वामीको २० सर्गमा रचित 'कप्पणभ्युदय' महाकाव्यको पनि महत्त्वपूर्ण स्थान छ ।

दशौं शताब्दीका हलायुधको 'कविरहस्य' महाकाव्यमा भट्टिको 'रावणवध' महाकाव्यमा जस्तै व्याकरण र साहित्य दुवैको स्वाद पाइन्छ । एघारौं शताब्दीमा काश्मीरी महाकवि क्षेमेन्द्रले संस्कृत-काव्यपरंपरामा राम्रो योगदान गरेका छन् । उनका महाकाव्यहरू हुन्, दशावतार-चरितम्, रामायणमञ्जरी; भारतमञ्जरी, बृहत्कथा-मञ्जरी आदि । यिनका अरू साहित्यिक ग्रन्थमा· औचित्य विचार चर्चा र सुवृत्ततिलक विशेष उल्लेखनीय छन् ।

बाह्रौं शताब्दीका हेमचन्द्राचार्यको त्रिषष्टिशलाका पुरुष-चरित र कुमारपाल रचित दुई महाकाव्यमा क्रमशः जैनधर्मको परिचय र राजा कुमारपालको जीवन-चरित्र राम्ररी वर्णन गरेको पाइन्छ । भट्टि जस्तै व्याकरणप्रधान गरेर काव्यात्मकता प्रदान गर्ने खूबी यी महाकविमा पनि देखिन्छ । बाह्रौं शताब्दीकै जयदेव, जसले गीत- गोविन्द, महाकाव्यको रचना गरेका छन् । यी बंगालका महाकवि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

भए पनि कृष्ण र राधाको प्रेमलीला संगीतात्मक रूपले गीत-गोविन्दमा समावेश गरेर संस्कृत-महाकाव्य-परंपरामा प्रभावकारी स्थान ओगट्न यी महाकवि सफल छन् । यिनको जर्मनका महाकवि गेटेले पनि प्रशंसा गरेका छन् र नेपाली परम्परामा पनि 'अर्थ न बर्थ गीत गोविन्द-गाई' भन्ने उखान प्रचलित छ,यसको तात्पर्य अर्थ नबुझी गीत-गोविन्द, महाकाव्यका श्लोकहरू गाउँदा कुनै स्वाद पाइँदैन भन्ने हो । बाह्रौं शताब्दीकै मंखक, जसले २५ सर्गमा 'श्रीकण्ठचरित' महाकाव्य लेखेका छन्-लाई बिर्सन सकिंदैन । बाह्रौं शताब्दीकै श्रीहर्ष महाकविको 'नैषधीयचरित' महाकाव्य संस्कृत-महाकाव्य परंपरामा एक विशिष्ट उपलब्धिका रूपमा लिइँदै आएको छ । प्रौढ, आलंकारिक, ओजनदार र कल्पनापूर्ण सजीव शैलीमा नल र दमयन्तीको महाभारतीय कथा टिपेर रचिएको प्रस्तुत महाकाव्यले भारवि र माघका महाकाव्यहरूको महिमालाई आफ्नो वैशिष्टच र प्रतिभाको चमत्कारद्वारा कम गराएको अनुभव हुन्छ नैषधीय चरित पढ्दै जाँदा ।

चौधौं शताब्दीका वेदान्त-देशिकको 'यादवाभ्युदय' महाकाव्यले २४ सर्गमा कृष्ण भगवान्को पावन कथा काव्यात्मक रूपले वर्णन गरेका छन् भने सोही समयका मल्लिनाथ, जो टीकाकारको रूपमा विशेष प्रसिद्ध छन्-ले रघुवीरचरित महाकाव्य लेखेको हो भनिन्छ । १७ सर्गमा रचित यस महाकाव्यमा रामको वनगमनदेखि राज्याभिषेकसम्मको सुन्दर कथा अंकित छ । सत्रौं शताब्दीका नीलकण्ठ दीक्षितका 'शिवलीलार्णव' र 'गंगावतरण' महाकाव्य उल्लेखनीय छन् ।

इतिहासप्रधान महाकाव्य

संस्कृत-साहित्यमा ऐतिहासिक विषय अगालेर महाकाव्यका रचना गर्ने महाकाव्यकारहरू पनि पर्याप्त छन् । यस्ता महाकविहरू हुन्-पद्मगुप्त परिमल, बिल्हण, कल्हण आदि। एघारौं शताब्दीका पद्मगुप्त परिमलले आफ्नो महाकाव्य'नवसाहसाङ्क चरित'मा सिन्धुराज(नवसाहसाङ्क)को विवाह राजकुमारी शशिप्रभासँग भएको घटना प्रभावकारी-रूपमा वर्णन गरेका छन् भने बाह्रौं शताब्दीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

विल्हणले छैटौं विक्रमादित्यको चरित्रलाई लिएर विक्रमाङ्कदेव-चरित, लेखेका छन् । त्यस्तै काश्मीरी महाकवि कल्हणको राजतरङ्गिणीमा काश्मीरीको राजनीतिक इतिहास, सामाजिक वातावरण राम्रो उल्लेख भएको छ । वर्णनात्मक शैलीमा रचित प्रस्तुत महाकाव्यमा ऐतिहासिक तथ्य, सुन्दर अभिव्यक्ति र काव्यात्मक आकर्षण पर्याप्त देखिन्छ ।

खण्डकाव्य

महाकाव्यकै एक भाग खण्डकाव्य हो, यसलाई सन्देश-काव्य, स्तव-काव्य, मुक्तक काव्य आदिमा वर्गीकरण गर्न सकिन्छ । यस किसिमका खण्डकाव्यको प्रभावकारी थालनी कविकुलगुरु कालिदासकै विशिष्ट कृति सन्देशकाव्य मेघदूतबाट हुन्छ । कुबेरको श्रापले गर्दा आफ्नी प्रियाबाट छुट्टिएको यक्षले मेघलाई दूत बनाई आफ्नी प्रियालाई सन्देश पठाएको घटना हृदयस्पर्शी र मार्मिक रूपमा मिश्रित छ । पूर्वमेघ र उत्तरमेघ गरी दुई भागमा विभाजित यो काव्यमा ब्राह्य प्रकृति र अन्तःप्रकृतिको मनोहर र मुटु छुने चित्रण छ ।

सातौं शताब्दीका मयूर कविको 'मयूरशतक' मा भगवान् सूर्यको स्तुति गरिएको खण्ड (स्तव) काव्यमा यमक आदि अलंकार र गौडी रीतिको सुन्दर प्रस्तुतीकरण छ । मयूरशतकलाई सूर्यशतक पनि भनिने गरिएको पाइन्छ । सातौं शताब्दीकै भर्तृहरिका तीन शतक तीन खण्ड (मुक्तक) काव्य हुन्, जस्तै, 'नीतिशतक' 'श्रृंगारशतक' 'वैराग्यशतक' । पहिलो शतकमा नीति नियमका कुरा, दोस्रो शतकमा भोग-विलासका प्रसङ्ग र तेस्रो शतकमा ज्ञान वैराग्य र संसारको सारहीनता संबन्धी विषय अंकित भएका यी तीन काव्य संस्कृत-खण्डकाव्य-परम्परामा विशिष्ट उपलब्धि हुन् ।

आठौं शताब्दीका अमरुकले अमरुकशतक काव्य लेखेका छन् । जुन काव्यमा शब्दको सजावटभन्दा अर्थको चमत्कार घतलाग्दो रूपमा प्रकट भएको छ । यसै श्रृंगाररसमा रचित यो काव्य ज्यादै मनोहर काव्यका रूपमा लिइन्छ । समयका भल्लटको भल्लट-शतक र बाह्रौं शताब्दीका कवि गोवर्धनाचार्यको 'आर्यासप्तशती' भन्ने खण्डकाव्यहरू पनि उल्लेखनीय छन् । सत्रौं शताब्दीका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

पण्डितराज जगन्नाथ एक प्रसिद्ध आलोचक मात्र नभएर काव्यकार पनि थिए भन्ने कुरा उनको 'भामिनी विलास' भन्ने खण्डकाव्यमा पाइने प्रतिभा र काव्यात्मकताले स्पष्ट पार्दछ । स्तुति, सुभाषित जस्ता विषय-वस्तु अँगालेर खण्डकाव्य सृजना गर्ने कविहरू संस्कृत-काव्यपरंपरामा धेरै छन्, त्यसमध्ये केही नाम यसरी पढ्न सकिन्छ-शंकराचार्य, आनन्द वर्धनाचार्य, वेंकटाध्वरि, यमुनाचार्य, लीलाशुक, अप्पयदीक्षित, शाङर्गधर, वल्लभदेव आदि ।

गद्यकाव्य

संस्कृत-वाङ्मयमा जति पद्यकाव्यको प्रभावकारी रूप र विकास देखिन्छ त्यति गद्यकाव्यको पाइँदैन तापनि गद्यकाव्यको कमी छ भन्न चाहिं सकिंदैन । यसै ग्रन्थमा यथा-प्रसंग माथि सविस्तार वर्णन भइसकेकाले प्रमुख गद्यकाव्यकारको समय, कृति र नाम यसरी पढ्न सकिन्छ ।

१. सुबन्धु (७ शताब्दी) वासवदत्ता (कृति)
२. बाणभट्ट (७ शताब्दी) हर्षचरित र कादम्बरी
३. दण्डी (७ शताब्दी) दशकुमारचरित

कथाकारमा पञ्चतन्त्रका लेखक विष्णुशर्मा (२ शताब्दी), हितोपदेशका लेखक नारायण(१० शताब्दी),कथासरित्सागरका लेखक सोमदेव(११ शताब्दी), र भोजप्रबन्धका लेखक वल्लालसेन (१६ शताब्दी) विशेष उल्लेखनीय छन् ।

मिश्रकाव्य

गद्य र पद्यमिश्रित रूपमा रचिएका काव्यलाई मिश्रकाव्य भनिन्छ । मिश्रकाव्यलाई लक्षण-ग्रन्थकारहरूले तीन तहमा वर्गीकरण गरेका छन् । ती तीन प्रकार हुन् १. चम्पू, २. विरुद र ३. करम्यक । यस्ता काव्यका प्रमुख लेखकहरूको यथाप्रसंग उल्लेख भइसकेकाले प्रमुख नाम यसरी लिन सकिन्छ :

१. त्रिविक्रम भट्ट (१० शताब्दी) नलचम्पू र मदालसाचम्पू
२. श्री शेषकृष्ण (१६ शताब्दी) पारिजात-हरण-चम्पू
३. भोजराज (११ शताब्दी) चम्पू नारायण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

४. अभिनव कालिदास (१४ शताब्दी) भागवतचम्पू,
५. कविकर्णपूर (१७ शताब्दी) आनन्दचम्पू
६. नीलकण्ठ दीक्षित (१७ शताब्दी) नीलकण्ठचम्पू
७. अनन्त (१७ शताब्दी) भारतचम्पू आदि ।

नाट्यसाहित्य

काव्यहरूमा नाटक उपयोगी मानिन्छ । श्रव्यकाव्यहरूबाट श्रवण र पठन मात्र सम्भव हुन्छ भने 'दृश्यकाव्य' अर्थात् नाट्य-साहित्यबाट श्रवण, पठनको अतिरिक्त दर्शन पनि सम्भव हुन्छ । सुनेको र पढेकोभन्दा प्रत्यक्ष देखेको कुरामा विशेष प्रभाव पर्छ । त्यसैले दृश्यकाव्यको महिमा युगानुयुगदेखि आजसम्म उत्तिकै प्रकावकारी रहँदै आएको छ । संस्कृत-साहित्यका प्रमुख नाटककारहरूको परिचयात्मक रूपरेखा माथि जीवनी र कृति-परिचयका सन्दर्भमा दिइसकिएकाले त्यसकै पुनरुक्ति यहाँ नगरी समय र विकासक्रम सम्झन सुविधा होस् भन्ने उद्देश्यले केवल नाटककार, समय र कृतिको मात्र उल्लेख गरिन्छ, जस्तै :

१. भास (वि. पू. शताब्दी)	स्वप्नवासवदत्ता, अभिषेक, पंचरात्र आदि तेह्र नाटक
२. कालिदास (वि. १ शताब्दी)	अभिज्ञान शाकुन्तलम्, मालविकाग्निमित्र, विक्रमोर्वशीय
३. शूद्रक (वि. ५ शताब्दी)	मृच्छकटिक
४. हर्षवर्धन (वि. ७ शताब्दी)	रत्नावली र प्रियदर्शिका (नाटिका) नागानन्द
५. भट्टनारायण (" ८ शताब्दी)	वेणीसंहार
६. भवभूति (" ८ शताब्दी)	उत्तरराम-चरित, महावीरचरित, मालती माधव (प्रकरण)
७. मुरारि (" ८ शताब्दी)	अनर्घ राघव
८. विशाखदत्त (" ९ शताब्दी)	मुद्राराक्षस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

९. राजशेखर	(वि. १० शताब्दी)	बालरामायण (महानाटक), बालभारत र विद्धशाक भंजिका (नाटिका), कर्पूर मंजरी (सट्टक)
१०. क्षेमीश्वर	(वि. १० शताब्दी)	चण्डकौशिक
११. कृष्णमिश्र	(वि. ११ शताब्दी)	प्रबोध-चन्द्रोदय
१२. जयदेव	(वि. १४ शताब्दी)	प्रसन्नराधव आदि

आधुनिक काल

आधुनिक काल भन्नाले १९ सौं कताब्दीदेखि आजसम्म लिइएको छ। संस्कृत-वाङमयमा प्राचीन कालमा जसरी काव्यात्मक विकास, बिस्तार भएको थियो, त्यतिकै आधुनिक कालमा हुन नसकेको भए पनि काव्यरचना र साहित्य-सृजनाको क्रम केही चल्दै रह्यो भन्ने कुरा आधुनिक कालमा संस्कृतमा रचित प्रमुख रचनाकार र कृतिको उल्लेखबाट पनि जानकारी लिन सकिन्छ; जस्तै :

१. महाकाव्य

(क) सुकृतिदत्त र नेपाली महाकवि १९ शताब्दी 'कार्तवीर्य विजय' महाकाव्य, अन्त्यन्त ओजस्वी, प्रौढ़ शैलीको महाकाव्य छ।

(ख) हरिदास सिद्धान्त वागीश (२० शताब्दी) रुक्मिणीहरणमहाकाव्यम्,

(ग) भरतराज शास्त्री (वि. २१ शताब्दी) महेन्द्रोदय महाकाव्य

(घ) पूर्णप्रसाद ब्राह्मण (वि. २१ शताब्दी) सत्यहरिश्चन्द्र महाकाव्य

(ङ) पं. जीवनाथ शर्मा (वि. २१ शताब्दी) महेन्द्र-प्रतापोदय महाकाव्य

(च) हरिप्रसाद शर्मा (वि. २१ शताब्दी) शाहवंशचरित महाकाव्यम्

(छ) अखिलानन्दको सनातन धर्म-विजय महाकाव्य, छज्जुरामको सुल्तानचरित महाकाव्य उल्लेखनीय छन्।

(ज) कृष्णप्रसाद शर्मा घिमिरे (२१ वि० शताब्दी) श्रीकृष्णचरित्रामृतम्, नाचिकेतसम् आदि महाकाव्यलाई बिर्सन सकिंदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

खण्डकाव्य

(क) विदूषी क्षमारावको (२० शताब्दी) तुलारामचरित
(ख) पं. माधवप्रसाद देवकोटा (२१ शताब्दी) भारती वैभव
(ग) पं. गुणराज उपाध्याय (२१ शताब्दी) रुक्मिणीपरिणय
(घ) पूर्णप्रसाद ब्राह्मण (२१ शताब्दी) विश्ववेदा आदि धेरै नै खण्डकाव्य लेखिएका छन् ।
(ङ) पं. कुलचन्द्र गौतमका हरिवरिवस्या, गङ्गागौरव र पण्डितराज सोमनाथका आदर्शराघव, पुष्पाञ्जलि आदि कृतिहरूलाई पनि यस सन्दर्भमा विर्सन सकिँदैन ।

दृश्य-काव्य

१. शक्तिवल्लभ (१९ शताब्दी वि०) जयरत्नाकर, नाटक हास्य कदम्बक
२. छविलाल सूरि (२० शताब्दी वि०) कुशलवोदय नाटक, सुन्दर चरित नाटक
३. मथुरानाथ (२० शताब्दी) भारतविजय नाटक
४. पं. जीवनाथको (२१ शताब्दी) कालिदास गौरव नाटक
५. छज्जुराम (२१ शताब्दी) दुर्गाभ्युदय नाटक
६. चूडानाथ भट्टराय (२१ शताब्दी वि०) परिणाम नाटक

आदि उल्लेखनीय रूपमा रहेका छन् । यी नाटकहरूले संस्कृतको परम्परागत नाटकीय वैभव र गौरवलाई जोगाएर संरक्षण एवं सम्वर्द्धन गरेका छन् ।

विविध

मिश्रकाव्यहरू पनि आधुनिक कालमा रचिएका छन् । पण्डितराज सोमनाथ सिग्द्यालको सुन्दर चम्पू, कविराज हेमन्त रामका रतिभुवन चम्पू, महेन्द्र चम्पू आदि उल्लेखनीय छन् ।

त्यस्तै लक्षण-ग्रन्थहरू पनि नलेखिएका छैनन् । अच्युत रायको साहित्यसार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सीतारामको साहित्योद्देश्य, छज्जुरामले साहित्यबिन्दु आदि ग्रन्थको रचना गरेका छन् ।

यसरी सरसरती संक्षिप्त रूपमा हेर्दा सृष्टिको स्वर्णिम प्रभातदेखि आजसम्म संस्कृत वाङमयमा साहित्यका विविध विधामा अनेक रचना गरिंदै आएको स्पष्ट देखिन्छ । कालक्रम-अनुसार कहिले धेरै लेखिए, कहिले थोरै, अनि कुनै समयले विश्वप्रसिद्ध कवि नाटककार जन्मायो त कुनै समयले आफ्नै देश, समाज र स्वान्त सुखका लागि साहित्यसृजनतर्फ उन्मुख गरायो । त्यति मात्र हो, संस्कृत-को क्रमिक विकास कुनै पनि अवस्थामा अवरुद्ध भएको छैन, अब पनि चल्दै जानेछ भन्ने कुरामा आशा राख्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

सन्दर्भ-ग्रन्थसूची

नेपाली

१. साहित्य प्रदीप — पण्डितराज सोमनाथ सिग्देल
२. संस्कृत साहित्यका सिंहावलोकन — पं. बदरीनाथ भट्टराई
३. अमरकोश (नेपाली) — पं. कुलचन्द्र गौतम
४. हाम्रो देश-दर्शन — योगी नरहरिनाथ
५. लिच्छविकालका अभिलेख — धनवज्र वज्राचार्य
६. महाकवि देवकोटा : एक व्यक्तित्व दुई रचना : जनकलाल शर्मा
७. प्रकाशपिण्ड (प्रतिभा परिचयांक) — सम्पादक– अच्युतमल्ल तारा
८. 'प्रज्ञा' वर्ष २, अंक २ र वर्ष १ अंक १ का अमरुक-सम्बन्धी र महाकाव्य-सम्बन्धी हंसपुरे सुवेदी र वासुदेव त्रिपाठीका लेखहरू।
९. 'मधुपर्क' वर्ष ७ अंक ६ र वर्ष ८ अंक ७ का संस्कृत वाङमय-सम्बन्धी र भारवि-सम्बन्धी, कुमारबहादुर जोशी र घटराज भट्टराईका लेख-रचनाहरू।
१०. नेपाली साहित्यको इतिहास — ताना शर्मा
११. पुराना सम्झना — राममणि आदी इत्यादि।
१२. विश्वसाहित्यको रूपरेखामा संस्कृत-साहित्यको रूपरेखा, –गोपालनिधि तिवारी

हिन्दी

१. संस्कृत सुकवि समीक्षा — बलदेव उपाध्याय
२. संस्कृत साहित्यका इतिहास — "
३. संस्कृत साहित्यका इतिहास — वाचस्पति गैरोला
४. महाकवियों की अमर रचनाएँ — चक्रधर शर्मा
५. कवि और काव्य — बलदेव उपाध्याय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

संस्कृत

१. प्रबन्ध रत्नाकर — डा० रमेशचन्द्र शुक्ल
२. काव्य-मीमांसा — राजशेखर
३. साहित्य-दर्पण — विश्वनाथ
४. पद्मप्रसाद श्रद्धाञ्जलिः — संस्कृतअध्ययनसंस्थान त्रि.वि.वि.
५. श्रद्धाञ्जलि (सोमनाथ) — वाल्मीकि संस्कृत-महाविद्यालय
६. सम्बन्धित कवि, महाकवि, नाटककार प्रभृतिका पाइएसम्ममा सम्बन्धित कृतिहरू (महाकाव्य, खण्डकाव्य, नाटक, आख्यायिका आदि)

अंग्रेजी

1. A History of Sanskrit Literature—Keith
2. The Kiratarjuuiyem—Kaiser Bahadur K. C.
3. Who is who Nepal Editors—Aryal, Deepak Kumar
Lohani. Sudarshan Chakra
Regmi, Rabindra Nath.
Rimal, Nirmal Nath.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitization by eGangotri

केही साहित्यकारसम्बन्धी कृतिहरू

कवि प्यासी युगको आँखामा	६।८०	सं. राम याल राकेश
चार अमर कविका पांच काव्यकृति	३।५०	कुमारबहादुर जोशी
नेपाली उपन्यास र उपन्यासकार	३६।५५	कृष्णचन्द्रसिंह प्रधान
नेपाली काव्य र कवि	२१।-	राममणि रिसाल
पन्ध्र तारा र नेपाली साहित्य	५।६०	कृष्णप्रसाद पराजुली
रिमाल व्यक्ति र कृति	८।७५	केशवप्रसाद उपाध्याय
पश्चिमका केही महान् साहित्यकार	१५।-	ताना सर्मा
भीमनिधि : व्यक्ति र कृति	४।९५	घटराज भट्टराई
सम र समका कृति	१५।४५	ताना सर्मा
कवि मोतीराम भट्टको जीवनी	६।९५	पं. नरदेव पांडेय
कवि भानुभक्तको जीवनचरित्र	३।८०	मोतीराम भट्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal